# कविता पौडेलको हीरा उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही

नेपाली विभाग स्नातकोत्तर तह

द्वितीय वर्षको दसौ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधकर्ता

**रमा पौडेल**

भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग,

सिद्धार्थनगर, रूपन्देही


२०६९

**शोधनिर्देशक**

**डा. दामोदर ढकाल**

# कविता पौडेलको हीरा उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही

नेपाली विभाग स्नातकोत्तर तह

द्वितीय वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधकर्ता

**रमा पौडेल**

त्रि.वि.दर्ता नं. ६-१-३०५-९२-२००२, रोल नं.५२००२२, शैक्षिक सत्र २०६६-२०६८

भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग

भैरहवा ।

त्रिभुवन विश्वविद्यालय

# भैरहवा बहुमुखी क्याम्पस

सिद्धार्थनगर, रूपन्देही

## शोध-निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस, नेपाली स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा रमा पौडेलले प्रस्तुत गरेको "कविता पौडेलको हीरा उपन्यासको कृतिपरक अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । म यस शोधकार्यबाट पूर्णतः सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/०४/१८

.............................

**डा. दामोदर ढकाल**

सहप्राध्यापक

नेपाली विभाग

भैरहवा बहुमुखी क्याम्पस

सिद्धार्थनगर, रूपन्देही

## कृतज्ञता ज्ञापन

**"कविता पौडेलको हीरा उपन्यासको कृतिपरक अध्ययन"** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रि. वि., नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पस, सिद्धार्थनगर, स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु सहप्रा.डा. दामोदर ढकालज्यूको कुशल निर्देशनमा तयार गरेकी हुँ । आफ्नो कार्य व्यस्ततालाई पर पन्छाउँदै प्रस्तुत शोधपत्र तयार गर्ने सन्दर्भमा प्रेमपूर्वक निर्देशनको साथमा अत्यधिक ज्ञानवर्द्धक सल्लाह र सुझाव दिएर अमूल्य सहयोग गर्नुभएकोमा श्रद्धेय गुरु ढकालज्यूप्रति म हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी प्रस्तुत शीर्षकमा शोधपत्र लेख्ने सुअवसर प्रदान गर्दै असीमित ज्ञानात्मक सल्लाह प्रदान गर्नु हुने ऐच्छिक नेपाली विभाग प्रमुख आदरणीय गुरु सहप्रा.डा. कपिलदेव लामिछानेज्यूप्रति म अत्यन्त कृतज्ञ एवं ऋणी छु । शोधपत्र तयार गर्ने सन्दर्भमा अमूल्य सहयोग र सुझाव प्रदान गर्नु हुने आदरणीय गुरु क्याम्पस प्रमुख सहप्रा.डा. घनश्याम न्यौपानेज्यू, गुरु सहप्रा.श्री डिल्लीराज भट्टराईज्यू, उपप्रा. श्री वनमालीराज शर्माज्यू, उपप्रा.श्री त्रिभुवन बरईज्यू, शिक्षण सहायक श्री कविता रिजालज्यू, शिक्षण सहायक श्री कृष्णप्रसाद बस्यालज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा आवश्यक मूल तथा सम्बद्ध सामग्रीहरू उपलव्ध गराई सहयोग गर्नु हुने हीरा उपन्यासका कृतिकार कविता पौडेल र प्रश्रित प्रतिष्ठान नेपाल परिवारप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु । मेरो अध्ययन कार्यमा सदैब उत्प्रेरणा प्रदान गर्दै यहाँसम्म ल्याइपुऱ्याउने आदारणीय हजुरआमा तुलसीदेवी, बुवा डाँसुराम, आमा तुलसाप्रति म हृदयत: कृतज्ञ छु । भाइ बिष्णुप्रसाद, बहिनी शान्तालाई हार्दिक धन्यावाद दिन चाहन्छु । मलाई अध्ययन कार्यमा लाग्नको लागि सदैब उत्प्रेरणा प्रदान गर्दै सहयोग गर्ने सम्पूर्ण आफन्तजन, शुभचिन्तक तथा हितैषी मित्रहरूप्रति पनि म कृतज्ञ छु । सामग्री सङ्कलन गर्ने क्रममा पुस्तकालय प्रयोगमा सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय परिवार, भैरहवा बहुमुखी क्याम्पस पुस्तकालय परिवार, ज्ञानज्योती पुस्तकालय बुटवल परिवारप्रति पनि हार्दिक कृतज्ञता एवं आभार प्रकट गर्दै, प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग, सिद्धार्थनगर समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६९।०४।१५

........................

रमा पौडेल

नेपाली विभाग भैरहवा बहुमुखी क्याम्पस,

सिद्धार्थनगर रूपन्देही

२०६९

# विषयसूची

| | |
|---|---|
| शोध-निर्देशकको सिफारिस | |
| स्वीकृति-पत्र | |
| कृतज्ञता ज्ञापन | क |
| विषयसूची | ख-ङ |
| सङ्क्षेपीकरण | च |
| **परिच्छेद एक : शोधपरिचय** | **१-९** |
| १.१ शोधशिर्षक | १ |
| १.२ शोधप्रयोजन | १ |
| १.३ विषय परिचय | १ |
| १.४ समस्याकथन | २ |
| १.५ शोधकार्यकाउद्देश्य | २ |
| १.६ पूर्वकार्यको समीक्षा | २ |
| १.७ शोधपत्रको औचित्य, महत्त्व र उपयोगित | ८ |
| १.८ शोधसीमाङ्कन | ८ |
| १.९ सामग्री सङ्कलनविधि | ८ |
| १.१० शोधविधि र सैद्धान्तिक आधार | ९ |
| १.११ शोधपत्रको रूपरेखा | ९ |
| **परिच्छेद दुई : कविता पौडेलको जीवनी र व्यक्तित्व** | **१०-२१** |
| २.१ विषयप्रवेश | १० |
| २.२ जन्म र पूर्ख्यौल | १० |
| २.३ बाल्यकाल | ११ |
| २.४ विवाह र परिवार | ११ |
| २.५ शिक्षा | ११ |
| २.६ रुचिर स्वभाव | १२ |
| २.७ सम्मान तथा पुरस्कार | १३ |
| २.८ संलग्नता | १४ |

२.९ प्रेरणा र प्रभाव १४
२.१० लेखनकार्यको प्रारम्भ र प्रकाशित कृतिहरू १५
२.११ व्यक्तित्व १६
२.११.१ बाÞय व्यक्तित्व १६
२.११.२ आन्तरिक व्यक्तित्व १६
२.११.२.१ गीतकार व्यक्तित्व १७
२.११.२.२ निबन्धकार व्यक्तित्व १७
२.११.२.३ उपन्यासकार व्यक्तित्व १७
२.११.२.४ कथाकार व्यक्तित्व १९
२.११.३ साहित्य इतर व्यक्तित्व १९
२.११.३.१ राजनैतिक व्यक्तित्व १९
२.११.३.२ समाजसेवी व्यक्तित्व २०
२.११.३.३ स्वस्थ्यसेवी व्यक्तित्व २०
२.१२ निष्कर्ष २०
**परिच्छेद तीन : नेपाली उपन्यास परम्परा र कविता पौडेल २२-५६**
३.१ पृष्ठभूमि २२
३.२ नेपाली उपन्यासको विकासक्रम २५
३.२.१ प्रथमिक काल २५
३.२.२ माध्यमिक काल २६
३.२.३ आधुनिक काल ३२
३.२.३.१ आदर्शोन्मुख सामाजिक यथार्थवादी धारा ३४
३.२.३.२ स्वच्छन्दतावादी धारा ३५
३.२.३.३ सामाजिकय थार्थवादी धारा ३६
३.२.३.४ ऐतिहासिक यथार्थवादी धारा ३८
३.२.३.५ अतियथार्थवादी धारा ४०
३.२.३.६ आलोचनात्मक यथार्थवादी ः **ग** ४१
३.२.३.७ नारीवादी धारा ४२

३.२.३.८ प्रकृतवादी धारा ४४

३.२.३.९ मनोविश्लेषणवादी धारा ४५

३.२.३.१० विसङ्गतिवादी धारा ४६

३.२.३.१२ अस्तित्ववादी धारा ४७

३.२.३.१३ प्रयोगवादी धारा ४८

३.२.३.१४ प्रगतिवादी धारा ४८

३.२.३.१५ मिथकीय धारा ५०

३.२.३.१६ उत्तरआधुनिकतावादी धारा ५१

३.३ नेपाली उपन्यासको विकासमा कविता पौडेल ५२

३.४ निष्कर्ष ५५

**परिच्छेद चार : कृतिपरक अध्ययनका आधारहरू ५६- ६८**

४.१ विषयप्रवेश ५६

४.२ कृतिपरक अध्ययनका परिभाषा, तत्त्व र विशेषता ५६

४.३ कृतिपरक अध्ययनका आधारहरू ५८

४.४ विधात्मक आधारहरू ६१

४.५ निष्कर्ष ६८

**परिच्छेद पाँच : हीरा उपन्यासको कृतिपरक अध्ययन ६९- ९९**

५.१ विषयप्रवेश ६९

५.२ शीर्षकीकरण ६९

५.३ संरचना ६९

५.४ कथावस्तु र कथानक ७०

५.४.१ कथानकको ढाँचा ७४

५.४.२ कथानकको स्रोत ७६

५.४.३ कथानकको प्रकार ७७

५.४.४ कथानकको आङ्गिक विकास ७८

५.५ चरित्र र चरित्र चित्रण ८२

५.५.१ चरित्रहरूको वर्गीकरण ८२

| | | |
|---|---|---|
| ५.५.२ | प्रमुख पात्रहरूको चरित्र चित्रण | ८८ |
| ५.६ | परिवेश | ९० |
| ५.७ | विषयसूत्र | ९२ |
| ५.८ | भाषा | ९३ |
| ५.९ | शैली | ९४ |
| ५.१० | विचार | ९५ |
| ५.११ | कौतूहलता | ९६ |
| ५.१२ | द्वन्द्व | ९७ |
| ५.१३ | रूपविन्यास | ९७ |
| ५.१४ | निष्कर्ष | ९८ |
| **परिच्छेद छ : शोधनिष्कर्ष** | | **१००-१०४** |
| ६.१ | विषयप्रवेश | १०० |
| ६.२ | सारसङ्क्षेप | १०० |
| ६.३ | निष्कर्ष | १०३ |
| ६.४ | सम्भावित शोधशीर्षकहरू | १०४ |
| **परिशिष्ट** | | **१०५-१०७** |
| **सन्दर्भ सामग्री सूची** | | **१०८** |

# सङ्क्षेपीकरण

| | |
|---|---|
| अ.ने.म.संघ | : अखिल ङ ˉ महिला संगठन |
| इ.सं. | : इश्वी संवत् |
| उपप्रा. | : उप-प्राध्यापक |
| एम.ए. | : मास्टर अफ आर्ट्स |

| | | |
|---|---|---|
| गा.वि.स. | : | गाउँ विकस समिति |
| चौ.सं. | : | चौथो संस्करण |
| डा. | : | डाक्टर |
| ते.सं. | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| नेकपाएमाले | : | नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी |
| नं. | : | नम्बर |
| सम्पा. | : | सम्पादक |
| सहप्रा. | : | सहप्राध्यापक |
| वि.सं. | : | विक्रम संवत् |

# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक "कविता पौडेलको हीरा उपन्यासको कृतिपरक अध्ययन" रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली विषयको स्नातकोत्तर तह, द्वितीय वर्षको दसौा पत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका लागि गरिएको हो ।

## १.३ विषयपरिचय

**हीरा** (२०६३) उपन्यास नेपाली साहित्यमा कलम चलाउने थोरै महिला उपन्यासकार मध्येकी एक नारी हस्ताक्षर कविता पौडेलद्वारा लिखित उपन्यास हो । यो उपन्यासमा नेपाली समाजको यथार्थ स्थितिको चित्रण गरिएको छ । २००२ साल माघ ६ गते अर्घाखाची जिल्लाको खिदिममा जन्मी २०१३ साल वैशाख १ गते मोदनाथ प्रश्रितसाग वैवाहिक सहयात्रा थालेकी कविता पौडेलको साहित्यिक यात्रा २०३७ सालमा तिजगीत लेखन मार्फत आरम्भ भएको हो । गीतसङ्ग्रह, संस्मरण, निबन्ध, उपन्यास, कथा, योगासन ध्यान लगायतका विधामा कलम चलाउने पौडेल विभिन्न पुरस्कार एवम् सम्मानहरूबाट पुरस्कृत र सम्मानित छन् । जीवनको प्रारम्भिक समयमा अप्ठ्यारा दिनहरू व्यतीत गरेकी पौडेलको प्रथम उपन्यास **बालचीत्कार** (२०६२) दोभान प्रकाशनबाट प्रकाशित भएको पाइन्छ । यसरी उपन्यास लेखनको आरम्भ गरेकी पौडेलका **तिजको गीत** (२०३८) गीतसङ्ग्रह ( अप्राप्त), **काडेघारीको यात्रा** (२०५९) संस्मरण, **आागनैमा** (२०५९) गीतिक्यासेट, **योगासन र ध्यान** (२०५९), **बालचीत्कार** (२०६२), **हीरा** (२०६३), **विस्थापित आमाहरू** (२०६८) (२०६६ सालमा **आमाहरू** नामबाट प्रकाशित तर प्रकाशनको त्रुटिका कारण विस्थापित छुटेकोले २०६८ सालमा पुनः मुद्रण भएको) उपन्यासहरू पुस्तकाकार कृतिको रूपमा प्रकाशित छन् भने फुटकररूपमा गीत, कथा, संस्मरणहरू पनि प्रकाशित छन् । त्यसै मध्येको **हीरा** उपन्यास एक महत्त्वपूर्ण उपन्यास कृति हो ।

## १.४ समस्याकथन

**हीरा** उपन्यास नेपाली साहित्यको उपन्यास विधामा कलम चलाउने न्यून नारी स्रष्टा मध्येकी एक प्रमुख उपन्यासकार कविता पौडेलद्वारा लिखित गहकिलो उपन्यास हो । साहित्यका गीत, संस्मरण र आख्यान विधामा कलम चलाउने पौडेलको हीरा उपन्यासमा सामाजिक यथार्थ घटनाहरूको उठान गरिएको छ । **हीरा** उपन्यास नेपाली साहित्यको उपन्यास परम्परामा एउटा महत्त्वपूर्ण कृतिको रूपमा उभिएको छ । यो उपन्यासको व्यवस्थित तरिकाले कृतिपरक अध्ययन भएको छैन् । **हीरा** उपन्यासमा प्रयोग भएका विषयवस्तु, संरचना, परिवेश, पात्र विधान, भाषाशैली आदिको बारेमा त्यति चर्चा परिचर्चा भएको छैन । तसर्थ यसै मूल समस्याका केन्द्रमा निम्न लिखित प्राज्ञिक प्रश्नहरू रहेका छन् :

(क) कविता पौडेलको जीवनी र व्यक्तित्व के कस्तो छ ?

(ख) **हीरा** उपन्यास के-कस्तो आख्यानात्मक कृति हो ?

## १.५ शोधकार्यकाउद्देश्य

प्रस्तुत शोधकार्यका खास-खास उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) कविता पौडेलको जीवनी र व्यक्तित्व पहिल्याउने,

(ख) **हीरा** उपन्यासको कृतिपरक अध्ययन गर्ने,

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्य जगत्मा संस्मरण, गीत, र वाङ्मय (योगासन र ध्यान) को क्षेत्रमा कलम चलाउने नारी हस्ताक्षर कविता पौडेलको नेपाली साहित्यमा छुट्टै पहिचान रहेको पाइन्छ । २०५५ सालदेखि साहित्यिक कृतिहरू प्रकाशनमा लागेकी कविता पौडेलले उपन्यास लेखनमा उल्लेख्य योगदान दिएको कुरा स्मरणीय छ । उनको जीवनी, व्यक्तित्व र कृतित्व, साहित्यकारिताको क्षेत्रमा शोध, चर्चा-परिचर्चा विभिन्न पुस्तकहरूमा रहेको पाइन्छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा दीपा पौडेलले २०६५ सालमा स्नातकोत्तर तहमा शोध गरेको पाइन्छ भने उनको साहित्यकारिताका विविध पक्ष समेट्दै **जुही** साहित्यिक त्रैमासिक पत्रिकाले आफ्नो पूर्णाङ्क ६३ लाई कविता पौडेल विशेषाङ्कका रूपमा प्रकाशित गरेको पाइन्छ । प्रश्रित प्रतिष्ठानले उनको बहुआयामिक क्षेत्रलाई समेट्दै विद्वान् कपिलदेव लामिछानेको सम्पादकत्वमा **कविता पौडेल बहुआयाम** (२०६८) नामक सम्पादित कृतिको प्रकशन गरेको पाइन्छ । रमा ‘प्रभात’ले उनको आख्यानकारिताको बारेमा चर्चा गर्दै **कविता पौडेलको आख्यानकारिता** (२०६९)शीर्षकमा लघु अनुसन्धानको कार्य सम्पन्न गरिसकेको पाइन्छ । स्रष्टा कविता पौडेल र उनको **हीरा** उपन्यासका बारेमा आज सम्म जे-

जति शोधखोज चर्चा परिचर्चा भएका छन् तिनीहरूको कालक्रमिक विवरणहरू निम्नानुसार छन् :

मोदनाथ प्रश्रितले ॅकाडेघारीको यात्रा : साझा यात्रा' (२०५९) शीर्षकको **काडेघारीको यात्रा** नामक आत्मसंस्मरणको भूमिकामा कविता पौडेलले कठोर संघर्षमय धेरै वर्षहरू व्यतीत गरेको कुरा उठान गरेका छन् तर त्यहाा कविता पौडेलको **हीरा** उपन्यासको कुनै झल्को दिएको पाइदैन ।

प्रदीप नेपालले ॅबालचीत्कार तर सफलताको समाचार' (२०६२) शीर्षकको **बालचीत्कार** उपन्यासको भूमिकामा कविता पौडेलको सङ्घर्षशील जीवनको चर्चा गर्दै आत्मसंस्मरण र बा**लचीत्कार** उपन्यासका बारेमा केही कुरा लेखे पनि हीरा उपन्यासका बारेमा यस भूमिकामा कुनै चर्चा छैन ।

**बालचीत्कार** उपन्यासको प्रकाशकीय (२०६२) मा **बालचीत्कार** उपन्यासबाट कविता पौडेलले नेपाली समाजमा पाइने नारीहरूको पीडालाई अत्यन्त मार्मिक शैलीमा प्रकट गरेको बताइएको छ । सामाजिक भेदभाव, टुहुराटुहुरीको वेदना, बाल विधवा, यौन अपराध, अन्तर्जातीय विवाह, बालश्रमिक आदि अनेकौं पक्षहरूको यथार्थ परक चित्रण र विश्लेषण गर्नमा यो उपन्यास सफल रहेको छ भन्दै विशेषगरी मान्छेका आर्थिक सम्पन्नताका कारण उनीहरूमा उब्जिने अहम् तथा शोषक प्रवृत्तिको आलोचना तथा निम्न वर्गका मानिसहरूमा चेतनाको प्रस्फुटनले ल्याउने उज्यालोप्रति सद्भाव देखाएर यसले प्रगतिशील समाजको पक्षमा आफ्नो अभिमत राखेको र आलोचनात्मक यथार्थवादी नेपाली उपन्यासका रूपमा महत्त्वपूर्ण स्थान रहने सम्भावना व्यक्त गरिएको छ तर त्यहाा **हीरा** उपन्याको बारेमा केही चर्चा गरेको पाइदैन ।

वेणीमाधव ढकालले ॅहीराझैा चम्किलो हीरा उपन्यास' (२०६३) शीर्षकको **हीरा** उपन्यासको भूमिकामा कविता पौडेलको लामो सङ्घर्षमय जीवनको चर्चा गरिएको पाइन्छ । **हीरा** उपन्यासका बारेमा थोरै प्रसङ्ग उठान गरे पनि यहाा उपन्यासको गुदीसम्म पुगेको पाइदैन ।

रमेश पोखरेलले ॅहीरा उपन्यास : नेपाली समाजको यथार्थ दर्पण' (२०६४, **शब्दसंयोजन** पूर्णाङ्क ३८, पृ ?) शीर्षकको आलेखमा हीरा उपन्यास पढिसकेपछि नेपाली ग्रामीण समाजको यथार्थका बारेमा जानकारी नभएको पाठक नेपाली ग्रामीण समाजको तहसम्म पुग्न बाध्य हुन्छ । हाम्रो समाजमा नेपाली महिलाले भोगेका पीडा, व्यथा र प्रताडनाको जीवन्त चित्र खिचेको प्रस्तुत उपन्यासले जबसम्म नेपाली महिलालाई शिक्षा, सीप र सम्पत्तिले समान पार्न सकिदैन, तबसम्म नेपाली महिलाले यातना, पीडा र तिरस्कारको भारी बोकिरहनुपर्छ भन्ने बैचारिक मान्यता स्थापित गर्दै समग्र रूपान्तरण र महिला मुक्तिका पक्षमा, सङ्घर्षका पक्षमा अविचलित भई उभिन उपन्यासले प्रेरणा दिएको

छ । उपन्यासकारको बैचारिक दृष्टिकोण पात्रमार्फत् प्रस्तुत गरेर औपन्यासिक कौशलताको प्रदर्शन भएको छ । नेपाली आख्यान साहित्यका भण्डारमा सामाजिक यथार्थवादी उपन्यास भण्डारण हुन आएको छ भन्दै **हीरा** उपन्यासको परिचयात्मक जानकारी दिए पनि व्यापक अध्ययन गरेका छैनन् ।

सुकुम शर्माले 'नारी समस्याको प्रतिबिम्ब हीरा उपन्यास' (२०६४, **युगभाका**, वर्ष १, अङ्ख २, पृ.?) शीर्षकको आलेखमा कविता पौडेलको **हीरा** उपन्यासको विवेचना गर्दै यस उपयन्यासलाई नारी संवेदना, मर्म, अधिकार र मातृत्वको गर्वबोधमा केन्द्रित छ । पुरुष प्रधान सामन्ती समाजमा नारी जीवन मर्मको एक झलक उपन्यासले दिएको छ । अशिक्षा, रूढी, अन्धविश्वास र धन नभएकाकारण नै नारी जीवन अपहेलित भएको भन्ने ठम्याई उपन्यासमा छ । आखिर कोही नारी कोही पुरुषकी आमा , जीवनसाथी हुन् भने समाजमा यस किसिमको भेदभाव किन छ भन्ने उत्तरमा **हीरा** उपन्यास लेख्ने जमर्को रहेको पाइन्छ । उपन्यासमा समाजिक सङ्घर्ष र द्वन्द्वको अभाव भए पनि कार्यको पश्चाताप बोधको आदर्शीकरण उपन्यासमा आएको छ । शोषणका विरुद्धमा चेतना फैलाउन र सामाजिक सुधारको स्वर दिन यो उपन्यास सफल भन्दै हीरा उपन्यास नारी अधिकारको खोजीमा सामाजिक चेतनामूलक दियो हो भन्दै **हीरा**उपन्यासका बारेमा केही कुरा व्यक्त गरेका छन । तर यस आलेखमा व्यापक अध्ययन समावेश भएको छैन् ।

दीपा पौडेलले "**कविता पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व**" (२०६५) त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर केन्द्रीय नेपाली विभाग स्नातकोत्तरको अप्रकाशित शोधपत्रमा सामाजिक विषयवस्तु समेटेर लेखिएको **हीरा** उपन्यासमा नारी तथा पुरुष पात्रहरू पनि समाजबाटै आएका छन् भन्दै यथार्थवादी शिल्प संरचनाबाट रचित यो उपन्यास ग्रामीण परिवेशमा आधारित रहेको बताउदै तत्कालीन तथा वर्तमान समयमा समाजले नारीजाति माथि गरेका सामाजिक तथा साास्कृतिक तिरस्कार र अपहेलना, अन्याय र अत्याचार नै यस उपन्यासको विषयवस्तु रहेको देखिन्छ । भन्दै **हीरा** उपन्यासको बारेमा थोरै कुरा उल्लेख गरे पनि यस कृतिको व्यवस्थित कृतिपरक अध्ययन गरेको पाइदैन ।

अनिरुद्ध तिमसिनाले 'कविता पौडेल : एक नारीवादी स्रष्टा' (**जुही**, वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, २०६७, पृ. ११-१६।) शीर्षकको आलेखमा कविता पौडेलका कथाहरूमा सामाजिक यथार्थको चित्रण छ, सामाजिक कुकृत्यहरूको विरोध गरिएको छ र तिनको सुधार एवं परिवर्तनको अपेक्षा गरिएको छ भन्दै समाजवादी यथार्थवादी कथाकारका रूपमा देखा परेको बताउदै सामाजको गतिशील यथार्थको चित्रण गर्ने यथार्थवादी कथाकार हुन् भनेर कविता पौडेलको कथाकारिताको बारेमा उल्लेख गरे पनि यसमा **हीरा** उपन्यासको प्रसङ्ग जोडेको पाइदैन ।

विजय खरेलले 'जीवनको कठोरतम उपलब्धिकी कविता पौडेल' (**जुही**वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, २०६७, पृ. १९-२०।) शीर्षकको आलेखमा लगनशीलता नहुने हो भने किताव

लेख्ने काम चिताउनै नपर्ने बताउादै कक्षा, स्कुल नपढेकी कविताले लेखेको त्यो किताव पढ्दा उनले किताव लेख्नु उनको कठोर यातनामय जीवनसाग अभ्यस्त बनेर देश र जनताका लागि भोगेको कष्टलाई आफौले समेत आत्मसात् गरेको अनुभवले काााडेघारीको यात्रा जन्माएको चर्चा गर्दै **काााडेघारीको यात्राको** कुरा उठान गरे पनि **हीरा** उपन्यासको बारेमा मौन रहेको पाइन्छ ।

चूडामणि वशिष्ठले 'कविता पौडेलका तीन कथा' (**जुही**, वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, २०६७, पृ. २१-२३।) शीर्षकको आलेखमा कविता पौडेलको कथाकारिताको चर्चा गर्दै उनका कथामा समाजको यथार्थ स्थितिको शब्द चित्र प्रस्तुत गरिएको र आर्थिक अभावमा पिल्सिएका निरीहरूका जीवनप्रति मलम पट्टी लगाउने पौडेल प्रगतिवादी कथाकार हुन भन्दै कविता पौडेलको कथाकारिताको बारेमा बोले पनि उपन्यासकारिताको प्रसङ्गै नउठाएको यस लेखमा **हीरा** उपन्यासको कुरा उठेको छैन ।

देवीचरण भण्डारी 'कविता पौडेल र हीरा उपन्यास' (**जुही**, वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, २०६७, पृ. २४-२६।) शीर्षकको आलेखमा कविता पौडेलको **हीरा** उपन्यासले सत् र असत् पात्रहरूको बीचमा अन्तरद्वन्द्व गराई उपन्यासलाई गतिशील र चलायमान गराइएको लेख्दै सत् र असत् पात्रको द्वन्द्वको क्रममा अघिल्ला क्षणहरूमा असत् पात्रको क्षणिक विजय भएको देखाइए पनि अन्ततः सत् पात्रको नै विजय भएको छ । यसबाट सत्यको विजय निश्चित हुन्छ र असत्यको पराजय अवश्यम्भावी छ भनी सत्यको पक्षमा लाग्न प्रेरित गरिएको आभाष पाइन्छ भन्दै नारीमाथिको शोषण, दमन, अन्याय र अत्याचार पुरूषहरूले मात्र होइन नारीहरूले पनि गर्छन् भन्ने कुरालाई पनि उपन्यासमा सशक्त ढङ्गले उजागर गरेको पाइन्छ भन्दै **हीरा** उपन्यासको विषयवस्तुका बारेमा सामान्य कुराको उठान गरे पनि विस्तृत विषय सानो परिचयात्मक आलेखमा समेट्न नसकेको देखिन्छ ।

होम सुवेदीले 'कविता पौडेलको कथाकारिताको सानोझलक' (**जुही**, वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, २०६७, पृ. ३६।) मा कविता पौडेलका कथाहरूमा स्थानीयता र आञ्चलिकताको चित्रात्मक प्रयोग भएको उल्लेख गरेका छन् तर यस लेखमा कतै पनि **हीरा** उपन्यासको चर्चा परिचर्चा गरिएको छैन ।

कपिलदेव लामिछानेले 'युद्ध विभीषिकाको अभिलेखका रूपामा आमाहरू उपन्यास ( **जुही**, वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, २०६७, पृ. ४८-५८।) शीर्षकको समीक्षात्मक आलेखमा आमाहरू उपन्यासमा नारी केन्द्रीयता छ, नारी प्रधानता छ र आम समस्यालाई आमाका दृष्टिबिन्दुबाट प्रस्तुत गरिएको छ । आमाहरू उपन्यास नारीवादी नभएर मानवतावादी-प्रगतिवादी छ । नारीको प्रधानता व्यक्त भएको छ । युद्धकालमा नारी वा आमाहरूले झेलेका कष्ट, पीडा, उत्पीडन, दमनलाई यस उपन्यासले प्रस्तुत गरेको र शान्तिले बाच्न र गरिखान पाउनु पर्छ भन्नु नै प्रस्तुत उपन्यासको खास आशय हो भन्दै युद्ध र युद्ध जन्य दुष्परिणतीको अभिलेखनै यस उपन्यासको मूल अभीष्ट रहेको देखिन आउाछ भन्ने निष्कर्ष सम्म पुग्दा

आमाहरू उपन्यासका बारेमा धेरै कुरा बोले पनि **हीरा** उपन्यासको बारेमा उनी मौन रहेको पाइन्छ ।

टीका प्याकुरेलले ‘बालचीत्कार उपन्यासमा कविता पौडेलका विचारको झलक (**जुही**, वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, २०६७, पृ.७७-७८।) शीर्षकको आलेखमा सङ्घर्षशील चिन्तनले ओतप्रोत भएर उपन्यासकार कविता पौडेलले आफ्ना उपन्यास भित्र सजीव बनाएर प्रस्तुत गरेका हरेक महिला र पुरुष पात्रहरू समय सापेक्ष छन् साथै उपन्यासभित्र मानव जीवनका आर्थिक, सामाजिक, राजनैतिक, व्यवहारिक र भावनात्मक समस्याहरू समेत सम्बोधन गर्दै यावत् पीडित पक्षको आत्मबल बढाउन र सकारात्मक चिन्तन प्रवाहित गर्न सफल भएका भावना र विचारहरूको प्रस्तुति सराहनीय छ भन्दै बालचीत्कार उपन्यासका बारेमा परिचयात्मक चिनरी दिए पनि **हीरा** उपन्यासको चर्चा गरेको पाइदैन ।

लक्ष्मी पौडेलले ‘हीरा उपन्यासलाई नियाल्दा’ (**जुही**, वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, २०६७, पृ. ८५-८६।) शीर्षकको आलेखमा हीरा उपन्यासको मुख्य कथा मूलतः दुई परिवारमा केन्द्रित रहेको बताउादै दीपा र दिनेशको परिवार र अरुण र हीराको परिवारको चर्चा गर्दै दिनेश अत्यन्त क्रुर, अमानवीय, अविवेकी पतिको रूपमा उपन्यासमा चित्रित छ भने अरुण पत्नि प्रति समर्पित, कर्तव्यपरायण, उदार हृदय भएको तर विवश पात्रका रूपमा रहेको छ । दुई परिवारको माध्यमबाट उपन्यासकारले समाजमा अपहेलित, दमित र शोषित नारीहरूको व्यथालाई मसिनो गरी केलाउन खोजेको देखिन्छ, तर यस उपन्यासमा अड्किने पक्ष के देखिन्छ भने यहाा नारी पात्रहरू उल्लेख्य विद्रोही हुन सकेका छैनन् । नारीलाई शोषण गर्ने पुरुष मात्र नभएर स्वयम् नारी पनि जिम्मेवार छन् भन्ने कुरालाई उपन्यासकारले महत्त्व दिएको देखिन्छ  भन्दै **हीरा** उपन्यासको बारेमा छोटो चर्चा परिचर्चा गरे पनि विस्तृत अध्ययन भएको पाइदैन ।

सुधा त्रिपाठीले ‘नारीवादको कठघरामा नेपाली साहित्य’ (२०६७) मा पारिजातलाई आफ्नो आदर्शका रूपमा स्थापना गरेर प्रगतिशील महिला लेखन अग्रसर भइरहेका महिला लेखकहरूमा कविता पौडेल देखा परेको छ भन्दै कविता पौडेललाई महिला लेखकका रूपमा परिचय दिए पनि उपन्यासकारिता र **हीरा** उपन्यासको बारेमा केही भनिएको छैन ।

‘महाकवि मोदनाथ प्रश्रितलाई हार्दीक शुभकामना’ पूर्णाङ्क ६५, २०६८ (जुही **मोदनाथ प्रश्रित विशेषाङ्क**)को सम्पादकीयमा जुहीका लागि कविता पौडेल विशेषाङ्क पनि एक उपलब्धि रहृयो भन्दै कविता पौडेलको थोरै चर्चा गरे पनि **हीरा** उपन्यासको बारेमा कुनै चर्चा परिचर्चा गरिएको  पाइदैन ।

देवी पन्थीले ‘साहसी नारी कविताको हीरा उपन्यास’ (२०६८, **कविता पौडेल बहुआयाम**सम्पा. कपिल लामिछाने पृ. ८१-८३) शीर्षकको आलेखमा हीरा उपन्यासको बारेमा छोटो परिचयात्मक जानकारी दिदै **हीरा**उपन्यासले महिला हिंसा र पीडा पछि कतै

महिला आफै कारक तत्त्व बनेको त कतै समाज र रूढिगत परम्परा कारक तत्त्व रहेको दर्शाउछ । नेता तथा जनप्रतिनिधिबाटै किर्ते काम हुन्छ भन्ने कुराको प्रमाणको रूपमा नर्मदाका प्रधानपञ्च बाबुले दिनेशको सारा सम्पत्ति नर्मदाको नाममा नामसारी गरिदिएपछि प्रस्ट हुन्छ । प्रधानपञ्चलाई हिजोको शासन व्यवस्थाको प्रतिनिधिको रूपमा उपन्यासमा चित्रण गरिएको र पुरुष महिला पात्रहरूको अन्तर्द्वन्द्वले उपन्यासलाई गतिशील बनाएर सत्यको विजय र असत्यको हार निश्चित छ भन्ने कुरालाई सरल भाषामा घटना परिघटनाबाट प्रमाणित गरेको छ भनेर **हीरा** उपन्यासका बारेमा केही कुरा भने पनि व्यापक अध्ययन नभएर परिचयात्मक टिप्पणी मात्र भएको पाइन्छ ।

रमा पौडेल 'प्रभात' ले 'हीरा उपन्यासको औपन्यासिक पर्यावलोकन' (२०६८, **कविता पौडेल बहुआयाम**सम्पा. कपिल लामिछाने पृ.११८-१२६) शीर्षकको आलेखमा सामाजिक यथार्थपरक घटनाहरूलाई टिपेर तयार गरिएको **हीरा** उपन्यास सामाजिक नारीप्रधान उपन्यास हो । यसमा नारी चरित्रको प्रधानता छ । यस उपन्यासमा हीराको परिवारमा घटेका जस्ता घटनाहरू हाम्रो समाजमा पनि घटेको पाइन्छ । दीपा जस्ता पीडित महिलाहरू पनि समाजमा छन् । नर्मदाको जस्तो व्यवहार भएकाहरू पनि समाजमा नै छन् । हुतराज जस्ता बदमास मान्छेहरू पनि समाजमा नै छन् । दिनेश जस्ता हुतिहारा लोग्ने पनि हाम्रो समाजमा छन् । अरुण जस्ताहरू पनि समाजमा नै छन् । उपन्यासमा अरुणलाई अलिबढी आदर्शको रूपमा देखाइएको छ । बच्चा जन्माउनको लागि १२ बर्षकी बालिकासाग विवाह गराउनु अस्वाभाविक छ । जोगीको भेषमा रातिमा आएर काकाको परिवारलाई तर्साएको कुरा अलिक नमिल्दो छ । हीराहरूले समाजसेवा गर्नको लागि हरिकला सेवा आश्रम भनेर शिवकुमारीले जस्तै शैली आगाल्नुको साटो राम्रो स्वास्थ्य जााच गर्ने ठाउाको अवधारणा ल्याएको भए हीरा जस्ता महिलाले बच्चा नजन्मिएको कारण सौता बेहोर्नु पर्ने अवस्था, दीपा जस्ता महिलाले पनि केही राहत पाउने देखिएर उपन्यास अझ राम्रो बन्ने थियो भन्दै समग्रमा हीरा उपन्यासलाई एक सामाजिक यथार्थवादी उपन्यासका रूपमा व्याख्या गर्दै **हीरा** उपन्यासका बारेमा धेरै कुरा लेखेको पाइन्छ तथापी यो एक समालोचनात्मक आलेख भएकोले यसमा **हीरा** उपन्यासको समग्र कृतिपरक अध्ययनको व्यापकता समेटिएको पाइदैन ।

माथिका सन्दर्भहरूबाट साहित्यका विविध विधामा कलम चलाउने कविता पौडेलका कृतिका बारेमा सामान्य किसिमको अध्ययन, चर्चापरिचर्चा भएको पाइन्छ । कविता पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वलाई लिएर शोध, अनुसन्धान गरिएको पाइन्छ । यसबाट कविता पौडेलको कृतित्व थोरैमात्र भए पनि जनिन्छ । तर कविता पौडेलका उपन्यासहरूको बारेमा व्यापक जानकारी राख्नचाहनेहरूको लागि यति मात्र अप्रयाप्त छ । कविता पौडेलका उपन्यास कृतिहरूको कृतिपरक शोध भएको छैन । त्यसैले उनका उपन्यासहरूको कृतिपरक शोध हुनु आवस्यक छ । कविता पौडेलका तिनै महत्त्वपूर्ण कृतिहरू मध्येको प्रमुख औपन्यासिक कृति **हीरा** उपन्यासको बारेमा व्यवस्थित कृतिपरक

अध्ययन गर्न आवस्यक रहेको छ । तसर्थ प्रस्तुत शोधपत्रमा **हीरा** उपन्यासको व्यवस्थित कृतिरक अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्र यही आवश्यकता परिपूर्ति तर्फ लक्षित रहेकोछ ।

## १.७ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता

कविता पौडेल रसिलो ढङ्गले विविध विधामा कलम चलाउने ज्यादै थोरै नेपाली नारी साहित्यकारहरू मध्येकी एक प्रतिभाशाली साहित्यकार हुन् । यिनका अनेक प्रकारका पुस्तकाकार कृतिहरू प्रकाशनमा आएका छन् । यिनका साहित्यिक कृतिका बारेमा सामान्य खालको परिचयात्मक अध्ययन भए पनि **हीरा** उपन्यासको बारेमा खादिलो र व्यवस्थित अध्ययन भएको छैन । तसर्थ पौडेलको **हीरा** उपन्यासको बारेमा व्यवस्थित कृतिपरक अध्ययन हुनु आफैमा औचित्यपूर्ण छ । कविता पौडेलको **हीरा** उपन्यासको बारेमा जानकारी लिन चाहने जो कसैका लागि पनि प्रस्तुत शोधपत्र निकै लाभदायी र उपयोगी रहेको छ । सम्पूर्ण नेपाली साहित्यका अध्येताहरूलाई महत्त्वपूर्ण सामग्री बनेको छ । प्रस्तुत शोधपत्रमा कविता पौडेलको उपन्यासकारिता र **हीरा** उपन्यासको बारेमा विस्तृत जानकारी समेटिएको छ ।

## १.८ शोधसीमाङ्कन

उपन्यासकार कविता पौडेल बहुमुखी प्रतिभा सम्पन्न नारी प्रतिभा हुन् । उनले नेपाली साहित्यका संस्मरण, गीत, कथा, उपन्यास विधामा आफ्नो कलम सफलता पूर्वक चलाएकी छन् । उनको उपन्यास प्रकाशन क्रमको दोस्रो क्रममा प्रकाशित **हीरा** (२०६३) उपन्यास हो । प्रस्तुत शोधपत्रमा**हीरा** उपन्यासको कृतिपरक अध्ययन गरिएको छ । कृतिपरक अध्ययनका विविध आधारहरू मध्ये प्रस्तुत शोधपत्रमा हीरा उपन्यासको विधात्मकताको आधारमा अध्ययन गरिएको छ । **हीरा**उपन्यासको कृतिपरक अध्ययनको विधात्मक आधारमा प्रस्तुत शोधपत्र सीमित रहेको छ ।

## १.९ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि आवश्यक सामग्रीहरू मुख्यतया द्वितीय स्रोत अर्थात पुस्तकालयीय विधि अवलम्बन गरी सङ्कलन गरिएकोछ । आवश्यकता अनुसार प्रश्नोत्तर विधि, उपन्यासकार, जानकार व्यक्ति, विशेषज्ञ, विद्युतीय सञ्जाल आदिबाट पनि आवश्यक सामग्रीको सङ्कलन गरिएकोछ ।

## १.१० शोधविधि र सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि विश्लेषणात्मक शोधविधि अवलम्बन गरिएको छ । विवेच्य उपन्यासलाई उपन्यासका विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित र व्यवस्थित बनाउनका लागि निम्न ढाँचामा यसको रूपरेखा तयार पारिएकोछ :-

परिच्छेद एक - शोधपरिचय

परिच्छेद दुई - कविता पौडेलको जीवनी र व्यक्तित्व

परिच्छेद तीन - नेपाली उपन्यासपरम्परा र कविता पौडेल

परिच्छेद चार - कृतिपरक अध्ययनका आधारहरू

परिच्छेद पाँच - हीरा उपन्यासको कृतिपरक अध्ययन

परिच्छेद छ - शोधनिष्कर्ष

परिशिष्ट

सन्दर्भसूची

यी परिच्छेद-शीर्षकलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभक्त गरी अध्ययन गरिएको छ ।

# परिच्छेद दुई

# कविता पौडेलको जीवनी र व्यक्तित्व

## २.१ विषय प्रवेश

नेपाली साहित्यको आख्यान विधामा कलम चलाउने उदीयमान महिला स्रष्टा कविता पौडेल हुन् । उनले उपन्यास लेखन मार्फत नेपाली साहित्यको विकासमा महिला त्रियाशीलताको उत्थापन गराउने काम गरेकी छन् । यस शोधपत्रको यस परिच्छेदमा नेपाली साहित्यको आख्यानको उत्थापक स्रष्टाको जीवनी र व्यक्तित्वको बारेमा जानकारी समेटिएको छ ।

## २.२ जन्म र पुर्ख्यौली

नेपाली साहित्यको आख्यान विधामा विषेश सक्रियता पूर्वक कलम चलाइ नेपाली साहित्यको आख्यान विधाको उत्थापन गर्ने परिचित स्रष्टा कविता पौडेलको जन्म पश्चिमाञ्चल विकाशक्षेत्र अन्तर्गत लुम्बिनी अञ्चल, आर्घाखाची जिल्ला पोखराथोक गाविस वडा नं ६ रएले, म्यालपानी गाउामा २००२ साल  माघ ६ गते आमा बुधकुमारी गौतम र बुवा दुर्गाप्रसाद गौतमको कोखबाट भएको हो ।[ǁ] उनको न्वारनको नाम कोषकुमारी गौतम हो (पौडेल, ५९:११) । उनलाई आफ्ना बाबुआमाले माया गरी रामप्यारी नाम राखिदिएका थिए । त्यो नामबाट उनी केही समय परिचित भइन पछि श्रीमान्  मोदनाथ प्रश्रितले कविता लेख्ने मान्छेकी श्रीमती भएकाले उनको नाम परिवर्तन गराइ कविता पौडेल नामकरण २०२३ बैशाख १ गते गरे (पौडेल, २०५९:४७)। उनी अहिले यही कविता पौडेल नामबाट नेपाली साहित्यमा परिचित र चर्चित छन् । अर्घाखाची जिल्लाको खिदिमका विर्तावाल गौतम परिवार उनका पुर्ख्यौली जन्म पुस्ता हुन् भने सो ठाउा नै उनको पुर्ख्यौली थलो हो ।[६]

---

[१] sljtf kf}8]naf6 k|fKt hfgsf/L .

[२] sljtf kf}8]naf6 k|fKt hfgsf/L .

## २.३ बाल्यकाल

कविता पौडेलको बाल्यकाल अर्घाखााची जिल्लाको पोखराथोकमा नै बितेको हो ।[घ] कविताका बाबु दुर्गाप्रसाद खिदिममा ठूलो बिर्ता आर्जन गर्ने गौतम पुर्खाका सन्तान थिए । तर यिनको प्रत्यक्ष आर्थिक उपार्जन गर्ने बानी नभएको र छोरा प्राप्तिको लागि दुई विवाह गरेका कारण कविताहरूलाई रमाइलो वातावरण दिन सकेनन् । जेठी आमातर्फ छोरा नजन्मेकाले कविताकी आमालाई विवाह गरेका उनका बाबु जुवातास खेल्ने र गाजेडी स्वभावका थिए (पौडेल,२०६५:४)। बाबुको प्रत्यक्ष आय आर्जन नभएको धेरै सन्तान भएका कारणले गर्दा कविता पौडेलको बाल्यकाल धेरै रमाइलो हुन नसकेको देखिन्छ ।

## २.४ विवाह र परिवार

रामप्यारी गौतम (कविता पौडेल) को विवाह २०१३ साल बैशाख १ गते आर्घाखााची जिल्ला खिदिम गाविस हर्राबोटका पण्डित घनश्याम पौडेलका छोरा गौरीशङ्कर पौडेलसाग भएको हो,[ङ] जसलाई मोदनाथ प्रश्रित नामबाट चिनिन्छ ।

विवाह पश्चात् कविताका घरमा दुई देवर, दुई नन्द सासु र आफूहरू श्रीमान् श्रीमती गरी सातजनाको परिवार थियो । ससुराको देहावशान भइसकेको र कविताका श्रीमान् मोदनाथ प्रश्रित पढाइको लागि घरबाट बाहिर बसेको हुादा कविताले पारिवारिक जीवनको थालनीमा धेरै सङ्घर्ष गरेको देखिन्छ (पौडेल,२०६५:५)। कविताले सङ्घर्षपूर्ण तवरबाटै आफ्नो जीवन यापनको थालनी गरेको पाइन्छ । अनेकौ उतारचढाव सहित जीवनयापन गरेकी कविताका हाल एक छोरा विजय पौडेल, दुई छोरीहरू शैलु र रचना छन् भने हाल कविताका छोराका तर्फबाट दुई नातिनीर एक नाति र छोरीहरूका तर्फबाट दुई नाति र एक नातिनी गरी छ नातिनातिनाकी हजुरआमा बनिसकेकी छन् ।[छ] जीवनयापनका क्रममा निकै उतरचढाव वहन गरेकी कविता हाल काठमाडौा, महादेव स्थान ७ मा परिवार सहित रहेकी छन् । उनको पारिवारिक जीवन सुखद रहेको पाइन्छ ।

## २.५ शिक्षा

कविता पौडेल जन्मेर हुर्कदै गरेको समयमा २००३/४ सालतिर अर्घाखााचीका गाउागाउामा प्रशस्त स्कुल थिएनन् । कतैकतै भए पनि छोरीहरूलाई पढाउने वातावरण थिएन । खिदिममा हरिहर संस्कृत पाठशाला त थियो, तर त्यहाा छोराहरू (छात्रहरू) मात्र

---

[३] कविता पौडेलबाट प्रयाप्त जानकारी ।
[ङ] कविता पौडेलबाट प्रप्त जानकारी ।
[छ] कविता पौडेलबाट प्राप्त जानकारी ।

पढ्ने हुादा उनले त्यहाा पढ्ने कुरा भएन ।[ट] कलिलो उमेर १० वर्षमा नै उनको विवाह भएको पाइन्छ । विवाह पश्चात् उनी घरायसी काममा नै व्यस्त भएको पाइन्छ । त्यसैले पढ्न पाइनन् । उनका श्रीमान् मोदनाथ प्रश्रित बनारस पढ्न बसेको समयमा पठाएका चिठीहरू पनि अरूलाई पढ्न लगाउनु पर्दा कवितालाई मनमा निकै चोट पर्‍यो । पढ्नै पर्दो रहेछ भन्ने भावना जाग्यो र ठूलो वर्णमाला किताबकापी किनेर वरपरका शिक्षित मानिसको सहयोग र आफ्नो प्रयत्नबाट कविताले २०१३ सालबाट सामान्य रूपमा शिक्षारम्भ गरी सामान्य चिठी लेख्न सक्ने भईन ।[ठ]

कविता पौडेल श्रीमान् मोदनाथ प्रश्रित बनारसमा पढ्दै गरेको समयमा २०३२ सालामा त्यहीा गई उत्तर प्रदेश बोर्डबाट हाइस्कुल परीक्षा दिएको पाइन्छ । त्यसमा दुई पेपर बिग्रादा हाइस्कुल उत्तीर्ण गर्न सकिनन् । त्यस पछि उनको औपचारिक अध्ययन रोकिए पनि स्व-अध्ययनमा रुचि राख्ने कविताको अध्ययनको क्रम भने हालसम्म निरन्तर चलिरहेको पाइन्छ ।[ड]

## २.६ रुचि र स्वभाव

कविता पौडेलको स्वभाव समाजसेवी प्रकृतिको छ । यिनी ग्रामीण परिवेशमा हुर्केकी र ग्राम्य सामाजिक अवस्थाको बारेमा जानकारी भएकी स्रष्टा भएकी हुादा यिनका रचनाहरूमा उक्त रुचि र स्वभावको उल्लेख भएको पाइन्छ । कविता पौडेल कर्मठ र कामप्रति लगनशील छन् ।  कविता साहित्यिक आख्यान रचनाका अतिरिक्त समाजसेवा र राजनीतिमा सम्लग्न रहदै फुर्सदको समयमा घरायसी कामधन्दामा व्यस्त हुन मन पराउाछिन् । प्राकृतिक खाना मन पराउने कवितालाई रातो नीलो रङ मन पर्छ । ईश्वरप्रति विश्वास नगर्ने उनले ईश्वर भनेको मानवता हो र कर्म हो भन्दछिन् (पौडेल,२०६५:८)। सामाजिक जागृति, राजनैतिक सङ्गठनको भेला गर्ने, सांस्कृतिक चाडपर्व विशेषतः तिज, दसै, तिहार मनाउने तिजमा गीतहरू रचना गर्ने र गाउने उनको रुचि रहेको छ । योगाशन र ध्यानका बारेमा प्रशिक्षण दिनु उनको विशेष रुचि हो । प्रशस्त अध्ययन गर्ने, लेख रचना गर्ने उनको रुचि छ । उनले गाउाका दिदीबहिनीहरूलाई आर्थिक उपार्जन, सहकारी सम्बन्धी सल्लाह दिने गर्दछिन् । अभिनय गर्ने पनि उनको रुचि छ । उनले चलचित्र दमन र सहयात्रीमा अभिनय गरेकी छन् । कविता पौडेलको स्वभाव कठोर भन्दा कठोर र कोमल भन्दा कोमल रहेको पाइन्छ । अन्याय अत्याचारका विरुद्ध उनी कठोर देखिन्छिन् भने सामाजिक क्षेत्रमा कोमल तथा भावुक  देखिन्छिन् । उदाहरणको लागि उनले २०६८मा लुनकरणदास-गंगादेवी चौधरी साहित्य प्रतिष्ठानद्वारा प्राप्त गरेको एकलाख रुपिया पुरस्कार

---

[ट]पण्डित बाबुराम भट्टराईबाट प्राप्त जानकारी ।
[ठ]कविता पौडेलसँ ग लिइएको लिखित अन्तर्वार्तामा आधारित ।
[ड]कविता पौडेलबाट प्राप्त जानकारी ।

रकम प्रश्रित प्रतिष्ठान नेपाललाई स्वेच्छाले हस्तान्तरण गरेको देखिन्छ ।[द]उनलाई हरियो सागपात र सलाद खान मन पराउने कविता साकाहारी हुन् ।[ञण]

## २.७ सम्मान तथा पुरस्कार

व्यक्तिगत आकाङ्क्षालाई पर पन्छाएर समाजसेवा र साहित्यसेवा गर्ने कविता पौडेलले समाजलाई दिएको योगदानको कदर गर्दै उनलाई विभिन्न सङ्घसंस्थाहरूले सम्मान एवं पुरस्कार प्रदान गरेकाछन् । ती सम्मान तथा पुरस्कारहरू निम्नानुसार रहेका छन् ।[ञञ]

(**क**) अखिल नेपाल महिलासङ्घ, कालिमाटी, काठमाडौंद्वारा प्रशंसापत्र (२०५१)

(**ख**) राष्ट्रिय नागरिक स्वर्ण सम्मान -नागरिकमञ्च, नेपालद्वारा (२०६१/६/२९)

(**ग**) तन्नेरी प्रतिभा सम्मान - ‘तन्नेरी’ द्वैमासिक पत्रिकाद्वारा (२०६१/६/८)

(**घ**) दिगो विकास नेपालद्वारा प्रतिभा सम्मान (२०६३)

(**ङ**) ब्लू रेन एजुकेसन फाउन्डेसनद्वारा अभिन्दन पत्र (२०६३/११/१२)

(**च**) ब्राइट फ्युचर मा.वि. तीनथाना काठमाडौंद्वारा सम्मानपत्र (२०६३/१२/२६)

(**छ**) साहित्य सन्ध्याद्वारा सम्मानपत्र (२०६४/२/५)

(**ज**) विशिष्ट तन्नेरी कृति सम्मान-तन्नेरी द्वैमासिक पत्रिकाद्वारा (२०६७/३/३१)

(**झ**) सुनगाभा युवा क्लव भक्तपुरद्वारा सम्मानपत्र (२०६७/५/१९)

(**ञ**) सकला सिद्धार्थ वाङ्मय पुरस्कार रू. १०,००० र सम्मानपत्र सिद्धार्थ साहित्य परिषद भैरहवाद्वारा) (२०६७/७/२७)

(**ट**) ‘जुही’ कविता पौडेल विशेषाङ्क प्रकाशन, झापाद्वारा रू. ११,००० पुरस्कार र सम्मानपत्र (२०६७/१०/८

(**ठ**) अर्घाखााची-काठमाडौा सम्पर्कसमाजद्वारा अभिनन्दन पत्र (२०६७/१२/२१)

(**ड**) लुनकरणदास-गंगादेवी चौधरी साहित्य प्रतिष्ठानद्वारा सम्मानपत्र सहितएकलाख (१,००,०००) २०६८

(**ढ**) घटराज भट्टराई प्रतिष्ठानद्वारा रू २५,००० को पुरस्कार (२०६८/८/१०)

(**ण**) ‘जुही’ त्रैमासिक पत्रिकाले आफ्नो पूर्णङ्क ६३लाई कविता पौडेल विशेषङ्कको रूपमा प्रकाशित गरी सम्मान २०६७

[द]प्रश्रित प्रतिष्ठान नेपालका अध्यक्ष कपिल लामिछानेबाट प्राप्त जानकारी ।
[ञण] कविता पौडेलबाट प्राप्त जानकारी .
[११] sljtf kf}8]n;Fu lnOPsf] lnlvt cGtjf{tf{df cfwfl/t hfgsf/L .

(**त**) प्रश्रित प्रतिष्ठान नेपालले ‘कविता पौडेल बहुआयाम’ पुस्तक प्रकाशन गरी सम्मान २०६८/१०/६

## २.८ संलग्नता

नेपाली साहित्यको आख्यानविधामा कलम चलाउने साहित्य सर्जक कविता पौडेल निम्नानुसारका सङ्घ संस्थाहरूमा संलग्न रहेको पाइन्छ।[ज्ञद]

(**क**) जनसांस्कृतिक महासङ्घको लेखकसङ्घ सदस्य

(**ख**) प्रगतिशील लेखक सङ्घ सदस्य

(**ग**) साहित्य सन्ध्या

(**घ**) महिला उत्थान समूह

## २.९ प्रेरणा र प्रभाव

जीवनको प्रौढ उमेरमा शिक्षारम्भ गरेकी कविता पौडेल साहित्य रचना गरी नेपाली साहित्यमा सफल महिला साहित्यकारको रूपमा परिचित छन् । बाल्यकालीन समयमा शिक्षा प्राप्त गर्न नसकेकी कविताले अधबैसे उमेरमा अक्षराम्भगरी नेपाली साहित्यमा सफल महिला साहित्यकारका रूपमा परिचित छन् । श्रीमान् मोदनाथ प्रश्रित पनि लेखनकार्यमा सक्रिय रहेकाकारण घरमा स्वअध्ययन गर्नकालागि प्रसस्त पुस्तकहरू उपलब्ध भएकाले तीनै पुस्तक, उपन्यासहरूको अध्ययन पश्चात आफ्नो जीवनमा घटेका घटनाहरू, समाजमा घटेका घटना, दैनिक जीवनका कामहरूलाई संस्मरण गर्दै लेख्दै गइन्, जुन पछि **काडेघारीको यात्रा** (२०५९) नामक कृतिमा प्रकाशित भयो (पौडेल, २०६५:५)। यसरी साहित्य सिर्जनाको लागि कुनै व्यक्तिबाट प्रेरणा नभइ आफ्नो स्वअध्ययन, लेखन प्रतिको जागरुकता, सामाजिक वातावरण र आन्तरिक जागरण भएको पाइन्छ ।[ज्ञघ] प्रसस्त स्वाध्ययन गर्ने कविता कथा, उपन्यास पढ्दा पढ्दै आफ्नो आन्तरिक प्रेरणाले गर्दा साहित्य लेखनतर्फ लागेको पाइन्छ । आख्यानकार हृदयचन्द्र सिंह प्रधान र म्याक्सिम गोर्की कविता पौडेलका मनपर्ने आख्यानकार हुन् । उनलाई हृदयचन्द्र सिंह प्रधानको **स्वस्नीमान्छे** र म्यमक्सिम गोर्कीको **आमा** उपन्यासले बढी प्रभावपारेको पाइन्छ ।[ज्ञढ]

## २.१० लेखनकार्यको प्रारम्भ र प्रकाशित कृतिहरू

[ज्ञद]कविता पौडेलबाट प्राप्त जानकारी ।

[ज्ञघ]कविता पौडेलसँ ग लिइएको लिखित अन्तर्वार्तामा आधारित जानकारी ।

[ज्ञढ]कविता पौडेलबाट प्राप्त जानकारी .

कविता पौडेलको लेखनकार्यको आरम्भ रूपन्देहीमा बस्दा २०३५ सालतिरबाट तिजेगीत लेखनमार्फत भएको पाइन्छ । यी गीतहरू २०३८ सालमा सङ्ग्रहकारूपमा प्रकाशित भएकाछन् । भने आख्यान रचनाका क्षेत्रमा कविता पौडेलको औपचारिक प्रवेश **बालचीत्कार (२०६२)** बाट भएको हो । कविता पौडेलले थालनीको समयका रचनाहरू गीत, संस्मरण, वाङ्मयका तर्फबाट गरे पनि उनको साहित्यिक रचनाको सफल क्षेत्र आख्यान हो । २०३८ सालदेखी थालनी भएको रचनाको प्रकाशन क्रम हालसम्म चलिरहेको छ । कविता पौडेलका प्रकाशित कृतिहरू निम्नानुसार रहेकाछन् ।[ज्छ]

१. तिजको गीत - गीत सङ्ग्रह २०३८,२०५७
२. काडेघारीको यात्रा - आत्मसंस्मरण २०५९
३. योगासन र ध्यान -२०५९
४. बालचीत्कार - उपन्यास २०६२
५. हीरा - उपन्यास २०६३
६. आमाहरू - उपन्यास २०६६ (परिमार्जित संस्करण विस्थापित आमाहरू २०६८)
७. सीमावारी-सीमापारी (उपन्यास प्रकाशनको क्रममा प्रेसमा)

लगायतका कृति प्रकाशित भइसकेकाछन् भने उनको साहित्यकारिताको उच्च मूल्याङ्कन गर्दै जुही त्रैमासिक पत्रिकाले आफ्नो पत्रिकाको ६३औा अङ्कलाई कविता पौडेल विशेषाङ्कको रूपमा प्रकाशन गरेको छ । यसको सम्पादन झर्रोवादी भाषिक अभियान्ता चूरामणि रेग्मीले गरेकाछन् । त्यसै गरी प्रश्रित प्रतिष्ठान नेपालले उनको साहित्यकारिताको मूल्याङ्कन गर्दै **'कविता पौडेल बहुआयाम'** शीर्षकको कृति प्रकाशन गरेको छ । यसको सम्पादन विद्वान् कपिलदेव लामिछानेले गरेको पाइन्छ । यो २०६८ माघ ६ गते लोकार्पण भएको हो । उनका निम्न उपन्यासहरू प्रकाशनको पर्खाइमा रहेकाछन् ।[ज्ट]

(१) लाहुरेको धोको
(२) मनकली
(३) बूढानीलकण्ठ ।

## २.११ व्यक्तित्व

[ज्छ] कविता पौडेलबाट प्राप्त जानकारी ।
[ज्ट] कविता पौडेलसँ ग लिइएको लिखित अन्तर्वार्तामा आधारित ।

कविता पौडेल बहुमुखी प्रतिभाकी धनी व्यक्ति हुन् । उनको व्यक्तित्वलाई बाÞय व्यक्तित्व र आन्तरिक व्यक्तित्व गरी दुई रूपमा हेर्न सकिन्छ । प्रस्तुत शोधकार्यमा उनको व्यक्तित्वलाई निम्नानुसार अध्ययन गरिएको छ ।

### २.११.१ बाÞय व्यक्तित्व

बा्यरूपमा हेर्दा आफ्नो जीवनका ६५ वसन्त पारगरिसकेकी कविता पौडेल पचास बाउन्न वर्षको उमेरकी देखिन्छिन् । मझौला कद, गहुगोरो रङ्ग, ठिक्क मोहडाको अनुहार, ठुलो निधार, बान्की परेको नाक, चम्किला आाखा, रसिला गाला भएकी कविताको उचाइ मध्यमखालको छ । उनको अनुहार हासिलो देखिन्छ । साडी-ब्लाउज, कुर्तासुरवाल लगाउने पौडेललाई दुबै पहिरन उत्तिकै खुलेको देखिन्छ । उनी सरल, विनम्र र मिलनसार छन् । उनी सबैसाग मिलनसार व्यवहार गर्दछिन्, योग अभ्यास गरिरहने, शारीरिक स्वस्थ्यमा पर्याप्त ध्यानदिने कविताले पित्तथैलीको शल्यक्रिया, गर्भाशयको शल्यक्रिया गर्नु पऱ्यो ।[ञठ] यसरी पटक-पटक शल्यक्रिया गरिसकेकी कविता बाहिर हेर्दा स्वस्थ फुर्तिली देखिन्छिन् ।

### २.११.२ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भन्नाले नदेखिने भित्री व्यक्तित्व भन्ने बुझिन्छ । यहाा कविता पौडेलको आन्तरिक व्यक्तित्व अन्तर्गत साहित्यिक व्यक्तित्वलाई राखिएको छ । नेपाली साहित्यमा कविता पौडेलको स्थान निबन्धकार (संस्मरण) व्यक्तित्व र आख्यानकार व्यक्तित्वका रूपमा शीर्षस्थ रहेको छ, तापनि पौडेलले साहित्यमा आफ्नो औपचारिक उपस्थिति तिजगीत सङ्ग्रह २०३८बाट जनाएकी हुन् । उनी गीत, उपन्यास, संस्मरणका अतिरिक्त स्वास्थ्य सम्बन्धी जानकारीका विषयमा आफ्नो कलम चलाउने स्रष्टा हुन् । उनको लेखनको थालनी आत्मसंस्मरणात्मक लेखहरू **काडेघारीको यात्रा**बाट भएको भए पनि प्रकाशनको थालनी भने तिजगीत सङ्ग्रह २०३८बाट भएको पाइन्छ । तर त्यो गीत सङ्ग्रह धेरै ठाउाको बसाइसराइ र राखन व्यावस्थापनको अभावमा हाल अप्रयाप्त छ ( पौडेल,२०६५:१४)। यसरी २०३८ सालदेखि साहित्यिक यात्रामा औपचारिक रूपमा प्रवेश गरेकी कविताको साहित्य साधनाको निरन्तरता हाल सम्म निरन्तर रहेको छ । गीत, कथा, उपन्यास, संस्मरण र लेख आदि विविध विधामा कलम चलाए पनि पौडेलको आख्यानकार व्यक्तित्व नै प्रमुख देखिन्छ (पौडेल, २०६५:१४)। कविताको लेखनमा ग्रामीण परिवेश, परम्परागत मान्यता, रुढीगत मान्यता, बहुविवाह, विदेशिनु पर्ने पीडा र बाध्यता, द्वन्द्वका पीडाहरू विषयवस्तुको रूपमा समेटिएको पाइन्छ । पौडेलको साहित्यिक लेखनमा समसामयिक जीवनको यथार्थ चित्रण पाइन्छ । पौडेलको साहित्यिक व्यक्तित्वका विविध पाटाहरूलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

#### २.११.२.१ गीतकार व्यक्तित्व

---
[१७]sljtf kf}8]naf6 k|fKt hfgsf/L .

साहित्यिक लेखनमा गीतलेखनबाट औपचारिक रूपमा प्रवेश गरेकी कविताको पहिलो प्रकाशित कृति तिजका गीतहरू (गीत सङ्ग्रह २०३८) हो । तर यो कृति राखन व्यावस्थापनका अभावमा हाल अप्रयाप्त छ (पौडेल,२०६५:१५)। कविता पौडेलले अप्रकाशित रूपमा पनि सांस्कृतिक चाडपर्वहरूमा गीत गाउने गरेको पाइन्छ ।[ज्ञड]कविताका गीतहरू फुटकर रूपमा विभिन्न गीत सङ्ग्रहहरूमा सङ्कलित रहेको पाइन्छ । **तिजगीतहरू**(२०५७ गीतसङ्ग्रह), गीतिक्यासेट **आागनैमा** (२०५९) र **बादलपारी माइती देश** (२०५९) प्रकाशित भएकाछन् । यी सङ्ग्रहमा सङ्कलित गीत सामाजिक गीत, राजनैतिक गीत, योगाशन र ध्यान सम्बन्धी गीत रहेको पाइन्छ (पौडेल,२०६५:१५) उनका गीतहरूमा समाजिक, सांस्कृतिक र राजनैतिक झलक पाइन्छ ।

## २.११.२.२ निबन्धकार व्यक्तित्व

नेपाली साहित्यको आत्मसंस्मरण विधालाई निबन्ध मानिने हुादा **काडेघारीको यात्रा** (२०५९) उनको निबन्ध सङ्ग्रह हो । यो १०८ शीर्षकमा विभाजित छ । त्यसमा विभाजित ती छुट्ाछुट्टै शीर्षकले छुट्ाछुट्टै निबन्धको प्रतिनिधित्व गरेको पाइन्छ । त्यसै गरी तिज पर्वको जन्मकथा (२०६४)[ज्ञढ], केके आइपर्छ जीवनमा (२०६८)[द्दण] आत्मकथ्य आदि फुटकर निबन्धात्मक रचनाहरू प्रकाशित छन् । यसरी उनका प्रकाशित निबन्धहरू हेर्दा संस्मरणत्मक निबन्धमा पौडेलले आफ्नो दखल स्थापित गरेको पाईन्छ । यीनका **काडेघारीको यात्रा**, के के आइपर्छ जीवनमा ? जस्ता निबन्धकोबारेमा धेरै लेखकहरूले **जुही, कविता पौडेल बहुआयाम** जस्ता कृतिमा कलम चलाएकाले उनको निबन्धकार व्यक्तित्व उल्लेखनीय रहेको पाइन्छ ।

## २.११.२.३ उपन्यासकार व्यक्तित्व

कविता पौडेलले २०६२ सालमा **बालचीत्कार** नामक उपन्यास दोभान प्रकाशनबाट प्रकाशित गर्दै नेपाली उपन्यास परम्परामा आफ्नो नाम दर्ज गरेकी हुन् ।[द्दज्ञ] जीवनको वृहत्त आयम समेटिने लामो आयामको साहित्यिक विधा उपन्यास लेखनको लागि धेरै ज्ञान, धेरै मेहनत, धेरै समय र एकाग्रताको आवश्यकता पर्दछ । यस्तै मेहनत खर्चेर कविताले २०६३ सालमा **हीरा** उपन्यासको प्रकाशन र २०६६ सालमा **आमाहरू** (यसलाई परिमार्जन गरी २०६८ सालमा विस्थापित  आमाहरू नामकरण गरिएको)गरी तीनओटा औपन्यासिक कृति प्रकाशन गरी चर्चामा आएकी छन् । उनको **सीमावारी-सीमापारी** शीर्षकको उपन्यास प्रकाशित हुादैछ ।

---

[१८]sljtf kf}8]naf6 k|fKt k|Tolf hfgsf/L .
[ज्ञढ]जुही, २०६७ पूर्णाअङ्क ६३, पृ.? ।
[द्दण]गरीमा, २०६८ पूर्णाअङ्क ? ।
[द्दज्ञ]कविता पौडेलसँ ग लिइएको लिखित अन्तर्वार्तामा आधारित जानकारी .

कविता पौडेलले **बालचीत्कार** उपन्यासमा सामाजिक कुरीति, कुसंस्कारलाई प्रस्तुतगरी तिनीहरूको विद्रोह गरिएको छ । उपन्यासको थालनी कारुणिकताबाट गरी सुखान्तमा उपन्यास टुङ्ग्याइएको छ । त्यसै गरी **हीरा** उपन्यासमा पनि समाजमा रहेको कुसंस्कारलाई उजागर गरिएको छ । दीपा र दिनेश, हीरा र अरुणको सेरोफेरोमा सम्पूर्ण घटनाक्रम र सामाजिक नाता सम्बन्ध स्थापित गरिएको छ । बहुविवाह दुबै परिवारमा गराइएको छ । यो उपन्यास पढिसकेपछि नेपाली ग्रामीण समाजको यथार्थका बारेमा जानकारी नभएको पाठक, नेपाली ग्रामीण समाजको यथार्थको तहसम्म पुगेर त्यहाको अवस्थाका बारेमा जानकारी पाउाछ । नेपाली समाजको ग्रामीण इलाकाका महिलाले भोगेका पीडा, व्यथा र प्रताडनाको जीवन्त चित्रण गरेको प्रस्तुत उपन्यासले जब सम्म नेपाली महिलालाई शिक्षा, सीप र सम्पत्तिले समान पार्न सकिदैन तब सम्म नेपाली महिलाले यातना, पीडा र तिरस्कारको भारी बोकिरहनु पर्दछ भन्ने बैचारिक मान्यता स्थापित गर्दै समग्र रुपान्तरण र महिला मुक्तिका पक्षमा, सङ्घर्षका पक्षमा अविचलित भइ उभिन प्रेरण दिएको छ । हीरा उपन्यासले बैचारिक दृष्टिकोण पात्र मार्फत प्रस्तुत गरेर औपन्यासिक कौसलताको प्रदर्शन भएकोछ । नेपाली आख्यान साहित्यका भण्डारमा सामाजिक यथार्थवादी उपन्यासका रूपमा हीरा उपन्यास आएको पाइन्छ ।

**आमाहरू**२०६६ (परिमार्जित संस्करण **विस्थापित आमाहरू**२०६८) उसन्यास माओवादी र सरकार पक्षबाट चलेको जनयुद्धको क्रममा घटेका यथार्थ घटनाहरू टिपेर तयार गरिएको उपन्यास हो । यो उपन्यासले नेपाली नारी उपन्यासका परम्परामा फड्को मारेको यस उपन्यासमा छपाइ तथा रूपविन्यासगत केही कमजोरी भए पनि यसले आत्मसात गरेको र समेटेको सशक्त र यथार्थपरक अन्तर्वस्तुले गर्दा उपन्यास महत्त्वपूर्ण हुन पुगेकोछ । यसमा नारी केन्द्रीयता र नारी प्रधानता छ साथै आम समस्यालाई आमाका दृष्टिबिन्दुबाट प्रस्तुत गरिएको छ । त्यसैले यो उपन्यास नारीवादी नभएर मानवतावादी प्रगतिवादी भएकोछ । युद्धकालमा नारी वा आमहरूले भोलेका कष्ट, पीडा, उत्पीडन, दमनलाई यस उपन्यासले प्रस्तुत गरेकोछ । यस उपन्यासमा सरकार माओवादी ज्यादतीको सर्वेक्षण गरी अभिलेखीकरण गर्ने जमर्को गरिएकोछ । यस उपन्यासमा समकालीन यथार्थलाई सबैले बुझ्ने सरल भाषामा छर्ल· पारिएको पाइन्छ (लामिछाने,२०६७:४८-६५)। यसै गरी पौडेलको **सीमावारी-सीमापारी** शीर्षकको उपन्यास प्रकाशनको क्रममा रहेकोछ, भने **पुतलीदिदी, लाहुरेको धोको, बुढानिलकण्ठ, राको** लगायतका उपन्यास अप्रकाशित छन् ।[६६] समग्रमा कविता पौडेलको साहित्यिक व्यक्तित्व नेपाली साहित्यको समसामयिक धाराको नारी उपन्यासकारका रूपमा अत्यन्तै चर्चायोग्य छ । उनका आख्यानहरूमा नेपाली समाजको यथार्थपरक सामाजिक चित्रण पाइनुको साथै समाज परिवर्तनको तीव्र आशा रहेको हुनाले पौडेलको आख्यानकार व्यक्तित्व सशक्त रहेकोछ । यिनै आख्यानात्मक कृतिलाई आधार बनाएर कविताको आख्यानकारिताको बारेमा यो अनुसन्धान गरिएको छ ।

[६६]कविता पौडेलसँग लिइएको लिखित अन्तर्वार्तामा आधारित जानकारी .

### २.११.२.४ कथाकार व्यक्तित्व

कविता पौडेलले गीत, संस्मरणत्मक निबन्ध, उपन्यासका अतिरिक्त कथाहरूको पनि रचना र प्रकाशन गरेकीछन् । उनको पहिलो प्रकाशित कथा **छोरीको चिठी** (२०६१) हो भने लेखनक्रमको पहिलो कथा **सिद्धबाबाको जोगी** हो । उनका कथाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेकाछन् । उनका कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेकाछन् । उनका विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका कथाहरू निम्नानुसार छन् ।

छोरीको चिठी - युगभाका (२०६१)

पल्लो पसल - मधुपर्क (२०६३)

रिमा - समष्टि (२०६३)

यी कथाहरूको अध्ययन गर्दा कथामा सामान्य विषयवस्तुको उठान गरेर नारीका अन्तर्वेदना, छटपटि, महिलाबेचविखन, पढ्न नपाउने समस्या, दाइजोको पीडा आदिको यथार्थ चित्रण उनका कथाहरूमा पाइन्छन् । यसरी उनका कथाहरूमा ग्रामीण समाजको यथार्थ चित्रण गर्दै त्यहााका समस्याको उठान गरिएकोछ भने समाज परिवर्तनको अपेक्षा गरिएको पाइन्छ ।

### २.११.३ साहित्य इतर व्यक्तित्व

कविता पौडेलको आन्तरिक व्यक्तित्व अन्तर्गत साहित्येत्तर व्यक्तित्व पनि गाभिएको पाइन्छ, समाजसेवी राजनीतिसेवी, कविता पौडेल मिलनसार, इमानदार लगनशील स्वाभिमानी र कुशलछन् यसले गर्दा यिनका व्यक्तित्वका विविध पाटाहरू प्रशंसनीय छन् । कविताका साहित्येत्तर व्यक्तित्वका निम्न पाटाहरू रहेकाछन् ।

### २.११.३.१ राजनैतिक व्यक्तित्व

कविता पौडेलले २०३५ सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिएर औपचारिक रूपमा राजनीतिक जीवनको प्रारम्भ गरेको पाइन्छ ।[ड्घ] मार्क्सवादी चिन्तनमा आस्था राख्ने कविताले राजनैतिक काम २०३६बाट थालनी गरेको पाइन्छ । राजनीतिको काममा सक्रिय हुादा जेलनेल, प्रहरीको लाट्ठि-मुङ्ग्रो, अनेकौ पटक प्रहरीको फन्दामा पर्दै भूमिगत भएर पनि काम गरेको बताउाछिन् ।[ड्ढ] उनी राजनीतिमा सक्रिय रहेका संस्थाहरू निम्नानुसार रहेको पाइन्छ ।[ड्छ]

२०४१ को फागुनमा अखिल नेपाल महिला सङ्गठनको रूपन्देही जिल्ला सम्मेलनमा जिल्ला अध्यक्षमा निर्वाचित, प्रजातान्त्रिक राष्ट्रिय बुद्धिजीवी मञ्चको केन्द्रीय सदस्य, अखिल

---

[ड्घ] कविता पौडेलबाट प्राप्त जानकारी ।
[ड्ढ] कविता पौडेलबाट प्राप्त जानकारी ।
[ड्छ] कविता पौडेलबाट प्राप्त जानकारी ।

नेपाल महिला सङ्गठनको राष्ट्रिय पार्सद र हाल उनी कम्युनिस्ट पार्टीमा रहेकी छन् तापनि उनी राजनीतिमा भन्दा लेखनकार्यमा व्यस्त रहेको देखिन्छ ।[हट]

### २.११.३.२ सामाजसेवी व्यक्तित्व

समाजमा रहेर समाजको सेवामा क्रियाशील रहेकी कविताले समाजसेवामा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । कविताले अर्घाखाचीमा रहदा समाजको परम्परागत मान्यता विरुद्ध आवाज उठाइन ।[हठ] घरछाउने, हलोजोत्ने, खसीकाट्ने, मलामजाने जास्ताकार्य गरेर सामाजिक रुढि र अन्धविश्वासका विरुद्ध धेरै संङ्घर्ष गरेको पाइन्छ ।[हड] जातिपाती अन्धविश्वासका विरुद्ध धेरै सङ्घर्ष गरेको देखिन्छ । यसरी कविताको समाजसेवी व्यक्तित्त्व भल्किन्छ ।

### २.११.३.३ स्वास्थ्यसेवी व्यक्तित्व

कविता पौपेडलको व्यक्तित्वको महत्त्वपूर्ण पाटो स्वस्थ्यसेवी व्यक्तित्व महत्त्वपूर्ण रहेको, उनले रूपन्देहीमा बस्दाको समयमा सुत्केरीहुने महिलालाई स्वास्थ्यसेवा दिने, योगाशन र ध्यान सम्बन्धी निशुल्क प्रशिक्षण दिनुले उनको स्वस्थ्य सेवी व्यक्तित्व भल्किन्छ । हाल पनि कविता योगाशन र ध्यान मार्फत स्वस्थ्यसेवामा क्रियाशीलछन् ।[हढ] तसर्थ यिनको स्वस्थ्यसेवी व्यक्तित्व महत्त्वपूर्ण रहेकोछ ।

## २.१२ निष्कर्ष

अर्घाखाची जिल्ला पोखराथोक गाविस रएले म्यालपानीमा आमा बुधकुमारी गौतम र बाबु दुर्गाप्रसाद गौतमकी सुपुत्रीको रूपमा २००२ साल माघ ६ गते जन्म भएकी कविता पौडेल २०१३ साल बैशाखमा तत्कालीन गौरीशङ्कर पौडेल हाल मोदनाथ प्रश्रितसाग वैवाहिक सहयात्रा प्रारम्भ गरी प्रौढ उमेरमा औपचारिक शिक्षा प्रारम्भ गरी घरधन्दासागै, स्वअध्ययन मार्फत नेपाली साहित्यको इतिहासमा आख्यानकारको रूपमा आफ्नो नाम दरिलो गरी दर्ज गरेकीछन् । हालसम्म **काडेघारीको यात्रा** (२०५९) आत्मसंस्मरण, **बालचीत्कार** (२०६२), **हीरा** (२०६३), **आमाहरू** (परिमार्जित रूप **विस्थापित आमाहरू** २०६८), **सीमावारी-सीमापारी**(प्रकाशनको क्रममा) लगायतका उपन्यासको प्रकाशन गरीसकेकी पौडेलले कयौ कथा र गीतहरूको पनि रचना गरिसकेकी छन् ।

कविता पौडेल नेपाली साहित्यको आख्यान जगत्मा सक्रियतापूर्वक कलम चलाउने कम महिला स्रष्टाहरूमा पर्दछिन् । नेपाली साहित्यको आख्यान जगत्मा सामाजिक यथार्थ घटनाहरूको बुनोटगरी सफल आख्यानको निर्माण गर्ने उनको खुबी रहेको छ । उनका

[हट] कविता पौडेलबाट प्राप्त जानकारी ।
[हठ] कविता पौडेलबाट प्रयाप्त जानकारी ।
[हड] कविता पौडेलबाट प्रयाप्त जानकारी ।
[हढ] कविता पौडेलबाट प्रयाप्त जानकारी ।

आख्यानहरू सङ्ख्यात्मक र गुणात्मक दुवै रूपमा सफलछन् । उनका आख्यनका पात्रहरूले सङ्घर्सपूर्ण जीवनयापन गरेजस्तै कविता पौडेलको जीवनी पनि सङ्घर्स पूर्ण छ भने व्यक्तित्व अनुकरणीय हुनुका साथै नेपाली साहित्यको आख्यानका क्षेत्रमा उनको योगदान अत्यन्त चर्चित छ ।

# परिच्छेद तीन

# नेपाली उपन्यास परम्परा र कविता पौडेल

## ३.१ पृष्ठभूमि

प्रस्तुत परिच्छेदमा नेपाली उपन्यासको पृष्ठभूमिको चर्चा गर्दै प्राथमिक काल, माध्यमिककाल हुादै आधुनिककाल सम्म आएको पाइन्छ । आधुनिक कालमा आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, ऐतिहासिक यथार्थवादी धारा, अतियथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, नारीवादी धारा, प्रकृतवादी धारा, मानोविश्लेषणवादी धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा, प्रयोगवादी धारा, प्रगतिवादी धारा, मिथकीय धारा उत्तरआधुनिकतावादी धाराको चर्चा गर्दै त्यसमा कविता पौडेललाई खोजिएको छ ।

आख्यान मानव समाजसाग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाई भएको गद्यभाषामा रचिएको  साहित्यिक विधा हो । यसमा उपन्यास र कथा पर्दछन् । यसले जीवन जगत्का केही महत्त्वपूर्ण अर्थलाई समष्टि रूपमा प्रस्तुत गर्दछ (सुवेदी,२०६४:३२)। आख्यान निरन्तर विकसित भइरहने, निरन्तर परिवर्तित भइरहने र निरन्तर नयाानयाा रूपमा देखापर्ने साहित्यिक विधा हो (शर्मा,२०६६:१३७)। एक अर्काकाका पूर्वधारणा वा अनुक्रम नभई आएका कम्तीमा दुईवटा यथार्थ वा कल्पित घटना वा स्थितिहरूको कालक्रमिक प्रतिनिधित्वलाई आख्यान भन्दछन् (शर्मा,२०६३:३०५) । वर्तमान साहित्यिक परिसरमा लोकप्रिय तथा जीवनलाई सर्वोत्कृट रूपमा आत्मसात गर्न सक्ने विधाका रूपमा आख्यान चर्चित रहेको पाइन्छ । आधुनिक साहित्यमा यसले महत्त्वपूर्ण ठाउा ओगटेर सर्वाधिक लोकप्रियता कमाएकोछ (लामिछाने,२०६७:२६)। विश्व साहित्यमा आख्यान विधाको इतिहास त्यति लामो रहेको पाइदैन ।

आख्यानको पृष्ठभूमिमा केवल पूर्वीय साहित्यका वैदिक, औपनिषदिक, पौराणिक वृतत्पोद्यापन र तिनका महिमागानसाग सम्बद्ध रचना ग्रन्थहरूले उपन्यासको क्षेत्रको पूराइतिहासमा महत्त्वपूर्णकाम गरेको देखिन्छ । ललित गद्य परम्परामा देखिन आएका **दशकुमार चरित**, **कादम्बरी** जस्ता आख्यान ग्रन्थहरूले आख्यान परम्परामा नेपाली

साहित्यका पृष्ठभूमिलाई मलिलो तुल्याएका छन् । पूर्वीय साहित्यको इतिहासलाई अध्ययन गर्दा उपन्यासको आधुनिक स्वरूप आधुनिक आर्यभाषामा साहित्य सिर्जनाहुन थालेपछि विकासहुन थालेको पाइन्छ । संस्कृत, प्राकृत र अपभ्रंश भाषाका समयमा उपन्यास सिर्जनाहुन सकेको पाइदैन । लगभग १९ औं शताब्दी पूर्वको पूर्वीय साहित्य जगत् आधुनिक मान्यताका आधारमा नितान्त उपन्यास शून्य रहेको देखिन्छ । पाश्चात्य साहित्यमा पनि उपन्यासको आरम्भ अठारौं शताब्दी पछि मात्र भएको पाइन्छ । यसरी हेर्दा उपन्यास विधाले विश्व साहित्यमा आधुनिक अस्तित्व अठारौं शताब्दी पछि मात्र प्राप्त गर्न सके पनि उपन्यास शब्दले सङ्केत गर्न सक्ने रचना विशेषका स्वरूपहरू र तिनका लक्षणहरू देखिने रचनाहरू प्राच्य र पाश्चात्य क्षितिजमा यस भन्दा पहिले पनि देखा परिसकेको पाइए पनि उपन्यासको सैद्धान्तिक मानदण्ड तयार नभएका अवस्थालाई अझ अलिकति औपन्यासिक कला निहित भएका रचनाका रूपमा स्थापित हुने प्रयत्न हुदै आएको देखिन्छ ।

आख्यानको बाहुल्य भएका रचनाहरू प्राच्य र पाश्चात्य दुबै जगत्मा रहेका देखिन्छन् । तिनीहरू आंशिकरूपमा उपन्यास हुन् । तिनमा पनि वस्तु सङ्गठन, पात्र विन्यासमा विचार पुऱ्याएमा रचनाले औपन्यासिकता प्राप्त गर्दछ । अलिकति कथानक, अलिकति बढी कथोपकथन, अलिकति परिवेश चित्रण, अलिकति विचार सम्प्रेषण, अलिकति उद्देश्य संयोजन त्यस समयका आख्यान साहित्यमा पाइने हुनाले उपन्यास सिद्धान्तको आविर्भाव हुनु पूर्व पनि औपन्यासिकताको सिर्जना भएको तथ्य रहेको देखिन्छ । संस्कृत साहित्यमा ‘उपन्यास’ शब्दको प्रयोजनपरक अर्थ ‘उपपत्ति कृतो हि, अर्थ उपन्यास सङ्कीर्तितः’ अर्थात कुशलता पूर्वक विशेष अर्थ प्रकट गर्ने प्रकृया विशेष नै उपन्यास हो । यसलाई लोक प्रचलनका भाषामा आख्यानात्मक शैलीमा जीवनको इतिवृत्त अभिव्यक्त गर्दै जानु उपन्यास हो भन्ने अर्थ हुन्छ । पश्चिमी साहित्यको इतिहासमा अङ्ग्रेजी साहित्यमा आज प्रचलित नोवेल (ल्यखभ) शब्द ल्याटिन भाषाको नोवोस (ल्यखयधक) वा नोवलस (ल्यखबाियधक) बाट विकसित भएको मानिन्छ । यसै ल्यटिन भाषाबाट विकसित हुदै फ्रान्समा पुगेको नोवेल (ल्यखभ) शब्दको नेपाली अर्थ उपन्यास बनेको छ । यसको ल्याटिन मूल अर्थ समाचारपत्र हो । समाचारपत्रलाई सङ्केत गर्न नोवेला (ल्यखभबि) शब्दको प्रयोग हुन्थ्यो । त्यसको सामान्य अर्थ केवल घटनालाई समाचारका रूपमा सम्प्रेषित गर्नु भन्ने (प्रधान,२०३७:१७) भएको पाइन्छ । तर आज यसको अर्थगत प्रयोजनियता घटना, बस्तु, पात्र, परिवेश, कुतूहलता, द्वन्द्व, प्रस्तुति विशेष समेतको आख्यानात्मक प्रतिपादनलाई उपन्यास भनेको पाइन्छ । आज उपन्यास शब्दले गद्यात्मक आख्यानको जीवन सापेक्ष प्रस्तुति बुझाउछ भने नोवेल शब्दको आधुनिक उत्पत्ति पनि हो भन्नेकुरा बोध गराउछ ।

उपन्यास जीवनको आन्तरिक र बाह्य संरचनाको वास्तविक तर कलात्मक अभिव्यक्तिहो । उपन्यास जीवनको पूर्णकदको तस्बिर हो र अझ कलात्मक प्रस्तुतिमा आउने हुनाले जीवन भन्दा बढ्ता साझा जीवनको प्रतिच्छाया भएको पाइन्छ (राय, सन् १९७३:४)। अरु कलाकृति जस्तै उपन्यास पनि रूप, आकृति र संरचना आदिको अपेक्षा राख्ने कृति हो ।

वस्तुको स्वरुपलाई ॅरूप', ॅस्थापत्य', ॅसंरचना', ॅआकृति' आदिबाट उपन्यासलाई ग्रहण गर्न सकिन्छ (सुवेदी,२०६४:६)। जीवनको व्यापक प्रस्तुति, सौन्दर्य पूर्ण कलात्मक अभिव्यक्ति उपन्यास हो भन्ने कुरा यसका शिल्प पक्षले सिद्ध गरेको छ । मान्छेका अस्थिखण्ड, मांसपेशी, स्नायुतन्तु, रोमकूप, नखदन्त सङ्ख्या, चर्म, आयतनमात्र जीवन होइन । विज्ञानले यी सबैको हरहिसाव लगाउन सक्छ । इतिहासले नयाा पुरानो ठम्याउन सक्छ, तर साहित्यले मान्छेको अन्तर्वाÞय दुबै प्रस्तुति प्रतिपादन गर्न सक्छ । जीवनका सम्पूर्ण पक्षहरूलाई समीकरण गरेर साहित्यमा प्रस्तुत गर्नमा उपन्यासमात्र सफल भएको पाइन्छ (राई,२०५१:ख) । उपन्यासका जीवनको सम्पूर्ण पक्ष समेटिएको हुन्छ ।

नेपाली भाषाको जन्म भइसके पछि एक हजार वर्ष वितिसकेको प्रमाण सिद्ध भइसकेकोछ । यो एक हजार वर्षको समय पूर्वीय साहित्यका सन्दर्भमा आधुनिक आर्य भाषहरूको जन्म, तिनको मौलिक स्वभावको ग्रहण र तिनमा साहित्यको आधुनिक स्वरूपको आरम्भ, विकास र सुदृढीकरण, शब्दहरूको समुचित विन्याससमेतको क्रम क्रमशः विकसित हादै प्रारम्भमा अभिलेख र दान पत्रका क्षेत्रमा प्रयुक्त यो भाषा पन्धौा शताब्दी पछि ग्रन्थ स्तरमा विकसित भयो । यस भाषाले देशका बासिन्दाहरूको मनोभावना व्यक्त गर्ने, मान्छेका अन्तस्करणलाई उद्घाटन गर्ने र विचारको आदान प्रदान गर्ने, तर्कको प्रमाणीकरण गर्ने जस्ता बौद्धिक गुण ग्रहण गर्दै गयो । विभिन्न जातजाति र तिनका स्थितिहरूलाई सबल बनाउने, दैनिक जीवनका जटिलतालाई मूल्यान्तरण गर्ने र सरलतातिर अभिमुख गराउने प्रयास पनि हादै गयो (सुवेदी,२०६४:३४)। यसरी नेपाली भाषामा साहित्यिक आख्यानको जन्म भयो । यसको विकाश हादै विक्रमको १४००तिर ज्योतिष ग्रन्थका पुस्तकहरू संस्कृतबाट नेपालीमा रूपान्तरण गर्ने काम भयो । यस ज्योतिष ग्रन्थलाई आजसम्म उपलब्ध प्राचीन नमुनाका रूपमा लिइन्छ । त्यस पछि क्रमशः **राजागगनीराजको यात्रा** (१५५०), अज्ञात लेखकको **बाजपरीक्षा** (१७००), वाणीविलाश ज्योतिर्विदको **ज्वोरोत्पत्ति चिकित्सा** (१७७३), प्रेमनिधि पन्तको **प्रायश्चित प्रदीप** (१७८०), दवादल शाहको **औषध रसायन** (१८००), शक्तिवल्लभ अर्याल अनुदित **महाभारत विराटपर्व** (१८२७) सम्म आइपुग्दा नेपाली भाषामा आख्यानको प्रारम्भ भएको पाइन्छ । **महाभारत विराटपर्व** नेपाली साहित्यको पहिलो आख्यानात्मक स्वरुपको रचना मानिन्छ । तर यो मौलिक रचना नभइ अनुदित रचना हो । यसै बिन्दु देखि हाल सम्मको समयक्रमसागै नेपाली उपन्यासको विकाश भएको हो ।

नेपाली भाषामा नेपाली परिवेश सहितको तथा गद्य भाषामा लेखिएको र आख्यान भएको रचना गिरीशवल्लभ जोशीको **वीरचरित्र** (१९६०) हो । यसलाई प्रथम मौलिक नेपाली उपन्यासको रूपमा चिनिन्छ । **वीरचरित्र** देखि अहिले सम्म धेरै सङ्ख्यामा उपन्यासहरू प्रकाशित भएकाछन् । सयौा स्रष्टाहरूको बुद्धि, विवेक, चिन्तन, श्रम र समय नेपाली उपन्यासमा लागिसकेको छ । तिनै स्रष्टाहरूको लाममा एउटानाम कविता पौडेल थपिएको हो । यिनले नेपाली साहित्यमा उपन्यासहरू र केही कथाहरूको रचना गरेकी हादा उनको समग्र आख्यानकारितामा उपन्यासकारिता अग्रपङ्क्तिमा पर्दछ । कविता पौडेलले नेपाली

उपन्यासकारितामा महत्त्वपूर्ण योगदान रहेको छ, त्यसैले प्रस्तुत परिच्छेदमा नेपाली उपन्यासको विकाशक्रम केलाउदै पौडेलको ठाउाको खोजी गरिएको छ ।

## ३.२ नेपाली उपन्यासको विकासक्रम

नेपाली साहित्यमा उपन्यासको आरम्भ गद्याख्यान १८२७ मा शक्तिवल्लभ अर्यालद्वारा अनूदित महाभारत विराटपर्वबाट भएको मानिन्छ । गद्यमा लेखिएको भए पनि यो संस्कृतबाट अनुवाद गरिएको गद्य रचना हो । यसमा औपन्यासिकता पाइदैन तर यसमा आख्यान भने पाइन्छ (लामिछाने,२०६७:२७)। यही कृतिबाट नै नेपाली उपन्यासको थालनी भई उत्तरोत्तर विकसित हुादै आधुनिकता तर्फ लम्केको देखिन्छ । नेपाली उपन्यासको विकसक्रमलाई विभिन्न विद्वान्हरूले विभिन्न चरणमा विभाजन गरेको पाइन्छ । यसै क्रममा डिल्लीराम तिमिल्सिना र माधव भण्डारीको सहलेखनको **हाम्रो साहित्यकारहरू**(२०१८), तारानाथ शर्माको **नेपाली साहित्यको इतिहास** (२०२७), यज्ञराज सत्यालको **नेपाली साहित्यको सङ्क्षिप्तविवेचना** (२०२३), कृष्णचन्द्र सिंह प्रधानको **नेपाली उपन्यास र उपन्यासकार** ( २०३७), दयाराम श्रेष्ठ र मोहनराज शर्माको **नेपाली साहित्यको सङ्क्षिप्तइतिहास** (२०४०) आदि जस्ता महत्त्वपूर्ण समालोचनात्मक कृतिहरूमा समालोचकहरूले नेपाली उपन्यासको काल विभाजन छुट्टाछुट्टै किसिमले गरेको पाइए पनि यहाा निम्न लिखित चरणमा विभाजन गरी अध्ययन गरिएकोछ ।

१. प्राथमिक काल १८२७ - १९४५

२. माध्यमिक काल १९४६ - १९९०

३. आधुनिक काल १९९१ देखि यता

गरी मुख्यतः तीन कालखण्डमा विभाजन गरी अध्ययन कार्यलाई अगाडि बढाइएको छ । आधुनिक काल पूर्वका गद्यमा लेखिएका आख्यानका भेद कथा र उपन्यास छुट्टिइसकेको पाईदैन ।

### ३.२.१ प्राथमिक काल

नेपाली साहित्यको इतिहासमा हालसम्म प्राप्त जानकारी अनुसारपहिलो गद्याआख्यानात्मक रचना शक्तिवल्लभ अर्यालद्वारा अनुदित १८२७ को **महाभारत विराटपर्व** भएको पाइन्छ ।यहीबाट प्राथमिक कालको थालनी भएको मानिन्छ (बराल,२०५८:७७)। यद्यपि पहिलो नेपाली आख्यान कुन हो भनी पहिल्याउादा ठ्याक्कै यो नै हो भनेर निरपेक्षरूपमा भन्न नसकिए पनि उपन्यास गद्यमा लेखिएको आख्यान भएकोले नेपाली भाषामा लेखिएको

आख्यानात्मकता भएका रचना खेज्दैजाादा यही **महाभारत विराटपर्व** सम्म मात्र पुग्न सकिन्छ । त्यस अगाडि लागिदैन तसर्थ यो नै पहिलो गद्यआख्यानात्मक रचना भएको देखिन्छ । **महाभार विराटपर्व** गद्यमा लेखिएको भए पनि संस्कृतबाट अनुवाद गरिएको गद्य रचना हो र यसमा औपन्यासिकता नपाइए पनि आख्यान भने पाइन्छ । शक्तिवल्लभ अर्यालकै **हास्य कदम्ब**(१८५५) मा औपन्यासिकता नभएर सामान्य आख्यान पाइन्छ । यसै गरी भानुदत्तको **हितोपदेश मित्रलाभ** (१८३३), राम भद्र पाध्याको **लक्ष्मीधर्म संवाद**(१८५१), दैवज्ञज्योति नरसिंहको **तुलसीस्तव**(१८६६), भवानीदत्त पाण्डेको **वाग्मती पुल स्तम्भ अभिलेख** (१८६८), **मुन्सीका तीन आहान** (१८७६), सुन्दरानन्दबाडाको **अध्यात्म रामायण** (१८९३) र **त्रिरत्न सौन्दर्यगाथा**(१८८९/१८९०) आदि कृतिहरूमा आख्यानको झलक पाइन्छ । अज्ञात लेखकका **पिनासको विनास** (१९७२), **दशकुमार चरित** (१८७५), **स्वास्थानी व्रतकथा** (१८७८), **धर्म पुस्तक**(१८७८), **सेमरामपुरको बाइवल** (१८८४), **बहत्रसुघाको कथा**(१८८०/९० तिर), भवानीदत्त पाडेको **मुद्रा राक्षस** (१८९२), देवराज शर्माको **स्वास्थानी ब्रतकथा** (१९४२), हरिहर शर्माको **भगवत भक्तिविलासिनी** (१९४५) लगायतका रचनाले पनि यस अवधिको आख्यानको इतिहास निर्माण गरेकाछन् । यी गद्याख्यानलाई कथाको विकाशको सन्दर्भमा र उपन्यासको विकाशको सन्दर्भमा पनि उल्लेख गरिन्छ । यसो गर्नुको मुख्यकारण यी रचना कथा र उपन्यास दुबै होइनन् र कथा र उपन्यास दुबैहुन् भन्ने पनि अर्थ बुझिन्छ । यतिखेरका गद्याख्यानले विधागत छुट्टै पहिचान बनाउन सकेकाछैनन् ।

थालनी देखी १९४६ पूर्व सम्मका नेपाली गद्याख्यानका मुख्यमुख्य विशेषताहरूलाई आाकलन गर्दा कथा र उपन्यासको विधागत स्पष्टता नहुनु, मुख्यतया संस्कृत र अंशतः अङ्ग्रोजी भाषाबाट अनुवाद रूपान्तरण हुनु, सत्यको विजय देखाउनु, औपदेशिकता तथा धार्मिक भावको प्रवलता पाइनु, घटनाको स्थूल विवरण हुनु, साहस र कुतूहल तथा प्रेमको स्वच्छन्द रूपको चित्रण हुनु, (लामिछाने, २०६७:२७)धार्मिक नैतिक शिक्षा तथा मनोरञ्जन दिने उदेश्य उपन्यासले राखेको देखिन आउाछ ।

### ३.२.२ माध्यमिक काल

शक्तिवल्लभ अर्यालको **महाभारत विराटपर्व** लेखिदै गर्दाको समयमा पृथ्वीनारायण शाहको राज्य विस्तार अभियान चलिरहेको थियो । आम नेपाली जनमानस सन्त्रस्त थियो । सर्वसाधारणहरूलाई लागेका कुराहरू प्रत्यक्ष व्यक्त गर्ने वातावरण थिएन । त्यस्तो समयमा पनि लेखनको थालनी गरेका गद्याख्यानकारले पनि त्यसबेलाको युगीन वातावरणलाई कथ्य बनाउनु सहज थिएन । त्यसैले उनीहरूले प्रायः धार्मिक भावयुक्त संस्कृतका आख्यानलाई अनुवाद रूपान्तरण गर्नु नै उचित ठह्र्याए । ती स्थापित थिए र त्यतिखेरका राजाप्रजा सबैले स्वीकरेका थिए । तिनको अनुवाद रुपान्तरण गर्दा कुनै खतरा थिएन, बरु उल्टै स्यावासी पाइन सक्थ्यो ।

यता १९४२ पछिको राष्ट्रिय परिवेश परिवर्तन भइसकेको थियो । १९०३ को कोत पर्वबाट स्थापित जहानिया राणासाशनको परम्परामा १९४२ मा जघन्य त्रासदीपूर्ण घटनाबाट धीरशमशेरका छोरा वीर शमशेर श्री ३ महाराज बनेका थिए । उनी सङ्गीत प्रेमी तथा विलासी प्रवृतिका थिए । अङ्ग्रेजसाग मित्रता गाासिइसकेकाले राणशासनलाई विदेशीहस्तक्षेपको त्रास थिएन भने त्यस सितको मित्रताका कारणले नै जनताका हरेक आवाजलाई निर्ममतापूर्वक कुल्चिने परम्परा बसिसकेकाले विद्रोहको समना गर्नुपर्ने अवस्था पनि रहेन । परिणम स्वरुप सत्ताधारीको मनोवृत्ति र इच्छालाई बुझेर शृङ्गारिक, जासुसी, तिलस्मी र उडन्ते गद्याख्यानलेखन तर्फ लेखकहरू आकर्षित भए । अर्को तर्फ भर्खर भर्खर शुभारम्भ भएका प्रकाशन गृहहरू त्यस्ता गद्याख्यानहरू छापेर अर्थलाभ गर्ने कार्यमा संलग्न भए । स्वदेशमा शिक्षाको अवशर नभएकोले त्यसको खोजीमा भारत भूमिमा पुगेका व्यक्तिहरूले त्यस्तैखाले गद्याख्यानहरू लेखेर नाम र धेरै थोरै दाम कमाउने अवशर पनि पाए । सदाशिव शर्मा अधिकारी, गिरीशवल्लभ जोशी, चिरञ्जीवी पौड्याल, शिवदत्त शर्मा सिग्द्याल, गङ्गाप्रसाद प्रधान, राम प्रसाद सत्याल, चत्रपाणी चालिसे, शम्भु प्रसाद ढुङ्ग्याल, पद्मनाभ सापकोटा, आदि लेखकहरू मुख्यतया शिक्षाको खोजीमा भारत भूमिमा पुगेका देखिन्छन् । माध्यमिक कालीन गद्याख्यान यसै परिप्रेक्षमा र पृष्ठभ"मीमा खडा भएको पाइन्छ ।

माध्यमिक कालीन गद्याख्यानका लेखकहरूले निरङ्कुश राणशासनको त्रासपूर्ण वातावरणले गर्दा सामाजिक समस्यालाई विद्रोहात्मक रूपमा प्रस्तुत गर्ने हिम्मत गर्न सकेनन् । परिवेश प्रतिको सतर्कता त तिनीहरूमा यथेष्ट थियो किनकी तिनीहरूमा बौद्धिक चेतनाको उन्मेष भइसकेको थियो । शासक वर्ग प्रति तिनीहरू असन्तुष्ट थिए, किनकी निसास्सिसिदो राजनैतिक वातावरणले गर्दा जनताको सामाजिक, आर्थिक र बौद्धिक जीवन नै कुण्ठित भइरहेको थियो । तत्कालीन स्रष्टाले राणाका विरुद्ध विद्रोह गरेनन् किनकी तिनीहरू राणा र राणाशासनका क्रुरताबाट विज्ञ र परिचित थिए । यस्तै परिवेशमा देखा परेको नेपाली साहित्यको आख्यान परम्पराको माध्यमिककालमा १९४६ को **वीरसिक्काले** नयाामोड प्रदान गरेको देखिन्छ । हरिकृष्णद्धारा लिखित रचनालाई शिवदत्त शर्माले नेपालीमा अनुवाद गरी **वीरसिक्का** शीर्षकमा प्रकाशित गराएपछि नेपाली माध्यमिक कालीन आख्यानको आरम्भ भएको पाइन्छ । **वीरसिक्काबाट** थालनी भएको तिलस्मी-जासुसी-ऐयारी प्रवृत्ति रुद्रराज पाण्डेको **रूपमती**(१९९१) पूर्व सम्म प्रमुख रूपमा कायम भएको पाइन्छ ।

**वीरसिक्काको** प्रकाशन १९४६ मा भए पछि आरम्भ भएको नेपाली गद्याख्यान परम्पराको माध्यमिक कालमा अनुवाद परम्परामा पनि अनेक धाराहरू देखा परे भने मौलिक उपन्यास सिर्जनाका रूपमा पनि देखिए । वीरसिक्का देखि थालनी भएर **वीरचरित्र** (१९९०), **राजपुत रमणी** (१९८९)को बाटोबाट **रूपमती**(१९९१) सम्म आइपुग्न निम्मलिखित चार प्रमुख चरणहरू पार गरेको पाइन्छ ।

(क) मनोरञ्जनात्मक धारा

(ख) धार्मिक पौराणिक धारा

(ग) नैतिक औपदेशिक धारा

(घ) समाज सुधारात्मक धारा

**(क) मनोरञ्जनात्मक धारा**

मानिसहरूलाई मनोरञ्जन दिने उद्देश्यबाट अभिप्रेरित भइ रचिएका उपन्यासहरू यस धारामा पर्दछन् । मानिसको स्वभाव भावुक र स्वच्छन्दता प्रेमीहुने हुादा उसलाई कल्पनाश्रित कथात्मक स्थापनाबाट विशेष आनन्द प्राप्त हुन्छ (बराल,२०५८:७९)। मनोरञ्जनात्मक धारा स्वच्छन्दताको पनि प्रारूप भएकोले यसको सम्बन्ध हार्दिकतासाग भएकोले यस धाराका आख्यानहरूमा वीरता र प्रेमका अद्भुत प्रशंगहरूले ठाउा पाएका हुनाले प्रेम, सौन्दर्य, साहसिकता, अलौकिकता, जादु एवं अद्भुत चमत्कार जस्ता यथार्थ भन्दा परका कतिपय कल्पनालाई आधार बनाएर उपन्यासहरूको सिर्जना गरेको पाइन्छ ।पाठकलाई भय, त्रास, अत्यास एवं आश्चर्यमा पारेर आनन्द दिने लक्ष्य यिनीहरूको हुन्छ । शृङ्गारिकता, रोमाञ्च र मनोरञ्जनको उद्देश्य हुनेहुनाले कथ्यको प्रभावकारी प्रशारणमा यी रचनाले महत्त्व राखेको पाइन्छ ।

नेपाली साहित्यमा मनोरञ्जनात्मक धाराको प्रवेश **वीरसिक्का** (१९४६) बाट भएको हो । यसको पहिलो भाग १९४६मा प्रकाशित भए पनि अरु भाग भने १९५२मा मात्र प्रकाशित भएको पाइन्छ । जम्मा पााच भागमा विभाजित **वीरसिक्का**को विभिन्न अध्यायहरूमा समेत विभाजित छ । माध्यमिक कालको आख्यान क्षेत्रलाई उच्च स्थान प्रदान गर्ने यस कृतिले पहिलो पल्ट उपन्यासको स्वाद पाठकहरूलाई चखाएको पाइन्छ ( बराल,२०५८:८०) । संस्कृत, हिन्दी, फारसी तथा अन्य स्रोतबाट समेत आयात गरिएका प्रशस्त कथाहरू यसमा जोडिएका पाइन्छन् । **वीरसिक्का**ले भक्तिमूलक धार्मिक, पौराणिक आदि विषयबस्तुमा सीमित नेपाली आख्यानलाई स्रोतको वृहत्तररूप दिएको छ भने एकरसतालाई पनि भङ्ग गरेको छ । शृङ्गारिक र साहसिक आख्यानको आरम्भ गर्नु, अलौकिक, अद्भुत संसारको सृष्टि गर्नु, दैवी शक्तिको प्रयोगद्वारा चाहेको कार्य सम्पन्न गर्नु तथा विलासी वर्गको प्रतीकात्मक चित्रण गर्नु यस धाराका मूल विशेषता हुन् ।

माध्यमिक कालीन आख्यान परम्पराको मनोरञ्जनात्मक धाराको उठानमा सदाशिव शर्माको (१९३१-१९८३) को अहम् भूमिका छ । शर्माका **महेन्द्र प्रभा** (१९५९),**लाक्षारञ्जित स्फटिक स्तम्भ**(१९५९), **सुन्दरी भुषण** (१९६३), **महाभारत मौसल पर्व** (१९६०-६४), **मधुमालतीको कथा** (१९८३) आदि गद्याख्यान पाइन्छन् । प्रकाशनका दृष्टिले **महेन्द्र प्रभा**

अपूर्ण भए पनि मौलिक नेपाली उपन्यासमा अगाडिनै छ (भट्टराई, २०५०:१५)। शर्माले उपन्यास मात्र नलेखि नेपाली उपन्यासको विकाश गर्न उपन्यास प्रधान पत्रिका उपन्यास तरंगिणीको पनि प्रकाशन गरेको पाइन्छ । काठमाडौं निवासी शर्मा विवाह पश्चात बनारसमा बसोवास गरेकाले त्यहाँ हिन्दी भाषाका स्रष्टा देवकी नन्दन खत्रीका तिलस्मी-जासुसी उपन्यासको विक्री देखेर तिनको **चन्द्राकान्ता** (पहिलो भाग), **नरेन्द्रमोहनी**को नेपालीमा अनुवाद गरेपछि मात्र नेपाली उपन्यास लेखन तर्फ कलम चलाएको पाइन्छ ।

माध्यमिक कालीन गद्याख्यान परम्पराको मनोरञ्जनात्मक धाराका अर्का प्रतिभा गिरीशवल्लभ जोशी (१९२४-१९८०) हुन् । यिनको **वीरचरित्र** (१९६०) मा प्रकाशित भएको हो भने चारै भाग २०२२ सालमा आएर मात्र प्रकाशित हुन पुग्यो । नेपाली साहित्यमा प्रकाशित पहिलो मौलिक उपन्यास सदाशिव शर्माको **महेन्द्रप्रभा** भारतीय भूमिमा र परिवेशमा रहेको छ भने **वीरचरित्रले** नेपाली परिवेशलाई आत्मसात गरेकोछ । १९५६ मै लेखिएको **वीरचरित्र**लाई जासुसी-ऐयारी तत्त्व समन्वित पहिलो मौलीक रम्याख्यान भन्न सकिन्छ (भट्टराई, २०५०:१८६)। 'उपन्यास' शब्दको प्रयोग गरेर देखा पर्ने गद्याख्यान पनि यही हो (भट्टराई,२०५०:१८६)। जोशीका अन्य उपन्यासहरूमा **बहादुरचरित्र** ( १९५७ लेखन), **प्रारब्धदर्पण** (लेखन १९९३, प्रकाशन२०४४) र **आदित्यसेन चन्द्रकला** लेखन समय हालसम्म प्रकाशित हुन सकेको छैन् भने प्रकाशन पनि भएको छैन् ( लामिछाने,२०६७:३०)। परम्परित कथानकलाई स्थानीय रंगमा रङ्ग्याएर लोककथात्मक एवं तिलस्मी, ऐयारी तत्त्वको मिश्रण गरी उपन्यास लेख्ने जोशी प्रथम व्यक्तिहुन् । उनका उपन्यास संवादको अत्यधिक प्रयोगले गर्दा उनका उपन्यास नाटकीय प्रभावयुक्त बनेका छन् ।

नेपाली आख्यन साहित्यको माध्यमिक कालाको मनोरञ्जनात्मक धारामा रहेर गोरखापत्रको प्रकाशनले उपन्यासको प्रतिष्ठापनमा सहयोग पुऱ्याएको छ । त्यस समयमा गोरखापत्रमा **जादुगर** (१९६४-६५), **नौलखाहार** (१९६७-६८) जस्ता जासुसी उपन्यास प्रकाशित भए भने **सुन्दरी** पत्रिकामा **मधुवाला** (१९९३), **सुन्दरी भुषण** (१९६३) जस्ता उपन्यास प्रकाशित भएको पाइन्छ । विज्ञान विलासको **डा. सूर्यप्रसाद** (१९७२ अपूर्ण), पहलमान सिंह स्वाँरको एकलाख रुपियाँको चोरी (१९७४) तथा दार्जीलिङ्गबाट प्रतिमान सिंह लामाको **महाकाल जासुस** (१९७५) पनि प्रकाशित भए (बराल, २०५८:८३)। यसै धारामा रहेर पद्मनाभ सापकोटा (१९४८-१९७३) को **डा.सूर्यप्रसाद** (१९७२) र **महारानी प्रियम्बदा** (१९७३) पनि प्रकाशित भएको पाइन्छ । **डा. सूर्यप्रसाद** नेपाली भाषाको पहिलो मौलिक जासूसी उपन्यास हो । अपूर्ण रूपमै भए पनि यसमा घटना, चरित्र र कुतूहलताको रोचक निर्वाह भएको छ । नेपाली देशकाल र स्थानीय महत्त्वका वस्तुलाई प्रयोग गरेर यसले विशिष्टता हासिल गरेर प्रथम पुरुष शैलीमा लेखिएको यो पहिलो उपन्यास बन्न पुगेको पाइन्छ ।

मनोरञ्जनात्मक धाराको नेपाली आख्यान परम्परामा जासुसी, तिलस्मी, ऐयारी उपन्यासहरूको प्रवेशले अनुकरण, रुपान्तरण विधिलाई बढी महत्त्व दिएको पाइन्छ तर पनि **महेन्द्र प्रभा, वीर चरित्र, डा. सूर्यप्रसाद** जस्ता उपन्यास मौलिक परिवेश र समकालीन यथार्थको प्रस्तुती नजिक रहेका छन् ।

**(ख) धार्मिक पौराणिक धारा**

नेपाली आख्यान परम्पराको माध्यमिककालमा देखा परेको अर्को औपन्यासिक धारा धार्मिक पौराणिक धारा हो । नेपाली समाजमा प्रचलित पूर्वीय पौराणिक साहित्यको आख्यान भण्डारमा रहेका स्रोतबाट आख्यानहरू नेपालीमा आएको पाइन्छ । **रामायण**, **महाभारत**, **पुराण** जस्ता उपजीव्य ग्रन्थहरूबाट आख्यान लिएर यस धारामा आख्यानहरूको रचना भएको पाइन्छ । यस धाराका आख्यानात्मक रचनाहरूमा चिरञ्जीवी पौड्यालको **प्रेमसागर** (१९४७), हरिहर शर्माको **दुर्गासप्तशती**(१९४८), कपिलदेव शर्माको **नलोपाख्यान** (१९५९), सदाशिव शर्माको **मौसल पर्व** (१९६४), दुर्गादेवी आचार्यणीको **अनुसूयासीता संवाद** (१९६५), हरिहर आ.दि. (१९२४-१९९७)को **शकुन्तलो पाख्यान** (१९६५), **आचार्य धर्मा** (१९६७), **सङ्क्षिप्त अध्यात्म रामायण** (१९७२), चक्रपाणी चालिसेको **गोरखा सङ्क्षिप्तरामायण** ( १९७२), **गोरखा सङ्क्षिप्तभारत** (१९७५), **जैमिनीय भारत** (२०२०) पद्मप्रसाद उपाध्यायको **शुकसागर** (१९८२), ऋद्धिबहादुर मल्लको **शर्मिष्ठा**(१९८५) आदि प्रमुख छन् ( बराल,२०५८:८४)। संस्कृतबाट अनुदित यस्ता रचनाहरूले माध्यमिक कालीन आख्यान परम्पराको विस्तार गर्ने काम गरेको पाइन्छ।

**(ग) नैतिक औपदेशिक धारा**

समाजमा नीति र उपदेश दिइ व्यक्तिहरूलाई सत्मार्गमा लाग्न प्रेरणा प्रदान गर्ने किसिमका रचना यस धारामा लेखिएको पाइन्छ । समाजमा गर्न हुने र गर्न नहुने शास्त्र सम्मत कर्म तथा नीतिनियमहरूलाई प्राथमिकता दिने पञ्चतन्त्र, हितोपदेश, तन्त्राख्यान आदि नीतिकथाहरूले हुर्काएको परम्परामा रचना गरिएका आख्यानहरूलाई यस धारमा राख्न सकिन्छ । यस धाराका कृतिक्रममा नरदेव पाण्डेको **मेरिना चरित्र** (१९५९), **वीरबल चातुरी** (१९५६), **नलोपाख्यान**(१९५६), **अद्भुत मिलाप** (१९५८), तीर्थप्रसाद आचार्यको **वेदान्तसार** (१९६०), हरिहर आदिको **विदुला पुत्र संवाद** (१९६५), भोजराज पाण्डेको **उपदेश मञ्जरी** (१९७३), सदाशिव शर्माको **कर्म विपाक संहिता** (१९८३) आदि पर्दछन् ।

यी रचनाहरूले जीवनको नैतिक आदर्शको स्थापनामा बाटो देखाउने प्रयत्न गरेको देखिन्छ । यस परम्परामा आख्यानले निजी औपन्यासिक स्वरुपको स्थापना गर्ने प्रयास त

गऱ्यो तर विषय बस्तुमा खास अगाडि बढ्न सकेन । उपन्यासले संरचनात्मक विश्वसनीयताका गुण भने स्थापना गर्न खोजेकोपाइन्छ ।

### (घ) सामाजिक सुधारात्मक धारा

समाजलाई सुधारको बाटो तर्फ लाग्न प्रेरणादिने उद्देश्यले रचना गरिएका आख्यानहरू यस सामाजिक सुधारात्मक धारा अन्तर्गत पर्दछन् । यस धाराको थालनी गोरखापत्रमा प्रकाशित अज्ञात लेखकको **प्राचीन प्रपञ्च** (१९६२), द्वारिकानाथ उपाध्यायको **यम पञ्चक प्रपञ्च** (१९६३) बाट भएको मान्न सकिन्छ तर यी दुबै रचना पुस्तकाकार रूपमा प्रकाशन भएको पाइदैन (बराल,२०५८:८५)। पुस्तकार कृतिका रूपमा सामाजिक सुधारमा चासो लिएर देखा पर्ने प्रथम उपन्यास वैजनाथ सेढाईंको **चक्र परिक्रमा** (१९७३) हो । सामाजिक विकृतिको विरोध र समाजिक सुधार गरेर यो उपन्यास लेखिएको छ । यस धाराका अन्य उपन्यासकारहरूमा विज्ञान विलासको **माहारानी प्रियम्बदा** (१९७३), पहलमान सिंह स्वाारको **पद्मकुमारी** (१९७४), वेदनाथ आचार्यको **दयाकी भावी**(१९७९), महानन्द सापकोटाको **त्रिवेणी**  (१९८५), अम्बालिका देवीको **राजपुत रमणी** (१९८९) आदि रहेका छन् । **राजपुत रमणीको** प्रकाशन पछि नेपाली साहित्यको आख्यान रचनामा पुरुषमात्र नभई महिला पनि सक्षम छन् भन्नेकुरा प्रमाणित भएको पाइन्छ । नेपाली आख्यानका क्षेत्रमा महिलाको प्रवेश (१९८९) सालमा भएको देखिन्छ । अम्बालिका देवीको **राजपुत रमणी**(सन् १९३२) उपन्यास महिलाद्वारा लिखित पहिलो नेपाली उपन्यास भएको पाइन्छ ( लुइटेल,२०६८:१)। यसरी माध्यमिक कालको सामाजिक सुधारात्मक धाराबाट नेपाली साहित्यमा महिला उपन्यासकारको प्रवेश भएको पाइन्छ ।

अम्बालिका देवीको **राजपुत रमणीमा**जगत् साहूकी बुहारी राजपुत रमणीले बङ्गालका नवाव सरफले अपहरण गरेर लगेपछि आफ्नो सतित्व कसरी रक्षा गरिन् भन्नेकुरालाई यसमा प्रयाप्त समाजिक चरित्रका साथ प्रस्तुत गरिएको छ (बराल,२०५८:८५) । यस्तो भए तापनि यी उपन्यासहरूमा प्रयुक्त सामाजिकता, कृत्रिमता, रोमाञ्चक, अतिमानवीय प्रवृतिबाट मुक्तहुन सकेको भने पाईंदैन । माध्यमिक कालीन आख्यान परम्परामा देखापरेका अन्य आख्यानकारमा गङ्गाधर शास्त्री, द्रविड, रामकृष्ण बर्मा, शिखरनाथ सुवेदी, जय पृथ्वीबहादुर सिंह, तीर्थराज पाण्डे, कपिलदेव शर्मा, तीर्थ प्रसाद आचार्य, दामोदर राज पण्डित, भैरव प्रसाद अर्ज्याल, अमरसिंह थापा, वेदनाथ आचार्य आदि उल्लेख्य छन् ।

यस अवधिको गद्याख्यानको विकाशमा **गोरखापत्र**(१९५८), **उपन्यास तरङ्गिणी** (१९५९), **सुन्दरी** (१९६३), **चन्द्र** (१९७१), **गोर्खाली** (१९७३) आदि पत्र पत्रिकाको योगदान उल्लेखनीय छ । यी पत्रिकाको प्रकाशनले गर्दा गद्याख्यानको विकाशमा ऐतिहासिक मोड

आएको छ । यिनमा विभिन्न समयमा विभिन्न गद्याख्यान एक्लै र धारावाहिक रूपमा पनि छापिएकाछन् । १९५९ मा सदाशिव शर्माद्वारा लिखित **महेन्द्रप्रभा** उपन्यास तरङ्गिणीमा छापियो भने यस पछि पत्रिकामा गद्याख्यानहरू छापिने छपाउने क्रम बढेको पाइन्छ । **गोरखा पत्रमा** १९६० र १९७० को दशकमा दर्जनौ गद्याख्यन प्रकाशित भए पनि १९८० को दशकमा कुनै पनि पत्र पत्रिकामा उपन्यास प्रकाशित भएको देखिदैन ।

शिवदत्त शर्माको **वीरसिक्का** (१९४६) पश्चात र रुद्रराज पाण्डेको **रूपमती**(१९९१) पूर्वसम्ममा विभिन्न प्रवृत्तिहरू देखापरेका छन् । संस्कृत भाषाबाट रूपान्तरण गर्ने परम्परामा यस अवधिमा अरवी-फारसी, हिन्दी, अङ्ग्रेजी आदि भाषाबाट पनि नेपालीमा अनुवाद-रूपान्तरण गर्ने प्रवृत्ति बढेको देखिन्छ भने केही नेपाली परिवेश र स्थानीय रङ्गका सामाजिक मौलीक रचना पनि देखापरेका छन् (लामिछाने,२०६७:३०)। यस्तै नेपाली समाज र परिवेशको ढुकढुकी छाम्ने प्रयत्न पनि यस अवधिका गद्याख्यानमा भेटिन्छन् । यसै गरी नैतिक शिक्षा, धार्मिक उपदेश र मनोरञ्जन प्रदान गर्ने अभिष्ट रहनु, प्रेम, रोमान्स युक्त कथावस्तु हुनु, तिलस्मी-ऐयारी गद्याख्यानको रचना हुनु, अतिरञ्जित वर्णन तथा अलौकिक चरित्र उभ्याउनु, कथा र उपन्यासको सुस्पष्ट विधागत भिन्नता नदेखिए पनि पहिले भन्दा उपन्यासका नजिक देखा पर्नु, कथामा कथा गाास्दैजाने र  पुराण बाचन गरेझै वक्ता र स्रोताबीचको संवादको भरमा कथालाई बढाउादै लैजाने शैलीगत प्रवृत्ति पाइनु, सामाजिक सुधारको सन्देस दिनु, नारीलाई भोगविलास र मनोरञ्जनको साधन ठान्नु, शैली र भाषिक शुद्धतामा सचेतता बढ्नु आदि पनि यस अवधिका उल्लेख्य प्रवृत्तिहरू रहेको देखिन्छ ।

नेपाली आख्यान थालनीमा संस्कृत स्रोतका पौराणिक औपदेशिक र मनोरञ्जन परक अनुवाद रुपान्तरणबाट आरम्भ भएको नेपाली गद्याख्यानको विकास यात्रा अगाडि बढ्ने क्रममा लोक परम्पराका आख्यान तथा बा्य सम्पर्कको परिणाम स्वरुप अरवी, फारसी, हिन्दी र अङ्ग्रेजी स्रोतका आख्यानलाई समेत नेपालीमा अनुवाद रुपान्तरण गर्ने त्रियाशीलता बढेको छ । त्यति मात्र होइन, स्थानीय नेपाली गद्याख्यान, कथा र उपन्यासका रूपमा छुट्छुट्टै विकसित हुने प्रशव वेदनामा छट्पटाउन थालेको  देखिन्छ । पत्रपत्रिकामा प्रकाशित पश्चिमी बान्कीका अनूदित छोटा कथा एवं उपन्यासले तथा पुस्तकाकारमा देखा परेका केही उपन्यासले नवीन कथा एवं उपन्यास विधासाग परिचय बढाएपछि नै नेपालीले नयाा पाराका कथा एवं उपन्यास लेख्न थलेका हुन् । उल्लिखित गद्याख्यान उपन्यास होइनन् तापनि तिनले नेपाली उपन्यासको पृष्ठाधार भने अवश्य बनाएको पाइन्छ । यही अर्थमा तिनको महत्त्व रहेको छ । समग्रमा भन्नुपर्दा माध्यमिक कालीन गद्याख्यान वा उपन्यासको विकसबाट आधुनिकताका लागि प्रयाप्त पृष्ठभूमि र आधारशिला तयार भएको पाइन्छ ।

### ३.२.३ आधुनिक काल

प्राथमिक काल र माध्यमिककालको पृष्ठभूमि हादै नेपाली आख्यान साहित्य १९९१ सालमा **रूपमती**उपन्यासको प्रकाशनसागै आधुनिक कालमा प्रवेश गरेको पाइन्छ

(सुवेदी,२०६४:८६)। रुद्रराज पाण्डेको **रूपमती**उपन्यास प्रकाशन पछि नेपाली उपन्यासमा आधुनिक कालको थालनी भएको मानिन्छ । रूपमतीले आफ्नो प्रकाशन पूर्वको नेपाली गद्याख्यानका मुलभुत प्रवृत्ति र विशेषताहरूलाई प्रायः परित्याग गर्दै अपेक्षाकृत नवीन कथ्य र शिल्पको संवरण गरेको देखिन्छ । कुनै अन्य भाषाबाट अनुवाद रूपान्तरण नगरी नेपाली समाजमा प्रायः घटिरहने घटनावलीमा आधारित सामाजिक विषयवस्तु चयन गर्नु, उपन्यासको विधागत स्पष्टता देखापर्नु, औपन्यासिक आयाम प्राप्त गर्नु, अतिकल्पना-अतिरञ्जनबाट अलग हुने चेष्टा गर्नु, आदर्शलाई चटक्क छाडेर नवीन जीवनदृष्टि दिन नसके पनि यथार्थको धरातलमा बामे सर्न खोज्नु, बोलचालको भाषा प्रयोग गर्नु तथा नयाा औपन्यासिक शिल्प संरचना अगाल्नु आदि विशेषताले गर्दा रूपमतीयुगान्तकारी रचना ठहरिएको देखिन्छ (बराल, २०५८:८६) । आदर्श प्रतिको झुकाव, भाग्य र धार्मिक कार्य जस्ता काल्पनिक तत्त्वका आधारमा चरित्रमा परिवर्तन आएको देखाउनु, नवीन जीवन दृष्टि अगाल्न नसक्नु आदि कमजोरी रूपमतीमा नभएका होइनन् । परम्परागत रूपमा रहेका यस्ता कमीकमजोरीभन्दा **रूपमतीले** दिएका योगदान र नयाापन नै वजनदार रहेको पाइन्छ ।

रुद्रराज पाण्डे पछिका उपन्यासकारहरू उनकै बिन्दुबाट उनका कमी कमजोरीहरूलाई क्रमशः परित्याग गर्दै केही सशक्त भएर आधुनिकताको मूल मार्गमा देखा परेका पाइन्छन् । त्यसैले रुद्रराज पाण्डेबाट प्राप्त उपलब्धि अन्तिम र चरम नभएर आधुनिकताको आरम्भ मात्रै भएको पाइन्छ (सुवेदी,२०६४:६९)। विष्णुचरण श्रेष्ठको **सुमती** उपन्यासले पनि आधुनिकतामा महत्त्वपूर्ण योगदान दिएको छ । तर यो प्रकाशनमा पछि परेको छ । **सुमती**ले मध्यमवर्गीय परिवारको सामाजिक विषयबस्तु लिएर नारीमाथि केन्द्रित भइ कुशल गृहिणीका क्रियाकलापको चित्रण गर्न खोजेको पाइन्छ ।

नेपालमा शिक्षाको प्रयाप्त व्यवस्था नभएकोले नेपालीहरू शिक्षारम्भ गर्नको लागि भारतका विभिन्न नगरी र विशेषगरी बनारस जान्थे । त्यहाा अध्ययन गर्दा त्यहााको भाषा, साहित्य र संस्कृतिको छाप आ-आफ्ना मनमस्तिष्कमा बोकेर आउाथे । बनारसमा पढ्दापढ्दै गरेको समयमा कसैले नेपाली उपन्यासको बारेमा सोध्दा लज्जित हुनु परेको र त्यसैबाट अनुप्रेरित भई **उपन्यास तरङ्गिणी** प्रकाशन गर्नु परेको भन्ने सदाशिव शर्माले गरेको अपिललाई विर्सन मिल्दैन । प्रवासमा पुगेका नेपालीको चेतनामा साहित्यिक, सामाजिक, राजनीतिक, सास्कृतिक र आर्थिक उत्थानको भावना प्रवल हुादै गएको पाइन्छ । त्यहाा उनीहरूले नेपालीहरूको उत्थानका अनेक प्रयत्न गरे र त्यहीबाट राजनीतिक चेतनाको विकास र विस्तार पनि गरे । यता नेपालतर्फ भाषा-साहित्यका क्षेत्रमा १९६९ मा गोरखा-भाषा-प्रकाशनी समितीको स्थापना भयो भने राजनीतिक क्षेत्रमा १९९३ मा नेपाल प्रजा परिषद्को गठन भएको पाइन्छ । कृष्णलाल अधिकारीले **मकैके खेती** (१९७७) पुस्तक लेखेवापत राणशासकबाट बेहोर्नु परेको क्रूर यातना, **लाइब्रेरी पर्व** (१९७८), **सहिदकाण्ड**(१९९७) आदिले नेपाली जनमानसको चेतनालाई बढाउादै लगे । अहिलेका नेपालका राजनैतिक पार्टी काङ्ग्रेस र कम्युनिस्टको जन्मथलो पनि त्यही र्‍यो (लामिछाने,२०६७:३१)।

२००४ सालमा नेपाली काङ्ग्रेस र २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको पाइन्छ । यसै समयमा नेपाल र प्रवासबाट विभिन्न साहित्यिक र साहित्येत्तर पत्रपत्रिकाहरू पनि प्रकाशित भएको पाइन्छ ।

यीनै कारणहरूले गर्दा १९९०को दशक र त्यसपछि नेपाली मानसिकतामा ठूलो परिवर्तन ल्याइदिए । यस्ता साहित्येत्तर गतिविधि र क्रियाकलापले साहित्यलाई प्रभाव पार्नु स्वभाविक छ । नेपाली आख्यानमा पनि त्यस्ता गतिविधि र क्रियाकलापकले साहित्यलाई प्रभाव पार्नु स्वाभाविक हो अतः यसको प्रभाव नेपाली आख्यानमा पनि परेको पाइन्छ । २००७ सालबाट निरङ्कुश राणशासनको अन्त र खुला प्रजातान्त्रिक व्यावस्थाको स्थापना भएबाट नेपाली समाजमा बहुलवादको आरम्भ भएको पइन्छ(भट्टराई,२०६८:१५१)। त्यसैले नेपाली उपन्यासमा आधुनिकताको थालनीसागसागै विभिन्न प्रवृत्तिगत धाराहरू देखा पर्न थाले धारा निर्धारणमा एकरूपता नपाइए पनि आधुनिक नेपाली उपन्यास विभिन्न धारामा प्रवाहित भएको कुरामा विद्वानहरू एकमत देखिएको पाइन्छ । आधुनिक नेपाली उपन्यासको काल विभाजनलाई विद्वान्हरूले १९९१ देखि २०१६ सालसम्मलाई एउटा चरण र २०१७ देखि यतालाई अर्को चरणमा विभाजन गरेको पाइन्छ (बराल,२०५८:५१)। नेपाली उपन्यासको काल विभाजनमा आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, ऐतिहासिक यथार्थवादी धारा, अति यथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, नारीवादी धारा, प्रकृतवादी धारा, मनोविश्लेषणवादी धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा, प्रयोगवादी धारा, प्रगतिवादी धारा, मिथकीय धारा, उत्तर आधुनिकतावादी धारामा विभाजन गरेर अध्ययन गर्ने चलन छ । यी धाराहरूको छुट्टाछुट्टै अध्ययन तल गरिएको छ ।

### ३.२.३.१ आदर्शोन्मुख सामाजिक यथार्थवादी धारा

आदर्शवाद र यथार्थवादको मिश्रणभई आदर्श तिर उन्मुख कथानक भएका औपन्यासिक रचनालाई आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिन्छ (बराल,२०५८:९९)। रहस्य र मनोजगत्का अदृष्य तत्त्वलाई महत्त्वदिएर ईश्वरीय न्यायमा भर पर्ने प्रवृत्ति आदर्शवादमा हुन्छ । परिवर्तशील मूल्यलाई ग्रहण गर्न नसक्ने चिन्तन आदर्शवाद हो । यसले प्राकृतिक संयोगलाई दैवी चमत्कार, आकस्मिक दुर्घट्नालाई ईश्वरीय दण्ड र सफलतालाई प्रभुको निगाहा सम्झन्छ (बराल, २०५८:९७) । भने यथार्थवादको आधार भौतिकवाद हो । यसमा वास्विक संसारलाई सत्य स्वीकार गरेर त्यसका घटना र चरित्रलाई क्रमबद्ध विकासका आधारमा बुझ्ने गरिन्छ । प्रत्यक्ष जगत्लाई आत्मसात् गरेर यथार्थवादले सार्वजनिक सत्यको खोजी गर्दछ । सामान्य एवं मूर्त चिजले यसमा प्रश्रय पाउाछ । यथार्थवादमा व्यङ्ग्यात्मक उद्गार हुन्छ, सत्य एवं तथ्यको वस्तुगत चित्रण हुन्छ र लौकिक वास्तवीकता र सङ्घर्षको क्रियात्मक रूपले मानिसलाई नयाा भविश्य निर्माणमा प्रवृत्त गराउाछ भन्ने विश्वास हुन्छ (सुवेदी, २०६४:६५)। उपन्यासमा यथार्थवाद भनेको लेखनको

इमान्दारीता हो (बराल, २०५८:९८)। आदर्शोन्मुख यथार्थवादी धारा भनेको यी दुबैको मिश्रण भएको औपन्यासिक धारा हो ।

नेपाली साहित्यमा आधुनिक नेपाली उपन्यासको प्रारम्भ नै आदर्शोन्मुख यथार्थवादी उपन्यास **रूपमती**बाट भएको पाइन्छ (बराल,२०५८:९१)। यसबाहेक नेपाली साहित्यको उपन्यासको विकाशक्रममा निम्न उपन्यासहरू रुद्रराज पाण्डेको **रूपमती**(१९९१), **चम्पाकाजी** (१९९३), **प्रायश्चित** (१९९५) र **प्रेम**(२००५), काशीबहादुर श्रेष्ठका **उषा** (१९९५), **बचन** (२००१), टुकराज पद्मराज मिश्रको **रजबन्धकी**(१९९६) र **रामकृष्णकुवर राणा** (१९९९), शोभाचन्द्र उपाध्यायको **पटाली पुत्र** (२००३), सुरेन्द्रबहादुर शाहको **पारिजात** (२००३), मोहनबहादुर **मल्लको समयको हुरी** (२०१५) आदि आदर्शोन्मुख यथार्थवादी उपन्यास हुन् । यसै धारालाई आधार बनाएर निम्न लिखित महिला उपन्यासकारले निम्न औपन्यासिक कृतिहरू  अम्बालिका देवीको **राजपुत रमणी**  (१९८९), गीता केशरीका **खोज** (२०५०) र **विश्वास**        (२०५२), भारती खरेलको **गंगाजमुना**  (२०४६), **एउटी आमाको कथा** (२०४६), **कुमारी आमा**  (२०४६), **लाहुरे** (२०५२) लगायतका रचना गरेको पाइन्छ । आदर्शलाई लक्ष्यबनाएर समाजिक यथार्थलाई प्रस्तुत गर्ने उपन्यासहरू आदर्शोन्मुख यथार्थवादी धारा अन्तर्गत पर्दछन् । यस धाराका उपन्यासमा चरित्रको आन्तरिक निरीक्षणभन्दा बाहिरीबाधा र अड्चनका कुरा वर्णन गरिएका यस्ता उपन्यासको मूल निश्कर्ष र प्राणचाहि जीवनमा आदर्शका माध्यमबाट माात्र सफल, सुखि र सन्तुष्ट हुन सकिन्छ भन्ने रहेको पाइन्छ ।

### ३.२.३.२ स्वच्छन्दतावादी धारा

कोरा नीतिनियम र आदर्शका पर्खालहरू ढाल्दै फ्रान्स र बेलायतमा उन्नइसौ शताब्दीमा चलेको आन्दोलनको नाम स्वच्छन्दतावाद हो । स्वच्छन्दवादी काव्यमा सममान्यताका सट्टामा विशिष्ट, स्वभाविकताका सट्टामा विलक्षण तथा प्रकृतिको विविध रूपको प्रस्तुति हुन्छ (पौड्याल,२०६३:२६७)।नवपरिस्कार वादी साहित्यलेखनका विरुद्धमा जन्मिएको, भावुकता र संवेगलाई प्रधानता दिएर नियमको कडा छेकवारलाई तोडी स्वतन्त्रताको बाटो अन्वेशण गर्ने भएकोले स्वच्छन्दतावादमा जीवनबाट पलायनमा आनन्दित हुने प्रवृत्ति पनि पाइन्छ । सन् १७९८ मा प्रकाशित **लिरिकल व्यालेड्स**को वड्वर्थको भूमिकाले स्वच्छन्दतावादको घोषणापत्रको काम गऱ्यो र त्यहााबाट विश्वसाहित्यमा स्वच्छन्दतावादको प्रारम्भ भएको पाइन्छ । स्वच्छन्दतावादले शास्त्रीय रूपका विरुद्ध अविराम युद्ध छेडेको छ । यसले रुढिवादी नैतिकता र एकाधिकारवादी सरकारका विरुद्ध आवाज उठाएको छ । यसको चाहना भनेको व्यक्तिगत स्वतन्त्रता र अहम्को प्रकाशन हो । यो वाद अङ्ग्रेजी साहित्यमा फलेफुलेको वाद (बराल, २०५८:१०३)को रूपमा विकास भएको पाइन्छ । यसले नेपाली साहित्यको उपन्यासमा पनि प्रभाव पारेको पाइन्छ ।

नेपाली उपन्यासका क्षेत्रमा स्वच्छन्दतावादको प्रभाव अङ्ग्रेजी बङ्गाली र हिन्दीको प्रभावबाट प्रवेश (बराल,२०५८:१००)गरेको पाइन्छ। दार्जिलिङ्गमा अङ्ग्रेजी र बङ्गाली भाषामा निकै दक्ष रहेका उपन्यासकार रुपनारायण सिंहको **भ्रमर** (१९९३)को प्रकाशन पछि नेपाली उपन्यास साहित्यमा स्वच्छन्दतावादले प्रवेश गरेको देखिन्छ । यस धाराका उपन्यासमा अतिभावुकता, मानवतावादी दृष्टिकोण, स्वतःस्फूर्त प्रेम, हार्दिक संवेग, काल्पनिकता जस्ता सन्दर्भलाई समेटेको पाइन्छ । यस धाराका उपन्यासहरूमा रुपनारायण सिंहको **भ्रमर** (१९९३), **बिजुली** (अपूर्ण, २००६), मोहन बहादुर मल्लको **उजेली छामा** ( २००८), अच्छा राई रसिकको **लगन** (२०११), शिवकुमार राईको **डाकबङ्ला** (२०१३), समीरण प्रियदर्शीको **पोखिएको जीन्दगी** (२०२८), हिरण्य भोजपुरेको **छिटेन**(२०५४), होमराज आचार्यको **निर्दोश कैदी** (२०५४) लगायतका उपन्यासहरू पर्दछन् । नेपाली साहित्यको स्वच्छन्दतावादी धारामा रहेर महिला साहित्य सर्जकहरूले पनि उपन्यासको सिर्जनाको लागि आफ्नो कलम चलाएको पाइन्छ ।

स्वच्छन्दतावादी धारामा रहेर कलम चलाउने महिला उपन्यास सर्जक साहित्यकारहरू र तिनका औपन्यासिक रचनाहरू निम्नानुसार रहेका छन् । पवन कुमारी देवीको **प्रतिज्ञा** (२०१७), सरिता प्रधानको **अर्चना**(२०२८), कृष्णाकुमारी राईको **समर्पिताको अस्तित्व** (२०२९), उषा सुन्दासको **बिन्दु** (सन् १९७८), सङ्गिता ‘स्वेच्छा’ को **पखालिएको सिउादो** (२०४९), श्रेष्ठ प्रिया पत्थरको **पुकार**(२०४९), कविता पौडेलको **हीरा** ( २०६३), ललिता दोषीको **निलकमल** (२०६४), राधिका रायको **कला** (२०६६) लगायतका उपन्यासहरू स्वच्छन्दतावादी धारामा आधारित रहेको पाइन्छ ।

स्वच्छन्दतावादी उपन्यासहरूमा जातीय जागरण तथा अस्तित्वबोधको राम्रो नमुना प्रस्तुत गरिएको पाइन्छ भने गरिब जनजीवनको उदासी चित्रण, ईश्वरको भरोसामा रहेर पलायित भएका सन्दर्भहरू एवं धनीहुन खोज्ने स्वच्छन्द आचरण गरेर आधुनिक हुन रहर गर्नेहरूको होडमा विकृत संस्कृतिलाई भित्र्याएका उच्छिृङ्खलहरूको दुर्दशा देखाई आदर्शको मार्ग प्रशस्त गरिएको पनि देखिन्छ । कलात्मक रूपले रहस्य र विचित्रताका माध्यमबाट सौन्दर्य सिर्जना गर्नमा यस्ता उपन्यासहरू सक्षम देखिएको पाइन्छ । कलात्मक रूपले रहस्य र विचित्रताका माध्यमबाट सौन्दर्य सिर्जना गर्नमा यस्ता उपन्यासहरू सक्षम देखिएको पाइन्छ ।

### ३.२.३.३ सामाजिक यथार्थवादी धारा

समाज, जीवन र घटनाहरूको यथार्थपरक प्रस्तुति पाइने औपन्यासिक धारालाई सामाजिक यथार्थवादी धारा (बराल,२०५८:१०५) भनेको पाइन्छ । यथार्थवाद विशेषतः जीवनका कारुणिक तथ्यहरूमा निरीक्षण हुने सत्यतालाई प्रकट गर्ने साहित्यिक शब्दावली हो । विश्वसाहित्यमा स्वच्छन्दतावादी धाराका विरुद्धमा चलेको यथार्थवादी आन्दोलनले सबैभन्दा प्रभाव आख्यान साहित्यमा पारेको छ ।

समाज र साहित्यलाई सूक्ष्मरूपमा अन्तर्सम्बन्धित बनाउने आन्दोलनको रूपमा आएको यस वादको उद्‌भवमा अगस्त कोम्तेको भाववाद, डार्विनको विकासवादी सिद्धान्त र मार्क्सको द्वन्द्वात्मक भौतिकवादसमेत कारण रहेको (पौड्याल,२०६३:२७१) पाइन्छ । इन्द्रियग्राय र लौकिक संसारलाई नै सत्य ठान्ने यथार्थवाद बस्तुपरक र आधुनिक जीवन दृष्टि हो (सुवेदी,२०६४:१०४)। उपन्यासकारले विचारका आक्रमक औजारले समाजका कच्चावस्तुलाई आकृति दिने कलाकार भएकोले (फक्स,सन्१९७६:५७) इन्द्रियबाट प्राप्त ज्ञानलाई महत्त्व दिने र मान्छेलाई मान्छेकै रूपमा चित्रण गर्ने हुादा यसले वास्तविकतामा विश्वास गर्दछ। समाजको चित्रण गर्दा यसले सामान्यतः निम्न वर्गीय चरित्र, स्वीकृत यथार्थ र कटु सत्यलाई प्राथमिकता दिन्छ। वैज्ञानिक तथ्यलाई सिरोधार्य गर्दै यसले सुदुर गाउाले जीवनको संस्कार, प्रस्तुत गरी जीन्दगीको अन्वेषण गर्दछ र प्रत्येक दिन घट्ने सामान्य घटनामा पनि नयाा पनको अनुभूति गराउाछ। स्थानीय बोलीचाली र रहनसहनको झााकी प्रस्तुत गरेर यथार्थवादको चित्रणमा स्वाभाविकता भरिदिन्छ। फ्रान्सेली उपन्यासकार गुस्ताभ फ्लुवर्टको **म्याडम बोभरी** यसै धाराको उपन्यास (बराल,२०५८:१०५) भएको पाइन्छ । यसरी सामाजिक यथार्थवादी धारा नेपाली साहित्य सम्म आएको पाइन्छ ।

नेपाली साहित्यमा सामाजिक यथार्थवादी उपन्यासको थालनी **रूपमती**(१९९१) बाटै आंशिक रूपमा पाइए पनि वास्तविक थालनी फ्रान्सेली यथार्थवादी रचनाका विशेषताहरूलाई आत्मसात गरेर युरोपबाट फर्केका उपन्यासकार लैनसिंह बाङ्देलको **मुलुकबाहिर** (२००४) सालबाट (बराल,२०५८:१०६)भएको पाइन्छ । **मुलुकबाहिर** (२००४)लाई पहिलो सामाजिक यथार्थवादी उपन्यासको रूपमा मानिन्छ। यसमा स्वाभाविक कथानक, प्रस्तुतिमा सत्यता र विश्वसनीयता रहेको पाइन्छ । यस धाराका उपन्यास र उपन्यासकारहरू निम्नानुसार रहेको पाइन्छ । लैनसिंह बाङ्देलको **माइतघर** (२००७), **लङ्गडाको साथी** (२००८) र **रेम्ब्रान्ट** (२०२३), लीलबहादुर क्षेत्रीको **बसाईं** (२०१४), **अतृप्त** (२०२६) र **ब्रPमपुत्रको छेउछाउ** (२०४३), लीलध्वज थापाको **मन** (२०१५), दौलत विक्रम विष्टको **मञ्जरी** (२०१६), शंकर कोइरालाको **खैरेनी घाट**(२०१८), तुलसीराम कुावरको **रने** (२०१८) र **उज्यालोतिर** (२०३३), केशवराज पिंडालीको **बाच्ने एउटा जीन्दगी** (२०४३), भवानी भिक्षुको **आगत** (२०३२), डोर बहादुर विष्टको **सोताला** (२०३२), ध.च. गोतामेको **घामका पाइलाहरू** (२०३५), **यहाादेखी त्यहाा सम्म** (२०४२), राजेश्वर देवकोटाको **आवर्तन** (२०४१), **पूर्व कथा** (२०४३), **उत्सर्ग प्रेम** (२०४४) आदि सामाजिक यथार्थवादी धाराका महत्त्वपूर्ण आख्यानात्मक कृतिका रूपमा देखिएकाछन्।

नेपाली साहित्यमा सामाजिक यथार्थवादी धारामा सबै भन्दाबढी उपन्यासहरू रचना गरिएको पाइन्छ । यस धाराका अन्य उपन्यासहरूमा गोबिन्दराज भट्टराईको **मुगलान**(२०३१), **मणिपुरको चिठी** (२०३४), चेतन कार्कीको **हनिमून** (२०२५), **आत्मा बेचेको छैन**(२०३३) र **ढलेको गिलास** (२०४०), नरेन्द्रराज शर्माको **महापुरुष** (२०२८), निर्मोही व्यासको **एलबमका पानाहरू** (२०४३), परशु प्रधानको **सबै बिर्सिएका अनुहारहरू** (२०२४),

लक्ष्मीप्रसाद देवकोटाको **चम्पा**, वासु रिमाल यात्रीको **मायाकी मूर्ती**, बासु शशीको **फूल ओइलाए पछि**, बिनोद प्रसाद धितालको **उज्यालो हुनुअघि** (२०२८), मुरारी प्रसाद रेग्मीको **जीवन क्यानभासको वृत्तचित्र**(२०३४), ऋषिराज बरालको **भावना** (२०३४), मुकुन्द शरण कार्कीको **वरदान**(२०३७), शिव अधिकारीको **विदिशा** (२०४३), धुस्सा सायमीको **गंकी** (२०२१), **अग्निगर्भ**(२०४२), **खरानीको बस्ती** (२०४६) र **दीपा** (२०४६), भगिरथी श्रेष्ठको **मालती**(२०३४) र **यस्तो एउटा आकाश**(२०४६), गोबर्द्धन पूजाको शून्यताको **आाचलभीत्र** (२०५४) आदि रहेकोपाइन्छ । बखत बहादुर थापाको **कुहिरो र काग** (२०६०), कृष्ण अविरलको **रक्तकुण्ड** (२०६५), कृष्ण धरावासी **टुडाल** (२०६५), धनराज गिरीको **अनन्तपाइला** (२०६८) लगायतका उपन्यासहरू यस धारामै रहेको पाइन्छ ।

नेपाली उपन्यास साहित्यको यस उर्वर धारामा रहेर महिला साहित्यकारहरूले पनि आफ्ना औपन्यासिक रचना गरेका छन् । यस धारामा आधारित रहेर कलम चलाउने महिला साहित्यकारहरू र तिनका साहित्यिक रचनाहरू निम्नानुसार रहेको देखिन्छ । पारिजातको **अन्तर्मुखी**(२०३५), बानीरा गिरीको **कारागार** (२०३५), **निर्बन्ध** (२०४४), **शब्दातीत शान्तनु** (२०५६), बिन्द्या सुब्बाका **फूलहरू, पहाडहरू : धर्साहरू** (२०४३) र **अथाहा** (२०५६), श्रेष्ठ प्रिया पत्थरका **पति॰र** (२०४८), **पुकार** (२०४९), **र॰भूमि** (२०५०), **मर्यादा** (२०५२), **कसि॰र** (२०५२), **पुनरावृत्ति** (२०५७), सुस्मिता नेपालको **एकान्त पनि रुन्छ** (२०५३), **कालाकाला रातहरू टेक्दै** (२०६०), इन्दिरा प्रसाईं **रनमाया** (२०५८), ललिता दोषीको **उन्माद** (२०६६) कविता पौडेल **बालचीत्कार** (२०६२) र **विस्थापित आमाहरू** (२०६८), बुद्धिसागरको **कर्णली ब्लुज (२०६७),** प्रभा कैनी **अनावृत्त** (२०६७) लगायतका सर्जक र साहित्य सामाजिक यथार्थवादी धारामा आधारित रहेको पाइन्छ ।

सामाजिक यथार्थवादीहरूको ठूलो उपस्थितिले नेपाली उपन्यासका क्षेत्रमा जीवनको घेरालाई मानवीय चरित्रले सजाएर प्रस्तुत गर्ने क्रममा पात्रहरूको सामाजिक क्रियाकलाप र भूमिकाको नजिकबाट गरिने् प्रस्तुतीकरणमा सफलता मिलेको छ । यसरी आधुनिक नेपाली उपन्यास साहित्य अगाडि बढेको पाइन्छ ।

### ३.२.३.४ ऐतिहासिक यथार्थवादी धारा

लेखकको जन्म समयभन्दा अगाडिको समयावधिका घटना र ऐतिहासिक चरित्रलाई लिएर लेखिएका उपन्यास ऐतिहासिक हुन्छन् (बराल,२०५८:११२)। यसले ऐतिहासिक घटना, व्यक्ति वा परिवेशलाई लिएर यथार्थवादी ढङ्गले प्रस्तुत गर्दछ । यसमा स्वतन्त्र कल्पनाको पनि स्थान रहन्छ अन्यथा कृति अभिलेख वा दस्तावेज मात्र हुन सक्छ । ऐतिहासिक यथार्थवादी उपन्यासमा लेखकको सबै भन्दा ठूलोकाम यथार्थको भ्रम सिर्जना गर्नु रहन्छ । ऐतिहासिक यथार्थले वर्तमानलाई प्रेरणा दिन्छ र इतिहासले अन्याय गरेका पात्र, घटना र पृष्ठभूमिलाई पनि सच्याउन मद्दत गर्दछ । यसले पाठकमा उल्लिखित व्यक्तिप्रति सच्चा भाव निर्माण गरी सिंहावलोकन गर्ने तथा औपन्यासिक आनन्द प्रदान गर्ने क्षमता राख्दछ ।

अङ्ग्रेजीमा वाल्टर स्कटका **ओल्ड मोरालिटी** अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक यथार्थवादी उपन्यास रहेको देखिन्छ (बराल, २०५८:११३) । यीनै उपन्यासका आधारमा ऐतिहासिक यथार्थवादी धारा नेपाली साहित्यमा प्रवेश गरेको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा डायमनशमशेरको राणाको **वसन्ती** (२००६) बाट ऐतिहासिक यथार्थवादी धाराको थालनी भएको पाइन्छ (बराल,२०५८:११३)। ऐतिहासिक धाराको पृष्ठभूमिका रचनाका रूपमा टुकराज पद्मराज मिश्रको **रजबन्धकी** (१९९६) र **रामकृष्ण कुावर राणा** (१९९९) लाई मानिए पनि यी रचना ऐतिहासिक विषयबस्तुमा आधारित भए पनि तीनमा इतिहासको शुष्क वर्णन मात्र भएका र तत्कालीन सामाजिक पृष्ठभूमि, सूक्ष्म यथार्थ एवं औपन्यासिक कलाको अभाव भएकाले यस धाराको थालनी **वसन्ती** (२००६)बाट मानिएको हो । ऐतिहासिक यथार्थवादी धाराका अन्य महत्त्वपूर्ण ऐतिहासिक कृतिहरूमा डायमनशमशेर राणाकै **सेतोबाघ** (२०३०), **प्रतिबद्ध**(२०३४), **सत्प्रयास** (२०३८) र **अनिता** (२०४३), केशवराज पिंडालीको **एकादेशकी महारानी**(२०२६), खगेन्द्र के.सी.को **खानदान**(२०३५), सुन्दरप्रसाद शाहका **प्रतिवाद** (२०४०) र **त्रिफट्**(२०४२), श्रीकृष्ण श्रेष्ठको **जङ्गबहादुर**(२०५१) दौलत विक्रम विष्टको **फाासीको फन्दामा**(२०५३), मोदनाथ प्रश्रितको **भ्कासीकी रानी**(?), कविताराम श्रेष्ठको **माभिनिष्क्रमणका अस्वीकृत पाइला**(२०६७), कविता पौडेलको **विस्थापित आमाहरू** (२०६८) लगायतका उपन्यासहरू यस धारामा रहेर रचिएका पाइन्छन् ।

**वसन्ती** (२००६) नेपालको इतिहासमा अत्यन्त महत्त्व राख्ने गगनसिंहको दरबारिया चकचकी, महारानीसितको अवैध सम्बन्ध रहेको हुनाले उनलाई विवाह गर्न स्वीकृति नदिने अवस्था, जङ्गबहादुरको महत्त्वाकाङ्क्षा, बढ्दो शक्ति र षडयन्त्र तथा तिनबाट सिर्जनाहुने आकर्षण, लोभ र व्यक्तित्व निर्माणका घटनाहरू प्रस्तुत गरेर सङ्कुचित लालसा र त्यसको प्रेरणाले कत्रो असर पार्छ भन्ने देखाउन यो उपन्यास सफल भएको पाइन्छ ।

यसरी नेपालीमा देखिएका उपन्यासहरूको विश्लेषण गर्दा डायमन शमशेरको औपन्यासिक शिल्प र कथ्य चयन सबैभन्दा उपयुक्त देखा परेको पाइन्छ । नेपाली पाठकलाई ऐतिहासिक पात्र र घटनाहरूसाग पूर्वाग्रह रहित भएर साक्षातकार गराउने काममा राणाको योगदान महत्त्वपूर्ण भएको पाइन्छ । अन्य उपन्यासमा पनि यस्तो स्थिति र देशकालको सिर्जनाद्वारा कथ्यको स्वाभाविकता वृद्धि गर्नमा ऐतिहासिक यथार्थवादी उपन्यास सफल रहेको पाइन्छ ।

### ३.२.३.५ अतियथार्थवादी धारा

फ्रान्समा चलेको दादावादबाट विद्रोह र परम्परासाग असहमतिका कुराहरू लिएर सन् १९१६ मा अतियथार्थवादको औपचारिक थालनी फ्रान्सको पेरिसमा आन्द्रे ब्रतोाले

**सुरेलिस्ट मेनिफेस्टो** सन् १९२४ प्रकाशित गरे पछि (बराल,२०५८:११८) भएको पाइन्छ । यो साहित्यका सन्दर्भमा यथार्थको अतिक्रमण गर्ने र आन्तरिक पक्ष तथा नाङ्गो रूपलाई बढी महत्त्व दिने सिद्धान्त भएको पाइन्छ । अतियथार्थवादलाई राजनीति, दर्शनशास्त्र, मनोविज्ञान तथा साहित्य, कलामा आएको क्रान्तिकारी मोड ल्याउने सिद्धान्तका रूपमा स्वीकारेको पाइन्छ । अतियथार्थवादको घोषणपत्रले बुद्धिवाद र सङ्कुचित तार्कीक प्रणाली माथि कडा आक्रमण गरेर फ्रायडको अचेतन र स्वप्न सिद्धान्तलाई आफ्नो आधार बनाएको पाइन्छ । यसलाई वेवास्ता गरिएको मानवीय मनको लुप्त क्षेत्रको खोजीका रूपमा पनि लिइएको देखिन्छ । मनोविश्लेषण र सपना विपर्यासयुक्त तत्त्वका रूपमा पनि लिइएको देखिन्छ । मनोविश्लेषण र सपनाका विपर्यासयुक्त तत्त्वका संश्लेषण गरेर मानवको आन्तरिक पक्षको उद्घाटन गर्ने पद्धतिका रूपमा यसलाई अपनाइएको पाइन्छ भने मानवताको ह्रास, मार्क्सवादी सोाच तथा जादु-यथार्थको प्रयोग पनि गरिएको हुन्छ । यसमा काल्पनिक, भौतिकीको पनि प्रयोग हुन्छ भने स्वतःस्फूर्त बिम्बको सिर्जना हुन सक्छ भन्ने मान्यता यसमा लिएको देखिन्छ । सन् १९१९मा प्रकाशित ब्रतोाको **सुरेलिस्ट मेनिफेस्टो**मा फ्रायड र मार्क्सको सिद्धान्तलाई संयोजन गरिएको पाइन्छ ।

अतियथार्थवादी धारामा भाषालाई भााचेर साहित्यको विशृङ्खलिततामा ध्यान दिएको पाइन्छ । परम्परागत मूल्य र मान्यतामाबाट मानवमनलाई मूक्त गराउने उद्देश्य यसवादमा (बराल,२०५८:११५) रहेको पाइन्छ । चेतनप्रवाह शैली र आशुलेखनमा जोड दिदै सचेत लेखनले मान्छेलाई चिनाउादैनन् झन् लुकाउाछ, त्यसैले तन्द्रा अवस्थाको मानसिक अवस्थाले नै मान्छेको वास्तविक परिचय दिन्छ भन्ने मान्यतालाई यसले अपनाएको देखिन्छ । आन्द्रोब्रतोा, हर्बट रिड, अरारो इलुवार्ड आदि अति यथार्थवादी साहित्यकारहरूको रूपमा परेको पाइन्छ ।

नेपाली साहित्यमा अतियथार्थवादको प्रयोग गरिएको साहित्यिक कृति लैनसिंह वाङ्देलको **लङ्गडाको साथी** (२००८) लाई मानिएको पाइन्छ । मानिसको यथार्थरूप बाहिर होइन उसको मन भीत्र हुन्छ भन्ने विचारले ती कुराहरू प्रकट गर्नकालागि लङ्गडाका सुषुप्त इच्छाहरू तन्द्राका रूपमा उपस्थित गरिएको पाइन्छ । लङ्गडाले सपनामा कुकुरसाग डुलेको, घुमेको र अन्य कार्य गरेको देख्नुमा अतियथार्थवादको प्रभाव परेको पाइन्छ । यान्त्रिक सभ्यता र पारस्परिक जीवन पद्धति प्रति अतियथार्थवाद घृणा व्यक्त गरेको पाइन्छ । लङ्गडाको साथी कुकुर हुनु र लङ्गडा प्रति अति यथार्थवाद घृण व्यक्त गरेको पाइन्छ । मानवीय उच्चता प्रकट हुननसक्नु मानिसको आन्तरिक यथार्थ नै हो । कुकुर हराए पछि लङ्गडाको तन्द्रा बढ्दै गएको छ र त ऊ भित्ताका चित्रलाई कहिले कुकुर देख्छ त कहिले मान्छे र भैसी पनि देखेको,सपनामा आफूलाई गिद्धले लुछेको देखेको, चील भएर देश विदेश घुम्ने स्वतन्त्रताको चाहना राखेको आदि स्वप्निल भाव तरङ्गहरू अचेतन मनका आकाङ्क्षाका रूपमा उपन्यासकारले देखाएको पाइन्छ । लङ्गडा र कुकुरको हाड जोडिनु चाहि काल्पनिक भौतिकीको प्रयोग हो भने केही मात्रामा स्वतःस्फूर्त लेखनको प्रयोग पनि यसमा पाइन्छ (बराल, २०५८:११६)। यस धारमा आधारित उपन्यासहरूमा गोबिन्दबहादुर

मल्ल गोठालेको **अपर्णा** (२०५३), गोबिन्दबहादुर मल्ल 'गोठाले'को **पल्लो घरको झ्याल** (२०१६), अर्जुन निरौलाको **घामडुबेपछि** (२०३३), हिरण्य भोजपुरेको **गोरी** (२०५४), ध्रुवचन्द्र गौतमको **अलिखित** (२०२१), **एक असफल आख्यानको आरम्भ (२०६५), अप्रिय (२०६७), सातौं ऋतु (२०६८),** मोहनराज शर्माको **सलिजो (२०६६)** लगायतका उपन्यासहरू यस धारामा पर्दछन् ।

अतियथार्थवादको प्रयोग गरेर नेपाली उपन्यासकारहरूले उपन्यासमा व्यक्तित्वका स्वप्निल भाव तरङ्गका सहायताले व्यक्ति भित्र निहित वास्तविक स्वरूपलाई उदाङ्गो पारी प्रस्तुत गरेको पाइन्छ । मान्छे बाहिरबाट देख्दा जस्तो देखिए तापनि उसको मानसिकतामा भिन्दै र बृहत् संसार रहेको पाइन्छ जहा उसले यथार्थ रूप र धारणा लुकेका पक्षको अन्तनिरीक्षण गर्ने कार्य यस्ता उपन्यासमा भएको देखिन्छ ।

### ३.२.३.६ आलोचनात्मक यथार्थवादी धारा

समाजमा देखिएका कुरीति, शोषण र अन्य विसङ्गत तत्त्वहरूलाई औंल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नु पर्ने आकाङ्क्षा राख्ने लेखन पद्धतिलाई 'आलोचनात्मक यथार्थवाद' (प्रधान,२०५३:११४) भनेको पाइन्छ । उन्नाइसौ शताब्दीमा यस्तो लेखनका माध्यमबाट पुजीवादी सभ्यताबाट उत्पन्न विकृति र विस·तिको यथार्थ चित्रण र तिनको आलोचना गर्ने प्रवृत्ति विकास भएको हो । अमेरिकाका सातजना दार्शनिकहरू मिलेर सन् १९२०मा प्रकाशित गरेको **क्रिटिकल रियालिज्म** (आलोचनात्मक यथार्थवाद) पुस्तकले यसको महत्त्व र आधार स्थापना गर्न सघाएको ठानिन्छ (बराल, २०५८:११७)। आलोचनात्मक यथार्थवादीहरूले समाजको यथार्थ स्थितिले आफै पनि केही न केही सन्देश दिइरहने भएकाले त्यसको प्रकटीकरण साहित्यमा हुन्छ भन्दछन् । समाजवादी यथार्थवाद र प्रकृतवाद भन्दा भिन्दै पद्धतिका रूपमा साहित्यिक अर्थमा गोर्कीले आलोचनात्मक यथार्थवाद शब्दको प्रयोग सन् १९३४को लेखक सम्मेलनमा गरेका हुन् (मिश्र, सन् १९७८:४०)। सामाजिक विसङ्गतिलाई चिरफार गरेर उचित साधनको बाटो पहिल्याउन नसके तापनि त्यस्ता विकृति र विसङ्गतिको निन्दा र विरोध गर्दै तिनीहरूसाग जुध्नका लागि प्रेरणा प्रदान गर्नु आलोचनात्मक यथार्थवादको परिचय हो । विश्व प्रसिद्ध उपन्यासकार बाल्जाक, फ्लुवर्ट, डिकेन्स, टल्सटाय, दोस्तोएभ्स्की आदिले आलोचनात्मक यथार्थवादी धारालाई स्थापित गरेर आफ्नो अग्रगामितालाई प्रमाणित गरेका देखिन्छन । यस धारामा लेखिने उपन्यासमा प्रगतिवादी उपन्यासमा जस्तो सामाजिक विकृतिको जरो खोतलेर त्यसको निराकरणको लागि स्पष्ट दिशा र ठोस आधार दिइएको पाईदैन । बरु ती विकृति र विभिन्न पक्षहरू तथा तिनका असरहरूको विवेचना गर्दै तीव्र आलोचना, मार्मिक व्यङ्ग्य र गम्भीर चिन्ता प्रकट गरिएको पाइन्छ ।

नेपाली उपन्यास साहित्यमा आलोचनात्मक यथार्थवादको थालनी हृदयचन्द्र सिंह प्रधानको **स्वस्नीमान्छे** (२०११) बाट भएको पइन्छ । त्यस पछि यो धारा विस्तृत र विकसित

हादै आजसम्म पनि चलिरहेको पाइन्छ । **स्वास्नीमान्छे** उपन्यासले नारी माथि गरिने् भेदभाव र भोगवादी प्रवृत्तिलाई  हाक दिदै सङ्घर्षकालागि एकजुट हुने प्रेरणा दिएको छ । यस समाजमा रहेका शोषक वर्गको क्रियाकलापलाई उदाङ्गो पारी नारी शोषणको अन्त्य गर्ने पहलका लागि आवाज उठाइएको देखिन्छ । वेश्या सम्बन्धी सामाजिक धारणामा परिवर्तन आउनु पर्ने कुरामा पनि यसले जोड दिएको पाइन्छ । यस धाराका अन्य उपन्यासहरूमा प्रधानकै **एक चिहान** (२०१७), **खड्ग बहादुर सिंहको भाग १ र २** (२०११ - २०१३), र **हुरीको चरा** (२०१३), दौलत विक्रम विष्टका **मञ्जरी**(२०१६), **एक पालुवा अनेकौ याम** (२०२६), **विग्रिएको बाटो** (२०३३), **थाकेको आकाश** (२०३४), **भोक र भित्ताहरू** (२०३८) र **ज्योति -ज्योतिमाहा ज्योति** (२०४५), तारानाथ शर्मा १९९१को **मेरो कथा** (२०२६), **ओझेल पर्दा** (२०२६), **सुली** (२०३०) **झझल्को** (२०४५), **नेपाल देखि अमेरिका सम्म** (२०४६), ध्रुवचन्द्र गौतमको **कट्टेल सरको चोटपटक**(२०३७), **अलिखित** (२०४०), **निमित्तनायक** (२०४३), **स्वर्गीय हीरादेवीको खोज** (२०४५), **एक सहरमा एक कोठा** (२०४६), **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८), **दुविधा** (२०५२), **अग्निदत्त + अग्निदत्त**(२०५३), **फूलको आतंक** (२०५५), नारायण ढकालको **प्रेतकल्प** (२०६५) लगायतका औपन्यासिक कृतिहरू यस धारामा परेको पाइन्छ ।

यस धारामा रहेर कलम चलाउने महिला सर्जकहरू र उनीहरूका निम्न कृतिहरू निम्न  रहेका पाइन्छन् । पारिजातका **तोरीबारी बाटा र सपनाहरू** (२०३३), **परिभाषित आाखाहरू** (२०४६), **बोनी**(२०४८), गीता केशरीका **कसिङ्गर** (२०३४), **नोकरी** (२०५५), सुस्मिता नेपालका **मेरा छातीका कोलाजहरू** (२०५५) आदि पर्दछन् । यस धाराका उपन्यासहरूले सामाजिक कुरीति, विकृति, विसङ्गति, शोषणजस्ता सन्दर्भहरूको विरोध गर्दै समाजबाट तिनलाई निर्मूल गर्नुपर्ने चाहना अभिव्यञ्जित उपन्यासमा व्यक्त गरेको पाइन्छ ।

### ३.२.३.७ नारीवादी धारा

साहित्यमा भएको लैङ्गिक विभेदलाई हटाएर नारी उत्थान र साहित्यिक मूल्यलाई अगाडि बढाउने साहित्यिक धारालाई नारीवादी साहित्यिक धारा भनेको पाइन्छ । यसको सम्बन्ध नारीवादसाग रहेको पाइन्छ । नारीवाद राजनीतिक समतामूलक विचार बोकेर सन् १९६० तिर थालनी भएको पुरुष प्रधान समाजका विरुद्धको नारी आन्दोलन भएको देखिन्छ । यो लैङ्गिक विभेदका दृष्टिले हेर्दा जातीय मानिने विश्वका आधाभन्दा धेरै सङ्ख्याका नारीहरूको साहित्यिक स्वतन्त्रताको शङ्खघोष गर्ने परम्परालाई नारीका पक्षमा नवीकरण गर्ने अध्यायको थालनीको रूपमा विकास भएको पाइन्छ । पुरुष प्रधान समाजका नारीले भोग्नुपर्ने पीडाको अनुभूति पनि नारीवादी लेखनमा रहेको पाइन्छ ।

नारीलाई कमजोर ठानेर पुरुष केन्द्री साहित्य रचना गर्नेहरूका विरुद्ध नारीहरूले चलाएको स्त्रीलि॰ केन्द्री आन्दोलनलाई नारीवाद भनेको पाइन्छ । नारीहरूमा पुरुष लि॰को अभावका कारण हिन भावना उत्पन्न हुन्छ भन्ने फ्रायडको भनाइको खण्डन गर्दै फ्रान्सेली

नारीवादी लेखिका जुलिया क्रिस्तेवाले स्थापना गरेको नारीहरूमा हिनताबोध नभइ म जस्तै मेरी आमा पनि छिन् भन्ने सोचले गौरवान्वित हुन्छन् भन्ने मतको स्थापना गरेको पाइन्छ । एलेन सेवाल्टरले नारीहरूका बारेमा खोजमेल गर्ने स्त्रीवादको आरम्भ गरिन् भन्ने उग्र नारीवादीहरूले समलिंगी नारीवादको विकृत स्वरूप पनि प्रस्तुत गरेको पाइन्छ । यसरी नारीवादको वास्तविक रूप एकाधिकारवादी पितृसत्तात्मक मानसिकताबाट नारीहरूको मुक्तिमा देखिन्छ र यस्ता रचनामा पनि त्यही आग्रह राखेको पाइन्छ । यौनका रुढिलाई चिरेर जीवनको नयाँ आकाशमा समान जिजीविषाका साथ उड्ने प्रवृत्ति पनि नारीवादको मूल तन्तुको रूपमा देखिएको पाइन्छ । नारीवादमा लिंगभेदलाई शरीर रचना, अनुभव, सङ्कथन, अचेतन र सामाजिक तथा आर्थिक अवस्थाहरू गरी पाँचबटा मुख्य आधारमा चर्चा गरिएको पाइन्छ । विश्वसाहित्यमा नारीवादी उपन्यासहरूमा एलिस वाकारको **द कलर पर्पल**, टोनी मारिसको **टार बेबी**आदि उपन्यासहरू रहेको पाइन्छ ।

नेपाली उपन्यास साहित्यमा नारीवादको उदय नारीलाई आत्मनिर्णय गर्न पाउने अवस्थाको चित्रण सहित रूपनारायण सिंहको **भ्रमर** (१९९३) बाट भएको पाइन्छ । यसमा भन्दा सशक्त रूपमा नारीवादको चित्रण हृदयचन्द्र सिंहको **स्वास्नीमान्छे** (२०१८) बाट भएको पाइन्छ । तसर्थ **स्वास्नीमान्छे** उपन्यास नै पहिलो नारीवादी उन्यास भएको पाइन्छ ( बराल, २०५८:१२७)। नेपाली उपन्यास साहित्यका अन्य नारीवादी उपन्यासहरूमा हृदयचन्द्र सिंह प्रधानको **एकचिहान** (२०१७), विजय मल्लको **अनुराधा** (२०१८), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (२०२५), मदनमणी दीक्षितको **माधवी** (२०३९), नकुल सिलवालको **तेस्रो पाइला** (२०४५), शवनम श्रेष्ठको **मनिषा**(२०५०), पद्मावती सिंहको **समानान्तर आकाश** (२०६२), भगिरथी श्रेष्ठको **मालती** (२०३४)**, यस्तो एउटा आकाश** (२०४६), प्रभा कैनीको **अनावृत** (२०६७), कविता पौडेलका **हीरा** (२०६३), **विस्थापित आमाहरू** ( २०६८), कृष्ण धरावासीको **राधा** (२०६२) आदि उपन्यासहरू नारीवादी महत्त्वका रहेको पाइन्छ । यी उपन्यासहरूमा नारीका पक्षमा दृष्टिकोण बनाइ त्यसको सफल प्रस्तुती दिइएको पाइन्छ । पुरुषद्वारा शोषित नारीको मानसिकतालाई उठाउन प्रेरणा र सहयोग दिइएको पाइन्छ । नारीका अचेतनमा दविएर बसेका रुढी र अनावश्यक संस्कारका भण्डारहरू रित्याइएको पाइन्छ, नारीलाई समान अवसर र समान आर्थिक सवलता प्रदान गर्ने कुरामा जोड दिइएको पाइन्छ । नारी आत्म सम्मानलाई वृद्धि गर्न लेखनलाई मोडिएको पाइन्छ । लिंगभेदलाई प्रश्रय दिने भाषाको प्रयोग नगरी समानता बोधक भाषामा जोड दिइएको पाइन्छ ।

यसरी समग्र नेपाली उपन्यासका क्षेत्रमा नारीवादी चेतनाको मार्क्सवादी प्रकटीकरणका दृष्टिले पारिजातको नाम अगाडि आएको पाइन्छ । नारी मुक्ति केवल पुरुषसाग बद्ला लिएर मात्र पुरा नभएको पाइन्छ । त्यसकालागि नारीलाई भोग्या, कमजोर र साधना विहीन बनाउने सामन्ती संस्कृति र पूजीवादी व्यावस्थाको समुल नष्ट पार्दै नारीलाई पनि स्वतन्त्रता प्रदान गर्नुपर्छ भन्ने मान्यता देखा परेको पाइन्छ । नारीवादी

लेखनमा महिला सशक्तीकरणको कुरालाई प्राथमिकता दिदै लेखनमा जोड दिएको पाइन्छ । सामाजिक र राजनीतिक चेतनाको विस्तारमा नारीवादी लेखनमा जोडदिएको पाइन्छ ।

### ३.२.३.८ प्रकृतवादी धारा

डार्विनको विकासवादी सिद्धान्त र भौतिकवादी सिद्धान्तलाई आधार मान्ने उपन्यास साहित्यको एउटाधारालाई प्रकृतवादी धारा (बराल,२०५८:१२९) भनेको पाइन्छ । साहित्यमा प्रकृतवादको अर्थ इ. सन् १८६५ देखि फ्रान्समा उपन्यासको क्षेत्रमाचलेको आन्दोलन भन्ने अर्थलागेको पाइन्छ । प्रकृति स्वसम्पन्न, स्वअस्तित्ववान् स्वव्याख्येय तथा स्वसञ्चालित भएको हुादा यसलाई चलाउने अन्य सत्ता नभएको पाइन्छ । मानवीय व्यवहार पनि प्रकृतिकै नियमका आधारमा बुझ्न सकिन्छ भन्ने धारणा (बराल,२०५८:१२९)प्रकृतवादीहरूको रहेको पाइन्छ। फ्रान्सेली उपन्यासकार एमिल जोलाले प्रकृतवादी धाराको थालनी गरेको पाइन्छ । उनको **जेरेमिने ल्यासेरटेक्स** (१८६५) प्रकृतवादको उदाहरण रहेको पाइन्छ । सन् १८८०मा प्रकाशित जोलाको **द एक्सपेरिमेन्टल नोभेल** प्रकृतवादको आधारशिलाका रूपमा लिइने सौन्दर्यशास्त्रीय विवेचना भएको पाइन्छ । प्रकृतवादले मानिसको इन्द्रियजन्य प्रकृति, स्वभाव वा प्रवृत्तिजन्य व्यवहारसाग सम्बन्धित (पौड्याल, २०६३:२७३) रहेको पाइन्छ । विश्वविख्यात उपन्यासकारहरू मोपासाा, फ्लुवर्ट, डी.एच लरेन्स आदि प्रकृतवादी धाराका सशक्त प्रयोक्ता भएको पाइन्छ ।

नेपाली उपन्यास परम्परामा प्रकृतवादको थालनी गोबिन्द बहादुर मल्ल गोठालेको **पल्लोघरको झ्याल** (२०१६)बाट भएको पाइन्छ । शंकर कोइरालाको **खैरेनीघाट** (२०२८) मा पनि प्रकृतवादको प्रयोग गरिएको पाइन्छ । अन्य प्रकृतवादी नेपाली उपन्यासहरूमा भवानी भिक्षुको **पाइप नं.** (२०३४), इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१), ध्रुवचन्द्र गौतमको **उपसंहार अर्थात चौथो अन्त्य** (२०४८),**अलिखित** (२०४०), **जेलिएको** (२०६२), **एक असफल आख्यानको आरम्भ** (२०६५), **अप्रिय** (२०६७) लगायतका उपन्यासमा केही मात्रामा प्रकृतवादको प्रयोग गरिएको पाइन्छ । त्यसै गरी **अनुराधा (२०१८), आज रमिता छ (२०२१), शिरीषको फूल**(२०२२), **छेकु डोल्मा, घाम डुबेपछि, माधवी** (२०३९),विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा (२०२७), मोदिआइन (२०२९), अलिखित, ज्योति ज्योति महाज्वोति, तरुनी खेती, मेरा छातीका कोलाजहरू** आदि उपन्यासहरूमा पनि आंशिकरूपमा प्रकृतवादको प्रयोग भएको पाइन्छ । प्रकृतवादी उपन्यासहरूले समाजमा चलि आएका रुढ र खोक्रा आदर्शका भित्ताहरू भत्काउने काममा सफलता पाए पनि त्यस्ता उपन्यासले स्वस्थ्य वातावरणको तयार गर्न सकेको पाईंदैन । यी उपन्यासहरूले जीवनको आन्तरिक मनोकांक्षाहरूको उद्घाटन गर्न र पाशविक यथार्थको ना·ो रूप पहिल्याउन सकेको पाइन्छ । सम्पूर्ण रूपमा प्रकृतवादी हुनमा भन्दा आवश्यक प्रस· र चरित्रको उद्घाटनमा यसको प्रयोग गर्दा उपन्यासले राम्रो प्रभाव छाड्ने कुराको पुष्टि प्रकृतवादी उपन्यासले देखाएको पाइन्छ । प्रकृतवादले कृत्रिमताका विरुद्ध प्राकृतिक नाङ्गोपनमा चासो देखाएको पाइन्छ ।

### ३.२.३.९ मनोविश्लेषणवादी धारा

अमूर्त तत्त्वहरूको अध्ययन र विश्लेषणका माध्यमबाट मूर्त वस्तु र कार्यात्मक रूपलाई उद्घाटन गर्ने विज्ञानलाई (सुवेदी,२०६४:२४५)मनोविज्ञान भनेको पाइन्छ । अचेतन मनको अज्ञात रहस्यमय शक्तिबाट परिचित हुने र त्यसलाई उद्घाटित गर्ने मुख्य उद्देश्य मनोविश्लेषणवादको रहेको (प्रधान,२०६१:१७१) पाइन्छ । यसका प्रवर्तक सिग्मन्ड फ्रायडलाई मानिन्छ । उनले मनोरोगीका अचेतन मनका प्रक्रियाहरूको प्रकाश पार्ने क्रममा सपना तथा व्याक्तिका दैनिक जीवनमा हुने गल्तिहरूको अध्ययन र विश्लेषण गरी आफ्नो अध्ययनबाट कला, धर्म, साहित्य आदि कुराहरू मानवका दमित इच्छाहरूका परिस्कृत रूप ( बराल, २०६६:१२४) हुन् भन्ने मान्यता अघि सारेको पाइन्छ। यसरी उपन्यासमा पात्रका मनको विविध पक्षको विश्लेषण गरेर रचिएका कृतिहरू मनोविश्लेषणवादी धारामा परेको पाइन्छ ।

आधुनिक नेपाली उपन्यास साहित्यमा मनोविश्लेषणवादी उपन्यासको थालनी गोबिन्द बहादुर मल्ल गोठालेको **पल्लोघरको झ्याल** उपन्यास (२०१६) बाट भएको मानिन्छ । मनोविश्लेषणवादी धाराको आरम्भ सागै उपन्यास सामाजिक यथार्थबाट व्यक्ति यथार्थामा प्रवेश गरेको पाइन्छ । यस धाराका उपन्यासहरू व्याक्तिमनको चित्रणमा केन्द्रीत रहेको देखिन्छन् । यस्ता उपन्यासमा पात्रको मनोजगत् तथा ऊ भित्र विकसित ग्रन्थीहरूलाई केलाउने काम गरिएको पाइन्छ । यस्ता उपन्यासहरूमा चरित्र केन्द्री रहने भएकाले मानिसका असामान्य स्थितिको उद्घाटित गरिएको पाइन्छ ।

मनोविश्लेषण सिद्धान्तका प्रर्वतक सिग्मण्ड फ्रायडले अघि सारेको मनोविश्लेषणवादी सिद्धान्त अन्तर्गत कामवृत्ति, परपीडक प्रवृत्ति, मनका विविध पक्ष चेतन, अचेतन, अवचेतन मन, दमन, मातृरति तथा पितृरति ग्रन्थि आदिको उल्लेख गरेको पाइन्छ । दमन भनेर इच्छा र कामबासनाको दवावलाई मानिन्छ । यसले इद र इगो बीचको द्वन्द्वलाई सङ्केत गरेको पाइन्छ । यसरी मानवको अन्तः चेतनामा दमित इच्छा आकाङ्क्षा तथा सुसुप्त अवस्थामा कामवासना रहेको हुन्छ र अचेतन मनलाई अर्थात इदलाई इगो र सुपर इगोले सञ्चालन गरेको पाइन्छ । इद इगोको सन्तुलनमा नभएर सुपर इगोको सन्तुलनमा रहेको खण्डमा मानिस असन्तुलित रहेको पाइन्छ । यही असन्तुलित अवस्थाको चित्रण मनोविश्लेषण वादी धारामा गरिएको (बराल,२०५८:१३३) पाइन्छ । यसमा मानिस आफ्नो असामान्य स्थितिबाट सामान्य स्थितिमा पुग्ने परिवेशको विश्लेषण गरिएको पाइन्छ । यस्ता उपन्यासमा व्यक्तिका निरासा, कुण्ठा, दुर्वलता, असन्तोष, विकृत मनोदशाको चित्रण गरिएको पाइन्छ ।

मनोविश्लेषण वादी धाराका कृतिहरूमा गोबिन्द बहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (२०१६), **अपर्णा** (२०५३), दौलत विक्रम विष्टका **मञ्जरी** (२०१६), **चपाइएका अनुहार** (२०३०), विजय बहादुर मल्लको **अनुराधा** (२०१८), **कुमारी शोभा** (२०३९), इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१), पारिजातको **महत्ताहीन** (२०२५), **बैंसको मान्छे**

(२०२९), **शिरीषको फूल** (२०२२), परशु प्रधानको **सबै विर्सिएका अनुहारहरू** (२०२९), तारिणी प्रसाद कोइरालाका **सर्पदंश** (२०२९), विश्वेश्वरप्रसादकोइरालाका **तीनघुम्ती ( २०२५), नरेन्द्र दाइ (२०२६), सुम्निमा (२०२७), मोदिआइन (२०२९), बाबु, आमा र छोरा ( २०४५)**,भवानी भिक्षुको **आगत** (२०३२), **पाइप नं. २**(२०३४), बानिरा गिरीको **कारागार** ( २०३४), **निर्वन्ध** (२०३७), **विश्वामित्र**(२०५५), **रनमाया**(२०५८), **शिखा** (२०५९), **उसको लोग्ने र विरानो** (२०३०), **सञ्जीव उप्रेतीको घनचक्कर**(२०६४), कृष्ण धरावासीको **टुडाल ( २०६५)**,मोहन राज शर्माको **सलिजो** (२०६६) लगायतका कृतिहरू मनोविश्लेषणवादी धारामा आधारितरहेका पाइन्छन् ।

### ३.२.३.१० विस•तिवादी धारा

जीवन र जगत्लाई विस•ति पूर्ण आाखाबाट हेर्दा मान्छेको स्थिति निरीह, असाहाय, लाचार र श्रापित देखिन्छ भन्ने मान्यतालाई अल्वर्टकामुको कृति **माइथ दे सिसिफस** (सन् १९४२) मा व्याख्या गरेर विस•तिलाई दार्शनिक र साहित्यिक पक्षमा विस्तार गरिएको ( बराल, २०६६:१३४) साहित्य सिद्धान्तलाई विसङ्गतिवादी धारा भनेको पाइन्छ । जर्मनेली दार्शनिक फ्रेडरिक विल्हेम नित्सेले ईश्वरको मृत्युको घोषणा गरेदेखि विस•तिवादी धाराको प्राधुर्भाव भएको पाइन्छ ।

नेपाली उपन्यासका क्षेत्रमा विस•तिवादी धाराको थालनी इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१)को प्रकाशनबाट भएको पाइन्छ । राई पछि नेपाली उपन्यास परम्परामा पारिजातका **शिरीषको फूल** (२०२२), **महत्त्वाहीन** (२०२५), ध्रुवचन्द्र गौतमको **अन्त्य पछि** (२०२४), **बालुवामाथी** (२०२८), **डापकी** (२०३३), दौलत विक्रम विष्टको **चपाइएका अनुहार** (२०३०), सरुभक्तको **समय त्रासदी** (२०५९), आदि महत्त्वपूर्ण उपन्यास देखा परेको देखिन्छ । नेपालीमा कथ्य र शैली दुबैमा केही मात्रामा विस•तिवादी चेतनामा प्रकट भएको देखिन्छ (बराल,२०६६:१३५)। नेपाली साहित्यका निम्न औपन्यासिक कृतिमाहरूमा विस•तिवाद देखिन्छ इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१), पारिजातको **शिरीषको फूल** (२०२२), ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४), **डापी** (२०३३), **अलिखित** (२०४०), पिटर जे कार्थकको **प्रत्येक ठाउा प्रत्येक मान्छे** (२०३४), सरुभक्तको **पागलबस्ती** (२०४५), **तरुनी खेती** (२०५०), ध्रुव सापकोटाको **विखण्डित** (२०५७) लगायतका उपन्यासमा विस•तिवादी धारा रहेको पाइन्छ ।

यसरी हेर्दा नेपाली साहित्यमा विस•तिवादी धारामा लेखिएका उपन्यासहरूले बौद्धिकताको अत्यधिक संवरण, गरेर राष्ट्रिय एवम् घटनाहरूबाट सिर्जित सन्त्रास र विभिषीका देखाएको पाइन्छ । यस्ता उपन्यासमा जीवनका अभिषप्त पीडाका इतिहासका कवचहरू पहिरेर बाािचिरहेको मानिसका सीमान्त अनुभूतिलाई शैलीको विस•त र•मा घोलेर

प्रस्तुत गरिएका भाकाहरू प्राप्त भएको पायन्छ भने कतै प्रयासरत तर अप्राप्यतासाग सङ्घर्ष गरिरहेका दैन्य प्रकट भएको पाइन्छ ।

### ३.२.३.११ अस्तित्ववादी धारा

डेनमार्क दार्शनिक सोरेन किर्केगार्डले प्रतिपादन गरी विस·तिवादको पृष्ठभूमिमा आएको दार्शनिक चिन्तनलनई अस्तित्ववाद भनेको पाइन्छ । प्रभाववादी दार्शनिक डिल्थे र ब्रुटोनोको व्यावहारिक क्रियाशास्त्रबाट प्रभावित हुर्सेलको दृष्टिकोण तथा त्यही प्रभावमा हाइडेगर द्वारा व्यक्त विचार नै अस्तित्ववादको पृष्ठभूमिमा रहेको पाइन्छ । साहित्यक क्षेत्रमा यसको प्रयोग द्वितीय विश्वयुद्धको समयमा गरिएको पाइन्छ । यसको श्रेय जाा पाल सार्त्र र अल्वर्ट कामुलाई गएको पाइन्छ । सार्त्रको दार्शनिक पुस्तक **द बिइङ एन्ड नोथिङ(भविता र शून्यता)** ले अस्तित्ववादको व्याख्या गरेको पाइन्छ (बराल, २०५८:१४८)। अस्तित्ववादको मूल तत्त्व अस्तित्ववाद हो । मानिस निष्प्रयोजन जन्मेको हो भने त्यही निरुदेश्यता नै जीवनको सार्थकता (बराल,२०५८:१४९) मानेको पाइन्छ । यसरी साहित्यमा मानिसको अस्तित्व स्थापित गर्ने धारणालाई नै अस्तित्ववाद भनेको पाइन्छ ।

नेपाली उपन्यासका क्षेत्रमा अस्तित्ववादको प्रयोग पारिजातको **शिरीषको फूल** (२०२२) बाट भएको पाइन्छ । त्यसपछिका अस्तित्ववादी उपन्यासहरूमा पारिजातकै **महत्त्वाहीन** (२०२५), **अन्तर्मुखी**(२०३५), ध्रुवचन्द्र गौतमका **अन्त्यपछि** (२०२४), **बालुवामाथि** (२०२८) र **डापी** (२०३३), विश्वेश्वरप्रसाद कोइरालाका **तीन घुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२७), **सुम्निमा** (२०२७), **मोदीआइन**(२०३६), **हिट्लर र यहुदी** (२०४०), **बाबुआमा र छोरा** (२०४५), सरुभक्तको **पागल बस्ती** (२०४८), **तरुनी खेती** (२०५३), गोबिन्दराज भट्टराईको **सुकरातका पाइलाहरू** (२०६३) लगायतका उपन्यासहरूमा अस्तित्ववादको चित्रण गरिएको पाइन्छ ।

अस्तित्ववादी उपन्यासहरूमा मान्छेको मापदण्ड नै मान्छे हो र मान्छे हुनाको अर्थ ऊ अपूर्व, अद्वितीय र अस्तित्वको प्रमुख छ भन्ने कुरामा विश्वास, मान्छेसाग सरम्परागत मूल्य वा नैतिकता केही छैन् भन्ने मान्यता, मान्छे बााच्नु र स्वतन्त्रता हुनु उसको सबै भन्दा ठूलो अभिषाप हो भन्ने अभिव्यक्ति, विचार प्रवलताले गर्दा बौद्धिक उपन्यासको रचना, व्यक्तिवादी, अन्तर्मुखी र प्रलयको कथ्य र वस्तुको प्रवलता, भाषामा आख्यानात्मकता रहेको पाइन्छ । नेपाली उपन्यास जगत्मा जीवनबाट पलायनका सन्दर्भलाई देखाउने क्रममा अस्तित्ववादको प्रयोगबढी भएको पाइन्छ ।

### ३.२.३.१२ प्रयोगवादी धारा

साहित्यिक रुढीलाई तोडेर नयाा परम्पराको निर्णय गर्ने साहित्यिक धारालाई प्रयोगवाद भनेको पाइन्छ । यसले प्रवृत्तिको नयाा दिशा पहिल्याउने ढोका खोलेर प्रशिक्षण

गरेको पाइन्छ । प्रयोगवादको प्रगतिमा आस्था रहन्छ किनभने गतिशीलता यसको प्राण र मुटु रहेको पाइन्छ । समग्रमा परम्परागत उपन्यास परम्परा भन्दा भिन्न प्रयोग भएका उपन्यासहरूलाई प्रयोगवादी उपन्यास भनेको पाइन्छ । विशेष गरी उपन्यास लेखनका क्रममा चलेका नयाा उपन्यास, अउपन्यास, अधिउपन्यास, आदिलाई प्रयोगवादी उपन्यास भनेको पाइन्छ । साहित्यमा प्रयोग केवल प्रयोगका लागि मात्र नभइ त्यस्तो प्रयोगले विशिष्ट कलात्मक सौन्दर्यको उद्देश्य राखेको (बराल,२०५८:१५३) पाइन्छ । अङ्ग्रेजी साहित्यको क्षेत्रमा प्रयोगवादी उपन्यासको थालनी लरेन्सको **ट्रिस्ट्राम स्यान्डी** (सन् १७६७) लाई मानेको पाइन्छ ।

नेपाली उपन्यास साहित्यमा प्रयोगवादी उपन्यास परम्पराको थालनी ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४) बाट भएको पाइन्छ । यसमा परम्परागत औपन्यासिक तत्त्वलाई परसारी नयाा औपन्यासिक तत्त्वको संयोजनबाट उपन्यासको संरचना निर्माण गरिएको पाइन्छ । त्यस पछिका प्रयोगवादी उपन्यासहरूमा गौतम कै **बालुवामाथी, डापी, अलिखित, अग्निदत्त+अग्निदत्त** (२०५३), **उपसंहार अर्थात चौथो अन्त्य** (२०४८), **मञ्जुलको छेकुडोल्मा**(२०२६), जगदीश घिमिरेको **साविती** (२०३२), ओकिउयामा ग्वाइनको **सुनाखरी** (२०३५), पिटर जे कार्थकको **प्रत्येक ठाउा प्रत्येक मान्छे** (२०३४), नयन राज पाण्डेको **विक्रमादित्य एउटा कथा सुन**(२०४४), कवितारामको **बकपत्र** (२०४६), कृष्ण धरावासीको **शरणर्थी** (२०५६), नारायण वाग्लेको **पल्पसा क्याफे** (२०६१), **मयुर टाइम्स** (२०६६), मोहनराज शर्माको **सलिजो (२०६६),** कृष्ण धरावासीको **पाण्डुलिपि (२०६८)** लगायतका उपन्यासहरू यस धारामा परेको पाइन्छ । यस्ता प्रयोगवादी उपन्यासहरूमा नयाा कथ्य, नयाा पद्धति र नयाा सम्भावनाहरूको खोजी रुढी बनिसकेका नियमहरूमा प्रश्नवाचक चिह्न खडा गरी अगाडि बढ्न प्रेरणा, नवीनताप्रति आस्थावान रही यस्तै प्रवृत्तिको विकाशमा योगदान, कथ्य शैली र भाषाको नयाा उपयोग प्रणालीबाट नवीन सौन्दर्यको खोजी जस्ता प्रयोगात्मक प्रवृत्तिहरू रहेको पाइन्छ ।

### ३.२.३.१३ प्रगतिवादी धारा

साहित्यमा काल मार्क्स र फ्रेडरिक एङ्गेल्सको सिद्धान्तमा भौतिकवादलाई प्रयोगगरी साहित्यको रचना गर्नुलाई प्रगतिवाद भनेको पाइन्छ । बस्तुलाई मूल सत्यका रूपमा स्वीकारी बुद्धि विचार तथा चेतनालाई त्यसैको प्रतिबिम्ब मान्ने तथा जगत्लाई परिवर्तशील भन्दै हरेक बस्तुमा विरोधी तत्त्वको सङ्घर्ष पनि विद्यमान हुन्छ भन्ने कुरामा विश्वास राख्ने प्रगतिवादले भौतिक परिस्थितिले नै व्यक्तिको व्यक्तिगत चेतना निर्माण गरेको हुन्छ भन्ने कुरामा विश्वास राखेको पाइन्छ (बराल,२०५८:१५७-१५८)। प्रगतिवादी चिन्तनको प्रमुख दर्शन द्वन्दात्मक भौतिकवादमा अभिव्यक्त विचार भए तापनि यसको मूलस्रोत चाहि **अ कन्ट्रिबुसन टु द क्रिटिक अफ पोलिटिकल इकोनोमि** भन्ने पुस्तकको प्रस्तावनामा मार्क्सले व्यक्त गरेको सोचलाई मानेको पाइन्छ ।

प्रगतिवादी साहित्यका क्षेत्रमा जी.बी. प्लेखानेव, ए.बी. लुनाचार्स्की, म्याक्सिम गोर्की, क्रिस्टोफर कडवेल, राल्फ फक्स, हार्वट फ्रास्ट, जर्ज लुकाज, अन्सर्ट फिभर आदि साहित्यकारहरूले पाश्चात्य साहित्यमा कलम चलाएको पाइन्छ । यिनी साहित्यकारहरूका विचारहरू केही सीमा सम्म भिन्न भएतापनि साहित्यलाई समाजचेतना परिवर्तनको साधनको रूपमा लिनुपर्छ भन्ने विचारका सन्दर्भमा सबैको विचार एकै प्रकारको रहेको पाइन्छ ।

नेपाली साहित्यमा प्रगतिवादको प्रवेश डी.पी. अधिकारीको आशामाया (२०२५) बाट भएको पाइन्छ । प्रगतिवादलाई आफ्ना उपन्यासहरूमा प्रयोग गरेर उपन्यास साहित्यको रचना गर्ने साहित्यकारहरूमा खगेन्द्र संग्रौलाका **चेतनाको पहलो डाक** (२०२७), **आमाको छटपटी** (२०३४), **पारिजातका बैंसको मान्छे** (२०२९), **तोरीबारी बाटा र सपनाहरू** (२०३२), **उसले रोजेको बाटो** (२०३५), **अनिदो पहाडसागै** (२०३९), मोदनाथ प्रश्रितका **देशभक्त लक्ष्मीबाई** (२०३२ अनुदित), **चोर** (२०४४), यु कार्कीको **सल्किदै गरेको विश्वास** (२०३८), **टल्किइरहने मोती** (?), रमेश विकलको **सुनौली** (२०३०), **अविरल बग्दछ इन्द्रावती** (२०३९), **सागर उर्लन्छ सगरमाथा छुन**(२०५२), सञ्जय थापाका **पूर्वतिर**(२०४३), **नओइलाउने फूल** (२०४३), **देउमाइको किनारा**(२०४७), **भास्करकाहाडीका कनिका** (२०४५), **अचम्मको फैसला** (२०५६), सुकुक शर्माको **सङ्घर्षशील युवाको डायरी** (२०५७), ऋषिराज बरालको **कमरेड हुतराजको राजधानी प्रस्थान**(२०४८), घनश्यम ढकालका **गाउामा** (२०४९), आहुतीको **नयााघर** (२०५०), इस्मालीको **जिरो माइल** (२०५६), भक्त बहादुर नेपालीको **लिलावती** (?), शितबिन्दुको **सहयात्री** (२०६०), घनश्याम ढकालको **रातो आकाश** (२०६०), गङ्गा श्रेष्ठको **ज्वालामुखी माथिको यात्रा** (२०६०), ऋषिराज **बरालको सगरमाथा** (२०६४), भुमिनन्द सापकोटाको **सतिसाल** (२०६३), चूडमणि गिरीको **धर्मका अधर्महरू** (२०६१), नारायण ढकालको **प्रेतकल्प (२०६६)** लगायतका उपन्यासहरू प्रगतिवादी धारामा आधारित भएर रचना गरिको पाइन्छ । यी उपन्यासहरूमा वर्गद्वन्द्व तथा सामाजिक शोषणको चित्रणद्वारा सर्वहारा वर्गको पक्षपोषण, सभ्यतामूलक समाजको स्थापनामा जोड, परम्परागत रुढि, कुरीति, कुसंस्कारको विरोध गरी यिनलाई निर्मुल पार्ने प्रयास, आर्थिक विषमताका कारण जन्मिने विस॰तिहरूको चित्रण गरी निराकरणका उपायको खोजी, आदर्शवादका विरुद्ध वैज्ञानिक भौतिकवादी र विकासशील मार्गको निर्धारण, भविश्य प्रति आशावादी, स्थानीय भाषिका सरल भाषाको प्रयोग जस्ता प्रवृतिहरू रहेको पाइन्छ ।

### ३.२.३.१४ मिथकीय धारा

मिथक भनेर सम्पूर्ण मानवसंस्कृतिको दस्तावेज तथा मानवप्रवृत्तिको अन्वेषण गरिएको प्रतीकात्मक भण्डारलाई भनिएको पाइन्छ । यसमा आदिम मानवले गरेका आनन्दानुभूति, भयानुभूति र रहस्यानुभूतिको काल्पनिक रूप मानिएको पाइन्छ । मिथकमा अतिभौतिक पात्र, घटना भएको काल्पनिक आख्यान, जुन सामाजिक चलनसित सम्बन्धित( रेग्मी,२०६९:१२९) रहेको पाइन्छ । मानिसको जिज्ञासु स्वभावको तृप्तिका लागि गरिएको

आविस्कारले कथा मात्र नभएर मिथकको मूल जरो मानवस्वभावको अटल गहिराइमा विद्यमान रहेको पाइन्छ । मिथकको निर्माण गर्ने बा्यतत्त्वहरू प्राकृतिक तत्त्व, अनुष्ठान, ऐतिहासिक घटना र नैतिक चेतना र आन्तरिक तत्त्व जिज्ञासु वृत्ति, कल्पनाशीलता भय तथा आनन्दलाई मानेको पाइन्छ । मिथकमा हुने भावात्मकता, कल्पनाशीलता, प्रतिकात्मकता, चित्रात्मकता एवम् रहस्यानुभूतिजस्ता तत्त्वहरूले यसलाई साहित्यसाग जोडेको पाइन्छ ।

मिथकीय सामग्री विभिन्न पुराना साहित्यबाट प्रतिकात्मक, बिम्बात्मक, मिथकीय, विनिर्माणिक आदि आधारमा स्वैरकल्पनालाई प्रयोग गरेकोले यसका भिन्न-भिन्न रूपहरू रहेका देखिन्छन् (वास्ताकोटी,२०६६:१४)। यसैका माध्यमबाट मानवले साहित्य सिर्जनाको संस्कार आर्जन गरेको हो भन्ने मानेको पाइन्छ । मिथकको सङ्कलित भण्डारलाई पुराण र मिथकलाई पुराकथा पनि भनेको पाइन्छ । मिथकहरू मूलतः जीवन र जगत्को उत्पत्तिसाग सम्बन्धित भइ धर्म र संस्कृतिसाग पनि निकट सम्बन्ध रहेको पाइन्छ । मिथकीय साहित्यमा आद्यबिम्बलाई अवचेतनका रूपमा व्याख्या गरिएको पाइन्छ । मिथकले परम्परागत विश्वास र वर्तमान सास्कृतिक मूल्यलाई जोडेर भविष्यको आत्मिक र सास्कृतिक आङ्क्षालाई प्रस्तुत गरेको पाइन्छ । रामायण महाभारत आदिमा असंख्य मिथकहरू प्रयोगमा रहेको पाइन्छ । नेपाली साहित्यमा पहिलो पटक मिथकको प्रयोग गरिएको औपन्यासिक रचना विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा**(२०२७) लाई मानेको पाइन्छ । मिथकीय आख्यानको प्रयोग गरेर रचना गरिएका औपन्यासिक रचनाहरूमा विश्वेश्वरप्रसाद कोइरालाकै **मोदिआइन** (२०३६),**हिट्लर र यहुदी** (२०४०), मदनमणि दीक्षितको **माधवी** (२०३९) र **त्रिदेवी**(२०५१), ध्रुवचन्द्र गौतमको **डापी** (२०३३), **अग्निदत्त +अग्निदत्त** (२०५२),**भिमसेन ४ को खोजी** (२०६१), **जेलिएको** (२०६२), **एक असफल आख्यानको आरम्भ** (२०६५), **अप्रिय** (२०६७), **सातौ ऋतु** (२०६८), राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान** (२०४२), दौलत विक्रम विष्टको **ज्योति ज्योति महाज्योति** (२०४५) विनोद प्रसाद धितालको **योजना गन्धा** (२०५२), नारायण ढकालको **प्रेतकल्प**(२०६५) लगायतका उपन्यासमा मिथकको प्रयोग गरिएको पाइन्छ । यी उपन्यासहरूमा पुराना कथामा नयाा अर्थको अन्वेषण, जटिल यथार्थ र त्यसका सम्पूर्ण परिप्रेक्षलाई आदिमतासाग जोडेर सशक्त अभिव्यक्ति प्रदान, जीवन मूल्यका आदिम संस्कारहरूलाई नवीन ढङ्गले समकालीन युगमा प्रतिस्थापन, मानवमनको समष्टि अचेतनाको आद्यबिम्बको पुञ्जलाई पुनर्संरचित गरी नयाा धरातल प्रदान जस्ता प्रवृतिहरू रहेको पाइन्छ । नेपाली उपन्यासले मिथकको अपार भण्डारबाट केही कणहरू टिपेर नयाा रूप दिएको देखिन्छ । यस क्रममा मिथको औपन्यासिकीकरण भन्दा त्यसको उपयुक्त सन्दर्भ र नवीन अर्थका साथ पुनर्सिर्जन गरिएको पाइन्छ ।

### ३.२.३.१५ उत्तरआधुनिकतावादी धारा

नेपाली उपन्यासको आधुनिक कालमा यी माथि उल्लेख गरिएका धारका अतिरक्त नेपाली उपन्यास साहित्यमा उत्तर आधुनिकतावादी उपन्यास पनि लेखिएको पाइन्छ । यी उपन्यास आधुनिक भन्दा पनि उत्तरआधुनिक रूपमा चर्चित रहेको पाइन्छ । यस्ता

उत्तरआधुनिक उपन्यासमा होमनाथ सुवेदीको **यमपुरीको महल** (२०६४), यसमा डायस्पोरिक लेखनको प्रयोग भएको छ । मोहनराज शर्माको **सलिजो** (२०६६), गोविन्दराज भट्टराईको **सुकरातका पाइला (२०६२),** धनराज गिरीको **अनन्त पाइला** (२०६८), नारायण वाग्लेको **पल्पसा क्याफे** (२०६५),**मयुर टाइम्स** (२०६७) लाई उत्तरआधुनिक उपन्यास मानेको पाइन्छ ।

**रूपमती**(१९९१)को प्रकाशनबाट आरम्भ भएको नेपाली उपन्यासको आधुनिककालमा यी माथि उल्लेखित धारामा आधारित रहेर आख्यानाकारहरूले आफ्ना आख्यानात्मक रचना गरेको पाइन्छ । नेपाली उपन्यासमा यही कालबाट सहलेखनको पनि थालनी भएको पाइन्छ । दशजना लोखकहरू मिलेर रचना गरेको **आकाश विभाजित छ** (?) अउपन्यासका नाममा पनि उपन्यासको प्रकाशन भएको पाइन्छ ।

समग्रमा नेपाली उपन्यासको आधुनिक काल समसामयिक धाराका अन्य उपन्यासहरूमा बुद्धिसागरको **कर्णाली ब्लुज** (२०६७), कृष्ण धरावासीको **पाण्डुलिपि** ( **२०६८),**चन्द्रकान्त आचार्यका **ज्वाला** (२०५७), **मित्रता** (२०६२), **दासता मुक्ति** (२०६३), **न्युयोर्क सुन्दरी** (२०६८), गीता पोखेलको **आत्मघाती शङ्का** (२०६७), माया देवी शर्मा **पश्चाताप** (२०६७), लिलि रिमालको **पूर्णिमाको आकाश** (२०६७), पवन कुमारी देवीको **प्रतिज्ञा** (२०६७), देवेन्द्रराज भट्टराई **रेगिस्तानको डायरी** (२०६७), मिलन शंकर **यात्रा अधुरो**( २०६७), कुमार नगरकोटीको **काठमाडौ फिभर** (२०६७), तारा राई **छापामार युवतीको डायरी** (२०६७), डोरबहादुर विष्टको **सोताला** (२०६७), अर्जुननिरौलाको **शिरीषको बतास** ( २०६७), रमेश रेग्मीको **सपनाहरूको देश** (२०६७), नेपाल कुस्माको **छोटो फ्रक** ( २०६८),**त्यान्द्रो** (२०६८), टंक चौलागाईंको **जीरो कटेज** (२०६८), रजनी ढकाल र सुस्मिता नेपालको **पत्रैपत्र** (२०६८), किशोर नेपालको **पाताल** (२०६८), रमेश उप्रेतीको **बहुलानन्द** (२०६८), शिवानी नेउपानेको **मोनिका** (२०६८), नयनराज पाण्डे **लु** (२०६८), अनुपम रोशीको **कुमारी आमा** (२०६८) लगायतका उपन्यास कृतिहरू समसामयिक धारामा देखा परेको पाइन्छ ।

नेपाली उपन्यासको विकास माथि उल्लेखित धारा उपधारा हुादै वर्तमान समयमा प्रकाशि केही उपन्यासहरू**विस्थापन, सपना कतिपय, सपना यथार्थ र नयाा नेपाल, शहरको कथा** लगायतका औपन्यासिक कृतिहरू बजारमा आएका पाइन्छन् । आधुनिकालका यी उपन्यासहरूमा बहुविध बैशिष्ट्य रहेको पाइन्छ । यो कालका उपन्यासमा विधागत स्पष्टता प्राप्त भई पूर्ण औपन्यासिक स्वरूप प्राप्त गर्नु, विभिन्न धारा-उपधारामा प्रवाहित हुनु, अनुवाद-रूपान्तरणको प्रयोग हुनु, यसपूर्वको उद्देश्यमा परिवर्तन भई विश्वका उत्कृष्ट उपन्यासलाई नेपालीमा अनुवाद गर्नु, वर्णनात्मक-विश्लेषणात्मक, रैखिक, पूर्वदीप्ति, चेतनप्रवाह, नाटकीय आदि विभिन्न शैली आगाल्नु, दैनिकी, संस्मरणत्मक तथा पत्रात्मक शैलीको प्रयोग हुनु, माध्यमिक कालीन अतिकल्पनाका ठाउामा स्वैरकल्पनाको प्रयोग गर्नु, कथ्य र शील्पका नयाानयाा प्रयोग बढ्दै जानु, प्रथम तथा तृतीय पुरुष दृष्टिबिन्दुलाई अगाल्नु, अनायक-बहुनायकयुक्त उपन्यासको प्रयोग हुनु, नेपाली स्थानीय परिवेश तथा

अन्तराष्ट्रियताको प्रवेशहुनु, उपन्यास लेखनमा पुरुष सर्जकसागै नारी सर्जकहरू पनि सक्रियता पुर्वक लाग्नु, लौङ्गिक-आर्थिक-सामाजिक संस्कारका कुराहरू उपन्यासहरूमा उठान गर्नु जस्ता प्रवृत्तिहरू रहेको पाइन्छ । यिनै प्रवृतिलाई आत्मसात गर्दै सामाजिक यथार्थवादी औपन्यासिक कृतिहरू लिएर कविता पौडेल नेपाली साहित्यको औपन्यासिक धारामा आएको पाइन्छ ।

## ३.३ नेपाली उपन्यासको विकासमा कविता पौडेल

शक्तिबल्लभ अर्यालद्वारा अनूदित **महाभारत विराटपर्व** (१८२७) बाट थालनी भएको नेपाली उपन्यासको विकास माथि चर्चा गरिएअनुसार पृष्ठभूमिका रूपमा प्राथमिक काल, माध्यमिककाल हुादै आधुनिककाल सम्म आएको पाइन्छ । यसरी आधुनिक कालसम्म आउनमा धेरै आख्यानकारहरूको योगदान रहेको छ । आख्यान विकासको प्राथमिक काल र माध्यमिक कालमा अनुवाद रूपान्तरण परम्परा कायमै रहे पनि रुद्रराज पाण्डेको रूपमती( १९९१) को प्रकाशन पश्चात आधुनिक कालको प्रारम्भ भएको पाइन्छ । यस कालमा मौलिक उपन्यासहरूको रचना गर्ने क्रमको थालनी भएको पाइन्छ । रुद्रराज पाण्डे, रूपनारायण सिंह, लैनसिंह वाङ्देल, डायमन शमशेर, हृदयचन्द्र सिंह प्रधान, गोबिन्दबहादुर गोठाले, इन्द्रबहादुर राई, पारिजात, ध्रुवचन्द्र गौतम, डी.पी. अधिकारी, विश्वेश्वरप्रसाद कोइराला, पद्यमावती सिंह, भगिरथी श्रेष्ठ, राधिका राया, जस्ता उपन्यासकारको लाममा कविता पौडेलको नाम प्रमुख उपन्यासकारका रूपमा आएको पाइन्छ । कविता पौडेलले नेपाली साहित्यको विकासमा उपन्यासहरूको रचना गरेर योगदान दिएको पाइन्छ ।

नेपाली साहित्यको उपन्यास रचनामा नारी स्रष्टाको प्रवेश १९८९ सालमा आम्बालिका देवीले **राजपूत रमणी** (सन् १९३२) बाट भएको (लुइटेल,२०५८:१) पाइन्छ । नेपाली उपन्यास रचनामा नारी स्रष्टाहरूले सक्रियता पूर्वक कलम चलाउन थालेको पाइन्छ । आख्यान रचनामा सक्रिय नारी स्रष्टाहरू धेरै रहेका पाइन्छन् । अम्बालिका देवी पछि पवन कुमारी देवीले **प्रतिज्ञा,** मायादेवी सुब्बा **बिलौना,** शान्ति प्रधान **करूणा,** पारिजातका **शिरीषको फूल, महत्ताहीन, बैंसको मान्छे, तोरीबारी बाटा र सपनाहरू, उसले रोजेको बाटो, अन्तर्मुखी, पर्खाल भीत्र र बाहिर, अनिदो पहाडसागै, परिभाषित आाखाहरू, बोनी** गरी दशवटा उपन्यासको प्रकाशन गराएर कम मात्रामा सक्रिय रहेका नारी स्रष्टालाई माथि उठाउन ठूलो योगदान गरेको पाइन्छ ।

अन्य क्षेत्रमा जस्तै नेपाली आख्यानका क्षेत्रमा पनि महिला सर्जकको उपस्थिति न्यून मात्रामा रहादा रहादै पनि नेपाली आख्यान रचनामा सय बढी सर्जकहरूले आफ्नो कलम दौडाएर इतिहासमा नामाङ्कित गरेको पाइन्छ । ती मध्ये शोधकार्य गरिरहे सम्ममा प्राप्त सन्दर्भ सामग्रीका आधारमा तीन भन्दा बढी उपन्यासको सिर्जना गर्ने आख्यानकारहरूमा पारिजात दश, गीता केशरी एघार, भागीरथी श्रेष्ठ अनुवाद सहित तीन, प्रेमा शाह तीन, विन्द्या सुब्बा तीन, राधा रसाइली तीन, भारती खरेल चार, ईशा शाह चार, श्रेष्ठ, प्रिया पत्थर छ, पुण्य रस्मि तीन, सुस्मिता नेपाल चार, इन्दिरा प्रसाई चार, कमला काुवर 'सुजता'

चार, कविता पौडेल तीन, राधिका दाहाल दुई र पद्मावती सिंहका एक उपन्यास प्रकाशित भइसकेका पाइन्छन् । भने अन्य थुप्रै स्रष्टाहरूले उपन्यास साहित्यको रचना गरिरहेका पाइन्छन् । यस क्रममा कविता पौडेल सङ्ख्यात्मक रूपमा अन्य साहित्य सर्जकको औषत उपन्यास रचनाकारमा परे पनि गुणत्मक रूपमा यिनका आख्यानहरू माथि रहेको पाइन्छ ।

नेपाली आख्यानको क्षेत्रमा बढी नाम लिइने नारी उपन्यासकारहरू पारिजातका उपन्यासमा विसङ्गतिवादी अस्तित्ववादी तथा शुन्यवादी दृष्टिकोणका अतिरिक्त आलोचनात्मक यथार्थवादी एवं प्रगतिवादी प्रवृत्तिको प्रस्तुति, पुरूष भन्दा नारी सहभागीलाई महत्त्व प्रदान गरिएको, नेपाली जनजीवनमा व्याप्त त्रासद र आध्यारा पक्षको चित्रण पाइन्छ भने प्रगतिवादी उपन्यासहरूमा आशावादी (लुइटेल,२०६८:१३२) दृष्टिकोण पाइन्छ । गीता केशरीले नारी जीवनका त्रासद र आध्यारा पक्षको चित्रण गर्दै नारीको सबल र शसक्त पक्षलाई प्रकाशमा ल्याउने कार्य गरेको पाइन्छ । मूलरूपमा नारी समस्या चित्रित यिनका उपन्यासहरूमा सामाजिक विकृति, गरिबी र यसबाट उत्पन्न सङ्कट, राजनैतिक तथा प्रशासनिक दुराचार जस्ता सन्दर्भहरू समेटिएको पाइन्छ । दुःखद र त्रासद वातावरणका माध्यम बीचबाट सुखदोन्मुख वातावरणको सङ्केत गर्दै नारीवादी अवधारणलाई प्रस्तुत गर्ने उद्देश्य द्वारा अभिप्रेरित यिनका अधिकांश उपन्यास तृतीय पुरूष दृष्टिबिन्दुमा संरचित ( लुइटेल,२०६८:१४३) रहेका पाइन्छन् । यिनका उपन्यासले सामिजिक विकृतिको विरोध गरेको पाइन्छन् ।

यसै गरी वानिरा गिरिका आख्यानमा आदर्शोन्मुख यथार्थवादी, यथार्थवादी आलोचनात्मक यथार्थवादी, मनोविश्लेषणात्मक, प्रतीकवादी तथा उच्च बौद्धिक उपन्यासकारका रूपमा देखा परेकी यिनको योगदान नेपाली उपन्यासको इतिहासमा नवीन शिल्प र प्रयोग दुवै दृष्टिले उल्लेखनीय, विशिष्ट र उपलब्धिमूलक (लुइटेल,२०६८:१५१) रहेको पाइन्छ । यीनका उपन्यासमा आदर्शोन्मुख यथार्थवाद र आलोचनात्मक यथार्थवाद प्रमुख रहेको पाइन्छ ।

यसै गरी छोटो आयामका उपन्यास सर्जक ईन्दिरा प्रसाईं चिÞनाङ्कित तथा अङ्कीय प्रयोगद्वारा विभाजित यिनका उपन्यासमा नेपाली समाजमा व्याप्त नारी शोषणका विविध रूप र परिस्थितिहरूको चित्रण पाइन्छ । यिनका उपन्यासले नारी जीवनका त्रासद र आध्यारा पक्षको चित्रण गर्दै नारी संवेदनशीलतालाई प्रस्तुत (लुइटेल,२०६८:१६०) गरेको पाइन्छ । यिनका उपन्यासका अन्तराष्ट्रिय सन्दर्भहरू समेटिएको पाइन्छ ।

**समानान्तर आकाश**नामक विचारात्मक उपन्यास लिएर नेपाली साहित्यको आख्यान जगत्मा प्रवेश गरेकी पद्मावती सिंहले आख्यान मार्फत युगीन सामाजिक जन-जीवनसाग मेलखाने खालका विभिन्न सहभागीहरूका माध्यमबाट कथ्यलाई विश्वसनीय ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । सार्वत्रिक, सार्वकालीक एवं सुखदोन्मुख परिवेशमा सिर्जित प्रस्तुत कृति सोद्देश्यमूलक रहेको (लुइटेल,२०६८:१६९) पाइन्छ । प्रथम पुरूष दृष्टिबिन्दुको प्रयोग गरी सरल र सहज भाषाशैलीय विन्यासमा लैङ्गिक समानता र नारीवादी दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ ।

यस्ता औपन्यासिक कृतिको सिर्जना भइरहेको समयमा कविता पौडेलले नेपाली समाजका सामाजिक यथार्थतालाई आख्यानमा समेटेर स्वच्छन्द भावहरूलाई उनेर आख्यानको रचना गर्ने आख्यानकारका रूपमा देखा परेको पाइन्छ । उनका आख्यानमा नेपालको इतिहासमा भएको यथार्थ युद्धलाई पनि विषयवस्तुको रूपमा समेटिएको पाइन्छ । उनका आख्यनमा नेपाली समाजमा व्याप्त बहुविवाह, बालविवाह, विधवा, आमाबाबु गुमाएका टुहुरा बालबालिकाका समस्यालाई समेटिएको पाइन्छ । युद्ध र युद्धले निम्त्याउन सक्ने परिणतीको वर्णन उपन्यासका माध्यमबाट अभिव्यक्त गरिएको पाइन्छ । समाज परिवर्तनको चाहना व्यक्त गरिएको पाइन्छ । यसरी कविता पौडेल अन्य उपन्यासकारका रूपमा गुणस्तरीय आख्यानको सिर्जना गर्ने आख्यानकारका कोटिमा आफ्नो नाम दर्ज गरेको पाइन्छ ।

कविता पौडेलले नेपाली साहित्यमा उपन्यासकारको रूपमाआफ्नो उपस्थिति २०६० को दशकबाट जनाएको कुरा उनका उपन्यास र कथाहरूको प्रकाशनको समयबाट जानकारी  पाइन्छ । कविता पौडेलले सर्वप्रथम **बालचीत्कार** (२०६२) उपन्यासको प्रकाशन गरेर नेपाली साहित्यमा उपन्यासकारको रूपमा आफ्नो नाम दर्ज गरेको पाइन्छ । उनका उपन्यासहरूमा घटना प्रधान वर्णनात्मक संरचना (शर्मा,२०६३:३७०) भएकोले **बालचीत्कार** उपन्यासमा नेपाली समाजमा घट्ने यथार्थ घटनाहरूको संयोजन गर्दै आख्यानात्मक बुनोट सम्पन्न भएको पाइन्छ । त्यसै गरी **हीरा**(२०६३) उपन्यासमा पनि सामाजिक यथार्थ घटनाहरूलाई स्वच्छन्द तवरबाट वर्णन गर्दै औपन्यासिक संरचना तयार पारेको पाइन्छ । त्यस्तै **विस्थापित  आमाहरू**(२०६८) उपन्यासमा नेपालमा भएको दशवर्षे जनयुद्ध र त्यसको त्रासपूर्ण असरलाई समेटि यथार्थ इतिहासलाई विषयवस्तु बनाएर यथार्थपूर्ण तवरबाट उपन्यासको संयोजन गरिएको पाइन्छ ।

कविता पौडेलकाऔपन्यासिक कृतिका आधारमा उनलाई सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, ऐतिहासिक आख्यानकारका रूपमा चिनाउन सकिन्छ । कविता पौडेल नेपाली आख्यान परम्पराको आधुनिककालको समकालीन धारामा रहेर कलम चलाउने सामाजिक यथार्थवादी उपन्यासकारको रूपमा परिचित भएको पाइन्छ । उनका उपन्यासहरूमा समाजिक यथार्थताको चित्रण, स्वच्छन्दताको उडान पाइन्छ । उनी द्वारा रचित **हीरा** उपन्यासका दीपा-दिनेश-नर्मदा, हीरा-अरूण-हरिकला, हुतराज आदि पात्रहरू पनि नेपाली समाजका यथार्थ पात्रको रूपमा उपस्थित रहेको पाइन्छ । यस उपन्यासमा हीराले तय गरेको जीवन यापनको बाटो स्वच्छन्दबाटाको रूपमा आएको पाइन्छ । यीनै आधारमा कविता पौडेललाई सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी उपन्यासकारको रूपमा चिनाउन सकिने देखिन्छ । कविता पौडेललाई नेपाली आख्यानको विकासक्रममा आधुनिककालको सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, प्रगतिवादी ऐतिहासिक यथार्थवादी धारामा रहेर समसामयिक धारामा कलम चलाउने नेपाली साहित्यकी एक प्रमुख नारी आख्यानकारको रूपमा चिनाउन सकिन्छ ।

## ३.४ निष्कर्ष

शक्तिवल्लभ अर्यालद्वारा अनूदित **महाभारत विराटपर्व** (१८२७) बाट थालनी भएको नेपाली उपन्यासको विकासमा पृष्ठभूमिकालको रूपमा प्राथमिक काल, माध्यमिककाल हुादै आधुनिककाल सम्म आएको पाइन्छ । आधुनिक कालमा आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, ऐतिहासिक यथार्थवादी धारा, अतियथार्थवदी धारा, आलोचनात्मक यथार्थवादी धारा, नारीवादी धारा, प्रकृतवादी धारा, मानोविश्लेषणवादी धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा, प्रयोगवादी धारा, प्रगतिवादी धारा, मिथकीय धारा उत्तरआधुनिकतावादी धारा र समसामयिक धारासम्मको यात्रा तय गरेको पाइन्छ । यी धारा उपधारामा रहेर धेरै साहित्यकारहरूले धेरै आख्यानात्मक औपन्यासिक कृतिको रचना गरेको पाइन्छ । तिनै आख्यानकारहरू मध्येकी सशक्त नारी उपन्यासकारका रूपमा कविता पौडेललाई लिएको पाइन्छ ।

कविता पौडेलका आख्यानात्मक औपन्यासिक कृतिका आधारमा उनलाई सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, ऐतिहासिक आख्यानकारका रूपमा चिनाउन सकिन्छ । कविता पौडेल नेपाली आख्यान परम्पराको आधुनिककालको समकालीन धारामा रहेर कलम चलाउने सामाजिक यथार्थवादी आख्यानकारको रूपमा स्थान दिन सकिन्छ । उनका आख्यानहरूमा समाजिक यथार्थताको चित्रण, स्वच्छन्दताको उडान पाइन्छ । विवेच्य उपन्यास **हीरा**मा प्रयुक्त दीपा-दिनेश-नर्मदा, हीरा-अरुण-हरिकला, हुतराज आदि पात्रहरू पनि नेपाली समाजका यथार्थ पात्रको रूपमा उपस्थित रहेको पाइन्छ । यस उपन्यासमा हीराले तय गरेको बाटो स्वच्छन्दबाटो हो । घटना प्रति घटनाहरू समाजका यथार्थ घटनाहरू हुन् । त्यसैले कविता पौडेल सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी आख्यानकार हुन् । उनी नेपाली आख्यानको विकासक्रममा आधुनिककालको सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, प्रगतिवादी ऐतिहासिक यथार्थवादी धारामा रहेर समसामयिक धारामा कलम चलाउने नेपाली साहित्यकी एक प्रमुख नारी आख्यानकारको रूपमा उपस्थित रहेको पाइन्छ ।

# परिच्छेद चार
# कृतिपरक अध्ययनका आधारहरू

## ४.१ विषय प्रवेश

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा कृतिपरक अध्ययनका आधारहरूपरिभाषा, तत्त्व र विशेषता, कृतिपरक अध्ययनका आधारहरू सम्बद्धता, संसक्ति, विधात्मकता, हेतुत्व, स्वीकार्यता, स्थितिपरकता, सूचनात्मकता र अन्तर्पाठात्मकता जस्ता आधारहरूको सामान्य परिचय मात्र समेटिएको छ भने विधात्मक आधारको जानकारी प्रस्तुत गरिएको छ ।

## ४.२ कृतिपरक अध्ययनका परिभाषा, तत्त्व र विशेषता

साहित्य समालोचना जगत्मा भाषा परक समालोचनाको रूपमा कृतिपरक अध्ययनको थालनी भएको पाइन्छ (शर्मा, २०६६:२५९)। कृतिपरक अध्ययन अध्ययनको वस्तुपरक प्रकार भएकोले यसले रचनागत भाषालाई बुझाउछ । यो वस्तुनिष्ठ वैज्ञानिक अध्ययन पद्धति रहेको पाइन्छ (शर्मा,२०६६:१५९)। कृतिपरक अध्ययनको अभ्युदय साहित्यिक शैलिविज्ञानका रूपमा भएको पाइन्छ (शर्मा,२०६६:१५९)। संरचनावादलाई पछाडि पारेर अगाडि आएका उत्तरआधुनिकतावाद अन्तर्गत पर्ने सबै समालोचनाहरू कृतिपरक अध्ययनको रूपम आएको पाइन्छ । कृतिपरक अध्ययन भनेर कृतिलाई केन्द्रमा राखेर गरिने् अध्ययनलाई भनेको पाइन्छ ।

कुनै पनि साहित्यिक कृति विश्लेषणका चारबटा आधारहरू रहेको पाइन्छ यी आधारहरूमा लेखक केन्द्री विश्लेषण, पाठककेन्द्री विश्लेषण, परिवेशकेन्द्री विश्लेषण र कृतिकेन्द्री विश्लेषण यिनै विश्लेषण मध्येको एक प्रमुख विश्लेषण कृतिकेन्द्री विश्लेषण वा

कृतिपरक अध्ययनलाई मानेको पाइन्छ । कृतिपरक अध्ययनले कृतिलाई मात्र केन्द्रमा राखेर हेरेको पाइन्छ । यसलाई पाठकेन्द्री अध्ययन पनि भनेको पाइन्छ । पाश्चात्य साहित्य जगत्मा लेखकको मृत्युको घोषणा भएसागै कृतिपरक अध्ययनको थालनी भएको पाइन्छ । कृतिपरक अध्ययनमा सम्पूर्ण महत्त्व कृतिलाई दिइन्छ र कृति नै प्रधान तत्त्व बनेको पाइन्छ (शर्मा,२०६६:१६१)। कृतिलाई केन्द्र मानेर गरिने् कृतिपरक अध्ययनमा कृतिगत भाषा र तथ्याङ्का आलोकमा कृतिको विश्लेशण गरिन्छ । रचनाका पक्षबाट हेरिने यस अध्ययनमा कृति भित्रबाट मात्र अध्ययन गरिने् हुादा कृतिले न्याय पाएको पाइन्छ ।

कृतिपरक अध्ययन कृति भित्र निहित रहेको पाइन्छ । कृतिपरक अध्ययनमा कृतिको विश्लेषण भाषिक आधारमा गरिएको पाइन्छ । कृतिपरक अध्ययनमा समाज र सामाजिकताको अध्ययन कृतिगत समाज तथा सामाजिकताका आधारमा गर्ने प्रक्रिया आगालेको पाइन्छ (शर्मा,२०६६:१६१)। कृतिपरक अध्ययन गर्दा कृतिलाई केन्द्रमा राखेर अध्ययन गरिएको पाइन्छ । कृति भित्र रहेको समाज, सामाजिकता, कृतिका विधागत तत्त्वका आधारमा कृतिको विश्लेषण गरिएको पाइन्छ ।

कृतिपरक अध्ययन भनेरे कृतिभित्र निहीत सम्पूर्ण कृतिको विधागत तत्त्वका आधारमा विश्लेषण गर्ने पद्धतिलाई चिन्ने गरेको पाइन्छ । यसको अध्ययन वस्तुवादी र भाषापरक अध्ययन आधारमा गरिएको पाइन्छ । सबै भाषापरक समालोचानात्मक अध्ययनमा कृतिपरक दृष्टिकोणले महत्त्वपूर्ण ठाउा ओगटेको (शर्मा,२०६६:१६२) पाइन्छ । साहित्य जगत्मा लेखकको मृत्युको घोषणाबाट कृतिपरक अध्ययन अगाडि आएको पाइन्छ ।

कृतिपरक अध्ययनको परिभाषा विद्वान् मोहनराज शर्माले **आधुनिक तथा उत्तर आधुनिक पाठकमैत्री समालोचना**मा कृति भित्र रहेर पाठका आधारमा गरिने् भाषा परक समालोचनालाई कृतिपरक समालोचना भनेर गरेको पाइन्छ । यसलाई कृतिपरक अध्ययन वा विश्लेषण (शर्मा,२०६६:१६२) पनि भन्ने गरेको पाइन्छ । यस आधारमा कृतिपरक अध्ययनको लागि पाठ नै सबैभन्दा महत्त्वपूर्ण वस्तुको रूपमा आएको पाइन्छ । पाठ भन्नाले विश्लेष्य पुरै कृति वा त्यसको छोटोअंश विशेष भन्ने बुझिने गरेको पाइन्छ । सिङ्गो कृतिको नभइ कृतिअंशको विश्लेषण गर्न खोजेमा त्यो अंश पूर्ण विचार व्यक्त गर्ने र शृङ्खलाबद्ध हुनु आवश्यक रहेको पाइन्छ ।

मोहनराज शर्मालाई आधार मानेर कृतिपरक अध्ययनका विशेषतालाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :

(क) कृतिपरक अध्ययन भाषापरक अध्ययन भएकोले पाठमा उपलब्ध भाषिक तथ्याङ्कको भाषा विज्ञानका उपकरणद्वारा विश्लेष्य साहित्यिक कृतिको अध्ययन गर्दछ ।

(ख) कृतिपरक अध्ययन वस्तुपरक अध्ययन भएकोले यसले वस्तुनिष्ठ ठङ्गले कृतिको अध्ययन गर्दछ ।

(ग) कृतिपरक अध्ययन अन्तर्निष्ठ अध्ययन भएकोले यसले विश्लेष्य कृति भित्र रहेर कृतिको अध्ययन गर्दछ ।

(घ) कृतिपरक अध्ययन वैज्ञानिक समालोचना भएकोले भाषिक नियमका आधारमा कृतिको विश्लेषण गर्दछ ।

(ङ) कृतिपरक अध्ययन स्वयंमा पूर्ण अध्ययन भएकोले यसले कृतिका तल्ला एकाइदेखि माथिल्ला एकाइसम्मको विश्लेषण गर्दछ ।

(च) कृतिपरक अध्ययन साहित्यको विधागत दृष्टिकोण आगाल्ने अध्ययन भएकोले यसले यसले कृतिको विधागत पहिचान र सम्भाव्यताको विश्लेषण गर्दछ ।

(छ) कृतिपरक अध्ययनले कृतिगत अर्थको खोजी गर्ने भएकोले कृतिगत सार्थकताको अध्ययन गर्दछ ।

समग्रमा कृतिपरक अध्ययनमा कृतिको गहन र सतही दुवै तरिकाबाट विश्लेषण गर्दै कृति सिङ्गो, एकीकृत, पूर्ण, सङ्गठित, शृङ्खलाबद्ध, स्पष्ट, बोधगम्य, सुङ्गत र विधागत छ की छैन् भनेर दाजेर हेर्ने गरेको पाइन्छ । त्यसैले प्रस्तुत शोधपत्रमा कविता पौडेलको **हीरा**उपन्यासको कृतिपरक अध्ययन गरिएको छ ।

## ४.३ कृतिपरक अध्ययनका आधारहरू

साहित्यिक अध्ययनका आ-आफ्ना आधारहरू हुने गरेको पाइन्छ । त्यस मध्ये कृतिपरक अध्ययनका पनि आफ्ना छुट्टै केही विषेश आधारहरू रहेका पाइन्छन् । प्रस्तुत शोधपत्रमा कृतिपरक अध्ययनका आधारहरूको परिचय दिदै तिनै आधारमा विश्लेष्य कृति कविता पौडेलको **हीरा** उपन्यासको कृतिपरक अध्ययन गरिएको छ । कृतिपरक अध्ययनका आधारहरूको परिचयको लागि मोहनराज शर्माको ‘कृतिपरक समालोचना र पाठपरक अध्ययन’ शीर्षकको समालोचनालाई आधारमानेर यी आधारहरूको निर्धारण गरिएको हो । त्यसै आधारमा यहाा कृतिपरक अध्ययनका निम्न आधार मानिएको पाइन्छ ।

### (क) सम्बद्धता

कृतिका विभिन्न भाषिक एकाइहरूमा पाइने व्याकरणात्मक, कोशीय, आर्थी आदि दृढ सम्बन्धलाई सम्बद्धता भनेको पाइन्छ । सम्बद्धताका कारण एउटा वाक्य भित्रका एकाइहरू एकअर्कासाग, एउटा वाक्य अर्को वा अर्का वाक्यसाग, अनुन्छेद भित्रका वाक्यहरू अनुच्छेदसाग र अनुच्छेदहरू सिङ्गो सर्ग, अध्याय वा परिच्छेदसाग एकआपसमा मिलेर रहेका पाइन्छन् । पाठका शब्ददेखि सङ्कथनसम्मका एकाइहरूलाई बाध्ने सम्बद्धतालाई

विभिन्न प्रकारमा बिभाजन गरेर अध्ययन गरेको पाइन्छ त्यस मध्ये केही सम्बद्धता निम्न रहेका पाइन्छन् ।

### (अ) **पुनरावर्ती सम्बद्धता**

कृतिमा कुनै भाषिक एकाइहरू दोहोरिदा पुनरावर्ती सम्बद्धता कायम भएको पाइन्छ । यसमा कृतिमा पटक-पटक दोहोरिने शब्दहरू परेको पाइन्छ ।

### (आ) सहनिर्देशात्मक सम्बद्धता

कृतिमा सर्वनाम, निर्धारक र केही क्रियाविशेषणको प्रयोगद्वारा यो सम्बद्धता स्थापित भएको पाइन्छ । यसमा सर्वनाम आदि निर्देशी र नाम आदि निर्दिष्ट रहेको पाइन्छ । यस खालको सम्बद्धताले अघिल्ला र पछिल्ला वाक्यमा सम्बन्ध छ भन्ने जनाएको पाइन्छ ।

### (इ) सहवर्गीय सम्बद्धता

कृतिमा एउटै वर्गमा पर्ने, तर भिन्न अर्थ बुझाउने भाषिक एकाइहरूको प्रयोगहुादा यो सम्बद्धता देखिएको पाइन्छ । सहवर्गीय शब्दहरूको प्रयोगले पाठमा शब्दगत सम्बद्धता जनाएको पाइन्छ ।

### (ई) अध्याहारित सम्बद्धता

कृतिमा केही भाषिक एकाइको लोप गरी यो सम्बद्धता उत्पन्न भएको पाइन्छ । यो प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई किसिमको रहेको पाइन्छ । अध्याहारित सम्बद्धताका कारणले पाठको भाषामा मितव्ययिता तथा अभिव्यक्तिमा छरितोपना ल्याएको पाइन्छ ।

### (ख) संसक्ति

कृतिपरक अध्ययनमा संसक्ति भनेर पाठगत अर्थको आन्तरिक विकासको निर्क्योललाई भनेको पाइन्छ । यसले पाठमा अन्तर्निहित आर्थी, सन्दर्भगत, तर्किक आदि दृढ सम्बन्धलाई व्यक्त गरेको पाइन्छ । सम्बद्धता कृतिको भाषिक एकाइसाग गाासिएको हुन्छ भने संसक्ति आर्थी एकाइसाग जोडिएको पाइन्छ । यसमा आर्थी एकाइहरूको खोजी र विश्लेषण गरी संसक्तता हेरिएको पाइन्छ । यसको सम्बन्ध पाठको सङ्गठन, पहिचान र त्यसको एकीकृत स्वरूपसाग रहेको पाइन्छ ।

संसक्तिको उपस्थितिले पाठलाई सान्दर्भिक, स्पष्ट र तर्कसङ्गत तुल्याएको पाइन्छ । यसको अभावमा पाठ अस्पष्ट भई पाठकमा निराशा उत्पन्न गर्ने वस्तु बनेको पाइन्छ । संसक्तिको विश्लेषणबाट व्यकरण र कोशले नदिने अर्थ पनि प्राप्त भएको पाइन्छ । उपन्यासमा संसक्तिले कथानकको तार्किक विकास देखाएको पाइन्छ । सम्बद्धता र संसक्तिलाई संयुक्तरूपमा सम्बन्धन  भनेको पाइन्छ । यसबाट कृतिको बुनोटको विश्लेषण गरिएको  पाइन्छ । संसक्तिबाट कुनै पाठ कति सङ्गठित, एकीकृत, सार्थक र बोधगम्य छ भन्ने निर्धारण गरिएको देखिन्छ ।

### (ग) विधात्मकता

साहित्यिक पाठको प्रकारलाई विधा भनेको पाइन्छ । विधात्मकता अन्तर्गत जुन कृति जुन विधाको हुन्छ त्यस विधाका के-कति पहिचान, स्वरूप र सामर्थ्य पाठमा छ भन्ने तथ्यको अध्ययन गरेको पाइन्छ । प्रत्येक विधाका आ-आफ्नै तत्त्व हुन्छन् र तिनै तत्त्वका आधारमा कृतिको विधात्मकता र विधागत पहिचान, विधागत स्वरूप र सामर्थ्यको विश्लेषण गरेको पाइन्छ । प्रस्तुत शोधपत्रमा यसै आधारमा मात्र कविता पौडेलको हीरा उपन्यासको कृतिपरक अध्ययन गरिएको छ । विधात्मकताको विस्तृत जानकारी तल  अर्को शीर्षकमा प्रस्तुत गरिएको छ ।

### (घ) हेतुत्त्व

कृतिपरक अध्ययन गर्दा कृति रच्ने प्रयोजन के हो र त्यसको प्राप्ति कसरी गरिएको भन्ने कुराको खोजी गरेको पाइन्छ । हेतुलाई लक्ष्य, अभिप्राय, प्रयोजन, पनि भनेको पाइन्छ । कृतिको विश्लेषण गर्दा विश्लेषक स्वयंले पाठको अध्ययन गरी त्यसभित्र हेतुको खोजी र निर्धारण गर्नु आवश्यक रहेको पाइन्छ । कुनै पनि कृतिकारले कृतिको रचना गर्दा स्वान्तसुख, लोकहित, धनोपार्जन, स्तुति, बिन्ती, शिक्षा, प्रत्युत्तर, यश, कीर्ति आदि प्राप्त गर्ने हेतु राखेको पाइन्छ ।

### (ङ) स्वीकार्यता

कृतिपरक अध्ययन गर्दा विश्लेष्य कृति पाठकलाई कति स्वीकार्य छ वा अस्वीकार्य छ भन्ने निष्कर्ष निकाल्नुलाई स्वीकार्यता भनेको पाइन्छ । पाठकका दृष्टिबाट कृति स्वीकार्य वा अस्वीकार्यता रहेको पाइन्छ । अव्याकरणीक वाक्य, अत्यधिक तत्सम शब्द भएका वाक्य, धेरै लामालामा गज्याङ्गुजुङका वाक्य, अस्पष्ट तथा दुर्बोध्य वाक्य आदि भएका पाठ प्रायः अस्वीकार्य रहेको पाइन्छ । कुनै कृति कुनै क्षेत्रमा स्वीकार्य र कुनै क्षेत्रमा अस्वीकार्य रहने गरेको पाइन्छ ।

### (च) स्थितिपरकता

कृतिपरक अध्ययनमा कृतिमा भाषाको रचना स्थितिका आधारमा गरिने् हादा यो स्थितिपरक रहने गरेको पाइन्छ । स्थितिलाई सन्दर्भ पनि भन्ने गरिन्छ । स्थितिपरकता भाषिक नभएर भाषिकेत्तर हादाहादै पनि यसलाई भाषाको अनिवार्य तत्त्व मानेको पाइन्छ किनकी कृतिमा कुनै न कुनै परिवेश अन्तर्गत रहेर मात्र भाषाको प्रयोग गर्ने गरेको पाइन्छ । यसको अभावमा भाषाको प्रयोग गरेको पाइदैन ।

स्थितिपरकतामा धार्मिक, सामाजिक, राजनैतिक, घरेलु, औपचारिक, अनौपचारिक लगायतका परिवेशमा रहेर भाषाको प्रयोग गर्ने गरेको पाइन्छ । साहित्यिक कृतिमा लेखक

स्वयंले सिर्जेका स्थिति वा सन्दर्भसमेत रहने हुादा यो महत्त्वपूर्ण रहेको हुन्छ, तर त्यसको बहुलता र मिसमास हुाने हुादा पाठमा खोजी गर्न कठीन हुने गरेको पाइन्छ ।

**(छ) सूचनात्मकता**

कुनै पनि साहित्यिक कृतिमा नयाा वा पुरानो कुनै न कुनै सूचना रहने गरेको हुन्छ । कृतिपरक अध्ययनमा कृति भित्र निहित रहेको सूचनाको खोजी गर्ने गरेको पाइन्छ । कृतिमा चरित्र, घटना, अवस्था, विचार आदिबारे थप जानकारी दिएर नयाा सूचना उपलब्ध गराइने गरेको हुन्छ । कृतिमा सूचना नयाा वा पुरानो गरी दुई प्रकारका रहने गरेका पाइन्छन् ।

**(छ) अन्तर्पाठात्मकता**

कृतिपरक अध्ययनमा एउटा कृतिको अन्य कृतिसागको सम्बन्धलाई अन्तर्पाठात्मकता भन्ने गरेको पाइन्छ । एउटा कृतिमा अन्य कृतिको उद्धरण गरिएको छ भने अर्न्पाठीयता देखा परेको पाइन्छ । एउटा कृतिमा अन्य कृतिको, एउटा विषयमा अन्य विषयको समावेश र एउटा विधाको कृतिमा अन्य विधाको मिश्रण भएको छ भने अन्तर्पाठीयता देखा परेको पाइन्छ ।

प्रस्तुत शोधपत्रमा कृतिपरक अध्ययनका यी सम्बद्धता, संसक्ति, विधात्मकता, हेतुत्व, स्वीकार्यता, स्थितिपरकता, सूचनात्मकता र अन्तर्पाठात्मकता जस्ता आधारहरूको सामान्य परिचय मात्र समेटिएको छ । यी आधारहरू मध्ये विवेच्य कृति **हीरा** उपन्यासको कृतिपरक अध्ययन गर्नको लागि विधात्मकतालाई मात्र अवलम्बन गरिएको छ ।

## ४.४ विधात्मकताका आधारहरू

उपन्यास आख्यान विधा हुनाले आख्यान हुनको लागि दुई वा दुई भन्दा बढी स्वतन्त्र घटनाहरू भएको गद्यात्मक संरचना आवश्यक परेको पाइन्छ (शर्मा,२०६६:३२७)। उपन्यासको संरचना तयार हुनको लागि आवश्यक पर्ने उपकरणहरूलाई उपन्यास संरचनाका विधागत तत्त्व भन्ने गरेको पाइन्छ । उपन्यास रचनाको लागि विभिन्न तत्त्वहरूको संयोजन, समुचित प्रयोग र अन्तर्मिश्रणको आधारमा उपन्यासलेले स्पष्ट स्वरूप (बराल,२०५८:२२) प्राप्त गरेको पाइन्छ । कथावस्तुको शृङ्खलामा विन्यस्त हुने अविन्यस्त जीवन उपन्यासमा छरिएको पाइन्छ । अविन्यस्त शृङ्खलामा अल्फेको जीवन र वर्गशृङ्खलता आदिको समीकरण उपन्यासमा आबद्ध भएको (सुवेदी,२०६४:१७) पाइन्छ । उपन्यासलाई बहुकालीक र सङ्कालिक साहित्यको सबै भन्दा लोकप्रिय विधा (शर्मा,२०६६:१३७) मान्ने गरेको पाइन्छ । उपन्यास भनेर स्वतन्त्र रूपमा आएका कम्तिमा दुई वटा यथार्थ वा काल्पनिक घटना वा स्थितिहरूको कालक्रमिक प्रतिनिधित्वलाई (शर्मा,२०६६:१३८) भन्ने गरेको पाइन्छ । आख्यानका उपन्यास र कथा गरी दुई भेद रहेको पाइन्छ । उपन्यास वृहत्त आयामको हुन्छ भने कथा लघु आयामको हुने गरेको देखिन्छ । दुई वा दुई भन्दा बढी स्वतन्त्र घटनाहरू

भएको वृहत्काय गद्यात्मक संरचनालाई उपन्यास भन्ने गरिन्छ । आख्यानका दुई भेद कथा र उपन्यासमा संरचना, आयाम, क्षेत्र, विषयवस्तु, पात्र र प्रस्तुतिमा सामान्य फरक रहे पनि यी दुबैका संरचनात्मक तत्त्वहरू समानता रहने गरेको पाइन्छ ।प्रस्तुत शोधपत्रमा उपन्यास संरचनाका विधागत आधारहरूलाई चर्चा गर्दै **हीरा** उपन्यासको कृतिपरक अध्ययन गर्नको लागि यसै आधारलाई अवलम्बन गरिएको छ ।

कृतिपरक अध्ययनको विधात्मक आधारमा अध्ययन गर्नको लागि त्यो विधाको संरचनाको आवश्यकता पर्ने गरेको पाइन्छ । उपन्यास आख्यान विधा भएकोले यहाा आख्यानका संरचनात्मक तत्त्वहरूको बारेमा जानकारी दिदै त्यसैलाई अध्ययनको आधार बनाइएको छ । आख्यानका संरचनात्मक तत्त्वका बारेमा विद्वान्हरूका बीचमा मतैक्यता रहेको पाइदैन् । कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** भन्ने पुस्तकमा **इलिमेन्ट्स अफ लिटरेचर, स्टडिङ द नोभेल एन इन्ट्रोडक्सन, द विफोर्ड इन्ट्रोडक्सन टु लिटरेचर, आख्यानका कुरा पुस्तकका आधारमा** आख्यानका निम्न लिखित तत्त्वको चर्चामा कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक-बिम्ब, गति र लयलाई मानेको पाइन्छ । राजेन्द्र सुवेदीले **उपन्यास परम्परा र प्रवृत्ति** नामक पुस्तकमा वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, उद्देश्यलाई उपन्यासका संरचक तत्त्व मानेको पाइन्छ ।

मोहनराज शर्माले **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना**मा विषय, कथानक, पात्र, परिवेश, भाषा, शैली, उद्देश्य, दृष्टिबिन्दुलाई आख्यान संरचनाका आधार मानेको पाइन्छ । हिन्दीका विद्वान् गोबिन्द त्रिगुणायतले कथावस्तु, पात्र, संवाद, वातावरण, शैली र उद्देश्यलाई आख्यानका संरचक तत्त्व मानेको (न्यौपाने,२०४९:१६१) पाइन्छ । विद्वान् रामकुमार वर्माले कथानक, चरित्र, संवाद, देश, काल तथा वातावरण, शैली र उद्देश्यलाइ (न्यौपाने, २०४९:१६१) आख्यान संरचनाका तत्त्व मानेकोपाइन्छ । टङ्कप्रसाद न्यौपानेले कथानक, चरित्र, संवाद, देश, काल तथा वातावरण, शैली र उद्देश्यलाई (न्यौपाने, २०४९:१६२) आख्यानका संरचक तत्त्व मानेको पाइन्छ । देवीप्रसाद गौतमले कथानक, चरित्रचित्रण, कथन पद्धति, परिवेश, भाषा, शैली, उद्देश्य र दृष्टिबिन्दुलाई (गौतम,२०५४:१६) आख्यानका संरचक तत्त्व मानेको पाइन्छ । केशवप्रसाद उपाध्यायले कथानक, चरित्र, देशकाल, वातावरण, विचार, कौतुहल, संवाद, शैली र उद्देश्यलाई (उपाध्याय,२०३०:१२३) आख्यानका संरचक तत्त्वमानेको पाइन्छ । रोशन थापाले कथावस्तु, चरित्रचित्रण, कथोपकथन, परिवेश, भाषाशैली, उद्देश्य र शीर्षकलाई (थापा,२०६४:२०६०) आख्यानका संरचक तत्त्व मानेको पाइन्छ । महादेव अवस्थीले शीर्षकप्रयोग, विषय वा केन्द्रीय कथ्य, कथावस्तुको योजना, पात्र विधान, परिवेश चित्रण, परिच्छेद विधान, दृष्टिबिन्दु, भाषशैली र बिम्ब प्रतीक प्रयोगलाई (अवस्थी, २०५५:५) आख्यान संरचनाका तत्त्व मानेको पाइन्छ ।

माथि उल्लेख गरिए अनुसार नेपाली आख्यानका संरचक तत्त्वहरू रहेका पाइन्छन् । मोहनराज शर्माले **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचनामा** सङ्ग्रहित

समालोचना 'आख्यानको व्याकरण' शीर्षकमा आख्यानलाई रूपाकार दिन प्रयोगमा ल्याइने प्रमुख उपकरणहरू स्थुल तत्त्वमा कथावस्तु र कथानक, चरित्र, परिवेश र सूक्ष्म तत्त्व अन्तर्गत विषयसूत्र, भाषा, शैली, उद्देश्य, दृष्टिबिन्दुलाई समेटेको पाइन्छ ।

यिनै विद्वान्हरूले मानेका आख्यानका संरचना विधात्मक तत्वहरू शीर्षकीकरण, संरचना, कथवस्तु, चरित्र, पर्यावरण, भाषा, शैली, विचार, कौतुहलता, द्वन्द्व, रूपविन्यास आदिको परिचय तल दिदै तिनै तत्वको आधारमा **हीरा** उपन्यासको कृतिपरक अध्ययन गरिएको छ र अध्ययन गर्दा यी शीर्षकहरूलाई आवश्यकता अनुसार विभिन्न उपशीर्षकमा विभाजन गरिएको छ ।

(क) **कथावस्तु**

उपन्यासमा कथावस्तु भनेर आख्यानमा प्रयुक्त विषयवस्तु र कथानक भनेको आख्यानमा घट्ने घटनाहरूको योजनाबद्ध ढााचालाई (बराल,२०५८:२२) भनेर छुट्टाछुट्टै भन्ने गरेको पाइए पनि यहाा हीरा उपन्यासको कृतिपरक अध्ययन गर्दा एउटै शीर्षक कथावस्तु भनेर अध्ययन गरिएको छ । कथावस्तुले आख्यानमा उत्सुकता र संसय जगाउने गरी व्यवस्थित घटना र चरित्रको सङ्गठन (शर्मा,२०६३:३८१) गर्ने गरेको पाइन्छ । अरस्तुले कथावस्तुलाई उपन्यास रचनाको प्रथम सिद्धान्त र आत्मा भनेको पाइन्छ । उनले कथावस्तुलाई कार्यव्यापारको अनूकरण र घटनावलीको व्यवस्थापन मानेको पाइन्छ । उनका अनुसार कथावस्तु पूर्ण हुनुपर्छ र एकान्विति पनि रहनुपर्दछ भनेको पाइन्छ । कथावस्तुको पूर्णता भनेको औपन्यासिक कृतिमा आदि, मध्य र अन्त्य भाग रहनु भनेको पाइन्छ । कथावस्तुको आदि भागलाई चिनारी र सङ्घर्षविकास, मध्य भागलाई चरम, अन्त्यभागलाई सङ्घर्षह्रास र उपसंहार गरी विभाजन गरेको पाइन्छ ।

**(अ) कथानकका स्रोतहरू**

इतिहासमूलक

यथार्थमूलक

मिथक

रागात्मक सौन्दर्य

स्वैरकल्पना

**(आ) कथानकका आवश्यक उपकरणहरू: द्वन्द्व र क्रिया**

**(इ) कथानकको आङ्गिक विकास**

आरम्भ

सङ्घर्ष विकास

चरमोत्कर्ष

सङ्घर्षह्रास

उपसंहार

**(ई) कथानक ढाचा**

रेखीय

वृत्तकारीय ढाचा

**(उ) कथानकका प्रकार**

मुख्य र सहायक कथानक

सुगठित र अव्यवस्थित कथानक

सरल र संयुक्त कथानक

**(ख) चरित्र**

उपन्यासमा भाग लिने मानवीय तथा मानवेत्तर वस्तुलाई पात्र वा चरित्र (बरई, २०६५:३९) भनेको पाइन्छ । आख्यानमा पात्रको भूमिका देखाउने ढङ्ग र तरिकालाई चरित्रचित्रण भनेको पाइन्छ । उपन्यासमा प्रयोग भएका सहभागी व्यक्तिलाई चरित्र (शर्मा,२०६३:३९१) भनेको पाइन्छ । कथालाई उर्जा प्रदान गर्ने तथा कथानकका लागि आवश्यक पर्ने ‘क्रियाव्यापार’ र ‘द्वन्द्व’को सिर्जना गर्ने तत्त्वका रूपमा रहेको पात्रको अभावमा कथाको कल्पनासम्म (श्रेष्ठ,२०६०:१०) गर्न नसकेको पाइन्छ । चरित्रचित्रण कथावस्तुको अनुकूल, स्वभाविक, सहज, जीवन्त र प्रभावकारी हुनु आवश्यक (बराल,२०५३:५६) रहेको पाइन्छ । तिनै चरित्रको बानी व्यवहार हाउभाउ आदिलाई चरित्रचित्रण भनेको पाइन्छ । चरित्रलाई लिङ्ग, भूमिका, प्रवृति, स्वभाव, जीवनचेतना, आसन्नता, आवद्धताका आधारमा चित्रण गरेको पाइन्छ । यी आधारका अतिरिक्त चरित्र चित्रणका निम्न आधारहरू पनि रहेका पाइन्छन् । यीनै आधारमा विवेच्य कृति हीरा उपन्यासको विश्लेषण गरिएको छ ।

**(अ) चरित्रका प्रकारहरू**

गतिशील र गतिहीन

यथार्थ र आदर्श

अन्तर्मुखी र बहिर्मुखी

गोला र च्याप्टा

सार्वभौम र आञ्चलीक

पारम्परिक रमौलीक

**(आ) चरित्र चित्रणका अन्य आधारहरू**

लिङ्गका आधारमा

कार्यका आधारमा

प्रवृत्तिका आधारमा

स्वभावका आधारमा
जीवनचेतनाका आधारमा
आसन्नताका आधारमा
आबद्धताका आधारमा

**(ग) परिवेश**

आख्यानमा घटना घट्ने स्थान, समय र त्यसको मानसिक प्रभाव वा परिस्थिति लाई परिवेश भनेको पाइन्छ । यसलाई पर्यावरण पनि भन्ने गरेको पाइन्छ । चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने वस्तुजगत् तथा त्यसको मानसिक प्रभाव वा यथास्थिति लाई परिवेश भन्ने गरिन्छ । एच.बी. पिटकिनले परिवेशलाई स्थान र समयको भावनात्मक स्वाद मानेको पाइन्छ । परिवेशमा नाटकीय घटनाहरू उद्घाटित हुने गरेको देखिन्छ । बेसिल हेगार्थले परिवेशमा चरित्र र घटनाले गति पाउाछ (शर्मा,२०६३:३९६) भनेको पायन्छ । यस अन्तर्गत देश, काल र वातावरण (बराल,२०५८:३६) परेको पाइन्छ । परिवेशलाई पर्यावरण, वातावरण, परिवृत्त, परिधि भनेको पनि  भन्ने गरेको पाइन्छ ।

पाश्चात्य आख्यानशास्त्री हड्सनका शब्दमा देशकालको अर्थ कार्यव्यापारको समय र ठाउा र यस शब्द भित्र आख्यानको समस्त पर्यावरण समाविष्ट रहेको पाइन्छ । समस्त पर्यावरण अन्तर्गत रीतिथिति, प्रथा, व्यवहार, जीवन, रहनसहनका साथै प्राकृतिक पृष्ठभ”मी र वातावरण पर्दछ (शर्मा,२०६६:३९६) भन्ने कुराको खोलुवा दिएको पाइन्छ । समग्रमा आख्यानको परिवेशमा देश, काल र परिस्थिति परेको पाइन्छ ।

**(अ) देश**

आख्यनमा देश भन्नाले आख्यानमा वर्णित कुनै ठाउा वा स्थान भन्ने बुझिन्छ । यसलाई स्थानगत पर्यावरण पनि भन्ने गरेको पाइन्छ ।

**(आ) काल**

कालगत परिवेश भन्नाले उपन्यासमा वर्णित समय, मौसम, ऋतु आदि भन्ने बुझिन्छ ।

**(इ) परिस्थिति**

उपन्यासमा परिस्थिति भन्नाले औपन्यासिक घटनाहरू घटदै जाादा त्यसले पारेको प्रभावलाई परिस्थिति भनेको पाइन्छ ।

### (घ) विषयसूत्र

आख्यानको सामान्य विषयलाई विषयसूत्र भनिन्छ । प्रत्येक कथामा प्रतिपाद, निरुपण वा प्रकटीकरणको वस्तु यही विषयसूत्र मार्फत हुने गरेको पाइन्छ । आख्यानमा विषयसूत्रलाई विज विचार पनि भनेको पाइन्छ । यसलाई उपन्यासमा सम्पूर्ण अर्थका रूपमा स्वीकारिएको पाइन्छ । यो उपन्यासमा एक भागमा मात्र स्थानिक रूपमा नरहेर सर्वत्र फिाजिने हुादा यसको प्राप्ति पुरै आख्यानको राम्रो अध्ययन विवेचना गरेपछि मात्र थाहा पाइन्छ । विषयसूत्र अमूर्त हुने हुादा यो स्वयं प्रत्यक्ष हुादैन, यसलाई व्याख्या विश्लेषणका माध्यमबाट प्रकट गरिन्छ । यो प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकारको (शर्मा,२०६३:३९९) हुने गरेको पाइन्छ । यसलाई भौतिक, आिक, सामाजिक, अहंकेन्द्रीत, दैविक गरी विभाजन गरेको पाइन्छ ।

### (ङ) भाषा

उपन्यास भनेर भाषाका माध्यमबाट व्यक्त गरिने् साहित्यिक कलात्मक विधालाई भन्ने गरेको पाइन्छ । उपन्यास यथार्थ वरण गर्ने साहित्यिक विधा भएकोले यसमा गद्य भाषाको (बराल,२०५८:४२) प्रयोग गर्ने गरेको पाइन्छ । भाषा उपन्यासका घटनाहरूको प्रस्तुतीकरण गर्नको लागि सर्वोपरि आवश्यक समाग्री मान्ने गरेको पाइन्छ । उपन्यासमा भाषाको प्रयोग उपन्यासकारले गरेको वर्णन र पात्रले बोलेको संवादको आधारमा ( शर्मा,२०६३:४००) गर्ने गरेको पाइन्छ । उपन्यासको अभिव्यक्त गर्ने माध्यमलाई भाषा भन्ने हुनाले उपन्यासमा भाषाको सर्वोपरि महत्त्व रहेको पाइन्छ । उपन्यासमा प्रयोग हुने भाषा उच्च प्रयुक्ति, मध्यम प्रयुक्ति, निम्न प्रयुक्ति गरी तीन प्रकारका हुने गरेका पाइन्छन् ।

### (च) शैली

उपन्यासमा शैली भनेको औपन्यासिक घटनाहरू अभिव्यक्त गर्ने ढङ्ग वा तरिका (शर्मा, २०६६:१४८) भन्ने बुझिन्छ । शैलीलाई इवान, जनसन, मारी, शैलीक्याम्प र लायड ग्यारिसनले शैलीलाई जति लेखेका छन् त्यतिनै शैली भनेर परिभाषित गरेको पाइन्छ (शर्मा, २०६६:४०२)। शैली भनेको उपन्यासलाई प्रस्तुत गर्ने तरिका (पौडेल,२०६५:२७) भन्ने बुझिन्छ । शैली भन्नाले पोसाक, व्यक्तित्व, विचार, अभिव्यक्ति, भाषा अभिव्यक्त गर्ने तरिका भन्ने बुझिन्छ । आख्यानमा शैलीका माध्यमबाट लेखकले कसरी आफ्ना कुरा भन्छ भन्नु नै शैली भन्ने बुझिन्छ ।

शैली उपन्यासात्मक अभिव्यक्तिको प्रकार भएको पाइन्छ । कस्ता शब्द र वाक्यमा कसरी रचनालाई अभिव्यक्ति गरिएको छ भन्ने कुरा नै शैली (शर्मा,२०६३:४०४) भन्ने बुझिन्छ । शैलीलाई काल, लेखक, तह, भाषा, प्रयोगका आधारमा विभाजन गरिएको पाइन्छ ।

### (छ) उद्देश्य

आख्यान रचना गर्ने प्रयोजनलाई उद्देश्य (शर्मा,२०६६:१४८) भन्ने गरेको पाइन्छ । स्रष्टाले आख्यानको रचना गर्दा कुनै न कुनै उद्देश्य राखेको हुन्छ । उद्देश्यको परिपूर्तिका निमित्त रचनामा विचारको शृङ्खला प्रवाहित (सुवेदी,२०६४:२६) गर्ने गरिएको पाइन्छ । आख्यान प्रयोजनका उद्देश्यलाई पूर्वीय विद्वान्हरू भरत, भामह, वामन, दण्डी, कुन्तक आदिले प्रीति, आनन्द, रसानुभूति, धर्म, अर्थ, मोक्ष, लोकव्यावहार, शिक्षा, कृयापात्रता, देवस्तुति, व्यधिरक्षा, धनार्जन, कीर्ति आदिलाई (शर्मा,२०६३:४०७) उपन्यासको उद्देश्य भनेको पाइन्छ । पाश्चात्यहरूले आनन्द प्राप्ति, नीतिसापेक्ष आनन्द, लोकमंगल आदिलाई बुझाएको पाइन्छ । आख्यानको मुख्य उद्देश्य यसको प्रयोजन भन्ने मानिन्छ ।

### (ज) दृष्टिबिन्दु

उपन्यासमा दृष्टिबिन्दु त्यो स्थान वा सीमा हो जसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक वर्ग समक्ष (श्रेष्ठ,२०६०:११) पुऱ्याएको पाइन्छ । उपन्यासमा कथायिताले आख्यान प्रस्तुतीकरणको लागि उभिन वा वस्नलाई रोजेको ठाउा दृष्टिबिन्दु (बराल, २०५८:३९) भन्ने मानिन्छ । पात्रले भोग्ने जीवनभोगमा लेखक स्वयं प्रवर्तित भएको पाइन्छ । यसरी प्रवर्तितहुादा लेखक प्रथम पुरुष र तृतीय पुरुषमा विस्तारित भएको पाइन्छ । प्रथम पुरुष दृटिबिन्दुमा म/हामी र ऊ/त्यो, उनीहरू/तिनीहरू आदिमा म लेखक स्वयंको उपस्थितिमा देखिने भोक्ता प्रथमपुरुष हो र यो एक वा अनेक बचनमा ( सुवेदी,२०६४:२७) रहेको पाइन्छ । आख्यानकार र पाठक वर्ग बीचको सम्बन्धसूत्र नै दृष्टिबिन्दु (श्रेष्ठ,२०६०:११) भन्ने बुझिन्छ । समग्रमा उपन्यासमा दृष्टिबिन्दु भनेको कथायिता उभिने ठाउा भन्ने बुझिन्छ ।

### (झ) कौतूहलता

उपन्यासमा पाठकलाई पढ्नको निम्ति डोराउने तत्त्व कौतूहलता हो । यसले आख्यानमा पठकलाई अब यसपछि के होला ? कस्तो होला ? भन्ने जिज्ञासा उब्जाउने गरेको पाइन्छ । उपन्यासमा कौतूहलताले कृतिको थालनी देखि टुङ्ग्याउनी सम्म पढ्नको लागि प्रेरणा प्रदान गरेको पाइन्छ । त्यसैले यो उपन्यासको प्रमुख तत्त्व मानेको पाइन्छ ।

### (ञ) संवाद

उपन्यासमा संवाद भनेको पात्रहरू बीचको कुराकानी (बराल,२०५८:३५) भन्ने गरेको पाइन्छ । उपन्यासमा यसको प्रमुखकार्य औपन्यासिक चरित्रको चित्रण गर्नु र घटनाहरूलाई नाटकीकरण गर्दै अगाडि बढाउनु भन्ने हुन्छ । पात्रहरूका बीचमा स्थापित समस्या अन्तर्द्वन्द्व र परिणति संवादले उपयुक्त ढङ्गले प्रस्तुत गरेको पाइन्छ । औपन्यासिक पात्रलाई वास्तविक जीवनसाग जोड्न सहयोग पुऱ्याउने तत्त्व संवाद रहेको बुझिन्छ ।

संवादले औपन्यासिक कथानकमा आउने घटना र कार्य व्यापारलाई सुसङ्गठित गरेको पाइन्छ । संवाद प्राकृतिक, समुचित र नाटकीय प्रभाव दिने खालको हुनु पर्दछ (बराल, २०५८:३६) । उपन्यास पात्रहरू बीचको संवादात्मक कथनका आधारमा निर्मित भएको पाइन्छ ।

## ४.५ निष्कर्ष

कृतिपरक अध्ययन भनेको विवेच्य कृति भित्र रहेर पाठका आधारमा कृतिको गहन र सतही दुवै तरिकाबाट विश्लेषण गर्दै कृतिको, सिङ्गो एकीकृत, पूर्ण, सङ्गठित, शृङ्खलाबद्ध, स्पष्ट, बोधगम्य, सुसङ्गत र विधागत छ कि छैन् भनेर अध्ययन गरिने् एउटा तरिका भन्ने बुझिन्छ । कृतिपरक अध्ययनका आधारभूत तत्त्वहरूमा सम्बद्धता, विधात्मकता, हेतुत्व, स्वीकार्यता, स्थितिपरकता, सूचनात्मकता, अन्तर्पाठात्मकता आदि परेको पाइन्छ ।

कृतिपरक अध्ययनका माथि वर्णित तत्वहरू मध्ये कुनै एक तत्वलाई बढी महत्त्व दिएर कृतिपरक अध्ययन गर्न आवश्यक रहेकोले प्रस्तुत परिच्छेदमा विधात्मकताका आधारमा उपन्यासलाई विश्लेषण गर्ने तत्त्व अन्तर्गत शीर्षकीकरण, कथावस्तु, चरित्र, परिवेश, विषयसूत्र, भाषा, शैली, उद्देश्य, दृष्टिबिन्दु, कौतूहलता, द्वन्द्व, आदिको परिचय दिइएको पाइन्छ । यिनै तत्त्वहरूलाई आधारमा मान्दै **हीरा** उपन्यासको विधात्मकताका आधारमा कृतिपरक अध्ययन गरिएको छ ।

# परिच्छेद पाँच
# हीरा उपन्यासको कृतिपरक अध्ययन

## ५.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा कविता पौडेलद्वारा रचित **हीरा** उपन्यासको विधातत्त्वका आधार शीर्षकीकरण, संरचना, कथावस्तु, चरित्र, परिवेश, विषयसूत्र, भाषा, शैली, विचार, दृष्टिबिन्दु, कौतूहलता, द्वन्द्व, रूपविन्यास आदि शीर्षक र आवश्यकता अनुसार उपशीर्षकमा विभाजन गरेर अध्ययन गरिएको छ ।

## ५.२ शीर्षकीकरण

**हीरा** उपन्यासको शीर्षकीकरण उपन्यासकी प्रमुख पात्र हीराका आधारमा राखिएको पाइन्छ । हीरा उपन्यासमाको  उपन्यासकी केन्द्रीय पात्रको रूपमा हीरा पात्रको उपस्थिति रहेको पाइन्छ । **हीरा**उपन्यासमा हीराकै केन्द्रीयतामा सम्पूर्ण औपन्यासिक घटनाहरू घटेको देखाइएको छ । उपन्यासको प्रमुख कथावस्तुमा 'हीरा' पात्र उपस्थित रहेको देखाइएको पाइन्छ । उपन्यासको शीर्षकीकरण मुख्य पात्रका आधारमा गरिएकोले सार्थक रहेको पाइन्छ ।

## ५.३ संरचना

**हीरा** उपन्यासमा उपन्यासकारका मष्तिष्कका भावना प्रतिबिम्बित भएको देखाइएको छ । यो उपन्यासमा नेपाली ग्राम्य समाजमा रहेका सामाजिक चरित्र हीरा, अरुण, दीनेश, दीपाहरूका जीवानका यथार्थ घटनाहरूलाई बटुलेर तिनै घटनाक्रमहरूको समन्वयद्वारा हीरा उपन्यासको संरचना निर्माण भएको पाइन्छ । दीपा-दिनेश, हीरा-अरुणका फरक-फरक घरका घटनालाई संयोजन गरेर यो उपन्यासको संरचना निर्माण गरिएको पाइन्छ । दीपा-दिनेशको जीवनमा घटेका घटना र उनीहरूबीच अन्योन्य सम्बन्ध रहेको पाइन्छ भने हीरा-अरुणको जीवनमा घटेका घटना उनीहरू बीच पनि गहिरो सम्बन्ध रहेको पाइन्छ । हरिकला, नर्मदा, मेनका, शिवकुमारी, हरि, नरेश लागायतका पात्र र उनीहरूको जीवनका घटनामा आधारित भएर सम्पूर्ण औपन्यासिक संरचना तयार भएको पाइन्छ ।

## ५.४ कथावस्तु र कथानक

कविता पौडेलद्वारा लिखित **हीरा** उपन्यासमा सामाजिक यथार्थपरक घटनाहरूलाई कथावस्तुका रूपमा प्रयोग गरिएको पाइन्छ ।**हीरा** उपन्यासमा घटना, वस्तु र क्रियाकलापको

आवश्यकता परेको पाइन्छ । परिवेश र चरित्रको विन्यास भएको पाइन्छ । उपन्यास भीत्र यी सबै तत्त्वहरू सम्बद्ध छन् भन्ने देखाउने तत्त्वका नाममा संयोजन भएर बन्ने गुण नै कथावस्तु हो (सुवेदी,२०६४:१८) कतैकतै यसलाई कथानक पनि भनेको पाइन्छ ।

**हीरा** उपन्यासमा घटना, वस्तु र त्रियाको समन्वयबाट कथानक निर्माण भएको पाइन्छ । यो उपन्यासमा हाम्रो समाजमा घट्ने सासूले बुहारीलाई हेला गर्ने, लोग्नेले बहुविवाह गर्ने, अनमेल विवाह गर्ने लगायतका घटनाहरूलाई औपन्यासिक कथानक वा कथावस्तुको रूपमा प्रयोग गरिएको पाइन्छ । उपन्यासको थालनी परिवेशको चित्रणबाट भएको पाइन्छ । जस्तै : "असारको महिना । रातभरि झमझम पानी परेको थियो । तर बिहान भने छ्याङ्गै आकाश खुल्यो, घाम झुल्क्यो र तातो हावा चल्न थाल्यो (पृ.१)।"जस्ता ग्रामीण समाजमा घट्ने यथार्थ घटनाहरूलाई उपन्यासको मुख्य कथानक बनाएको पाइन्छ । उपन्यासमा दीपालाई धेरै सन्तान जन्माउन बाध्य र सुत्केरी अवस्थामा स्याहारसुसार नपाएका महिलाहरूको प्रतिनिधि पात्रको रूपमा उभ्याइएको देखाइएकोछ । दीपाले आफ्नै लोग्नेबाट माया नपाएको देखाइएको छ । दीपाको लोग्ने दिनेशले दीपाको जवानी छादासम्म यौनिक रूपमा माया गरेको, तर दीपा सात सन्तानकी आमा भइसकेर आठौा सन्तान जन्माउने क्रममा उचित स्याहारसुसारको साटो प्रसवव्यथा लागेको बेलामा पनि आफ्नो लोग्नेबाटै काममा जान बाध्य पारिएको उल्लेख गरिएको छ । जस्तै : "दिनेशले झर्केर भनेको छ : किन यति अबेला गरिस् ? भोलिको रोपाइा छ, आज यति धेरै काम सक्नु छ । ता लखर-लखर यति अबेला आउने ? तालाई देख्दा त मलाई पनि दिक्क लाग्न थाल्यो । असार के हो ? भदौ के हो ? सधैा उस्तै । तेरो काम भनेको जहिले पनि खाली छोरा पाउने मात्र भयो । ता घर आएदेखि गतिलोसित काम गरेको कहिल्यै थाहा छैन । जहिले पनि मजाले गोडा पसारेर ध्यू भात खायो सुत्यो बस (पृ.२)र" स्याहारसुसारको अभावमा अशक्त बनेकी दीपाको हेरविचार नगरी दीपाको लोग्ने दिनेशले श्रीमतीको स्याहारसुसार र औषधिउपचार गर्नुको साटो अर्को विवाह गरेर बसेको देखाइएको छ ।

समाजमा महिलाहरूले महिलाका समस्या बुझ्नुको साटो झन् पीडा दिन्छन् भन्ने कुरा दीपाकी सासू मेनकाले बुहारीलाई लागेको सुत्केरीको व्यथामा सहयोग नगरी उल्टै गाली गर्नुबाट पुष्टि भएको छ! भने मेनकाले छोरा दिनेशलाई दोस्रो विवाह गर्न उक्साएकोबाट पनि यो कुरा प्रस्ट भएको पाइन्छ । उपन्यासको भाग दुईमा दिनेशकी बहिनी हरिकलाको बाह्र वर्षको उमेरमा ४५ वर्षको अरुणसाग अनमेल विवाह भएको देखाइएको छ । हीराको लोग्ने अरुणले हीरातिरबाट सन्तान नजन्मेकोले कुलको नाश नहोस् भनेर काका हुतराजको सल्लाहमा हरिकलासाग विवाह गरेको देखाइएको छ । अरुणले कसको कारणले बच्चा नजन्मेको हो भन्ने केही जााचबुझ नै नगरी १२ वर्षकी बालिकासाग बच्चा जन्माउने आशमा विवाह गरेको पाइन्छ । यो विवाहको घटनाबाट हीराको जीवनमा बज्रपात परेको देखाइएको छ ।

उपन्यासको भाग तीनमा हीरा सौता आएको सहन नसकेर घर छोडेर हिाडेको देखाइएको छ । ग्रामीण समाजमा घरभित्र भन्दा बाहिर गरिने् अनेक किसिमका नकारात्मक कुराहरूले हीरालाई घर छोड्न बाध्य बनाएको कुरा उपन्यासमा देखाइएको छ । अरुणले दोस्रो विवाह गरेपछि हीराले घर छोडेर हिडेको र अरुण हीराको खोजीमा लागेको उपन्यासमा देखाइएको छ ।

भाग चारमा दीपा सुत्केरी हुने समयमा देखापरेको पाठेघरको सङ्क्रमण शरीरभरि फैलिएको देखाइएको छ । पाठेघर पनि पाकेर पीप बग्न थालेको देखाइएको छ । हीरा वीभत्स नारीका रूपमा परिणत भएकी र परिवारका लागि एक बोझ भएको कुरा उपन्यासमा देखाइएको छ । जस्तै : "अब त मलाई यस घरमा बस्न पनि मन लाग्न छोड्यो । यो सीनो न मर्ने भई न सन्चो भएर उठ्ने भई । घर नै डुङ्डुङ्ती गनाएको छ, माखा भन्केका छन्, घाउहरू हेरी नसक्नु छन् । मलाई त टप्प टिपेर भीरबाट खसालिदिउँ जस्तो लाग्न थाल्यो । बरु मरिहाले यसको पनि दुःख लुक्ने थियो, यो देखिनसक्ने टन्टा पनि खल्लास हुने थियो (पृ.३७)"। जस्ता भनाइबाट दीपा परिवारको लागि बोझ बनेको कुरा पुष्टि भएको छ । दीपा अशक्त भएपछि दिनेशले नर्मदासाग दोस्रो बिहे गरेको, नर्मदाको व्यवहार उदण्ड किसिमको बनेको, नर्मदाले लोग्ने दिनेशलाई र सौता (दीपा) का छोराहरूलाई एकदमै हेला गर्न थालेको कुरा उपन्यासमा देखाइएको छ । सासू मेनका, लोग्ने दिनेशलाई नर्मदाले अत्यन्तै हेला गरेको कुरा उपन्यासमा देखाइएको छ ।दीपा शारीरिक रूपमा नै पीडित भएकी र लोग्नेले सौता ल्याएपछि दीपालाई झन् पीडा थपिएको पाइन्छ । उपन्यासमा नर्मदाको व्यवहारबाट मेनका र दिनेश पनि पीडित भएको देखाइएको छ । दीपा घरमा भएको अत्याचार सहन नरकेकोले छोराहरू छोडेर माइत गएको देखाइएको छ ।

भाग छमा अरुणले हरिकलासाग विवाह गरे पनि हीरालाई खोजीखबर गरेको देखाइएको छ । अरुणले हीराको खोजीको क्रममा वरिपरि कतै पत्ता नलागेपछि हरिकलालाई अराइसिकाइ गरेर हीराको खोजीमा हिाडेकाछन् । भाग सातमा हीरा घर छोडेर हिाडेपछि अत्यन्त कठिनपूर्वक जङ्गलमा यात्रा गर्दै 'शिव आश्रम' नामक बृद्धाश्रममापुगेको देखाइएको छ ।

भाग आठमा अरुण घरबाट हिाडेर भारततर्फ लागेकाछन् । भाग नौ मा दीपा माइतबाट पाल्पा मिसन अस्पताल गएर स्वाथ्योपचार गरेको देखाइएको छ । दीपाका दाजु गरिबीका कारण उपचार खर्च तिर्न नसक्ने भएपछि भागेर हिाडेकाछन् । दीपाले अस्पतालका कर्मचारीसाग हार गुहार गरेर अस्पतालबाट छुटकरा पाएकीछन् । पाल्पा अस्पतालबाट फर्केपछि घर आएकीछन् । दीपा घर आउादा नर्मदाका कारण दुई छोराले संसार त्यागेर गइसकेका रहेकाछन् । दीपाले नर्मदाको उद्दण्ड व्यवहार सहन नसकेर आरुपाटामा बस्न थालेको देखाइएको छ । दीपा आरुपाटामा बस्दा पनि नर्मदाले दीपालाई शान्तिसाग बस्न नदिएको कुरा उपन्यासमा देखाइएको छ । नर्मदाले दीपाले आरुपाटाको थोरै बारीमा

लगाएको मकै पनि भााचेर लैजाने, दीपालाई अनेक आरोप प्रत्यारोप लगाउने, बेलाबेलामा गएर पिट्ने गरेको सौतेली अत्याचारी व्यवहार उपन्यासमा देखाइएको छ ।

भाग दसमा अरुण हीरालाई खोज्दै ग्वाटि हीराको माइती घर गएकाछन् । त्यहाा उनले आफ्ना घटनाहरू बताएर हीरा हराएकोले आफू हीरालाई खोज्न आएको कुरा बताएका छन् । काकाले अरुणलाई यसरी गाली गरेकाछन् "बेशरम मान्छे र आधा उमेर ढल्केको मान्छेले आफूभन्दा अठ्ठाइस तीस वर्ष कान्छी छोरी जस्ती केटीलाई बिहा गर्न हुन्छ ? त्यो केटी कहिले बढेर जवान भएर सन्तान हुन्छन् र तपाईंको किरिया गर्छन् ? अहिलेदेखि नै तपाईंलाई मरेर पिण्ड खाने लोभ लागिसक्यो हैन ? लोभले गर्दा त्यो कलिली केटीको जीवन बर्बाद गर्न लाग्नुभयो ? तपाईंले आफूबाट सन्तान हुने नहुने पनि त जाँच गराउनु भएको छैन । तपाईंकै कमजोरीले हीराबाट सन्तान नभएको भए अहिलेकी केटीबाट पनि सन्तान हुन्छन् भन्ने के निधो छ त (पृ.८६)?" यसरी अरुणले गाली खाएकाछन्, हीराका दाजु विनोद हीरालाई खोज्न नेपाल आएकाछन् ।

**हीरा** उपन्यासको भाग एघारमा अरुणले विवाह गरेकी हरिकला सोह्र वर्षमा लागेकीछन् । हरिकलालाई माइतीमा नर्मदा भाउजूले झुठा लान्छना लगाएर हेला गर्न लागेकीले हरिकला घर आएकी छन् । हरिकलालाई नर्मदाले अनेक आरोपप्रत्यारोप गरेको वर्णन उपन्यासमा गरिएको पाइन्छ । अरुणले हरिकलालाई घर गएर राम्रो केटा खोजी विवाह गर्न भनेर चिठी पठाएकाछन् । हरिकला बेसाहरा भएर अरुणको घरतिर गएकीछन् । अरुणका काका हुतराजले हरिकला ठूली भए पछि माइतबाट घर आएकीले काम गर्न सक्ने लोभमा खुसी भएका छन् । जस्तै "अब त कति ठूली भैछ, काम मजाले गर्छे सुख हुने भो (पृ.९२)"। भन्दै हुतराजले हरिकलाबाट कामको लोभ गर्न लागेको देखाइएको छ । हुतराजले हरिकलालाई पन्छाएर अरुणको सम्पत्ति हात पार्ने लोभ गर्न लागेकाछन् । हुतराजले हरिकलालाई फसाउने अनेक षड्यन्त्र गर्न लागेको कुरा उपन्यासमा देखाइएको पाइन्छ । हरिकला आफ्नो घरमा बस्न लागेको देखाइएको छ । अरुण जोगीको भेष धारण गरी गाउाको हालखबर बुझ्न आएको देखाइएको छ । हरिकलासाग हीराको बारेमा बुझ्दा उनमा एउटा पवित्र छवि भेटाएका छन् । अरुणले हुतराज काका र गाउाले लगायतसाग हालखबर बुझ्दै हिाडेको देखाइएको छ । अरुणका काकाका बाबुछोरा मिलेर हरिकलालाई मारेर पसाडमा झुन्ड्याएको चर्चा उपन्यासमा गरिएकोछ । हुतराजका बाबुछोरा मिलेर हरिकलालाई झुण्डाएर मारेर उसको जीवन लीला समाप्त भएको कुरा उपन्यासमा देखाइएको छ ।

**हीरा** उपन्यासको भाग बाह्रमा नर्मदाले कुटेपछि थला परेकी दीपा झन् थला परेको कुरा उपन्यासमा देखाइएको छ । दीपाले दिनेशसाग नर्मदाको कूकर्मको बारेमा कुरा गरेको देखाइएको छ । दीपाले दिनेशसाग कुरा गरेको थाह पाए पछि नर्मदा फेरी आएर दीपालाई मरणासन्न हुने गरी कुटेको देखाइएको छ । दीपाका छोराहरू घरमा आए पछिदीपाले उनीहरूलाई अराइसिकाइ गरेकी छन् । जस्तै "भो अब मेरा निम्ति तिमीहरूले दुख नगर ।

मेरो बााच्ने आश छैन । म मरिहालो भने पिर नगर्नू । हिम्मत नहारेर अघि बढ्दै गयौ भने तिमीहरूले ठूल्ठूलो काम गर्न सक्नेछौ । बिहा गरेपछि आ-आफ्नी दुलहीहरूलाई सधै भरी माया गर्नु, कहिल्यै पनि हेला नगर्नु । दुलहीमाथि कहिल्यै पनि सौता नहाल्नु (पृ.१०५)।" भन्दै आफूले जस्तो पीडा बुहारीहरूले भोग्नु नपरोस भन्ने कुरा उपन्यासमा अभिव्यक्त गरिएको छ । दीपाले छोराहरू यताउति लागेपछि आफू बस्ने छाप्रोमा आगो लगाई आफ्नो जीवनलीला समाप्त गरेकीछन् ।

उपन्यासको भाग तेह्र नर्मदालाई ४० वर्षको उमेरसम्म पनि छोराछोरी भएकाछैनन् । नर्मदाको बारेमा यसरी "बिहा भएको पनि बीस वर्ष बितिसक्यो तर सन्तानको मुख देख्नै पाइएन । भाकल र पूजाको पनि केही लागेन भन्दै उनी लामो सास फेरेर पुर्पुरामा हात राखी टोलाउन थालिन् । मेनका रोगिइन् (पृ.१०७)।"भन्दै नर्मदाको अत्याचार चरम अवस्थामा पुगेको, उनले रोगी सासू र श्रीमान्लाई पनि खान नदिई आफौ मात्र खाएको, सम्पत्तिको धाक लगाउन लगाएको । जस्तै "मैले त खाए, तिम्रा खलकले आफौ पकाएर खाओ । तिमीहरूको रित्तो चाकरी गर्नु भन्दा बरु माइतै गएर हाइसन्चले बस्छु । यो मेरो सम्पत्तिमा उतैबाट आएर खेती लगाउाछु र उतै लैजान्छु पृ.१०८)।" भनेको जस्ता भनाइहरू नर्मदाको घमन्डको चरम शिखरको रूपमा उपन्यासमा आएकाछन् । नर्मदाका माइतमा बाबुको प्रधानपञ्चबाट अवसान भइसकेको, भाउजू, बुहारीले पनि नटेरेको देखाउादै नर्मदाको सेखी झरेको कुरा उपन्यासमा देखाइएको छ ।

उपन्यासको भाग चौधमा अरुण जोगीको भेष लिएर गाउामा आएको देखाइएको छ । अरुणले हरिकलालाई काकाले मारेको थाहा पाएपछि रातमा आएर काकाको परिवारलाई तर्साएर सजाय दिन लागेको कुरा उपन्यासमा अभिव्यक्त गरिएको छ । अरुणका काकाहरूले पनि हरिकलालाई गल्ती गरेकोले डराएको कुरा उपन्यासमा देखाइएको छ । अरुणले तर्साउादा हरिकला भूत बनेर आएको भनेर भाग्न खोज्दा झ्यालबाट लडेर विनयको ज्यान गएको छ । हुतराजको हात भााचिएको छ । जस्तालाई तस्तै ढिाडालाई निस्तै भने झौ हुतराजहरूको पनि अवशान भएको कुरा उपन्यासमा देखाइएको छ ।

**हीरा** उपन्यासको भाग पन्ध्रमा हीरा शिवकुमारी आश्रममा बस्न लागेकीछन् । एकदिन त्यहीा बस्दै गर्दा आश्रम नजिकमा एउटा बच्चा फेला परेको छ । त्यो बच्चालाई हीराले स्याहारसुसार गरेर राखेकी र हुर्काएकी हुनाले त्यस बच्चालाई हीराको छोरोको हरि नामकरण गरिएको चर्चा उपन्यासमा गरिएको छ ।

उपन्यासको भाग सोह्रमा शिवकुमारीको बालक उमेरमा बृद्धसाग अनमेल विवाह भएको र श्रीमानको मृत्यु पश्चात माइतमा बसेको, उनका फुपूहरू पनि विधवा भएकोले फुपू भदै मिलेर शिव आश्रम चलाएको कुराको चर्चा गरिएको छ । हरि पनि हुर्किएर स्कुल जाने भएको छ । भाग सत्रमा दीपाका छोराहरूले आफ्नो घर कब्जा गरेको चर्चा छ । नर्मदा रिसले मुर्मुरिएको र दिनेश खुसी भएको चर्चा छ । भाग अठारमा शिव आश्रमका बृद्धबृद्धाहरू

तीर्थ गर्न भारतको बनारसतिर जाने भएको, हीरा पहिले पनि भारत गएकी हुनाले उनीसागै सबैजना तीर्थ गर्न हिडेको, भारतमा हीरा र अरुणको भेट भएको र भेट पछि उनीहरू अत्यन्त खुसी भएको कुरा उपन्यासमा उल्लेख गरिएको छ । जोगीको भेष लिएका अरुण सामान्य भेषमा तीर्थयात्रीसागै नेपल फर्केको चर्चा उपन्यासमा गरिएको छ । भाग उन्नाइसमा हीरा र अरुणको मिलन भएको देखाइएको छ । उनीहरू पनि आसाम घुम्दै गाउा फर्केकाछन् । भाग बीसमा शिव दिदीको सङ्घर्षको प्रशंसा गरिएकोछ । अरुण र हीरा पनि गाउामा आएर समाज सेवा गर्ने आशयले 'हरिकला सेवा आश्रम' नामक आश्रम बनाएर समज सेवामा गर्नको लागि आफ्नो मनलाई फराकिलो बनाएर सेवा गर्न लागेको र यसरी यो उपन्यास संयोगमा टुङ्गिएको देखाइएको छ ।

**हीरा** उपन्यासमा छोरालाई मात्र खास सन्तान र पुरुषार्थी ठान्ने समाजमा शिवकुमारीले छोरी पनि असल, उद्यमी, समाजसेवी सन्तान हुन सक्छन् भन्ने बाटो देखाएकी छन् । हीरा उनकी ज्यादै योग्य र असल चेलीको रूपमा उपन्यासमा आएकीछन् । शिवकुमारी कै सङ्गतले अरुणले पनि समाज सेवाको बाटो आगालेको देखाइएको छ । नेपाली समाजमा सन्तान जन्माउन नसक्नेहरू जीवनभर तड्पेर रोइरहेका देखिन्छन् । तर हीराले हृदयको माया बढ्न सक्नेका निम्ति जसको सन्तान पनि आफ्नो सन्तान बन्न सक्छ भन्ने आदर्श देखाएकी छन् । अज्ञानी छादा जुन सौताको चिन्ताले गर्दा घर छोडेकी थिइन्, ज्ञानी भएपछि उनकै नाममा आश्रम खोल्ने विशाल हृदय देखाएकीछन् । आश्रममा हुर्केका हरि आदर्श आमाका आदर्श सन्तान बनेकाछन् । हीराको समाज सेवाले धेरै मानिसलाई प्रेरित गर्दै गएको देखाइएको छ । उनको प्रसङ्ग चल्नासाथ मानिसहरू उनी हजारौा वर्षसम्म मानिसको हृदयमा चम्किरहने साच्चिकै हीरा हुन् भन्न थालेको कुरा उपन्यासमा देखाइएको छ । यसरी**हीरा** उपन्यासको कथानक सामाजिक विषयवस्तुमा आधारित रहेर अगाडि बढेको देखिन्छ ।

### ५.४.१ कथानकको ढाचा

**हीरा** उपन्यासको कथानक ढाचा रैखीय प्रकारको रहेको छ । यसको कथानक एक पछि अर्को गर्दै घटनाहरू अगाडि बढेकाछन् । दीपा-दिनेशकाघटनाबाट औपन्यासिक घटनाक्रमको थालनी भएको देखाइएकोछ । हीरा र अरुणको घटनाबाट कथाको ढाचा अगाडि बढेकोछ । मेनकाको दवावका कारण दिनेशले दोस्रो विवाह नर्मदासाग गरेको देखाइएकोछ भने अरुणले हीराबाट बच्चा नभएका कारण काका हुतराजको दवावबाट दोस्रो विवाह गरेको देखाइएकोछ । उपन्यासमा अरुणले दोस्रो विवाह गर्नुबाट कथानक ढाचामा अर्को मोड आएको छ ।

दिनेशकी बहिनी हरिकलाको विवाह अरुणसाग भएको देखाइएकोछ । त्यसैले उपन्यासमा वर्णित परिवार एक अर्काका नाता सम्बन्धित परिवारको रूपमा आएकाछन् । यी दुबै परिवारमा समान किसिमका समस्याहरू देखा परेकाछन् । नरेश प्रधानकी छोरी नर्मदाले

आफ्नो परिवारमा सासू, लोग्ने, सौता र उसका छोराछोरीलाई निकै हेला गरेको देखाइएको छ । यता अरुणले काकाको जबरजस्तीमा आफूले विवाह गरेको भन्दै हरिकलालाई अर्को केटा खोजेर विवाह गरी यही घरमा बस्नु भन्ने अराएर आफू परदेशिएको देखाइएकोछ । फेरी हीरा पनि आफू माथि सौता भोग्नु परेकोले जस्तै “महिलाहरूको जीवनमा सबभन्द दु:खको दिन लोग्नेले सौता ल्याउने दिन त रहेछ नि (पृ.२४)भ” भन्दै आफूलाई परेको पीढा सोचिरहेको देखाइएको छ । उपन्यासमा देखाइएको यो पीर हीराको अन्तर्द्वन्द्वात्मक पीरको रूपमा आएको देखिन्छ । त्यस माथि बिमला काकीका जस्तै “...के भाकी आइमाई होली, विहाको दिन यसरी हिड्न लाज पनि नलाग्ने भ आफूबाट सन्तान नभए पछि लोग्नेले अर्को विवाह गरिहाल्छन् नि त । कर्ममा नभए पछि बौलाएर हुन्छ र (पृ.२४)?” भन्ने भनाइले यस उपन्यासको कथानक ढााचामा नयाा मोड आएको देखाएको छ ।

अरुणले पनि हरिकलालाई विवाह गरेर ल्याए पछि पहिला हीराको खोजी गरेको देखाइएको छ । हीरा नभेटिए पछि उसलाई नराम्रो लागेको चर्चा गरिएको छ । अरुणले नवविवाहित श्रीमती हरिकलाको वास्ताविस्ता नगरी पहिलाकी श्रीमती हीराको खोजी गरेको देखाइएको छ ।

हीरा पनि घरमा सौता ल्याएको हेर्न हुादैन भनेर घरबाट हिडेकी मान्छेलाई धेरै बेरसम्म कसैले खोजी खबर नगरे पछि र विमला काकीको गाली सुनेर आत्महत्या गर्ने सुर कसेर जंगलतिर लागेकी छन् तर आत्महत्या भने नगरेको उपन्यासमा देखाइएको छ । हीराले अनेकौा दु:खकष्ट झेल्दै शिवकुमारी आश्रम सम्म पुगेकीछन् । त्यहीा एउटा बच्चाभेटिएको र त्यो बच्चालाई हीराको छोरा हरि नामकरण गरिएको चर्चा छ । उता दिनेश पनि नवविवाहित श्रीमती नर्मदाको उदण्डव्यवहारले दीक्क बनेको छ । दीपाका छोराहरू ठूला भएर घरआएर घर कब्जागरेर बसेको कुरा उपन्यासमा देखाइएको छ ।

अरुण हीराको खोजीमा घरमा भर्खर विवाह गरेकी श्रीमतीलाई सबै सम्पत्ति तिम्रो भयो,अर्को राम्रो केटो हेरेर विहे गरेर यही घरमा बस्नु भनेर अराइ सिकाइ गरेर घर छोडेर हिडेका छन् । अरुणले हुतराजलाई चाबी दिएर माइत जानु भनि हरिकलालाई अराइ सिकाइ गरेर हीराको खोजीमा हिडेकाछन् । हरिकलालाई हुतराजको परिवारले सम्पत्ति हत्यउने निउमा हत्या गरेरै छाडेका छन् । अरुणले भेष बदलेर जोगीको रूपमा आएर घरको अनुगमन गरिरहेका हुन्छन् । हुतराज र उनको छोरा विनोद मिलेर हरिकलाको हत्या गरेका छन् । यसरी हरिकलाको अन्त्य भएको छ ।

अरुण जोगीको भेषमा भारतका विभिन्न ठाउामा हीराको खोजीमा हिडिरहेको देखाइएको छ । संयोग वश हीरा शिवआश्रमका महिलाहरूलाई तीर्थ गर्नको लागि भारतको वनारस गएको समयमा त्यही हीरा र अरुणको भेट भएको देखाइएको छ । जोगीको भेषमा बसेका अरुणले भेष बदलेर आफ्नो सक्कली भेषमा आइ हीरासाग चिनाजानी गरेका छन् । तीर्थालु टोली साागै अरुण पनि घर फर्केका छन् । हरिकलालाई हुतराज र विनय मिलेर

मारेको कुरा थाहा भएको छ । पछि अरुण र हीराले आफ्नो सम्पूर्ण सम्पत्ति खर्चेर 'हरिकला सेवा आश्रम' नामक आश्रमखोलेका छन् ।

दीपाले सौताको अत्याचार खप्न नसकेर आत्महत्या गरेर प्राण त्याग गरेकी छन् । दिनेशका छोराहरू ठूलाभएका छन् । नर्मदाका बच्चा भएका छैनन् । नर्मदाको सेखी झरेको छ । दिनेशका छोराहरू आएर घरमा बस्न थालेका छन् । उता हीरा अरुण र हरि पनि सागै बस्न थालेका छन्, यसरी हीरा उपन्यासको कथानक ढाँचा दुई परिवारको दुई रेखामा समानान्तर गतिमा अगाडि बढेकाले यसको कथानक ढाँचा रैखीय रहेको देखिन्छ ।

### ५.४.२ कथानकको स्रोत

हीरा उपन्यासको कथानकको स्रोत यथार्थमूलक अनुभवमा आधारित रहेको छ । यस उपन्यासका पात्रहरू दीपा-दिनेश-नर्मदा, हीरा-अरुण-हरिकला, आदिका जीवनीक्रममा आधारित कथावस्तु भएकोले कथावस्तुको स्रोत यथार्थमूलक अनुभवमा आधारित हुादा हुादै पनि कतै कतै स्वैरकल्पनाको पनि प्रयोग गरिएको पाइन्छ । जस्तो की शिव आश्रममा बालक भेटिनु यथार्थ नहुन पनि सक्छ । अरुणले भुत बनेर सताउने काम यथार्थ नहुन पनि सक्छ । तर पनि यस्ता घटनाहरू समाजका कुनै न कुनै ठाउामा घटेको देखिने हुनाले यसको कथानकको स्रोत यथार्थ मूलक अनुभवमा आधारित रहेको देखिन्छ । मुख्य कथानकको श्रोत समाज रहेको देखिएको छ ।

दीपा-दिनेश, हीरा-अरुण, नर्मदा, हरिकला, हुतराज, नरेश जस्ता पात्रहरू नेपाली समाजका यथार्थ पात्रको रूपमा आएका छन् । यिनीहरूका वरिपरि घटेका घटनाहरू पनि नेपाली समाजमा आधारित यथार्थ घटना हुन् । त्यसैले **हीरा** उपन्यासको कथानकको स्रोत सामाजिक यथार्थमूलक अनुभवमा आधारित रहेको पाइन्छ ।

### ५.४.३ कथानकको प्रकार

आख्यानको कथानक कस्तो छ भन्ने जानकारी लिनको लागि आख्यानको प्रकारमा चर्चा परिचर्चा गरिन्छ । **हीरा**उपन्यासको कथानकलाई मुख्य र सहायक कथानकका आधारमा विभाजन गरेर अध्ययन गरिएको छ ।

**हीरा** उपन्यासको कथानकलाई मुख्य र सहायक कथानक गरी दुई भाागमा अध्ययन गर्न सकिन्छ । यो उपन्यासमा हीरा, अरुण र हरिकलाको कथानक मुख्य कथानको रूपमा आएको छ । भने दीपा, दिनेश र नर्मदाको कथानक सहायक कथानकको रूपमा आएको पाइन्छ । यसमा मुख्य कथानकलाई सहायक कथानकले सहयोग पुऱ्याएको पाइन्छ ।

उपन्यासमा मुख्यकथानकमा प्रवेश गर्नु अघि सहायक कथानक आएको पाइन्छ । उपन्यासको थालनीमा आख्यानकारले दीपा र दिनेशको कथानकलाई अगाडि ल्याएर

कथानकलाई अगाडि वढाएकी हुनाले दिनेशकी श्रीमती दीपाका सात छोराहरू भइसकेका र उनी आठौं सन्तान जन्माउने क्रममा रहेकी छन् । बच्चा जन्माउने क्रममा स्वास्थ्य विग्रेकी दीपाको स्वस्थ्य उपचार गर्न पट्टि नलागि नरेश प्रधानकी छोरी नर्मदासाग विवाह गर्न पुगेको छ । नर्मदाको घमण्डी स्वभाव र नराम्रो बानीका कारण दिनेश र दिनेशकी आमा मेनका निकै दुःखी भएको देखाइएको छ । दिनेशकी बहिनी हरिकलाको विवाह अरुणसाग भए पछि सहायक कथानकमा मुख्य कथानक जोडिन आएको देखिन्छ ।

राम्रोसाग मिलेर बसेका हीरा र अरुणको जीवनमा बच्चा नजन्मिदा अरुणलाई उनका काका हुतराजले विवाह गर्न कर लगाएकाले ४५ वर्षीया अरुणले १२ वर्षकी हरिकलासाग विवाह गरेको देखाइएको छ । अरुणले हरिकलासाग विवाह गरे पनि हरिकलाप्रति उनको माया पलाएको देखिदैन् । अरुणले आफ्नी पहिली श्रीमती हीरालाई बिर्सन नसकेर हरिकलासाग विवाह गरेर आउादा हीरा घरमा नभएकोमा अरुण निकै दुःखी भएको देखाइएको छ । अरुणले हीराको खोजीमा घर त्यागेर हिडेको छ । अरुणले हरिकलालाई अर्को केटा खोजेर विवाह गरि आफ्नै घरमा बस्ने अनुमति दिएर हीराको खोजीमा निस्केको देखाइएको छ । अरुण धेरै समय सम्म हीराकै खोजिमा लागिरहेको देखिन्छ । यसक्रममा बीचमा जोगीको भेष लिएर घरमा आएर त्यतातिरको हालखवर पनि बुझिरहेको पाइन्छ । धेरै समय पछि अरुणको भेट हीरासाग भएको छ । हीरा र अरुणको संयोगान्तमा उपन्यास टुङ्गिएको देखिन्छ ।

यसरी समग्रमा **हीरा**उपन्यासको कथानक मुख्य र सहायक कथानकमा विभाजित भएर अगाडि बढेको देखिन्छ । मुख्य कथानक बच्चा नजन्मिदा घट्न पुगेको देखिन्छ भने सहायक कथानक धेरै बच्चा भएका कारणले घटेको देखिन्छ । सहायक कथानकमा विशृङ्खलता आएको छ भने मुख्य कथानक एउटा सेवामूलक चेतना दिने किसिमको देखिन्छ । समाजमा बच्चा नभए पनि त्यति धेरै चिन्तित बन्नु नपर्ने, मुख्य रूपमा पारिवारिक मेलमिलाप हुनुपर्छ भन्ने सन्देस दिएको पाइन्छ ।

### ५.४.४ कथानकको आिक विकास

**हीरा** उपन्यासको आिक विकास निम्नानुसार भएको छ :

### (क) आरम्भ

**हीरा** उपन्यासमा सामाजिक यथार्थपरक घटनाहरूलाई कथावस्तुका रूपमा प्रयोग गरेर रचना गरिएको पाइन्छ । यस उपन्यासमा हाम्रो समाजमा घट्ने सासूले बुहारीलाई हेला गर्ने, लोग्नेले बहुविवाह गर्ने, अनमेल विवाह गर्ने लगायतका घटनाहरूलाई औपन्यासिक विषयवस्तुको रूपमा प्रयोग गरिएको पाइन्छ । यस उपन्यासको आरम्भ परिवेशको चित्रणबाट भएको पाइन्छ । जस्तै “असारको महिना । रातभरि झमझम पानी

परेको थियो । तर बिहान भने छ्याङ्गै आकाश खुल्यो, घाम झुल्क्यो र तातो हावा चल्न थाल्यो (पृ.१)।" बाट कथानकको आरम्भ भएको देखिन्छ ।

यस उपन्यासमा ग्रामीण समाजमा घट्ने यथार्थ घटनाहरूलाई उपन्यासको मुख्य विषयवस्तु बनाएको पाइन्छ । उपन्यासमा दीपालाई धेरै सन्तान जन्माउन बाध्य र सुत्केरी अवस्थामा स्याहारसुसार नपाएका महिलाहरूको प्रतिनिधि पात्रको रूपमा उभ्याइएको देखिन्छ । दीपाले आफ्नै लोग्नेबाट माया पाएकी छैन । उसको लोग्ने दिनेशले दीपाको जवानी छादासम्म यौनिक रूपमा माया गर्छ, तर दीपा सात सन्तानकी आमा भइसकेर आठौा सन्तान जन्माउने क्रममा उचित स्याहारसुसारको साटो प्रसवव्यथा लागेको बेलामा पनि आफ्नो लोग्नेबाटै काममा जान बाध्य पारिएको छ । दिनेशले झर्केर भनेको छ : "किन यति अबेला गरिस् ? भोलिको रोपाइा छ, आज यति धेरै काम सक्नु छ । ता लखर-लखर यति अबेला आउने ? तालाई देख्दा त मलाई पनि दिक्क लाग्न थाल्यो । असार के हो ? भदौ के हो ? सधैा उस्तै । तेरो काम भनेको जहिले पनि खाली छोरा पाउने मात्र भयो । ता घर आएदेखि गतिलोसित काम गरेको कहिल्यै थाहा छैन । जहिले पनि मजाले गोडा पसारेर ध्यू भात खायो सुत्यो बस (पृ.२) र"

दिनेशले स्याहारसुसार र औषधि उपचारको अभावमा अशक्त बनेकी श्रीमती दीपाको हेरविचार नगरी अर्को विवाह गरेर बसेको छ । यो कथाको आरम्भ हो । यो सागै समाजमा महिलाहरूले महिलाका समस्या बुझ्नुको साटो झन् पीडा दिन्छन् भन्ने कुरा दीपाकी सासू मेनकाले बुहारीलाई लागेको सुत्केरीको व्यथामा सहयोग नगरी उल्टै गाली गर्नु जस्तै "...कसैले नपाएका छोराछोरी पाएकी भ पहिलेका आइमाईहरू दश पन्ध्रओटा सन्तान पाए पनि सजिलै हुर्काउाथे । घाास दाउरा गर्न गएका बेला उतै जन्माएर दुइटै भारी बोकी घर फर्कन्थे र पनि कुनै ठाागेले भेटाउन्नथ्यो । ता बल्ल सातओटाकी आमा त भइस् नि (पृ.२)भ" बाट पुष्टि भएको छ भने मेनकाले छोरा दिनेशलाई दोस्रो विवाह गर्न उक्साएकोबाट पनि यो कुरा प्रस्ट भएको छ ।

उपन्यासको भाग दुईमा दिनेशकी बहिनी हरिकलाको बाह्र वर्षको उमेरमा ४५ वर्षको अरुणसाग अनमेल विवाह भएको छ । हीराको लोग्ने अरुणले हीरातिरबाट सन्तान नजन्मेकोले कुलको नाश नहोस् भनेर काका हुतराजको सल्लाहमा हरिकलासाग विवाह गरेको छ । यहाा सम्म उपन्यासको आरम्भ भागको रूपमा आएको छ ।

**(ख) सङ्घर्ष विकास**

**हीरा** उपन्यासको आरम्भ दीपा र दिनेशका घटनासागै अरुणले हरिकलासाग विवाह गरिसकेपछि उपन्यासमा आकस्मिक घटना वा परिस्थितिको सिर्जना भई हीरा घर छोडे पछि नयाा समस्या पैदा भएर सहभागी पात्र र परिस्थितिका बीचमा सङ्घर्षको थालनी भएको पाइन्छ । यसलाई सङ्घर्ष विकास भनिन्छ (लुइटेल,२०६३:२२३)। उपन्यासमा अरुणले कसको

कारणले बच्चा नजन्मेको हो भन्ने केही जाँचबुझ नै नगरी १२ वर्षकी बालिकासाग बच्चा जन्माउने आशमा विवाह गरेको छ । यो विवाहको घटनाबाट हीराको जीवनमा बज्रपात परेको देखाइएको छ । उपन्यासको भाग तीनमा हीरा सौता आएको सहन नसकेर घर छोडेर हिडेको देखाइएको छ । यो घटनाबाट उपन्यासमा सङ्घर्ष विकासको थालनी भएको देखिन्छ ।

ग्रामीण समाजमा घरभीत्र भन्दा बाहिर गरिने् अनेक नकारात्मक कुराहरूले हीरालाई घर छोड्न बाध्य बनाएको पाइन्छ । अरुण हीराको खोजीमा लागेको देखिन्छ । भाग चारमा सुत्केरी हुने समयमा देखापरेको पाठेघरको सङ्क्रमण दीपाको शरीरभरि फैलिएको, पाठेघर पनि पाकेर पिप बग्न थालेर, दीपा वीभत्स नारीका रूपमा परिणत भएकी र परिवारका लागि एक बोझ भएको चर्चा उपन्यासमा गरिएको छ । यो पनि उपन्यासको कथानकको सङ्घर्षको विकास को रूपमा आएको हो । जस्तै “अब त मलाई यस घरमा बस्न पनि मन लाग्न छोड्यो । यो सीनो न मर्ने भई न सन्चो भएर उठ्ने भई । घर नै डुङ्डुङ्ती गनाएको छ, माखा भन्केका छन्, घाउहरू हेरी नसक्नु छन् । मलाई त टप्प टिपेर भीरबाट खसालिदिउफ जस्तो लाग्न थाल्यो । बरु मरिहाले यसको पनि दुःख लुक्ने थियो, यो देखिनसक्ने टन्टा पनि खल्लास हुने थियो (पृ.३७)।” जस्ता भनाइबाट दीपा परिवारको लागि बोझ बनेको कुरा पुष्टि भएको देखिन्छ ।

दीपा अशक्त भएपछि दिनेशले नर्मदासाग दोस्रो बिहे गरको देखाइएको छ । नर्मदाको व्यवहार उदण्ड किसिमको देखापरेको पाइन्छ । नर्मदाले लोग्ने दिनेशलाई र सौता (दीपा) का छोराहरूलाई एकदमै हेला गरेको देखाइएको छ । नर्मदाले सासू मेनका र लोग्ने दिनेशलाई पनि अत्यन्तै हेला गरेको देखाइएको छ । दीपा शारीरिक रूपमा नै पीडित देखिन्छिन् भने झन् नर्मदाको शारीरिक यातनाले झन पीडा थपेको पाइन्छ । साथमा मेनका र दिनेश पनि पीडित देखिएका छन् । दीपा घर छोडेर माइत गएको देखाइएको छ । कथानकको सङ्घर्ष माथि-माथि चढ्दै गएको देखिन्छ ।

भाग छ मा अरुणले हरिकलासाग विवाह गरे पनि हीराको खोजीखबर गर्नु, वरिपरि कतै पत्ता नलागेपछि हरिकलालाई अराइसिकाइ गरेर हीराको खोजीमा हिड्नु, भाग सातमा हीरा घर छोडेर हिडेपछि अत्यन्त कठिनपूर्वक जङ्गलमा यात्रा गर्दै ‘शिव आश्रम’ नामक बृद्धाश्रममा पुग्नु, भाग आठमा अरुण घरबाट हिडेर भारततर्फ लाग्नु, भाग नौमा दीपा माइतबाट पाल्पा मिसन अस्पताल गई उपचार गर्न गर्नु, दीपाका दाजुले गरिबीका कारण उपचार खर्च तिर्न नसक्ने भएपछि भागेर हिड्नु, दीपाले अस्पतालका कर्मचारीसाग हार गुहार गरेर अस्पतालबाट छुटकरा पाउनु, त्यहााबाट फर्केपछि उनी घर आउनु, घर आउादा नर्मदाका कारण दुई छोराले संसार त्यागेर गइसकेका हुनु, दीपाले नर्मदाको उद्दण्ड व्यवहार सहन नसकेर आरुपाटामा बस्न थाल्नु, त्यहाा बस्दा पनि नर्मदाले दीपालाई शान्तिसाग बस्न नदिनु, आरुपाटाको थोरै बारीमा लगाएको मकै पनि भााचेर लैजानु, दीपालाई अनेक आरोप

प्रत्यारोप लगाउनु, बेलाबेलामा गएर पिट्नु आदि औपन्यासिक घटनाको सङ्घर्ष विकासको रूपमा आएको देखिन्छ ।

भाग दसमा अरुण हीरालाई खोज्दै ग्वाटि हीराको माइती घर गएको देखाइएको छ । त्यहाा अरुणले आफ्ना घटनाहरू बताएर हीरा हराएको र खोज्न आएको बताएको पाइन्छ । काकाले अरुणलाई यसरी गाली गरेका छन् जस्तै "बेशरम मान्छे र आधा उमेर ढल्केको मान्छेले आफूभन्दा अठ्ठाइस तीस वर्ष कान्छी छोरी जस्ती केटीलाई बिहा गर्न हुन्छ ? त्यो केटी कहिले बढेर जवान भएर सन्तान हुन्छन् र तपाईंको किरिया गर्छन् ? अहिलेदेखि नै तपाईंलाई मरेर पिण्ड खाने लोभ लागिसक्यो हैन ? लोभले गर्दा त्यो कलिली केटीको जीवन बर्बाद गर्न लाग्नुभयो ? तपाईंले आफूबाट सन्तान हुने नहुने पनि त जाँच गराउनु भएको छैन । तपाईंकै कमजोरीले हीराबाट सन्तान नभएको भए अहिलेकी केटीबाट पनि सन्तान हुन्छन् भन्ने के निधो छ त (पृ.८६) ?" यसरी अरुणले गाली खाए र विनोद हीरालाई खोज्न नेपाल आएको देखाइएको छ । यसरी **हीरा** उपन्यासमा कथानक सङ्घर्ष विकासमा माथि चढेको पाइन्छ ।

**(ग) चरमोत्कर्ष**

उपन्यासमा औपन्यासिक कथानकले उत्कर्षको माथिल्लो शिखरमा चढ्नु चरमोत्कर्ष भाग हो । यो औपन्यासिक कथानक विकास क्रमको मध्य भागको रूपमा आएको पाइन्छ । **हीरा** उपन्यासमा भाग एघारमा अरुणले विवाह गरेकी हरिकला सोह्र वर्षमा लागिन्, माइतीमा नर्मदा भाउजूले हेला गरेको देखाउनु । स्वच्छ चरित्रकी हरिकलालाई अनेक आरोपप्रत्यारोप गर्न लागेको देखाइएको छ । अरुणले हरिकलालाई घर गएर राम्रो केटा खोजी विवाह गर्न भनेर चिठी पठाएको छ । हरिकला बेसाहरा भएर अरुणको घरतिर गएकीछन् । अरुणका काका हुतराजले "अब त कति ठूली भैछ, काम मजाले गर्छे सुख हुने भो (पृ.९२)।" भन्दै कामको लोभ गरेका छन् । हुतराजले हरिकलालाई पन्छाएर अरुणको सम्पत्ति हात पार्ने लोभ गरेका छन् । हरिकलालाई फसाउने अनेक षड्यन्त्र गर्नु, हरिकला आÇनो घरमा बस्न थालेकी छन् । अरुण जोगीको भेष धारण गरी गाउाको हालखबर बुझ्न आएका छन् । अरुणले हरिकलासाग हीराको बारेमा बुझको र उनमा एउटा स्वच्छ छवि भेटाएको देखाइएको छ । अरुणले हुतराज काका र गाउालेहरूसाग हालखबर बुझ्दै हिाडेका छन् । काकाका बाबुछोरा मिलेर हरिकलालाई मारेर पसाडमा झुन्ड्याएर हत्या गरेका छन् । हरिकलाको चोला समाप्त भएको छ । यो घटनाबाट औपन्यासिक कथानक चरम शिखरमा पुगेको पाइन्छ ।

भाग बाह्रमा नर्मदाले कुटेपछि थला परेकी दीपा अझै थला परेकी छन् । दिनेशसाग दुख बिसाएकी छन् । नर्मदा आएर फेरि दीपालाई कुटेकी छन् । दीपाले छोराहरू घर आएपछि उनीहरूलाई अराइसिकाइ गरेकी छन् । जस्तै "भो अब मेरा निम्ति तिमीहरूले दुख नगर । मेरो बााच्ने आश छैन । म मरिहालो भने पिर नगर्नू । हिम्मत नहारेर अघि बढ्दै

गयौ भने तिमीहरूले ठूलठूलो काम गर्न सक्नेछौ । बिहा गरेपछि आ-आफ्नी दुलहीहरूलाई सधैं भरी माया गर्नु, कहिल्यै पनि हेला नगर्नु । दुलहीमाथि कहिल्यै पनि सौता नहाल्नु (पृ.१०५)।" भन्दै सम्झाएकी छन् । दीपाले छोराहरू यताउति लागेपछि आफू बस्ने छाप्रोमा आगो लगाई आफ्नो जीवनलीला समाप्त गरेकी छन् । यहाा सम्मको कथानक उपन्यासको चरमोत्कर्ष भागको रूपमा आएको पाइन्छ ।

**(घ) सङ्घर्षह्रास**

आख्यानात्मक घटनाक्रम छिन्न भिन्न भएर विस्तारित घटनाक्रम र प्रस·हरू एकत्रित हुने तथा द्वन्द्व शिथिल हुने अवस्थालाई सङ्घर्सह्रास भनिन्छ (लुइटेल,२०६३:२२४)। **हीरा** उपन्यासको भाग १३ नर्मदालाई ४० वर्षको उमेरसम्म पनि छोराछोरी नभएको देखाइएको छ । जस्तै "बिहा भएको पनि बीस वर्ष बितिसक्यो तर सन्तानको मुख देख्नै पाइएन । भाकल र पूजाको पनि केही लागेन भन्दै उनी लामो सास फेरेर पुर्पुरामा हात राखी टोलाउन थालिन् । मेनका रोगिइन । ...मैले त खाए, तिम्रा खलकले आफै पकाएर खाओ । तिमीहरूको रित्तो चाकरी गर्नु भन्दा बरु माइतै गएर हाइसन्चले बस्छु । यो मेरो सम्पत्तिमा उतैबाट आएर खेती लगाउाछु र उतै लैजान्छु(पृ.१०८)।" यो भनाइ नर्मदाको घमन्डको चरम शिखरको रूपमा आएको छ ।  नर्मदाको माइतमा बाबुको प्रधानपञ्चबाट अवसान भइसकेको देखाइएको छ । भाउजू, बुहारीले पनि नटेरेपछि उनको सेखी झरेको छ । भाग चौधमा अरुण जोगीको भेष लिएर गाउामा आएको देखाइएको छ ।

अरुणले हरिकलालाई काकाले मारेको थाहा पाएपछि रातमा आएर उनको परिवारलाई तर्साएर सजाय दिन लागेको देखाइएको छ । उनीहरू पनि गल्ती गरेकोले डराएका छन् । अरुणले तर्साउादा हरिकला भूत बनेर आएको भनेर भाग्न खोज्दा विनयको ज्यान गएको देखाइएको छ । हुतराजको हात भााचिनु, जस्तालाई तस्तै ढिडालाई निस्तै भने झैं उनीहरूको अवशान भएको देखाइएको छ । भाग पन्ध्रमा हीरा शिवकुमारी आश्रममा बस्न लागेकी छन् । एकदिन त्यहीा बस्दै गर्दा आश्रम नजिकमा एउटा बच्चा फेला परेको छ । त्यो बच्चालाई हीराले स्याहारसुसार गरेको हुनाले हीराको छोरोको हरि नामकरण गरिएको छ । यहाा सम्मको कथावस्तुउपन्यासको सङ्घर्षह्रासको रूपमा आएको हो ।

**(ङ) उपसंहार**

औपन्यासिक कथानकको रहलपहल र निचोड भागलाई उपसंहार भनिन्छ । **हीरा** उपन्यासमा भाग सोह्रमा शिवकुमारीको बालक उमेरमा बृद्धसाग अनमेल विवाह भएको र श्रीमानको मृत्यु पश्चात माइतमा बसेको देखाएइको छ । उनका फुपूहरू पनि विधवा भएकोले फुपू भदै मिलेर शिव आश्रम चलाएको कुराको चर्चा गरिएको छ । हरि पनि हुर्किएर स्कुल जाने भएको छ । भाग सत्रमा दीपाका छोराहरूले आफ्नो घर कब्जा गरेको चर्चा छ । नर्मदा रिसले मुर्मुरिएको र दिनेश खुसी भएको चर्चा छ । भाग अठारमा शिव आश्रमका

बृद्धबृद्धाहरू तीर्थ गर्न भारतको बनारसतिर जाने भएका छन् । हीरा पहिले पनि भारत गएकी हुनाले उनीसागै सबैजना तीर्थ गर्न गएको चर्चा गरिएको छ । त्यहाा हीरा र अरुणको भेट भएको छ । उनीहरू हीरा र अरुणको भेट भए पछि उनीहरू अत्यन्त खुसी भएको देखाइएको छ । जोगीको भेष लिएका अरुण सामान्य भेषमा तीर्थयात्रीसागै नेपल फर्केका छन् । भाग उन्नाइसमा हीरा र अरुणको मिलन भएको छ । उनीहरू पनि आसाम घुम्दै गाउा फर्केका छन् । भाग बीसमा शिव दिदीको सङ्घर्षको प्रशंसा गरिएको छ । अरुण र हीरा पनि गाउा गएर समाज सेवा गर्ने आशयले ‘हरिकला सेवा आश्रम’ नामक आश्रम बनाएर समज सेवामा गर्ने आफ्नो मनलाई फराकिलो बनाएर सेवा गर्न लागेका छन् । यसरी यो उपन्यास संयोगमा टुङ्गिएको देखाइएको छ ।  यो भाग उपन्यासको उपसंहार भागको रूपमा आएको देखिन्छ ।

## ५.५ चरित्र र चरित्र चित्रण

आख्यान वा उपन्यास पात्रहरूको संयोजनबाट तयार हुन्छ । ती पात्र वा सहभागीलाई चरित्र भनिन्छ । ती चरित्रहरूको परिचय, जानकारी सहितको विश्लेषणलाई चरित्रचित्रण  भनिन्छ । **हीरा** उपन्यासमा धेरै चरित्रको प्रयोग गरिएको छ । उपन्यासमा प्रयोग भएका ती चरित्रहरूलाई निम्न आधारमा विश्लेषण गरिएको छ ।

### ५.५.१ चरित्रहरूको वर्गीकरण

**हीरा** उपन्यासमा पुरुष र महिला गरी धेरै पात्रहरूको प्रयोग गरिएको छ । ती पात्रहरूलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. एक**

**हीरा उपन्यासका चरित्रहरूको वर्गीकरण**

| क्र.स | चरित्र | लि॰ | भूमिका | प्रवृत्ति | स्वभाव | जीवन चेतना | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | अरुण | पुरुष | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २ | हीरा | स्त्री | प्रमुख | अनुकूल | गतिशील | व्यत्तिगत | मञ्चीय | बद्ध |
| ३ | दीपा | स्त्री | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | दिनेश | पुरुष | प्रमुख | प्रतिुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ५ | हरिकला | स्त्री | प्रमुख | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ६ | नर्मदा | स्त्री | प्रमुख | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ७ | मेनका | स्त्री | सहायक | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ८ | हुतराज | पुरुष | सहायक | प्रतिकूल | गतिशील | व्यत्तिगत | मञ्चीय | बद्ध |
| ९ | शिवकुमारी | स्त्री | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| १० | हरि | पुरुष | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | मुक्त |
| ११ | नरेश | पुरुष | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| १२ | मुना | स्त्री | गौण | प्रतिकूल | स्थिर | व्यत्तिगत | मञ्चीय | मुक्त |
| १३ | मानबहादुर | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १४ | विनय | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १५ | मालती | स्त्री | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |

यी पात्रका अतिरिक्त सुन्तली, दीपक, उमा, सीता, मीना लगायतका नेपथ्य पात्रहरू पनि रहेका छन् । माथिको तालिकाका आधारमा पात्रहरूको विश्लेषण तल गरिएको छ ।

(क) **लि•का आधारमा चरित्र**

**हीरा** उपन्यासका पात्रहरूलाई लि•का आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

(अ) **स्त्री पात्रहरू**

**हीरा** उपन्यास नारी प्रधान उपन्यास हो । यो उपन्यासमा नारी पात्रहको बाहुल्यता रहेको छ । यो उपन्यासमा प्रयुक्त पात्रहरूमा प्रमुख नारी पात्र हीरा र दीपा हुन् । यिनीहरूकै सेरोफेरोमा समग्र  औपन्यासिक घटनाक्रम घटेको छ । हीरा उपन्यासमा हीरा, दीपा, नर्मदा, हरिकला प्रमुख नारी पात्र हुन् । मेनका र शिवकुमारी सहायक नारी पात्र हुन् । भने मुना, मालती, विमलाकाकी लगायतका नारी पात्रहरू गौण नारी पात्रका रूपमा रहेका छन् । दीपाको जीवनका घटना र हीराको जीवनका घटनाबाट समग्र उपन्यास तयार भएको छ । त्यसैले यो उपन्यास नारी प्रधान उपन्यास हो ।

(आ) **पुरुष पात्रहरू**

**हीरा** उपन्यास पात्रबहुल उपन्यास हो । त्यसैले यो उपन्यासमा महिला पात्रका अतिरिक्त पुरुष पात्रहरू रहेका छन् । यो उपन्यासमा प्रयुक्त दिनेश र अरुण प्रमुख पुरुषपात्र हुन् । हुतराज, हरि, नरेश, दिवस लगायतका पात्रहरू सहायक पुरुष पात्रहुन् । मानबहादुर, विनय लगायतका पुरुष पात्रहरू गौण पात्रका रूपमा प्रयोग भएका छन् । यी पात्रका अतिरिक्त हीरा उपन्यासमा दिवस, दिपक लगायतका पात्रहरू पनि आएका छन् । यी पात्रका अतिरिक्त **हीरा** उपन्यासमा नेपथ्य पात्रकारूपमा गाउाले पुरुषहरू, अरुणका साथी लगायतका पुरुष पात्रहरू रहेका छन् ।

(ख) **कार्यका आधारमा पात्रहरू**

**हीरा** उपन्यासका पात्रहरूलाई कार्यका आधारमा निम्नानुसार वर्गीकरण गरी अध्ययन गरिएको छ ।

(अ) **प्रमुख पात्र**

**हीरा** उपन्यासमा दिनेश, दीपा, अरुण, हीरा, हरिकला र नर्मदा प्रमुख पात्र हुन् । यिनै पात्रका आधारमा **हीरा** उपन्यासको समग्र औपन्यासिक कथानक आगाडि बढेको छ । उपन्यासमा प्रयुक्त यी पात्रहरूलाई उपन्यासबाट निकाल्दा उपन्यासको औपन्यासिक शृङ्खला भत्किन्छ । दीपा-दिनेश-नर्मदाको एउटा कथानक छ । यिनीहरूको कथानकलाई बढाउन सहयोगी भएर अरु पात्रहरू उपस्थित भएका छन् । त्यसै गरी हीरा-अरुण-हरिकलाको अर्को कथानक रहेको छ । तसर्थ यिनीहरूको कथाक्रमलाई सघाउन सहायक

पात्रका रूपमा अन्य पात्रहरू आएका छन् । त्यसैले **हीरा** उपन्यासमा माथि नाम उल्लेख गरिएका पात्रहरू प्रमुख पात्र हुन् ।

**(आ) सहायक पात्र**

औपन्यासिक कथानकलाई अगाडि बढाउने क्रममा **हीरा** उपन्यासमा प्रमुख पात्रका अतिरिक्त सहायक पात्रहरू पनि आएका छन् । यो उपन्यासमा मेनका, हुतराज, शिवकुमारी, हरि, नरेश सहायक पात्र हुन् । यी पात्रले उपन्यासमा प्रमुख पात्रसाग आएर उपन्यासको कथानकलाई अगाडि बढाउन सघाउ पुऱ्याएका हुन्छन् ।

**(इ) गौण पात्र**

उपन्यासमा आएर प्रमुख र सहायक पात्रका क्रियाकलापमा सहयोग पुऱ्याउन गौण पात्र आएका हुन्छन् । **हीरा** उपन्यासमा मुना, मानबहादुर, विनय, मालती, सुन्तली, दीपक, उमा, रामु, मीना, सीता, शिव आश्रमका महिलाहरू लगायतका पात्रहरू गौण पात्रका रूपमा आएका छन् । यी पात्रहरूले उपन्यासको कथानकलाई अगाडि बढाउन सहयोग पुऱ्याउाछन् ।

**(ग) प्रवृत्तिका आधारमा हीरा उपन्यासका पात्रहरू**

**हीरा**उपन्यासमा प्रयुक्त पात्रहरूलाई उनीहरूले उपन्यास भीत्र रहेर काम गर्ने प्रवृत्तिका आधारमा निम्न आधारमा विभाजन गरेर विश्लेषण गरिएको छ ।

**(अ) अनुकूल पात्रहरू**

उपन्यासको कथानकलाई सकरात्मक गतिमा अगाडि बढाउन सघाउ पुऱ्याउने पात्रलाई अनुकूल पात्र भनिन्छ । यी पात्रले उपन्यासको प्रमुख पात्रलाई सहयोग पुऱ्याउने काम गर्दछन् । **हीरा** उपन्यासमा दीपा, अरुण, हीरा, हरिकला, शिवकुमारी, हरि, दिवस लगायतका पात्रहरू अनुकूल पात्रहरू हुन् । यी पात्रले उपन्यासमा रहेर उपन्यासको कथाक्रम अनुसार सकारात्मक काम गरेका छन् ।

**(आ) प्रतिकूल पात्रहरू**

उपन्यासको कथाक्रम अनुसार नकारात्मक काम गर्ने पात्रलाई प्रतिकूल पात्र भनिन्छ । **हीरा** उपन्यासमा दिनेश, नर्मदा, मेनका, हुतराज, मुना, मानबहादुर, विनय मालती गलायतका पात्रहरू प्रतिकूल पात्रहरू हुन । यी पात्रहरूले उपन्यासमा नराम्रो काम गरेका छन् । दिनेशले दीपालाई दुःख दिने काम गरेको छ । नर्मदाले सबै परिवारलाई नै दुःख दिने काम गरेकी छ । मेनकाले पनि दीपा छदादछै उसको उपचार तर्फ प्रोत्साहन नगरेर दोस्रो विवाह गर्न प्रोत्साहन गरेकी छ । हुतराजले हरिकलालाई मार्ने काम गरेको छ । मानबहादुरले पनि हरिकलालाई दुःख दिने काम गरेको छ । यसरी यी सबै प्रतिकूल पात्रले उपन्यासमा

आएर नकारात्मक काम गरेका छन् । यसरी उपन्यासका पात्रहरूले गरेका कामका प्रवृत्तिका आधारमा उनीहरू अनुकूल र प्रतिकूल गरी दुई भागमा विभाजन गरिन्छ ।

**(घ) स्वभावका आधारमा  पात्रहरू**

पात्रका स्वभावका आधारमा उपन्यासका पात्रहरूलाई निम्नानुसार छन्:

**(अ) गतिशील**

उपन्यासको थालनीमा लिएको विचारलाई परिवर्तन गरी फरक विचार लिने पात्रलाई गतिशील पात्र भनिन्छ । **हीरा** उपन्यासमा दीपा, दिनेश, अरुण, हीरा, नर्मदा, मेनका, हुतराज, शिवकुमारी, हरि आदि पात्रहरू गतिशील पात्र हुन् । दीपाले सुरुमा लिएको अडान अन्त्य सम्म लिन नसकेर आत्म हत्या गरेकी छन् । दिनेशले दोस्रो विवाह गरेकोमा पछुतो मानेको छ । अरुणले पनि दोस्रो विवाह गरेकोमा पछुतो मानेको छ । हीराले घर छोडेकोमा पछुताएकी छ । समाजसेवामा आफूलाई समर्पण गरेको छ ।

नर्मदाले पनि सौताका छोराहरू माथि अत्याचार गरेकोमा पछुताएकी छ । मेनकाले छोरालाई दोस्रो विवाह गर्न लगाएकोमा पछुताएकी छ । हुतराजले हरिकलाको हत्या गरेकोमा पछुतो मानेको छ । शिवकुमारीले सुरुमा विधवा अवस्थामा दुःख पाए पनि पछि सेवा आश्रम खोलेर समाज सेवामा लागेकी छन् । हरि आमाबाट परित्यक्त भए पनि स्याहार सुसार गर्ने उत्तम आमा पाएको छ । यसरी माथि उल्लिखित पात्रहरू **हीरा** उपन्यासका गतिशील पात्र हुन् ।

**(आ) स्थिर पात्र**

उपन्यासको थालनी देखि अन्त्य सम्म पात्रको विचारमा परिवर्तन नआउने पात्रलाई स्थिर पात्र भनिन्छ । **हीरा** उपन्यासमा हरिकला, मेनका, मुना, मानबहादुर, विनय, मालती आदि पात्रको व्यवहारमा कुनै परिवर्तन नआएकोले यी पात्रहरू स्थिर पात्र हुन् ।

**(ङ) जीवन चेतनाका आधारमा पात्रहरू**

जीवन चेतनाका आधारमा हीरा उपन्यासका पात्रहरूलाई निम्न आधारमा वर्गीकरण गरिएको छ ।

(अ) **वर्गीय पात्र**

उपन्यासमा प्रयुक्त पात्रले समाजका कुनै वर्गको प्रतिनिधित्व गर्छ भने त्यस्ता पात्रलाई वर्गीय पात्र भनिन्छ । **हीरा** उपन्यासमा प्रयुक्त हीरा, शिवकुमारी, हरि जस्ता पात्रहरू वर्गीय पात्र हुन् । हीराले समाजका उत्पीढित महिलाहरूको प्रतिनिधित्व गरेकी छ । समाजमा बच्चाबच्ची नभएकै आधारमा पुरुषले अर्को विवाह गरेर पीढित हुनुपर्ने महिलाहरूको नेतृत्व हीराले गरेकी छ । उसले समाजमा ‘हरिकला सेवा आश्रम’ खोलेर समाज सेवा गरी समाजसेवी व्यक्तित्व पनि देखाएकी छ । यसरी हीरा यस उपन्यासकी वर्गीय पात्र हो ।

त्यसै गरी हुतराज पनि समाजको शोषक वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । उसले सम्पत्तिको लोभले गर्दा आफ्नै बुहारीको हत्या गरेको छ । त्यसैले उ समाजको हत्यारो, नराम्रो दृष्टि राख्ने चरित्र भएका मानवको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । समाजमा महिला भएर हेपिएर बस्न नहुने र आत्म निर्भर हुनुपर्छ भन्ने सोचाइ राख्ने समाजसेवी वर्गका समग्र महिलाहरूको प्रतिनिधित्व गर्ने प्रतिनिधि पात्र हो । यसरी उपन्यासमा वर्गीय पात्रले समाजका कुनै न कुनै वर्गको प्रतिनिधित्व गरेका छन् ।

(आ) **व्यक्तिगत पात्र**

व्यक्तिगत पात्र भन्नाले कुनै वर्गको  नेतृत्व नगरी मानवीय त्रुटी सहितका गुण भएका पात्रलाई व्यक्तिगत पात्र भनिन्छ । हीरा उपन्यासमा दिनेश, अरुण, हरिकला, नर्मदा लगायतका पात्रहरू व्यक्तिगत पात्रहरू हुन् । यी पात्रहरूले कुनै वर्गको प्रतिनिधित्व नगरी आ-आफ्नै व्यक्तिगत समस्याको मात्र प्रतिनिधित्व गरेको पाइन्छ । त्यस्तै यी पात्रहरू व्यक्तिगत पात्रहरू    हुन् ।

(च) **आसन्नताका आधारमा पात्रहरू**

**हीरा** उपन्यासका पात्रहरू आसन्नताका आधारमा धेरै पात्रहरू मञ्चीय छन् । यस उपन्यासमा प्रयोग भएका दीपा, दिनेश, अरुण, हिरा, नर्मदा, हरिकला, हुतराज, मेनका, नरेश, दिवस जस्ता पात्रहरू मञ्चीय पात्रको रूपमा आएका छन् । सहायक रूपमा आएका सुन्तली, दीपक, उमा, रामु, सीता, मीना लगायतका पात्रहरूले नेपथ्य पात्रको भूमिका खेलेकाछन् ।

(छ) **आबद्धताका आधारमा हीरा उपन्यासका चरित्रहरू**

हीरा उपन्यासका चरित्रलाई तिनीहरूको उपन्यासमा आबद्धताका आधारमा बद्ध र मुक्त पात्र गरि वर्गीकरण गरिएको छ । उपन्यासमा अरुण, हीरा, दीपा, दिनेश, हरिकला, नर्मदा, मेनका, हुतराज, शिवकुमारी, नरेश, विनय जस्ता चरित्र बद्ध चरित्रको रूपमा

उपस्थित छन् भने मालती, मानबहादुर, हरि, मुना जस्ता चरित्रहरू मुक्त पात्रको रूपमा उपस्थित छन् ।

### ५.५.२ प्रमुख पात्रहरूको चरित्र चित्रण

**हीरा**उपन्यासमा प्रयुक्त बढी महत्त्वपूर्ण पात्रहरूमा दीपा, दिपक, हीरा, अरुण, हरिकला, नर्मदा, मेनका लगायतका पात्रहरू रहेकाछन् । यी पात्रहरूको चरित्रचित्रण तल गरिएको छ ।

(क) **दीपा**

**हीरा**उपन्यासमा प्रयुक्त पात्र दीपा यो उपन्यासकी प्रमुख नारी पात्र हो । उ उपन्यासमा दिनेशकी श्रीमती, मेनकाकी बुहारी, को रूपमा आएकी छ । दिवस सहित सात ओटा छोराहरूकी आमा हो । उसले वर्षै पिच्छे सातओटा छोराहरू जन्माएकी छ । आठौ सन्तान जन्माउने क्रममा बच्चा जन्माउादाको पीढाले दीपाको स्वस्थ्यमा नकारात्मक असर पारेको छ । उसका प्रजनन् अ·हरूमा सङ्क्रमण भइ उसको स्वस्थ्यमा आएको खरावीका कारण उ उपन्यासमा सबै भन्दा दयनीय, वीभत्स पात्रका रूपमा चित्रण भएकी छ । उसको स्वस्थ्यमा आएको खरावीको कारण उसको लोग्ने दिनेशले नर्मदासाग दोस्रो विवाह गरेको छ ।

दीपाको उपन्यासमा प्रमुख भूमिका रहेको छ । उसकै सेरोफेरोमा औपन्यासिक घटनाहरू घटेकाले उसको स्थान प्रमुख पात्रका रूपमा आएको हो । उसले उपन्यासमा सकारात्क काम गरेकोले उ उपन्यासकी अनुकूल पात्र हो । उसले उपन्यासमा विचार परिवर्तन गरेकोले गतिशील स्वभाव रहेको छ । उनले समाजमा रहेका उत्पिडित महिला वर्गको प्रतिनिधित्व गर्ने पात्र भएकोले दीपा **हीरा** उपन्यासकी वर्गीय पात्र हो । उ उपन्यासकी नायक पात्र पनि हो ।

(ख) **दिनेश**

**हीरा**उपन्यासको प्रमुख पुरुष पात्र दिनेश हो । उ उपन्यासमा दीपाको लोग्ने हो । हीराकी सौता हरिकलाको दाजु हो । सामान्य मध्यम वर्गीय समाजको साधारण परिवारको पात्र हो । उ स्वयं निर्णय गरेर आफ्नो जीवनको बारेमा निर्णय लिन नसक्ने पात्रको रूपमा उपन्यासमा आएको छ । आफ्नै सात सन्तानकी आमा आफ्नी श्रीमती दीपालाई सुत्केरी व्यथालाग्दा माया, सहयोग र अस्पताल पुऱ्याउनुको साटो गाली गरेको छ । एउटी श्रीमतीको स्वथ्यमा नराम्रो असर परि उसलाई स्वाथ्य उपचारको आवश्यकता परेको समयमा उसलाई उपचार गर्नुको साटो दोस्रो विवाह गर्ने प्रतिकूल चरित्र भएको पात्र हो ।

दीपालाई हेला गरेर नर्मदासाग विवाह गरेको मेनकाको छोरा दिनेश सात सन्तानको बाबु हुादा पनि कन्या केटी विवाह गर्न तत्पर खराव चरित्र भएको पात्र हो । आमाको आग्रहमा दोस्रो विवाह गरेको दिनेश नर्मदाको व्यवहारबाट असन्तुष्ट भइ दोस्रो विवाह गरेकोमा पछुताउने गतिशील चरित्र भएको पात्र हो । उसको आफ्नै व्यक्तिगत कमजोरीका कारण उपन्यासम दुःख पाएकोले उ व्यक्तिगत चरित्र भएको पात्र हो । उ उपन्यासको खलनायक चरित्र भएको पात्र हो ।

**(ग) हीरा**

हीरा उपन्यासकी प्रमुख नारी पात्र वा नायिका हो । समग्र उपन्यास उसकै सेरोफेरोमा अगाडि बढेको छ । उ उपन्यासमा अरुणकी श्रीमतीका रूपमा आएकी छ । भारतमा हुर्किएकी, समग्र नारीमा हुनु पर्ने नारी सुलभ गुण भएकी नारी पात्र हो । विवाह गरेको लामो समय सम्म बच्चा नजन्मिएकोले उसका काकाससुरा हुतराजको जोड दवावमा श्रीमान् अरुणले दोस्रो विवाह गरे पछि सुरुमा मनमा पीढा लिएरै भए पनि केही सघाएकी उ घरमा सौता ल्याएको हेर्न हुादैन भनेर गाउाकाले घरबाहिर पठाए पछि र गाउाले मान्छेले गरेका अनेक लान्छना लाग्ने किसिमका कुरा सुनेर घर छोडेर हिडेकी छ ।

हीराले घर छोडेर हिडेपछि निकै दुःख पाएकी छ । कयौा रात जंगलमा व्यतीत गरेकी छ । पछि सङ्घर्षपूर्ण दिनहरू व्यतीत गर्दै शिवकुमारी आश्रममा पुगेकी छ । त्यहाा पुगे पछि हीराले समाजसेवा गर्नु नै सबै भन्दा ठूलो सेवा रहेछ भन्ने बुझ्केकी छ । शिवकुमारी दिदीको जीवनकथा सुनेपछि समाजमा पीढा नभएको मानव हुादैन । त्यो पीढालाई आफूले कसरी प्रयोग गर्ने भन्ने कुरामा निर्धारित हुान्छ भन्ने थाह पाएकी हीरा समग्र उपन्यासकै केन्द्रीय पात्र हो । बाल्यकाल भारतमा कप्तान बा आमासाग रमाइलोमा विताएकी हीरा सर्वगुण सम्पन्न नारीको रूपमा देखा परे पनि उसले बच्चा जन्माउन नसक्दा दुःखमा परेकी छ । शिवआश्रममा बस्दै गरेको समयमा बच्चा(हरि) प्राप्त भएपछि रमाइला दिनका थालनी भएकी हीरा अन्त्यमा अरुणसाग भेट भइ समाजसेवामा लागेकी छ । ऊ उपन्यासकी अनुकूल पात्र हो । उसमा गतिशील स्वभाव देखिन्छ । ऊ समाजमा बच्चा नभएर पीढित बन्ने सयौा महिलाको प्रतिनिधित्व गर्ने वर्गीय पात्रहो । ऊ उपन्यासकी नायिका पनि हो । उसले समाजसेवा नै सबै भन्दा ठूलो सेवा हो भन्दै समाजसेवामा लागेकी छ । समाजमा नारीहरूलाई कुनै दुःख, कष्ट वा पीर परेको समयमा निरास भएर बस्नुको सट्टा उर्जाशीलकाममा आफूलाई व्यस्त गराएमा त्यो पीढाबाट छुटकरा पाउन सकिन्छ भन्ने चेतना दिने सत् पात्र हो ।

**(घ) अरुण**

उपन्यासमा अरुण हीराको लोग्ने हो । हीरालाई असाध्यै माया गर्ने अरुणले काकाको जोडदवावमा आएर अर्को विवाह गर्न तयार भएको छ । अर्को विवह गरे पनि पहिलाकी

श्रीमतीलाई असाध्यै माया गर्ने अरुण पहिली श्रीमती हीरा नभेटिए पछि उसकै खोजिमा जोगीको भेषमा हिडेको छ । हरिकलासाग विवाह गरे पनि उसलाई चोखी कन्या भएको र अर्को केटा खोजेर विवाह गरी आफ्नै घरमा बस्न लगाउने उसले हरिकला प्रति एउटा अभिभावकीय माया देखाएको छ ।

हीराको खोजीमा धेरै समय विताएको उसले अन्त्यमा हीरासाग भेटेपछि समाजसेवामा लागेको छ । ऊ उपन्यासको अनुकूल चरित्रको गतिशील स्वभाव भएको पात्र हो । व्यक्तिगत कमजोरीका कारण दोस्रो विवाह गर्ने अरुण व्यत्तिगत चरित्र भएको पात्र हो । ऊ उपन्यासको नायक हो ।

**(ङ) नर्मदा**

दिनेशकी दोस्री श्रीमती, दीपाकी सौता नर्मदा शोषक नरेश प्रधानकी छोरी हो । नर्मदाको स्वभाव उपन्यासमा निकै उदण्ड किसिमको देखाइएको छ । उ विवाह गरेर दिनेशको घर आइसके पछि दीपाका एउटा छोरालाई यातना दिएर मारेकी छ । अर्कालाई उसले दिएका यातनाकै कारण नदीमा हाम फालेर आत्महत्या गरेको छ । उसले घरमा सासू, लोग्ने, छोराहरू माथि निकै अन्याय गरेकी छ । ऊ उपन्यासकी प्रमुख खल पात्र हो । उपन्यासमा उसको प्रवृत्ति प्रतिकूल रहेको छ । उपन्याममा उसको स्वभाव प्रतिकूल रहेको छ । ऊ गतिशील स्वभावकी पात्र हो ।

**(च) हरिकला**

हरिकला **हीरा**उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ हीराकी सौता तथा अरुणकी दोस्री श्रीमती हो । ऊ बाह्र वर्षको कलिलो उमेरमा नै ४५ वर्षको लोग्नेसाग विवाह गर्न विवश पारि छिट्टै लोग्नेसाग पनि विछोडिएकी नारी पात्र हो । उसले आफ्नै घरमा हत्यामा परेर मृत्यु वरण गर्न परेको छ । ऊ पुरुष प्रधान समाजको बहुविवाह प्रथाबाट प्रताडित नारी पात्र हो । ऊ उपन्यासमा दीपाकी नन्द हो । ऊ विवाह पश्चात माइतमा बस्दा नर्मदा भाउजुबाट बढी लन्छना खेप्न बाध्य पारिएकी छ । उसले उपन्यासमा कसैको विगार गरेकी छैन् तसर्थ उ अनुकूल चरित्र भएकी पात्र हो । उसको स्वभाव स्थिर छ । ऊ व्यक्तिगत चरित्र भएकी पात्र हो ।

## ५.६ परिवेश

औपन्यासिक कार्यव्यापार सम्पन्न भएको स्थान, समय र परिस्थितिलाई समग्रमा पर्यावरण भनिन्छ । यसलाई अर्को शब्दमा परिवेश, वातावरण, परिवृत्त, परिधि भनेर पनि भन्ने गरिन्छ (सुवेदी,२०६४:२५)। उपन्यासमा कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । यो एउटा परिस्थिति हो । जसले पाठकलाई बाध्ने काम गर्दछ । यस अन्तर्गत देश, काल र वातावरण पर्दछन् । कुनै पनि

आख्यानको निर्माण हुनको लागि पर्यावरणको आवश्यकता पर्दछ । पर्यावरण विना आख्यान निर्माण हुन सक्दैन । **हीरा** उपन्यासको पर्यावरणलाई देश, काल र वातावरणमा विभाजन गरेर तल अध्ययन गरिएको छ ।

**(क) देश**

**हीरा** उपन्यासमा विशेषतः ग्रामीण, सामाजिक परिवेशको चित्रण गरिएको छ । **हीरा** उपन्यास प्रकाशन समय २०६३ भन्दा निकै पहिलेको जस्तो लाग्ने यस उपन्यासमा पाल्पा, अर्घाखााची, रूपन्देही र नेपाल बाहिरका केही ठाउाहरूको पनि स्थानगत परिवेश चित्रण गरिएको छ ।

यस उपन्यासमा नाम उल्लेख गरिएका केही स्थानहरूमा भालुखोला, मसिनाको लेख, छहरा, तानसेन, बुटवल, भैरहवा, मिसन अस्पताल लगायतका ठाउा र भारतका बनारस, गोहाटी, आसाम, हरिद्वारको स्थानगत पर्यावरणको चित्रण यो उपन्यासमा गरिएको छ । यसमा सामाजिक ग्रामीण ठाउाको स्थानगत पर्यावरणिक चित्रण गरिएको छ ।

**(ख) काल**

**हीरा** उपन्यासमा पञ्चायतकालीन समयको भरखर अवशान भएको समय चित्रणको सङ्केत छ तथापी ठेट रूपमा समय नै तोकेर भने भनिएको छैन् । समाजमा बालविवाह र बहुविवाह विद्यमान रहेको समयको चर्चा छ । दीपाका धेरै सन्तान जन्मिनु र सुत्केरी गराउन तालिमप्राप्त सुडेनी वा स्वास्थ्यकर्मीको सल्लाह लिने कुरा नगरिएकाले जनचेतना स्तर कमजोर भएको सामाजिक परिवेशको चित्रण गरिएको छ ।

सात छोराछोरीको बाबुले २० वर्षीया केटीसाग विवाह गर्ने तथा बच्चा नजन्मदा १२ वर्षे बालिकासाग विवाह गर्न राजी हुने तथा राजी गराउने अन्धो पुरुष समाज र त्यतिबेलाको बालविवाह तथा बहुविवाह प्रथाको परिवेश उल्लेख छ । असारको महिनामा हुने झरीबादल, हुरी तुफान आदिको बारेमा वर्णन गरिएको छ । त्यसै गरी दिनेशको विवाह गर्दाको समयमा माघ महिना भएकोले जाडो समयको पनि चर्चा गरिएको छ । यसरी यो उपन्यासमा ठोकेर समयको बारेमा नभनिए पनि उपन्यासमा वर्णित घटना विवरणको आधारमा यो उपन्यासको समय २०४६ साल अघिको पञ्चायति समयको कालगत परिस्थिति हो भन्न सकिन्छ ।

**(ग) परिस्थिति**

**हीरा** उपन्यासको औपन्यासिक परिस्थिति सामाजिक परिस्थिति हो । उपन्यासमा वर्णित तुलसीको जल खाने, मन्दिर मा गएर भगवान् सम्झिने गर्नाले हिन्दु धार्मिक आध्यात्मिक परिवेशको चित्रण छ । प्रकृति चित्रणले उपन्यासलाई रोचक बनाएको छ ।

असार, साउनको प्रकृतिको रौद्र रूप, पुस-माघको शीतकालीन रूप, डाडााकाडााको र वनपाखाको हरियाली मनमोहक वर्णन, खोलानालाको सुसाहट, बाघ-भालुको डरलाग्दो हुाकार, अधेरी रात, सिमसिमे तथा मुसलधारे वर्षा, चर्को घाम तथा जुनेली रातको शान्त तथा भयानक प्राकृतिक परिवेशको चित्रण गरिएकोले यो उपन्यास थप रोचक र मार्मिक बनेको छ ।

**हीरा** उपन्यासमा सांस्कृतिक परिवेशको पनि चित्रण भएको कुरा दसौं, तिहार, साउने सङ्क्रान्ति, विवाह उत्सव जस्ता चर्चाले प्रस्ट पारेका छन् । मानिस परिस्थितिको दास हो । कहिले कस्तो परिस्थिति आउाछ त कहिले कस्तो परिस्थितिको चित्रण गरिएको छ । दीपाले धेरै बच्चा जन्माएका कारण रोगिनु पर्ने परिस्थितिका कारण दिनेशले अर्को विवाह गरेको छ । हीरालाई बच्चा नजन्मिएको परिस्थितिका कारण अरुणले अर्को विवाह गरेको छ ।

समग्रमा **हीरा** उपन्यासमा परिवेश चित्रण सवल छ । देश, काल, परिस्थितिको उचित संयोजनबाट औपन्यासिक संरचना सफल रहेको छ ।

## ५.७ विषयसूत्र

**हीरा** उपन्यासले सामाजिक विषयसूत्रको उठान गरेको छ । यसमा नेपाली समाजमा व्यप्त बहुविवाह, अनमेल विवाह, विधवा, निसन्तानको कारणले बहुविवाह गर्ने परम्परा आदिको उठान गरिएको छ । उपन्यासमा दुई परिवारको पारिवारिक नाता पर्ने व्यक्तिलाई पात्रको रूपमा उभ्याएर तिनैका आधारमा औपन्यासिक घटना घटाइएको छ ।

**हीरा** उपन्यासमा दीपा-दिनेश-नर्मदाको एउटा आख्यानात्मक शृङ्खला छ भने हीरा-अरुण-हरिकलाको अर्को आख्यानात्मक शृङखला बगेको छ । यिनै दुई परिवारको सेरोफेरोमा सम्पूर्ण औपन्यासिक कार्यव्यापार घटेकाले यो उपन्यासको विषयसूत्र पनि यिनै दुई परिवार हुन् । दिनेशले आठ सन्तान जन्माइसकेकी आफ्नी श्रीमती बिरामी हुादा औषधि उपचार नगरि अर्को विवाह गरेको छ । यसै कारणले उसको जीवन सुखमय हुन नसकेको देखिन्छ । दिनेशले आफ्नी कान्छी श्रीमती नर्मदाको व्यवहार “पहिले दिनभरि काम गर्दा त नर्मदाले सासूलाई त्यसरी हेला गर्थिन् भने थला परिसकेपछि त बिल्कुलै वास्ता गर्न छोडिन् । उनले जतिखेर पनि ‘मर्न नसकेकी पापिनी बूढी’ भनेर सरापि रहने, खान पनि नदिने र आाखा तरेर हेर्न थालिन् (पृ.१०७) ।” बाट दुःख पाएको छ । पहिली श्रीमती दीपाको विचल्ली बनाएको छ । यसरी यो उपन्यासको विषयसूत्रको रूपमा सामाजमा श्रीमती बिरामी हुादा श्रीमतीको उपचार गर्नुको सट्टा अर्को बिवाह गर्ने चलन देखाइएको छ ।

**हीरा** उपन्यासकी मूल पात्र हीरा मार्फत तात्कालीन सामाजमा बिवाह गरेको धेरै समय सम्म पनि सन्तान नहुादा स्वास्थ्यमा भएको गडबढीले सन्तान नभएका हुन् की भन्ने कुराको विचारै नगरी उमेर मिलाउने कुरा पनि विचारै नगरी मान्यजनको करकापमा परेर नराम्रो दीर्घकालीन निर्णय गरेर अनमेर बहुविवाह गरेको कुरा पनि उपन्यासकारले

विषयसूत्रको रूपमा प्रयोग गरेकीछन् । १२ वर्षकी नाबालिकाको ४५ वर्षका प्रौढसाग विवाह भएको छ । सम्पूर्ण औपन्यासिक घटनाक्रम यी दुई परिवारको सेरोफेरोमा घुमेको छ ।

समग्रमा **हीरा** उपन्यासमा प्रयोग गरिएको विषयसूत्र सामाजिक यथार्थमूलक विषयसूत्र हो । बहुविवाह, अनमेल विवाह गर्नु हुादैन । समाजमा रहेर जहिले पनि सदाचारयुक्त व्यवहार गर्नेलाई पछि राम्रो हुन्छ भन्ने आदर्शात्मक विषयसूत्रको पनि प्रयोग भएको छ । यस उपन्यासको विषयसूत्र समाजिक रहेको छ भने अहंको पनि केन्द्रीयता रहेको कुरा नर्मदाको व्यवहारबाट थाह हुन्छ ।

## ५.८ भाषा

**हीरा**उपन्यासको भाषा सरल रहेको छ । सरल बाक्यहरूको छनोट गरिएको छ । सरल भाषाको बुनोट गरिएको छ । पात्रहरू बीच संवादात्मक शैलीमा कथ्य शब्दहरूको प्रयोगले भाषालाई थप मीठासयुक्त बनाएको छ । अनुकरणात्मक शब्दहरू राखेर गरिएको प्रकृति चित्रणले भाषालाई थप रोचक बनाएको छ । उपन्यासमा “असारको महिना । रातभरि झम् झम् पानी परेको थियो । तर बिहान भने छ्या" आकाश खुल्यो, घाम झुल्क्यो र तातो हावा चल्न थाल्यो (पौडेल,२०६३:१)।” जस्तो सरल बोधगम्य भाषाको प्रयोग गरिएको छ ।

उपन्यासमा सरल शब्दहरूको प्रयोग गरिएको छ । ग्रामीण परिवेशका अनपढ पात्रको प्रयोग गरेर उपन्यासको रचना गरिएकोले पात्रहरू बोल्ने भाषा अलिक तल्लो किसिमकै छ । गाली गलोजको भाषाको प्रयोग भएको छ “चुप लाग् भ कसैले नपाएका छोराछोरी पाएकी भ पहिलेका आइमाईहरू दश पन्ध्रओटा पाए पनि सजिलै हुर्काउाथे । घाास दाउरा गर्न गएकाबेला उतै जन्माएर दुईटै भारी बोकी घर फर्कन्थे र पनि कुनै ठागेले भेटाउन्नथ्यो । ता बल्ल सात ओटाकी आमा त भइस् नि भ अब भए आठओटा त हो । पेटमा बच्चा छ भनेर कामको बेला अनेक बहाना गर्ने ? ‘ढुटेकी छोरी पिठेमा परी, उर्लेर मरी’ भनेको यही हो । बढ्ता मात्तिन हुन्न के भ धेरै स्वाङ् नपारेर छिटो चामल पिस मेला जान ढिलो हुन्छ (पृ. २)।” उपन्यासका धेरै ठाउामा यस्तो गालि गलोजात्मक भाषाको प्रयोग भएको छ । उपन्यासको धेरै ठाउामा कथ्य भाषाको प्रयोग भएको छ ।

उपन्यासमा प्रयोग भएका केही द्वित्व शब्दहरू निम्न छन् : लखर्-लखर् (पृ.१), ऐया-ऐया (पृ.२), लाज-सरम (पृ.२), धुजा-धुजा (पृ.२), झमाक-झुमुक (पृ.४), फटाक-फटाक (पृ.६), बसौा-बसौा (पृ.७), भन्टाङ्-भुन्टुङ् (पृ.८) पसिना-पसिना (पृ.९), सिम्-सिम्, ढुक-ढुक (पृ.९), साना-साना (पृ.१०), धुक्क-धुक्क (पृ.१९), हाक्क-हाक्क (पृ.१९), माकुर-माकुर ( पृ.३३), चााचाा-चुाचुा (पृ.३३), खै-खै (पृ.११२), च्वा-च्वा (पृ.११२), कल्याङ-कुलुाङ (पृ.१२५) जस्ता शब्दको प्रयोगले उपन्यासको भाषा प्रयोगमा मीठास आएको छ । त्यस्तै यो उपन्यासमा अर्नी, ज्यान, थुप्रै, तागत, खुर्लुप्प, सकस, जम्ल्याहा, खुत्रुक्क, यो ग्रह, आाटी जस्ता स्थानीय भाषाका शब्दको प्रयोगले उपन्यास रोचक भएको छ ।

**हीरा** उपन्यासमा उखान टुक्काको पनि अधिक प्रयोग गरिएको छ । यो उपन्यासमा प्रयोग भएका केही उखान टुक्का निम्नानुसार रहेका छन् । ॅढुटेकी छोरी पिठेमा परी, उर्लेर मरी (पृ.२), भगवान दिसा बसेका (पृ.३), मर्दका दसोटी (पृ.४), खुट्टा भए जुत्ता कतिकति भ (पृ.१५), दुम्सि ध्वारेको प्वाल (पृ.१७), चाहिदाको भाडो नचाहिदाको ठाडो (पृ.५२), घरकी न घाटकी (पृ.६२), गलगण्ड माथि पिलो (पृ.६७), लोभले लाभ लाभले विलाप (पृ.१२१), काटेको घाउमा नुन चुक (पृ.१३३), फोहर चलाइ मुख भरि छिटा (पृ.१३६), हिलो छ्याप्नु (पृ.१३७), विनाधन केही नभन (पृ.१३७) जस्ता उखानहरूको प्रयोगले भाषामा थप रोचकता आएकोछ ।

यो उपन्यासको एकठाउामा अरुणले रामेश्वर मन्दिरमा गरेको प्राथनामा संस्कृतको निम्म श्लोकको प्रयोगले भाषामा बौद्धिकता थपेको छ ।

**करचरण कृतं वाक् कायजं कर्मजं वा**

**श्रवण नयनजं वा मानसं वापराधम्**

**विहितमविहितं वा सर्वमेत् क्षमस्व**

**जय जय करुणाब्धे श्रीमहादेव शंभो भ** (पृ.१५०)

यसरी समग्रमा **हीरा**उपन्यासको भाषा मीठास युक्त, सरल, कथ्य भाषशैलीको प्रयोग भएको रमणीय र रोचक रहेको छ । सामान्य अक्षर चिनेका मान्छेले पनि सरलता पूर्वक पढ्न र बुझ्न सक्ने छ । यसमा अविधात्मक भाषाको प्रयोग गरिएको छ ।

## ५.९ शैली

**हीरा** उपन्यासको शैली रोचक छ । यस उपन्यासमा वर्णनात्मक शैलीको प्रयोग गरिएकोछ । पात्रहरू बीचको संवाद कथ्य शैलीमा गराइएको छ । जम्मा जम्मी वीस खण्डमा विभाजित यस उपन्यासमा भिन्दाभिन्दै दुई परिवारको कथालाई संयोजन गरेर वर्णन सहित देखाइएको छ । सरल बाक्य गठन छन् । “बाहिर ठूलो पानी पर्दै थियो । आकाश खस्ला जस्तो गरी गर्जिरहेको थियो (पृ.६) ।” जस्तो अलिक नमिल्दो शैली पनि कतै कतै नभेटिने होइन ।

औपन्यासिक आख्यान बताउनको लागि उपन्यासकारले परिवेशको निकै वर्णन गरेकीछन् उपन्यासमा । “छ महिना बित्यो । दीपाका घाउबाट फेरी पीप र रगत बग्न थाल्यो । उठेर हिंड्ने र बस्ने समेत तागत हराउादै गयो । उनी बल्ल तल्ल दिशापिशाव जान्थिन् र फेरी पल्टन्थिन् । छोराहरूले परान धान्नका लागि अलिअलि अनाज ल्याइदिन्थे । तर त्यो पनि पकाएर खाने उपाय थिएन । कहिलेकाहीा दिवसले आफूलाई खान दिएको भागबाट अलिकति उबारेर खाना ल्याइदिन्थ्यो । दीपाको पाठेघर फेरि बाहिर निश्क्यो, त्यसमा क्यान्सर फैलिइसकेको रहेछ । ज्यानमा माखा भन्केर हैरान पार्थे, तिनलाई धपाउने

उपाय पनि हराउादै गयो । छाप्रामा त्यसरी फलिएकी मान्छेको औषधि उपचारबारे कसले सोचोस्         (पृ.८१)।" यसरी कारुणिक वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

समग्रमा उपन्यासको शैली वर्णनात्मक छ । वर्तमानकालिक भाषाको प्रयोग छ । निम्न ग्राम्य भाषाशैली छ । यति हुादाहुादै पनि उपन्यासको शैली रोचक छ । दुई परिवारका छुट्टाछुट्टै कथालाई संयोजन गरेर समग्र उपन्यासको संरचना तयार भएको छ । कतिपय ठाउामा शृङ्खला अमिल्दो जस्तो देखिए पनि शैलीपक्षमा उपन्यास सफल रहेको छ ।

## ५.१० विचार

**हीरा** उपन्यासकी लेखक कविता नेपाली साहित्य आकाशकी नारी हस्ताक्षर भएकोले उनका उपन्यासमा नारीवादी विचार देखापर्नु देखापर्नु स्वाभाविक हो । नेपाली साहित्यमा पारिजातलाई आदर्शका रूपमा स्थापना गरेर साहित्य रचना गर्ने पौडेल (त्रिपाठी, २०६७:२१२) को **हीरा** उपन्यासमा पनि नारीवादी विचार पाइन्छ ।

उपन्यासमा दीपा घरमा अपहेलित भएपछि माइत जान लागेको समयमा बाटोमा भेटिएकी सुन्तलीसाग भनेको "जबसम्म यो देशमा बाबुआमाले छोरी चेलीलाई पढाएर आफौ बााच्न सक्ने बानाउन्नन् अथवा छोरालाई सरह छोरीलाई अंश दिादैनन् तबसम्म हामी महिलाको समस्या यस्तै  हो । आफ्नो केही सीप-इलम हुादो हो या साथमा केही धन हुादो हो त म यसरी रित्तो हात बस्नु पर्ने थिएन । रोगाएर यो हालतमा पुग्नु पर्ने पनि थिएन । अलिकति जग्गा भए सके आफौ गरेर, नसके आधियामा खेती गराएर पनि त ज्यान पाल्दी हुा । अब केही गरेर खाने कुरा त परै रहोस्, म त बााच्न सक्ने हालतमै छैन । सुन्तली मलाई मरेर दुख लुकाउन दे । ता सारसौादी छस्, दिदी बहिनीसित मिलेर महिलाका पिर व्यथाबाट समाजको आाखा खोल्ने र महिलाको आफ्नै खुट्टामा टेकेर बााच्न सक्ने समाज बनाउने काममा अगाडि बढ । ...मेरा दुख र आपतको कथा समाजलाई सुनाइदिनू । तिमीहरूले दिदीबहिनीलाई चेतनशील र सङ्घर्षशील बनाउनू । अबका सबै महिला पढ्न-लेख्न पाऊन् । आफ्नो हक इजेतका लागि सङ्घर्ष गर्न सकून् । गाउा गाउामा डाक्टर पुगून्, अस्पताल खोलियून् (पृ.४६-४७)।" भन्ने भनाइबाट यो उपन्यासमा नारीवादी विचार भएको कुरा स्पष्ट हुन्छ ।

**हीरा** उपन्यासमा प्रयोग भएका दीपा, शिवकुमारी, हीराबाट नारीवादी विचार उजागर भएको छ । शिवकुमारीले नारीहरूले पनि केही गर्न सक्छन् भनी शिव आश्रम चलाएर समाजमा उदाहरणीय काम गरेकी छन् । हीराले पनि समाजले आफूलाई तड्पाए पनि आगामी समाजमा यस्तो नहोस् भन्ने चाहना व्यक्त गरेको पाइन्छ । यसरी यो उपन्यासमा नारीहरू माथि पुरुषहरू र पितृ सत्ताले गर्ने अन्याय बहुविवाह, बालविवाहको भण्डाफोर गर्दै नारीवादी विचार अभिव्यक्त गर्न उपन्यासकार सफल  रहेकीछन् । तसर्थ यो उपन्यासमा नारीवादी विचार अभिव्यक्त भएको छ ।

## ५.११ कौतूहलता

**हीरा** कौतूहलपूर्ण उपन्यास हो । यसमा घटनाहरू एक पछि अर्को गर्दै घट्दै गएकोले ती घटनाहरूको संयोजन कौतूहलपूर्ण तरिकाबाट भएको छ । दीपाको जीवनका घटना, हीराको जीवनका घटना, हरिकलाका जीवनका घटनाहरूको सफलतापूर्वक समायोजन गरिएकोले यो उपन्यास कौतूहलपूर्ण छ । उपन्यास पढ्दै जाादा पाठकको मनमा अर्को औपन्यासिक घटनाले तान्दै अगाडि बढाउाछ ।

उपन्यासमा प्रस्तुत भएका कौतूहलताका केही उदाहरणहरू:

"सुत्केरी भएको दस दिन बित्यो रगत, दिसा, पिसाव, बिस्तरामै बगिरहेको थियो । कोठाभरी माखा र लामखुट्टे जुलुसझैं झन्किरहेका थिए (पृ.१५)।"

"... नातापातामा कस्तो हाागा र बिागा थप्ने कुरा सोचेर आउनु भयो त (पृ.१७)?"

"हीराले आासु पुछ्दै भनिन् - अहिले मात्र त्यसो भन्नुहुन्छ । कान्छी भित्रिए पछि पहिले जस्तो कहाा हुन्छ र ? आखिरी तपाईं मदेखि टाढा भइहाल्नुहुन्छ । मैले पनि संसार देखेकी छु, तीन जनाको तीन सुर हुन्छ । अहिले मुखले जति भने पनि दुवैमाथि समान व्यवहार हुनै सक्तैन । म यस घरमा आएर पसिना बगाउन थालेको पच्चीस वर्ष भयो । यो उमेरमा सौता बेहोर्नु पर्ने कस्तो ठूलो अभाग मेरो भ (पृ.२१)"

"हामीले हल्ला सुने अनुसार अर्को बिहा गरेपछि अरुण कान्छी श्रीमतीलाई छोडी पल्टनको जागिरमा फर्केका हुन् रे भ त्यस पछि नोकरी छोडेर जोगी भई हरिद्वारतिर गएका छन् रे । तपाईंले पनि हरिद्वारबाट यहाा आएको कुरा गर्नु भयो । अस्तिदेखि नजिक नजिक आएर हीरालाई पनि खुव गहिरोसित हेर्नु भो । हीराको छोरो हरिको बारेमा पनि सोध्नुभो । उसलाई माया गरेर कपडा पनि ल्याइदिनु भो । अहिले हामी ठूलो तीर्थमा छौं । अब म दायाा बायाा केही कुरा नगरी सिधै सोध्न चाहन्छु, तपाईंको जोगी जीवनमा कुनै अप्ठेरो पर्दैना भने यो कुरा खुलस्त बताइदिनुस्- तपाईं उनै अरुण हुनुहुन्छ कि अर्कै मान्छे हुनुहुन्छ (प.१५०)?"

जस्ता कौतूहलता पूर्ण वाक्यहरू पढिसकेपछि पाठकले यस पछि के होला भनेर अगाडिको भाग पढ्छ नै । त्यस्तै उपन्यासमा उपन्यासकारले एक घटना पछि अर्को घटना के होला ? भन्ने प्रश्न निरन्तर उब्जिरहने किसिमले हीरा-अरुण-हरिकला र दीपा-दिनेश-नर्मदाको परिवारमा घट्ने घटनालाई संयोजन गरेकी हुनाले यो उपन्यास कौतूहल पूर्ण रहेकोछ ।

## ५.१२ द्वन्द्व

**हीरा** उपन्यासमा द्वन्द्वको सबल प्रयोग भएकोछ । उपन्यासमा देखा पर्ने द्वन्द्वलाई मान्छेका बाय़ जीवनमा आइपर्ने विसङ्गतिका कारणले दुबैमा वैमनस्य जन्माउने द्वन्द्व, मान्छे मान्छेसागका विषमताका कारणले दुबैमा वैमनस्य जन्माउने द्वन्द्व, मान्छेको आफैभित्र देखापर्ने द्वन्द्व गरी तीन तहमा विभाजन (सुवेदी,२०६४:२४) गरिएको हुन्छ। यस उपन्यासमा देखापरेका द्वन्द्वहरू यी तीनै तहका छन् ।

**हीरा** उपन्यासकी हीरामा देखापरेको द्वन्द्व मान्छेका बाह्य जीवनमा आइपर्ने विस॰तिका कारणले देखापर्ने द्वन्द्व हो । उनको अरुणसागको एकनाससाग चलिरहेको जीवनमा अरुणले दोस्रो विवाह गरेपछि उनमा द्वन्द्व देखापरेको छ । उनी घर छोडेर हिाडेकी छन् । त्यसै गरी त्यो द्वन्द्वलाई हीरामा अरुण, हुतराज, विमलाका माध्यमबाट उत्पन्न भएको छ । दीपा, मेनका, नर्मदा र दिनेशमा पनि मानवीय बाह्य द्वन्द्व छ । दीपामा आन्तरिक द्वन्द्वको प्रयोग गरिएको छ । दीपाले घर छोडेपछि जीवन मृत्युको द्वन्द्व प्रबल रूपमा देखापरेको छ । त्यसैले दिनेशले नर्मदालाई विवाह गरको दुई तीन दिनमा नै नर्मदाको उग्र व्यवहार देखेपछि द्वन्द्वमा परेका छन् । “दिनेश किंकर्तव्यविमूढ भएर घोरिइरहे । अब के गर्ने ? घरमा पसेको दुईतीन दिनभित्रै यसले यस्तो उत्पात गर्न थाली । दीपालाई खोजेर ल्याउा भने यसको रिसको डडेलो झन्झन् बढ्दै जानेछ । खोज्न नजाऊ भने यो सन्तानको बगाललाई कसरी समाल्ने ? विचरा सानो बालकलाई कसरी समाल्ने ? विचरा सानो बालकलाई पछारेरै मारी भने के गर्ने ? यस्तो बेला म के गरौा ? उसलाई खोज्न जाऊ भने कता जाऊ ? उनको मनमा तर्क वितर्कका लहर चल्दै रहे (पृ.४५)।” यसबाट दिनेशको मनमा भएको द्वन्द्व प्रष्ट हुन्छ । यो दिनेशको मनको आन्तरिक द्वन्द्व हो ।

यसरी **हीरा** उपन्यासमा द्वन्द्वको सबल प्रयोग गरिएको छ । यो द्वन्द्व बाह्य र आन्तरिक रूपमा प्रकट छ ।

## ५.१३ रूपविन्यास

**हीरा** उपन्यासमा संवृत्तरूप विन्यासको प्रयोग गरिएको छ । आख्यानमा कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै ‘रूपविन्यास’ हो (श्रेष्ठ,२०६०:१३)। कथानक सरलता पूर्वक अगाडि बढेको छ । यसको शीर्षक **हीरा**ले विशेषतः उपन्यासकी प्रमुख पात्र हीरालाई सङ्केत गरेको छ र संम्पूर्ण घटनाक्रम उसकै पेरिफेरीमा घुमेकोले सार्थक छ ।

**हीरा** उपन्यासमा सरल वाक्यहरूको संयोजन गरी निर्माण गरिएको छ । यसमा सामान्य बिम्ब विधान बाहेक अभिधात्मक शैलीको प्रयोग गरिएको छ । यसमा स्थानीय सरल भाषाको प्रयोग गरिएको छ । प्रतीक विधानको रूपमा अरुणले हरिकलासाग विवाह

गर्न जाादा ठूलो पानी, हुरी वतास आएर जन्तिलाई विचल्लि पार्ने र जग्गे भत्काउनुले भविश्यमा यो विवाह सार्थक छैन् भन्ने कुराको बिम्बात्मक सङ्केत गरेको छ । उपन्यासमा यथार्थ जस्तो लाग्ने सामाजिक घटनाको प्रयोग गरिएको छ । सरल बाक्य, आगन्तुक, तत्सम शब्दको प्रयोग, आदिले गर्दा उपन्यासको रूप विन्यास पक्ष सवल छ ।

**हीरा**उपन्यासको बा्य संरचना हेर्दा १६४+१६ पृष्ठ रहेकाछन् । १६४ पेजमा मूल उपन्यासको कथानक जोडिएको छ भने १६ पेज आवरण सहित, ‘लेखिकाका केही शब्द’, ‘हीराझैा चम्किलो ‘हीरा’ उपन्यास’ शीर्षकको वेणिमाधव ढकालको भूमिका, सहित टुाउनी रहेको छ । आकार मध्ययम प्रकारको रहेको छ । यो उपन्यासमा वीस खण्ड रहेका छन् । प्रत्येक खण्डमा निम्नानुसार अनुच्छेदहरू रहेकाछन् । एकमा १२३, दुईमा १२६, तीनमा १४, चारमा ३५, पााचमा ६५, छमा ४६, सातमा १४, आठमा २५, नौमा ९९, दसमा १४, एघारमा ९८, बाह्रमा २४, तेह्रमा २४, पन्ध्रमा ३४, सोह्रमा ८१, सत्रमा ४०, अठारमा ६२, उन्नाइसमा ४८ र वीस मा ४७ गरी जम्मा १०५५ परिच्छेदमा यो यपन्यास संरचित रहेको छ । यो उपन्यासमा यो उपन्यासको आवरणको अगाडिको पानामा सूर्योदयको मिर्मिरे प्रकाशमा मन्दिर सहित रहेको पृष्ठभ”मीमा बालक उचालेकी महिलाको तस्बिर अ्िकत गरिएको छ । पछाडिको आवरण पेजमा लेखकको तस्बिर, परिचय र प्रकाशित कृतिका बारेमा जानकारी दिइएको छ । **स्थानीयताको** धेरै प्रयोग भएको भाषा रोचक छ । यसरी यो उपन्यासको रूपविन्यास पक्ष सवल रहेको छ ।

### ५.१४ निष्कर्ष

सामाजिक यथार्थपरक घटनाहरूलाई टिपेर तयार गरिएको यो उपन्यास एक सामाजिक नारीप्रधान उपन्यास हो । यसमा नारी चरित्रको प्रधानता छ । यस उपन्यासमा हीराको परिवारमा घटेका जस्ता घटनाहरू हाम्रो समाजमा पनि घटेको पाइन्छ । दीपा जस्ता पीडित महिलाहरू पनि समाजमा छन् । नर्मदाको जस्तो व्यवहार भएकाहरू पनि समाजमा नै छन् । हुतराज जस्ता बदमास मान्छेहरू पनि समाजमा नै छन् । दिनेश जस्ता हुतिहारा लोग्ने पनि हाम्रो समाजमा छन् । अरुण जस्ता अव्यावहारिक मान्छे पनि यसै समाजमा छन् ।

उपन्यासमा अरुणलाई अलि बढी आदर्शका रूपमा देखाइएको छ । बच्चा जन्माउनको लागि १२ वर्षे बालिकासाग विवाह गराउनु अस्वाभाविक छ । जोगीको भेषमा रातमा आएर काकाको परिवारलाई तर्साएको प्रसङ्ग अलि अमिल्दो छ । हीराहरूले समाज सेवा गर्नको लागि हरिकला सेवा आश्रम भनेर शिवकुमारीले जस्तै शैली आगाल्नुको साटो राम्रो स्वस्थ्य जााच गर्ने ठाउाको अवधारणा ल्याएको भए हीरा जस्ता महिलाले बच्चा नजन्मिएको कारण सौता बेहोर्नु पर्ने अवस्था, दीपा जस्ता महिलाले पनि केही राहत पाउने देखिएर उपन्यास अझ राम्रो बन्ने थियो ।

**हीरा** उपन्यास गहन तलमा सरल भाषा, सरल शब्दसंयोजन, सरल वाक्य गठन द्वारा निर्माण भएकोले सफल छ । सतही रूपमा आकर्षक आवरण, राम्रो पेजमा प्रकाशित रहेकोले सफल रहेको छ । उपन्यासमा औपन्यासिक घटनाको संयोजन राम्रो साग गरिएकोले सिङ्गो र सफल रहेको छ! यो कृति पूर्णतः एकीकृत रहेको छ! पूर्ण छ! सङ्गठित छ! शृङ्खलाबद्धतामा अलिक अलमलिए पनि औपन्यासिक घटना एक पछि अर्को घटेकाले शृङ्खलित छ, स्पष्टछ । सरल शब्द संयोजनबाट तयार गरिएकोले बोधगम्य रहेको छ । पाठक जोसुकैले पढे पनि सहजै बुझ्न सक्नेहुनाले कृति स्वीकार्य रहेको छ ।

समग्रमा **हीरा** उपन्यास सरल वाक्य गठन, सामाजिक घटना, पारिवारिक घटना, बहुविवाह, अनमेल विवाह, धेरै सन्तान जन्माउने प्रवृत्ति आदिलाई टिपेर स्वच्छन्द तरिकाले तयार गरिएको उपन्यास भएकोले हीरा उपन्यसा एक सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी उपन्यास हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

# परिच्छेद छ

# शोधनिष्कर्ष

## ६.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा परिच्छेद एकदेखि पााचसम्मका मुख्य सारवस्तुलाई समेट्दै सम्पूर्ण शोधपत्रको परिच्छेदगत सारसङ्क्षेप र शोधनिष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ सारसङ्क्षेप

प्रस्तुत शोधपत्रको परिच्छेद एकमा शोधपत्रको परिचय दिइएको छ । **"कविता पौडेलको हीरा उपन्यासको कृतिपरक अध्ययन"** शीर्षकको शोध गर्नको लागि शीर्षक, प्रयोजन, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्व, महत्त्व र उपयोगिता, सीमाङ्कन, शोधविधि र सैद्धान्तिक आधार, सामग्री सङ्कलन विधि र रूपरेखा प्रस्तुत गर्दै कविता पौडेलको हीरा उपन्यासको कृतिपरक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र तयार गर्ने आधार प्रस्तुत गरिएको छ । नेपाली साहित्यका साधक महिला स्रष्टा कविता पौडेलद्वारा रचना गरी २०६३ सालमा प्रकाशीत **हीरा** उपन्यासलाई विश्लेषण गर्न कृतिपरक अध्ययनको विधातत्त्वगत अध्ययनलाई आधार बनाइएको छ । शोधकार्य सम्पन्न गर्नको लागि आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन मूल रूपमा हीरा उपन्यासका कृतिकार, सम्बन्धित विषयका विशेषज्ञ आदिबाट गरिएको छ र अन्त्यमा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

परिच्छेद दुईमा **हीरा** उपन्यासका कृतिकार कविता पौडेलको सङ्क्षिप्त जीवनी र व्यक्तित्व प्रस्तुत गरिएको छ । नेपाली साहित्यको आख्यान विधामा कलम चलाउने साहित्य स्रष्टा कविता पौडेलको जन्म पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चल, अर्घाखाची जिल्ला पोखराथोक गाविस वडा नं. ६ रएले, म्यालपानी गाउामा २००२ साल माघ ६ गते आमा बुधकुमारी गौतम र बुवा दुर्गाप्रसाद गौतमको कोखबाट भएको हो । उनको बाल्यकाल पोखराथोक मै बितेको हो । २०१३ साल बैशाख १ गते खिदिम गाविस हर्राबोटका गौरीशङ्कर पौडेल हालका मोदनाथ प्रश्रितसाग बैवाहिक सहयात्रा थालेकी पौडेलले प्रवेशिका सम्मको औपचारिक अध्ययन गरेकी छन् । समाजसेवी प्रवृत्तिकी पौडेल कर्मठ र काम प्रति लगनशील छन् । उनी साहित्यिक आख्यान रचनाका अतिरिक्त समाजसेवा र राजनीतिमा सम्लग्न रहादै फुर्सदको समयमा घरायसी कामधन्दामा व्यस्त हुन मन पराउाछिन् ।

कविता पौडेल थुप्रै सम्मान तथा पुरस्कारबाट सम्मानित भइसकेकी छन् । प्रगतिशील लेखक सङ्घ, महिला सन्ध्या जस्ता थुप्रै सङ्घमा संलग्न रहेकी कविताको साहित्य लेखनको प्रेरणाका आस्था हृदयचन्द्र सिंह प्रधान, म्याक्सिम गोर्कीलाई मान्छिन् । तीसको दशकबाटै साहित्य रचनामा प्रवेश गरेकी पौडेलको आख्यानका क्षेत्रमा प्रवेश भने ६०को दशकबाट मात्र भएको हो । सर्बप्रथम **बालचीत्कार (२०६२)** उपन्यास मार्फत नेपाली साहित्यको आख्यनकारका रूपमा आफ्नो नम दर्ज गरेकी कविताले आख्यानका अतिरिक्त

आत्मसंस्मरण, योगासन र ध्यान, गीतहरूको सिर्जना गर्दै  नेपाली आख्यान साहित्यमा सफलता प्राप्त गरेकी छन् ।

बहुमुखी प्रतिभाकी धनी स्रष्टा कविता बा्यरूपमा हेर्दा आफ्नो जीवनका ६५ वसन्त पार गरिसक्दा पनि पचास पचपन्न वर्षकी जस्ती देखिन्छिन् । गीत, कथा, उपन्यास, संस्मरण र लेख आदि विविध विधामा कलम चलाउने कविताको साहित्यमा विशेष सफलताको क्षेत्र आख्यान अन्तर्गत उपन्यस विधा हो । उनको लेखनीमा ग्रामीण परिवेश, परम्परागत मान्यता, रूढीगत मान्यता, बहुविवाह, विदेसिनु पर्दाका पीडा र बाध्यता, द्वन्द्वका पीडाहरू विषय वस्तुको रूपमा समेटिने गरेको पाइन्छ । कविताको आख्यानकार व्यक्तित्त्वको रूपमा मूलतः उपन्यासकार व्यक्तित्त्व रहेको छ । त्यसै उपन्यासकार व्यक्तित्व अन्तर्गतको एउटा गहन उपन्यास विवेच्य कृति **हीरा** उपन्यास पनि एक हो ।

कविता पौडेलको **बालचीत्कार** (२०६२), **हीरा** (२०६३) **र विस्थापित  आमाहरू** (२०६८) रहेका छन् । उनले आख्यानका अतिरिक्त **काडेघारीको यात्रा** (२०५९)संस्मरणको प्रकाशन गरी नेपाली साहित्यमा चर्चित बनिसकेकी छन् । उनी नेपाली साहित्यको उपन्यास जगत्मा सक्रियता पूर्वक कलम चलाउने कम महिला स्रष्टाहरूमा पर्दछिन् । नेपाली साहित्यको उपन्यास जगत्मा सामाजिक यथार्थ घटनाहरूको बुनोट गरी सफल आख्यानको निर्माण गर्ने उनको खुबी रहेको छ । उनका उपन्यासहरू सङ्ख्यात्मक र गुणत्मक दुबै रूपमा सफल   छन् । उनका उपन्यासका पात्रहरूले सङ्घर्ष पूर्ण जीवन यापन गरे जस्तै कविता पौडेलको जीवन पनि सङ्घर्षपूर्ण छ भने व्यक्तित्व अनूकरणीय हुनुका साथै नेपाली साहित्यको उपन्यासकारिताका क्षेत्रमा पौडेलको योगदान अत्यन्त चर्चित रहेको निष्कर्ष निकालिएको छ ।

परिच्छेद तीनमा नेपाली आख्यान परम्परा र कविता पौडेलको बारेमा चर्चा गरिएको छ । शक्तिबल्लभ अर्यालद्वारा अनूदित **महाभारत विराटपर्व** (१८२७) बाट थालनी भएको नेपाली आख्यानको विकासमा पृष्ठभ”मीकालको रूपमा प्राथमिक काल, माध्यमिककाल हुादै आधुनिककाल सम्म आएको पाइन्छ । आधुनिक कालमा आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, ऐतिहासिक यथार्थवादी धारा, अतियथार्थवदी धारा, आलोचनात्मक यथार्थवादी धारा, नारीवादी धारा, प्रकृतवादी धारा, मानोविश्लेषणवादी धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा, प्रयोगवादी धारा, प्रगतिवादी धारा, मिथकीय धारा उत्तरआधुनिकतावादी धारा र समसामयिक धारा सम्मको यात्रा तय गरेको पाइन्छ । यी धारा उपधारामा रहेर धेरै साहित्यकारहरूले धेरै आख्यानात्मक औपन्यासिक कृतिको रचना गरेको पाइन्छ । तिनै आख्यानकारहरू मध्येकी सशक्त नारी उपन्यासकार कविता पौडेल   हुन् । कविता पौडेलले सामाजिक यथार्थवादी, युद्ध उपन्यास, स्वच्छन्दतावादी धारामा आधारित रहेर आख्यानात्मक कृतिहरूको रचना गरेकी छन् ।

कविता पौडेलका आख्यानहरूमा सामाजिक यथार्थ घटनामा आधारित विषयवस्तुको प्रयोग गरिएको छ । उनका आख्यानमा प्रयुक्त पात्रहरू नेपाली समाजका यथार्थ पात्रहरू छन् । परिवेश चित्रण यथार्थ गरिएको छ । पौडेलका आख्यानले समाज परिवर्तनको चाहना

राखेका छन् । यसरी नेपाली साहित्यको आख्यानको विकासक्रममा कविता पौडेल आधुनिक काल अन्तर्गत सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी धाराकी आख्यानकार हुन् । उनका आख्यानले नेपाली समाजको यथार्थ चित्र उतारेको पाइन्छ ।

कृतिपरक अध्ययन भनेको विवेच्य कृति भित्र रहेर पाठका आधारमा कृतिको गहन र सतही दुवै तरिकाबाट विश्लेषण गर्दै कृतिको, सिङ्गो एकीकृत, पूर्ण, सङ्गठित, शृङ्खलाबद्ध, स्पष्ट, बोधगम्य, सुसङ्गत र विधागत छ कि छैन् भनेर अध्ययन गरिने् एउटा तरिका भन्ने बुझिन्छ । कृतिपरक अध्ययनका आधारभूत तत्त्वहरूमा सम्बद्धता, विधात्मकता, हेतुत्व, स्वीकार्यता, स्थितिपरकता, सूचनात्मकता, अन्तर्पाठात्मकता आदि परेको पाइन्छ ।

कृतिपरक अध्ययनका माथि वर्णित तत्वहरू मध्ये कुनै एक तत्वलाई बढी महत्त्व दिएर कृतिपरक अध्ययन गर्न आवश्यक रहेकोले प्रस्तुत परिच्छेदमा विधात्मकताका आधारमा उपन्यासलाई विश्लेषण गर्ने तत्त्व अन्तर्गत शीर्षकीकरण, कथावस्तु, चरित्र, परिवेश, विषयसूत्र, भाषा, शैली, उद्देश्य, दृष्टिबिन्दु, कौतूहलता, द्वन्द्व, आदिको परिचय दिइएको पाइन्छ । यिनै तत्त्वहरूलाई आधारमा मान्दै **हीरा** उपन्यासको विधात्मकताका आधारमा कृतिपरक अध्ययन गरिएको छ ।

परिच्छेद पााचमा सामाजिक यथार्थपरक घटनाहरूलाई टिपेर तयार गरिएको यो उपन्यास एक सामाजिक नारीप्रधान उपन्यास हो । यसमा नारी चरित्रको प्रधानता छ । यस उपन्यासमा हीराको परिवारमा घटेका जस्ता घटनाहरू हाम्रो समाजमा पनि घटेको पाइन्छ । दीपा जस्ता पीडित महिलाहरू पनि समाजमा छन् । नर्मदाको जस्तो व्यवहार भएकाहरू पनि समाजमा नै छन् । हुतराज जस्ता बदमास मान्छेहरू पनि समाजमा नै छन् । दिनेश जस्ता हुतिहारा लोग्ने पनि हाम्रो समाजमा छन् । अरुण जस्ता अव्यावहारिक मान्छे पनि यसै समाजमा छन् ।

उपन्यासमा  अरुणलाई अलि बढी आदर्शका रूपमा देखाइएको छ । बच्चा जन्माउनको लागि १२ वर्षे बालिकासाग विवाह गराउनु अस्वाभाविक छ । जोगीको भेषमा रातमा आएर काकाको परिवारलाई तर्साएको प्रसङ्ग अलि अमिल्दो छ । हीराहरूले समाज सेवा गर्नको लागि हरिकला सेवा आश्रम भनेर शिवकुमारीले जस्तै शैली आगाल्नुको साटो राम्रो स्वस्थ्य जााच गर्ने ठाउाको अवधारणा ल्याएको भए हीरा जस्ता महिलाले बच्चा नजन्मिएको कारण सौता बेहोर्नु पर्ने अवस्था, दीपा जस्ता महिलाले पनि केही राहत पाउने देखिएर उपन्यास अझ राम्रो बन्ने थियो ।

**हीरा** उपन्यास गहन तलमा सरल भाषा, सरल शब्दसंयोजन, सरल वाक्य गठन द्वारा निर्माण भएकोले सफल छ । सतही रूपमा आकर्षक आवरण, राम्रो पेजमा प्रकाशित रहेकोले सफल रहेको छ । उपन्यासमा औपन्यासिक घटनाको संयोजन राम्रो साग गरिएकोले सिङ्गो र सफल रहेको छ! यो कृति पूर्णतः एकीकृत रहेको छ! पूर्ण छ! सङ्गठित छ!

शृङ्खलाबद्धतामा अलिक अलमलिए पनि औपन्यासिक घटना एक पछि अर्को घटेकाले शृङ्खलित छ, स्पष्टछ । सरल शब्द संयोजनबाट तयार गरिएकोले बोधगम्य रहेको छ । पाठक जोसुकैले पढे पनि सहजै बुझ्न सक्नेहुनाले कृति स्वीकार्य रहेको छ ।

समग्रमा **हीरा** उपन्यास सरल वाक्य गठन, सामाजिक घटना, पारिवारिक घटना, बहुविवाह, अनमेल विवाह, धेरै सन्तान जन्माउने प्रवृत्ति आदिलाई टिपेर स्वच्छन्द तरिकाले तयार गरिएको उपन्यास भएकोले हीरा उपन्यसा एक सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी उपन्यास हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ । **हीरा** उपन्यास सम्पूर्ण विधागत तत्त्वमा सफल रहेकोले पूर्णतः विधागत रहेको छ ।

## ६.३ निष्कर्ष

अर्घाखाची जिल्ला खिदिम गाविस, रयेले म्यालपानीमा २००२ साल माघ ६ गते बुधकुमारी गौतम र दुर्गाप्रसाद गौतमको कोखबाट जन्मेकी कविता पौडेलद्वारा रचित कृति हीरा उपन्यास हो । उनी नेपाली साहित्यको आख्यान विधामा सफलता पूर्वक कलम चलाउने साहित्यक हस्ती हुन् । कविता पौडेलले सामाजिक यथार्थवादी, युद्ध उपन्यास, स्वच्छन्दतावादी धारामा आधारित रहेर आख्यानात्मक कृतिहरूको रचना गर्न सफल रहेकी छन् । पौडेलका तिनै सफल आख्यानात्मक कृति मध्येको एक कृति **हीरा**उपन्यास हो ।

सामाजिक यथार्थपरक घटनाहरूलाई टिपेर तयार गरिएको **हीरा** उपन्यास एक सामाजिक नारीप्रधान उपन्यास हो । यसमा नारी चरित्रको प्रधानता छ । यस उपन्यासमा हीराको परिवारमा घटेका जस्ता घटनाहरू हाम्रो समाजमा पनि घटेको पाइन्छ । दीपा जस्ता पीडित महिलाहरू पनि समाजमा छन् । नर्मदाको जस्तो व्यवहार भएकाहरू पनि समाजमा नै छन् । हुतराज जस्ता बदमास मान्छेहरू पनि समाजमा नै छन् । दिनेश जस्ता हुतिहारा लोग्ने पनि हाम्रो समाजमा छन् । अरुण जस्ता अव्यावहारिक मान्छे पनि यसै समाजमा छन् ।

**हीरा**उपन्यासमा अरुणलाई धेरै आदर्श पात्रको रूपमा देखाइएको छ । अरुणले हीराबाट बच्चा पछि बच्चा जन्माउको लागि १२ वर्षे बालिकासाग विवाह गरेको छ । यो अव्यवहारिक रहेको छ । व्यावारतः बाह्र वर्षको उमेरमा बच्चा जन्मिनु असंभव छ । अरुणले जोगीको भेषमा रातिमा आएर काकाको परिवारलाई तर्साएको प्रसङ्ग अलि अमिल्दो छ । हीराहरूले समाज सेवा गर्नको लागि हरिकला सेवा आश्रम भनेर शिवकुमारीले जस्तै शैली आगाल्नुको साटो राम्रो स्वस्थ्य जााच गर्ने ठाउाको अवधारणा ल्याएको भए हीरा जस्ता महिलाले बच्चा नजन्मिएको कारण सौता बेहोर्नु पर्ने अवस्था, दीपा जस्ता महिलाले पनि केही राहत पाउने देखिएर उपन्यास अझ राम्रो बन्ने थियो ।

**हीरा** उपन्यास गहन तलमा सरल भाषा, सरल शब्दसंयोजन, सरल वाक्य गठन द्वारा निर्माण भएकोले सफल छ । सतही रूपमा आकर्षक आवरण, राम्रो पेजमा प्रकाशित रहेकोले सफल रहेको छ । उपन्यासमा औपन्यासिक घटनाको संयोजन राम्रो साग गरिएकोले सिङ्गो

र सफल रहेको छ! यो कृति पूर्णतः एकीकृत रहेको छ! पूर्ण रहेको छ! सङ्गठित छ । शृङ्खलाबद्धतामा अलिक अलमलिए पनि औपन्यासिक घटना एक पछि अर्को घटेकाले शृङ्खलित छ । स्पष्ट छ ! सरल शब्द संयोजनबाट तयार गरिएकोले बोधगम्य रहेको छ । पाठक जोसुकैले पढे पनि सहजै बुझ्न सक्नेहुनाले कृति स्वीकार्य रहेको छ । उपन्यास आख्यान हो । आख्यानका सम्पूर्ण विधागत तत्वमा सफल रहेकोले पूर्णतः विधागत रहेको छ ।

समग्रमा **हीरा** उपन्यास उपन्यासको कृतिपरक अध्ययनका आधारमा यो उपन्यास सरल वाक्य गठन, रैखीय कथानक, पात्र बहुलता, सामाजिक घटना, पारिवारिक घटना, बहुविवाह, अनमेल विवाह, धेरै सन्तान जन्माउने प्रवृत्ति आदि जस्ता परिवेश, कौतुहल पूर्ण, समाज चेतनाको विषय समेटिएको, स्वतन्त्र तरिकाले तयार गरिएको उपन्यास भएकोले हीरा उपन्यासएक सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी उपन्यास हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## ६.४ सम्भाबित शोधशीर्षकहरू

प्रस्तुत शोधपत्रमा **हीरा**उपन्यासको कृतिपरक अध्ययन गरिएको छ । कृतिपरक आधार बाहेक पनि **हीरा**उपन्यासको अध्ययन तथा अनुसन्धान गर्न सकिन्छ । यसका साथै बहुआयामिक आख्यानकार व्यक्तित्व कविता पौडेलका अन्य कृतिको पनि कृतिपरक अध्ययन गर्न सकिन्छ । त्यस मध्ये केही सम्भावित शोधशीर्षकहरू निम्नानुसार उल्लेख गरिन्छ :

(क) हीरा उपन्यासको पात्र विधान

(ख) हीरा उपन्यासको शैलीवैज्ञानिक अध्ययन

(ग) रचनाविधानका आधारमा हीरा उपन्यासको अध्ययन

(घ) बालचीत्कार उपन्यासको कृतिपरक अध्ययन

(ङ) बालचीत्कार उपन्यासको पात्रविधान

(च) विस्थापित आमाहरू उपन्यासको कृतिपरक अध्ययन

(छ) विस्थापित आमाहरू उपन्यासको पात्र विधान

(ज) कााडेघारीको यात्राको कृतिपरक अध्ययन

# परिशिष्ट एक

## १ प्रश्नोत्तर विधि

**ॅआख्यानात्मक कृतिहरू बढी सरल लाग्छन्'**

(कविता पौडेलसाग २०६८ माघ ६ गते भैरहवामा सोधिएका यी प्रश्नहरूको उत्तर कविता पौडेलकै शब्दमा जस्ताको तस्तै राखि २०६८ चैत्र ४ गते बुटवलबाट प्रकाशित सैनामैना राष्ट्रिय दैनिकको पृष्ठ ३ मा प्रकाशित भएको छ ।)

**१. तपाईको जन्म कहाा, कहिले र कति सालमा भएको हो ? साथै बाबु आमाको नाम के-के हो ?**

उत्तरः मेरो जन्म लुम्बिनी अञ्चल, अर्घाखाची जिल्लाको पोखराथोक गाविस वडा नं ६ रएले म्यालपानीमा २००२ साल माघ ६ गते भएको हो । बुबाको नाम दुर्गा प्रसाद गौतम र आमाको नाम बुधकुमारी गौतम हो ।

**२. तपाईंको शिक्षारम्भ कहााबाट, कहिलेबाट र कसरी भएको थियो ?**

उत्तरः मैले २०१३ सालमा घर मै सामान्य रूपमा अक्षर चिनी चिठी पत्र लेख्न सक्ने भएा । वि.सं. २०३२ सालमा बनारस गई उत्तर प्रदेश वोर्डबाट हाईस्कुलको परीक्षा दिएा । त्यसमा दुई विषय उत्तीर्ण गर्न सकिन । त्यती मै औपचारिक अध्ययन थन्कियो भने स्वअध्ययन भने हालसम्म गरिरहेकी छु ।

**३. तपाईंको प्रथम प्रकाशित आख्यानात्मक रचना कुन हो ?**

उत्तरः मेरो प्रथम प्रकाशित आख्यानात्मक रचना ॅबालचीत्कार' हो ।

**४. तपाईले साहित्यका अन्य विधामा भन्दा किन आख्यानहरू रचनामा बढी सक्रियता देखाउनु भयो ?**

उत्तरः मैले आख्यानहरू धेरै सङ्ख्यामा अध्ययन गरेकी हुनाले उपन्यास र कथा विधातिर बढी कलम चल्यो ।

**५. तपाईंका हाल सम्म प्रकाशित आख्यानात्मक साहित्यिक कृतिहरू र रचनाहरू कुन-कुन हुन् ?**

उत्तरः मेरा आख्यानात्मक कृतिहरू मध्ये उपन्यास : बालचीत्कार, हीरा, विस्थापित आमाहरू हुन् । कथाहरू : छोरीकोचिठी, रीमा, बलेकोआगो, पल्लोपसल आदि हुन् ।

**६. के तपाईंका अप्रकाशित रूपमा पनि आख्यानात्मक रचनाहरू छन् ? यदि छन् भने के के छन् ?**

उत्तरः हो मेरा रचनाहरू अप्रकाशित रूपमा पनि छन् ती निम्नानुसार रहेकाछन् : लाहुरेको धोको, मनकली, बुढानिलकण्ठ आदि औपन्यासिक कृतिहरू अप्रकाशितरूपमा रहेकाछन् ।

**७. तपाईं साहित्यको आख्यान रचनामा लाग्नुको प्रभाव र प्रेरणा के हो ?**

उत्तरः मैले आख्यानहरू धेरै पढेको र त्यसबाट समाजको यथार्थ चित्रण गर्न सजिलो हुने हुनाले आख्यानात्मक रचना तिर बढी ध्यान गएको हो ।

**८. तपाईंलाई आख्यान रचनामा लाग्न प्रेरणा दिने व्यक्ति को हो ?**

उत्तर : कथा, उपन्यास पढ्दापढ्दै आफ्नै आन्तरिक प्रेरणाले लेख्दै गएा ।

**९. तपाईलाई मन पर्ने आख्यानकार को हो र उनको कुन आख्यानात्मक रचनाले तपाईंलाई बढी प्रभाव पार्‍यो ?**

उत्तरः मलाई मन पर्ने आख्यानकार हृदयचन्द्रसिंह प्रधान र म्याक्सिम गोर्की हुन् । प्रधानको ॅस्वास्नीमान्छे' र गोर्कीको ॅआमा' उपन्यासले मलाईबढी प्रभाव पारेकाहुन् ।

**१०. महिलाहरू साहित्यिक रचनामा कम देखिनुको कारण के होला ?**

उत्तरः शिक्षा नपाउनु या थोरै पाउनु , घर व्यावहार र छोराछोरी पाल्ने समस्यामा रुमलिनु, साहित्यिक वातावरणमा भिज्न नपाउनु आदिकारणले गर्दा महिलाहरू साहित्यिक रचनाकारका रूपमा कम देखिने गरेका छन् ।

**११. आगामी समयमा महिलाहरूलाई साहित्यिक रचनामा बढी भन्दा बढी सहभागि बनाउन के गर्नु पर्ला ?**

उत्तर : महिलाहरूलाई साहित्यिक वातावरणमा पुऱ्याउनुपर्छ । साहित्य सिर्जनामा प्रेरित र प्रोत्साहित गर्दै प्रकाशनमा समेत सहयोग र मार्ग दर्शन गर्नु पर्दछ ।

**१२. साहित्यिक क्रियाकलापहरूमा देखिदै र ओझेलिदै गर्नेहरूको सङ्ख्या बढीरहेकोछ । यसलाईं साहित्यिक क्षेत्रमा टिकाइरहन को लागि आगामी दिनमा के भइदिए हुन्थ्यो होला ?**

उत्तरः नियमितरूपमा राम्रा साहित्यिक कृतिपढ्न, साहित्यिक गोष्ठीहरूमा जान, रचना तयार गरी प्रस्तुत गर्न प्रेरणा र प्रोत्साहन दिइरहन र रचना प्रकाशित भइरहने वातावरण मिलाइरहनु पर्दछ । साहित्यिक रचना प्रकाशन वापत पारीश्रमिकको पनि व्यावस्था भएमा साहित्यिक रचनामम लाग्नेहरू यस क्षेत्रमा टिकीरहने वातावरण कायम हुन्थ्यो ।

**१३. तपाईं कुन-कुन साहित्यक सङ्घ सस्थाहरूमा संलग्न हुनुहुन्छ ?**

उत्तरः जनसास्किृतिक महासङ्घ, लेखक सङ्घ, प्रगतिशील लेखक सङ्घ, र महिला उत्थान समुहमा आवद्ध छु ।

**१४. तपाईं कुन-कुन संस्थाहरूबाट कहिले कहिले कुन-कुन पुरस्कार र सम्मानले सम्मानित हुनुभएकोछ ?**

उत्तरः म निम्नानुसार सम्मानित भएकी छु :

क. अखिल नेपाल महिलासङ्घ, कालिमाटी काठमाडौा द्वारा प्रशंसा पत्र (२०५१)

ख. राष्ट्रिय नागरिक स्वर्ण सम्मान -नागरिकमञ्च नेपालद्वारा (२०६१/६/२९)

ग. तन्नेरी प्रतिभा सम्मान - 'तन्नेरी' द्वैमासिक पत्रिका द्वारा (२०६१/६/८)

घ. दिगो विकास नेपालद्वारा प्रतिभा सम्मान (२०६३)

ङ. ब्लू रेन एजुकेसन फाउन्डेसनद्वारा अभिन्दन पत्र (२०६३/११/१२)

च. ब्राइट फ्युचर मा.वि. तीनथाना काठमाडौाद्वारा सम्मानपत्र (२०६३/१२/२६)

छ. साहित्य सन्ध्याद्वारा सम्मानपत्र (२०६४/२/५)

ज. विशिष्ट तन्नेरी कृति सम्मान-तन्नेरी द्वैमासिक पत्रिकाद्वारा (२०६७/३/३१)

झ. सुनगाभा युवा क्लव भक्तपुरद्वारा सम्मानपत्र (२०६७/५/१९)

ञ. सकला सिद्धार्थ वाङ्मय पुरस्कार रू. १०,००० र सम्मानपत्र सिद्धार्थ साहित्य परिषद भैरहवाद्वारा) ( २०६७/७/२७)

ट. 'जुही' कविता पौडेल विशेषाङ्क प्रकाशन, झापाद्वारा रू. ११,००० पुरस्कार र सम्मानपत्र (२०६७/१०/८

ठ. अर्घाखााची काठमाडौा सम्पर्कसमाजद्वारा अभिनन्दन पत्र (२०६७/१२/२१)

ड. लुनकरणदास-गंगादेवी चौधरी साहित्य प्रतिष्ठानद्वारा सम्मानपत्र सहित रू एकलाख (१,००,०००) २०६८

ढ. घटराज भट्टराई प्रतिष्ठानद्वारा रू २५,००० को पुरस्कार (२०६८/८/१०)

ण. 'जुही' त्रैमासिक पत्रिकाले आफ्नो पूर्णङ्क ६३लाई कविता पौडेल विशेषङ्कको रूपमा प्रकाशित गरी सम्मान २०६७ ।

त. प्रश्रित प्रतिष्ठान नेपालले 'कविता पौडेल बहुआयाम' पुस्तक प्रकाशन गरी सम्मान २०६८/१०/६

**१५. तपाईंको आख्यानकारिताको बारेमा अनुसन्धान हुादैछ । कस्तो लागिरहेकोछ ?**

उत्तर : खुसी लागेको छ, अगाडि लेखिरहन प्रेरणा पाएकी छु ।

**१६. तपाईंको बुझाइमा आख्यान के हो ?**

उत्तरः मानिसका मनोभावना, अनुभव र जीवन पद्धति आदिलाई मार्मिक र सजीवरूपले कथात्मक र औपन्यासिक शैलीमा प्रस्तुत गर्ने साहित्यिक विधा हो ।

**१७. आख्यानकारिताको बारेमा तपाईंलाई भन्न मनलागेको कुरा केही छन् ?**

उत्तर : आख्यानकारिता सरल र सहज ढंगले पाठककोमन आकर्षित गरिरहने शब्द र शैलीमा प्रस्तुत हुनुपर्छ । त्यो धाराप्रवाह रूपमा बग्नुपर्छ र पाठकलाई थकाउने र अस्पष्ट खालको हुनुहुदैन ।

**१८. यहाा नसोधिएका र तपाईलाई भन्न मन लागेका केही कुराहरू छन् की ? छन् भने केहोलान ?**

उत्तरः म छिपिएको उमेर थोरै शिक्षा पाएकी लेखिका हुा । मेरो भाषा गाउाका जनताले बुझ्ने खालको हुन्छ । मेरो लेखनमा भाषा संसोधन गरिदिने सहयोगीको आवश्यकता पर्छ । फरक फरक मान्छेले सम्पादन गर्दा शैलीमा केही फरक पर्ने स्थितिरहेको छ ।


प्रस्तुति :

रमा पौडेल ‘प्रभात’

सम्पर्क : ९८४७१९९१४८

इ-मेल : उबगमभचिकबटढड२कबषीअक

# सन्दर्भ सामग्री सूची


अवस्थी, महादेव, २०५५, **नेपाली कथा भाग - २**, काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद, २०३०, **साहित्य प्रकाश**, काठमाडौं : साझा प्रकाशन ।

खनाल, यदुनाथ, २०४९, **समालोचनाको सिद्धान्त,** ललितपुर : साझा प्रकाशन ।

खरेल, विजय,"जीवनको कठोरतम उपलब्धिकी कविता पौडेल' **जुही कविता पौडेल विशेषा**•( वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, २०६७) पृ. १९-२० ।

गौतम, कृष्ण, २०५० **आधुनिक आलोचनाः अनेक पठन**, काठमाडौंः साझा प्रकाशन ।

गौतम, देवीप्रसाद, २०५४, **नेपाली कथा**, काठमाडौं : नवीन प्रकाशन ।

गौतम, रमेशप्रसाद, २०६५ **"बामदेव पहाडिको उपन्यास कैदी र झ्यालखानको अध्ययन र विश्लेषण",** अप्रकाशित शोधपत्र, रूपन्देहीः भैरहवा बहुमुखी क्याम्पस ।

घर्ती, दुर्गाबहादुर, २०६७, **मनोविश्लेषणत्मक नेपाली उपन्यासमा पात्रविधान**, काठमाडौं : साझा प्रकाशन ।

चूडामणि, रेग्मी, २०६८, (प्रकाशकीय महाकवि प्रश्रितमा हार्दिक शुभकामनाँ**जुही मोदनाथ प्रश्रित विशेषाङ्क'** (वर्ष ३१, अङ्क १, पूर्णाङ्क ६५) ।

तिमसिना, अनिरुद्ध,२०६७, "कविता पौडेल : एक नारीवादी स्रष्टा'**जुही कविता पौडेल विशेषाङ्क**(वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, पृ. ११-१६) ।

त्रिपाठी, सुधा, २०६७, **नारीवादको कठघरामा नेपाली साहित्य**, ललितपुर : साझा प्रकाशन ।

... ..., २०६२, **महिला समालोचक र नेपाली समालोचना**, ललितपुर : साझा प्रकाशन ।

थापा, रोशन, २०६४, "साहित्यका प्रचलित विधा : सङ्क्षिप्त विवेचना', **मिर्मिरे** (वर्ष ३६, अङ्क ११, फागुन ) ।

नेपाल, डिल्लीराज, २०६७, "उपन्यास हीराभित्र विचरण गर्दा, **जुही कविता पौडेल विषेशाङ्क,**(वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३) पृ.२७-२९।

न्यौपाने, टङ्कप्रसाद, २०४९, **साहित्यको रूपरेखा** (द्वि.सं), काठमाडौं : साझा प्रकाशन ।

न्यौपाने, देवीप्रसाद, २०६८, "आमाहरू उपन्यासको विश्लेषण', **कविता पौडेल बहुआयाम,** प्रश्रित प्रतिष्ठान नेपाल, पृ ८४-१०१।

पन्थी, देवी, २०६८, "साहसी नारी कविताको हीरा उपन्यास', **कविता पौडेल बहुआयाम,** (कपिलदेव लामिछाने सम्पा.), प्रश्रित प्रतिष्ठान नेपाल, पृ. ८१-८३।

पराजुली पुस्कर, २०६६ **"घुर्मी उपन्यासको कृतिपरक अध्ययन"** अप्रकाशित शोधपत्र त्रि.वि. केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

पोखरेल, रमेश, ‘हीरा उपन्यास : नेपाली समाजको यथार्थ दर्पण’ (२०६४, **शब्दसंयोजन** पूर्णङ्क ३८, पृ ?)

पौडेल, कविता, २०५९,**काडेघारीको यात्रा**, काठमाडौा : पसिना प्रकाशन ।

...., ..., २०६२,**बालचीत्कार**, काठमाडौा : दोभान प्रकाशन ।

...., ..., २०६३,**हीरा**, काठमाडौा : पसिना प्रकाशन ।

...., ..., २०६८, **विस्थापित आमाहरू,** काठमाडौा : एसिया पब्लिकेसन्स् प्रा.लि. ।

...., ...,‘रिमा’, २०६७, **जुही** कविता पौडेल विशेषङ्क, पूर्णाङ्क ६३, पृ. ४०-४४।

पौडेल, दीपा, २०६५ “**कविता पौडेलको जीवनी व्यक्तित्व र कृतित्व**”, अप्रकाशित शोधपत्र त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

पौडेल, रमा, २०६८, ‘हीरा उपन्यासको औपन्यासिक पर्यावलोकन’, **कविता पौडेल बहुआयाम,** (कपिलदेव लामिछाने सम्पा.), प्रश्रित प्रतिष्ठान नेपाल,पृ.११८-१२६।

पौड्याल, कृष्णविलास, २०६३, **भाषा विज्ञान र साहित्य सिद्धान्त**, काठमाडौा : नवीन प्रकाशन ।

पौड्याल, शालिकराम, २०६८, ‘सामाजिक रूपान्तरणमा रिमा कथाको भूमिका’, **कविता पौडेल बहुआयाम,** (कपिलदेव लामिछाने सम्पा.) प्रश्रित प्रतिष्ठान नेपाल पृ. १४५-१४९।

प्याकुरेल, टिका, ‘बालचीत्कार उपन्यासमा कविता पौडेलका विचारको झलक’, **जुही कविता पौडेल विशेषाङ्क**(वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, २०६७) पृ. ७७-७८ ।

प्रधान, कृष्णचन्द्र सिंह, २०६१ (चौथो संस्करण), **नेपाली उपन्यास र उपन्यासकार**, काठमाडौा : साझा प्रकाशन ।

फक्स, राल्फ, सन् १९७६, **उपन्यास और लोकजीवन,** पिपुल्स पब्लिसिङ हाउस, दिल्ली ।

बरई, त्रिभुवन, २०६५ **“रचना विधानका आधारमा भोकयुद्ध कथा सङ्ग्रहको अध्ययन”,** अप्रकाशित शोधपत्र, भैरहवा बहुमुखी क्याम्पस ।

बरई, त्रिभुवन, २०६७,‘कथाको रचना विधानका अङ्गीभूत उपकरणहरू’ **शब्दसिन्धु,** वर्ष २, पूर्णङ्क ८, पृ. २०-३४ ।

बरई, त्रिभुवन, २०६८, ‘कथात्मक दृष्टिबिन्दुका आधारमा ‘रिमा’ कथााको विश्लेषण, **कविता पौडेल बहुआयाम,** (कपिलदेव लामिछाने सम्पा.), प्रश्रित प्रतिष्ठान नेपाल पृ. ६८-७३।

बराल, ईश्वर (सम्पा.), २०५३, **झ्यालबाट** (छै.सं.) काठमाडौा : साझा प्रकाशन ।

बराल, कृष्णहरि, २०४६, ‘रूपमतीउपन्यास आधुनिकताको प्रश्न’, **मधुपर्क,** (वर्ष २२, अङ्क ५, पूर्णङ्क ४४९, पृ. १९)

बराल कृष्णहरि र नेत्र एटम, २०५८ **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** काठमाडौा : साझा प्रकाशन ।

भण्डारी, देवीचरण, २०६८, ‘कविता पौडेल र हीरा उपन्यास’, **कविता पौडेल बहुआयाम,** (कपिलदेव लामिछाने सम्पा.), प्रश्रित प्रतिष्ठान नेपाल, पृ. ७८-८०।

भट्टराई प्रेमप्रसाद, २०६२, **“द्वन्द्वको अवसान उपन्यासको कृतिपरक अध्ययन”,** अप्रकाशित शोधपत्र त्रि.वि. केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

भट्टराई, शरद्चन्द्र, २०५० **माध्यमिक नेपाली गद्याख्यान,** काठमाडौा : ने.रा.प्र.प्र. ।

भट्टराई, ज्ञानेश्वर, २०६८ **बृशत् ज्ञानकोष** काठमाडौा : आशिष बुकहाउस प्रा.लि. ।

मिश्र, शिवकुमार, सन् १९७८, **यथार्थवाद**, (द्वितीय संस्करण), नई दिल्ली : दि मैक्मिलन कम्पिनी अफ इन्डिया लि. ।

राई, इन्द्रबहादुर, २०५१, **आज रमिता छ** (तेस्रो संस्करण), काठमाडौा : साझा प्रकाशन ।

रेग्मी, अनुपमा, २०६९, ‘ध्रुवचन्द्र गौतमका उपन्यासमा मिथकीय स्वैरकल्पना’, **गरिमा**, वर्ष ३०, अङ्क ५, पूर्णङ्क : ३३५, वैशाख, पृ. ?।

लामिछाने, कपिल, २०६७, ‘युद्ध विभीषिकाको अभिलेखका रूपमा आमाहरू उपन्यास’, **जुही कविता पौडेल विशेषाङ्क**(वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३, ) पृ. ४८-५८ ।

लामिछाने, कपिल, २०६७ ‘नेपाली उपन्यासमा भवानी भिक्षु’, **भृकुटी**पूर्णाङ्क७ बैशाख-जेठ-असार) पृ. २६-५३ ।

लुइटेल, खगेन्द्र, २०६०, **कवितासिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौा : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, लिला, २०६८, **नेपाली महिला उपन्यासकार,** काठमाडौा साझा प्रकाशन ।

वशिष्ठ, चूडामणि,२०६७, ‘कविता पौडेलका काथाकारिताको सानो झलक’, **जुही कविता पौडेल विशेषाङ्क**(वर्ष ३०, अङ्क ३, पूर्णाङ्क६३) पृ.१५-१६ ।

वास्ताकोटी, भूमिराज, २०६६, **स्वैरकल्पना र उपन्यासकार ध्रुवचन्द्र गौतम**, कास्की : ओजन बुक्स पोखरा ।

शर्मा, अमृता, २०६६, **नेपाली प्रगतिवादी उपन्यास,** काठमाडौा : विवेक सिर्जनशील प्रकाशन ।

शर्मा, गीतादेवी, २०६७, “**भागीरथी श्रेष्ठका उपन्यासमा नारीवाद**”, अप्रकाशित शोधपत्र त्रि. वि. भैरहवा बहुमुखी क्याम्पस ।

शर्मा, मोहनराज, २०६६, **आधुनिक तथा उत्तर आधुनिक पाठकमैत्री समालोचना**, काठमाडौा : क्वेस्ट पब्लिकेसन कीर्तिपुर ।

शर्मा, मोहनराज, २०६३ **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (दोस्रो संस्करण), काठमाडौाः अक्फोर्ड इन्टरनेशनल पब्लिकेशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, २०६६ **शोधविधि** (चौथो संस्करण), काठमाडौा : साझा प्रकाशन ।

शर्मा, सुकुम, ˘नारी समस्याको प्रतिबिम्ब हीरा उपन्यास' (२०६४, **युगभाका**, वर्ष १, अङ्क २, पृ.?)

शुभेच्छुक, रमेश, २०६८, ˘कविता पौडेलको बालचीत्कार', **कविता पौडेल बहुआयाम**, (कपिलदेव लामिछाने सम्पा.), प्रश्रित प्रतिष्ठान नेपाल पृ.१३६-१३७ ।

सुवेदी, राजेन्द्र, २०६४, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** ललितपुर : साझा प्रकाशन ।

सुवेदी होम, ˘कविता पौडेलको कथाकारिताको सानो झलक',२०६७,**जुही कविता पौडेल विशेषाङ्क**(वर्ष ३०, अङ्क ३, पूर्णाङ्क ६३) पृ.  ३६ ।